
विचार–अन्तर्क्रिया: "ग्याट"ले नेपालमा कस्तो असर पार्नेछ ?

# मूल्याङ्कन

मूल्य रु. १५।–
विचार अन्तर्क्रियामुखी मासिक
पूर्णांक २४ पुस, २०५१



- विश्व कम्यूनिष्ट आन्दोलनको एकताको नयाँ प्रस्ताव
- नेपालको बारेमा कार्ल मार्क्स
- अमेरिका र जापानको बाम आन्दोलन
- इण्डोनेशिया: जहाँ मानव अधिकारको नाममा समेत मान्छे मारिन्छ
- फिल्म "प्रेमपिण्ड" को चिरफार

चुनौती र खतराको घेराबन्दीमा

## नेपालको पहिलो बाम सरकार




ANZ Australia · ANZ Bahamas · ANZ Bahrain · ANZ Bangladesh · ANZ Brazil
ANZ Chile · ANZ China · ANZ Cook Islands · ANZ Fiji · ANZ France
ANZ Germany · ANZ Greece · ANZ Guernsey · ANZ Hong Kong · ANZ India
ANZ Indonesia · ANZ Iran · ANZ Japan · ANZ Jersey · ANZ Jordan
ANZ Korea · ANZ Malaysia · ANZ Nepal · ANZ New Zealand · ANZ Oman
ANZ Pakistan · ANZ PNG · ANZ Phillipines · ANZ Qatar · ANZ Singapore
ANZ Solomon Islands · ANZ Sri Lanka · ANZ Switzerland · ANZ Tonga · ANZ Taiwan
ANZ Thailand · ANZ UAE · ANZ UK · ANZ USA · ANZ Vanuatu
ANZ Vietnam · ANZ Western Samoa


There's a bank that stands out in Nepal.
That bank is Nepal Grindlays Bank Limited offering a complete range of financial services.
In fact, whatever your International banking requirements, talk to Nepal Grindlays Bank Limited.
We have one of the largest International banking networks.
Providing the financial opportunities to give you the leading edge.

**Nepal Grindlays Bank Limited**

**नेपाल ग्रिण्डलेज बैंक लिमिटेड**

MEMBER ANZ GROUP

NAYA BANESHWORE, TEL: 229-333, TLX: 2531 GRNDLY NP, FAX: 977-1-226-762; KANTIPATH, TEL: 228-474, TLX: 2736 GMNEPL, FAX: 977-1-228-692; THAMEL, EXCHANGE BUREAU, TEL: 415228/236, TLX: 2268 GRCRD; LALITPUR, GPO BOX NO. 3990, TEL: 523266, TLX: 2531 GRNDLY NP; BIRATNAGAR (MORANG), P. O. BOX NO. 201, TEL: 27982, 27983, TLX: 3037 ANZBRT; DUHABI (SUNSARI), P. O. BOX NO. 201, TEL: 40030, TLX: 40177; POKHARA, LAKESIDE, TEL: 20102, TLX: 61-20318; ARGHAUN BAZAR, POKHARA, TEL: 21676, TLX: 005 NGBPOKH NP



चुनौती र खतराको घेराबन्दीबीच

# नेपालमा पहिलो वाम सरकार

क. मनमोहन अधिकारी  
क. दीनानाथ शर्मा  
क. बाबुराम भट्टराई  
क. पद्मरत्न तुलाधर  
क. लिलामणि पोखरेल  
क. रोहित

सँगका ताजा अन्तर्वार्ताहरू सहित  
वाम तालमेल भएको भए के हुन्थ्यो ?  
गत चुनावका अन्य झलकहरू– तथ्यांकहरू  
अल्पकालीन र दीर्घकालीन कार्यक्रमको निम्ति  
सरकारलाई मूल्यांकनको सुझाव

५

## ग्याट (GATT) महासन्धिले नेपाललाई के असर पार्ने छ ?

*डा. युवराज खतिवडा,  
प्रा. महेश्वरमान श्रेष्ठ र  
गोविन्दप्रसाद लोहनीका विचारहरू*

४३

**ग्याट को मृत्यु पत्र**

## विश्व कम्युनिष्ट आन्दोलनको एकताको लागि नयाँ प्रस्ताव

ब्रुसेल्सको विश्व-मार्क्सवादी सम्मेलनले जारी गरेको एकता-प्रस्ताव, जसले विश्वका कम्युनिष्ट पार्टीहरूबीच एकताको ठोस सम्भावना प्रदान गरेको छ !

२०

**नेपालमा समाजवादी क्रान्ति भैसकेपछिको स्थितिको कल्पनामा आधारित चर्चित कथा**

२८

## अमेरिका र जापानको कम्युनिष्ट आन्दोलन

२३

*नेपालको बारेमा कार्ल मार्क्स के भन्नु हुन्थ्यो ?*

१८



**हाम्रो मूल्यांकन**

वाम सरकारले के गर्नु पर्छ ? ४

**घटना र प्रवृत्ति**

नयाँ सरकारको प्रथम आधा महिना ३८  
सं.ज.मो., मसाल र नेमकिपाले के पाठ सिक्ने ? ३८  
मन्त्री क्वार्टरमा चोरी र तोडफोड ३८  
राप्रपाको बृद्धिको कारण के हो ? ३९  
रेडियोको "जागृति गीत" प्रति कथित 'प्रजातन्त्रवादी'हरूको रवैया ४०  
के व्यापारीहरू सरकारलाई सघाउँदै छन् ? ४१  
हैटीमा अमेरिकी हस्तक्षेप २५  
सी.पी.एम. को आँखामा एमालको सरकार १७

**नीति/संस्कृति**

हाय ! गूट- मानसिकता  
- चन्द्रदेव नेपाली ३३

**पर्दा/रंगमंच**

फिल्म : प्रेमपिण्डको चिरफार २६

**अनुभूति**

धर्मचन्द्र लावतीका अनुभवहरू ३२

**विज्ञान/प्रविधि**

बियाँरहित सुन्तलाको विकास गरिने ४५

**तपाईको प्रश्नः नेताको जवाफ**

- क. दीनानाथ शर्माको जवाफ ४५

**पाठकको कुरो** ४६

आवरण फोटो : क मनमोहन अधिकारी  कलर स्क्यानिङ :- प्रिज्म कलर स्क्यानिङ, कुलेश्वर/ फोटोः उषा तिवारी

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १२, पूर्णाङ्क २४
२०५१, पुस

**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी.आर पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ

**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईटेल

**सह-सम्पादक**
राजेन्द्र महर्जन

**व्यवस्थापक**
श्याम खड्का

**व्यवस्थापन सहयोगी**
बेखबहादुर महर्जन

**लेखा**
केदारमणि पोखरेल

अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
का लागि सुवास श्रेष्ठद्वारा
प्रकाशित

**सम्पर्क कार्यालय**
**"मूल्यांकन" मासिक**
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
न्यूसाल, फोर्छे, ख- २,२३७
काठमाडौं- २३
फोन २१३६९४
पोब नं. ३०२६, काठमाडौं


# देशको पहिलो वाम सरकारले के गर्नु जरुरी छ ?

नेपालको इतिहासमा पहिलो पटक वामपन्थी सरकार देशमा सत्तारुढ भएको छ । इतिहासको पहिलो वाम सरकारलाई हामी हार्दिक बधाइ दिन चाहन्छौं ।

आज जनताले कांग्रेसको भ्रष्ट पूँजीवादी निरंकुशतन्त्रबाट त्राण पाउनका लागि नै वामपन्थी सरकारलाई सिंहदरबारमा पुऱ्याएका छन् । राष्ट्रघात, महंगी, भ्रष्टाचार, पार्टीगत पक्षपात र दमनतन्त्रबाट नेपाली कांग्रेससित वाक्कदिक्क भएका जनताले क्रान्तिकारी विकल्पको खोजीमा एमालेलाई यो चुनावमा सरकार चलाउने पार्टीका रुपमा जिताएका छन् ।

जनताको तर्फबाट त एउटा ऐतिहासिक दायित्व पूरा भो । अब दायित्व पूरा गर्ने पालो एमालेको सरकारको आएको छ । यो सरकारले त्यो ऐतिहासिक दायित्व कति जिम्मेवारी र गंभीरतापूर्वक निर्वाह गर्नेछ, त्यसैमा यो सरकारको आयु र वाम-शक्तिप्रतिको जनताको विश्वास निर्भर गर्नेछ ।

सरकारमा आउनु जति सजिलो छ, त्यति जनमुखी काम गर्दै यसलाई टिकाउनु सजिलो छैन । सरकारका सामु जतासुकै चुनौती नै चुनौतीहरू छन् । राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतिक्रियावाद सरकारलाई हरतरहले कर्तव्य भ्रष्ट पार्न र गिराउन प्रतिबद्ध छ, यद्यपि उसले अहिले चिप्ला आश्वासनहरूको बिस्कुन लगाइरहेछ । यो स्थितिमा चरम होशियारी र जनतालाई आफूले दिएका वचनहरूप्रतिको प्रतिबद्धता नितान्त आवश्यक छ । कुनै पनि निहुँमा सरकारले ती कुराहरू नभुलोस्, जसबाट त्राण पाउन जनताले एमालेलाई रोजेका छन् ।

शोषित पीडित जनताले वाम सरकारबाट आशा राख्ने पहिलो कुरा हो- वर्ग प्रतिबद्धता । यहाँका मजदूर, किसान, नारी र सम्पूर्ण उत्पीडित जनसमुदायले यो अनुभूति गर्न चाहेका छन् कि अब देशमा साँच्चै नै हाम्रो सरकार आएको छ ! यो अनुभूति हुन सक्ने दह्रा कदमहरूको थालनी नै अहिलेको पहिलो र प्राथमिक क्राम हो ।

यो देशमा अहिले पूँजीवादी संविधान र राज्य सत्ता छ, पुरानै निरंकुश र भ्रष्ट राज्य-यन्त्र छ । यसको सीमाले संसदीय बाटोबाट चुनिएर आउने हरेक सरकारलाई क्रान्तिकारी कदमहरू उठाउन क्षण क्षणमा तगारो खडा गर्छ । तथापि यही संविधान र राज्यसत्ता अन्तर्गत पनि यस्ता थुप्रै कुराहरू छन्, जुन जनता र क्रान्तिप्रति प्रतिवद्ध एउटा सरकारले गर्न सक्छ । देशको स्वाधीनताको लागि आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्र र विगतका असमान सन्धिहरूको अन्त, शोषित जोताहा किसानहरूको लागि प्रगतिशील भूमिसुधार र सहकारीकरण, मजदूरहरूको लागि एउटा परिवारको आधारभूत आवश्यकता धान्ने जीवनयोग्य ज्याला र सेवा सुरक्षाको ग्यारेण्टी, नारीहरूको लागि संपूर्ण आर्थिक-सामाजिक असमानताहरूको धेरै हदसम्म अन्त, जनजातिहरूको लागि भाषागत र जनजातिगत असमान व्यवहारको अन्त, यी त्यस्ता कुरा हुन्, जुन एउटा वर्गप्रतिबद्ध वाम सरकारले चाहेमा यही सीमा अन्तर्गत पनि गर्न सक्छ ।

देशका शोषित पीडित वर्ग र जनसमुदायले यस्ता आँटिला र क्रान्तिकारी कदमहरुको अपेक्षा यो सरकारबाट राखेका छन् । यो अपेक्षाको उल्टो, चुसाहा वर्गहरूसित संभौता र आत्मसमर्पणको बाटोतिर यो सरकार प्रवृत्त भएमा जनताको आशा निराशामा बदलिन सक्छ । निराश जनता भनेको प्रतिक्रान्तिको निम्ति स्वागतद्वार हुन सक्छ । देश फेरि पञ्चायती बाटोतिर फर्कन सक्छ ।

यो देश विगतमा हचुवामा चल्यो- पञ्चायती शासनकालमा पनि र कांग्रेसी शासनकालमा पनि । देशको राष्ट्रिय र दीर्घकालीन हितमा आधारित रणनीति यहाँ कहिल्यै विकास गर्ने जमर्को गरिएन । अहिले वामपन्थी सरकारले यही हचुवापनबाट देशलाई मुक्त पार्नु परेको छ । हाम्रो देशको विशेषता के के हो, हाम्रो राष्ट्रिय क्षमता के-के मा छ र हुन सक्छ ? - त्यो पत्तो लगाउनु परेको छ । यसरी यथार्थसम्मत र प्रगतिशील दीर्घकालीन रणनीति विकास गर्दै त्यसैमा आधारित अल्पकालीन र तात्कालीन कार्यक्रम सञ्चालन गर्न सकेको खण्डमा मात्र देश दीगो विकासको दिशातिर उकालो लाग्न सक्छ ।

अहिलेको चरण नीति-निर्माणको चरण हो । अनावश्यक औपचारिकताहरूलाई समय नदिएर नीति-निर्माणमा आफ्नो मुख्य समय लगाउनु नै यतिखेरको प्रमुख आवश्यकता हो । तर अहिले सरकारका प्रमुख मानिसहरूको समय यस्तै अनावश्यक औपचारिकताहरूमा बेसी खर्चिन थालेको देखिएको छ । यो चिन्ताजनक लक्षण हो । हचुवापनको शुरुवातको लागि यो लक्षण प्रारम्भिक पृष्ठभूमि हुन सक्छ । यस्तो लक्षणको निदान संबन्धित पार्टीले र सरकारले तुरुन्तै गर्नु जरुरी भएको हामीलाई लागेको छ ।

जनमुखी भएर प्रगतिशील दिशामा देशलाई डोऱ्याउनु कुनै लर्तरो कार्य होइन । कुनै एउटा पार्टी वा त्यसको सरकार मात्रैको प्रयत्नले यो कार्य हुन सक्दैन । यसको लागि देशलाई माया गर्ने सबै साना-ठूला प्रजातान्त्रिक शक्तिहरूलाई नीति-निर्माणको प्रक्रियामा ल्याउनु अनिवार्य हुन्छ । नेपालमा त अझ थुप्रै त्यस्ता क्रान्तिकारी वामपन्थी पार्टीहरू समेत छन्, जो विगतका सारा प्रजातान्त्रिक आन्दोलनमा एमालेसितै काँधमा काँध मिलाएर लडेका थिए । ती सबैलाई अहिले सत्तारुढ पार्टीले एकताबद्ध पार्नु र नीति-निर्माणको प्रक्रियामा ल्याउनु जरुरी भएको छ । अरु जिम्मेवार वामपन्थी पार्टीले पनि यसमा पहल गर्नु जरुरी छ । यस्तो भएमा नै एमालेले सारा तगाराहरूका बाबजूद माथि भनिएका क्रान्तिकारी कदमहरू उठाउन सक्छ ।

कुनै पनि वामपन्थी क्रान्तिकारीको लागि पूँजीवादी राज्यसत्ताको सरकारमा पुग्नु नै अन्तिम अभीष्ट हुन सक्दैन र हुनुहुँदैन । यस्तो भयो भने पथ-भ्रष्टता शुरु हुन्छ । सरकारमा पुग्नु नै अन्तिम लक्ष्य भएपछि जसरी पनि सरकारमा पुग्ने प्रवृत्तिको उदय हुन्छ र त्यहींबाट अनैतिकता र भ्रष्टाचार पल्हाउँछ । क्रान्तिकारीहरूको लागि त पूँजीवादी राज्यसत्ता अन्तर्गतको सरकारमा पुग्नु युद्धको एउटा मोर्चा लड्नु सरह मात्र हुनु पर्छ । यही नै मुख्य मोर्चा होइन र यही नै सब थोक होइन । यसैलाइ अन्तिम अभीष्ट ठान्ने र सबथोक ठान्ने प्रवृत्ति सत्तारुढ वाम पार्टीमा कदापि नहोस्, हामी यही कामना गर्छौं । यस्तो हुन सकेमा जतिसुकैप्रतिकूल स्थिति आइपरे पनि क्रान्तिकारी प्रक्रिया रोकिने छैन । ❑❑

आवरण कला : आइडियल डिजाइनर्स/ कम्प्युटर **नेप्युटर**, बागबजार / मुद्रक : इन्द्रेणी अफसेट प्रेस, बागबजार, फोन नं. २२५९५४

# हामी चारित्रिक रूपले नै भिन्न र उन्नत सरकार दिन चाहन्छौं

## प्रधानमन्त्री मनमोहन अधिकारीसित लिइएको विशेष अन्तर्वार्ता

### विगतका अरु सरकारभन्दा गुणात्मक भिन्नता

हाम्रो मुख्य भिन्नता चारित्रिक हुनेछ। विगतमा सबै सरकारहरु भ्रष्टाचार र कमिशनतन्त्रले युक्त रहे । हामी नेपालमा त्यस्तो सरकार पनि संभव छ भनेर देखाउन चाहन्छौं, जो भ्रष्टाचार र कमिशनतन्त्रबाट मुक्त छ र चुस्त छ। २०४६ सालको जनआन्दोलनले जुन परिवर्तन ल्यायो, त्यो परिवर्तन राजनीतिक ढाँचाकाँचामा मात्र सीमित छ, त्यसलाई चाहिने स्थिरता, सुदृढीकरण र अन्य कुराहरू हुनसकेका नै छैनन् ।

त्यसैले, हाम्रो पहिलो प्राथमिकता हुनेछ- संविधानसित बाझ्ने, प्रजातान्त्रिक मूल्य मान्यताहरूसित बाझ्ने सम्पूर्ण कानूनहरू खत्तम गर्नु, पञ्चायतकाल र गिरिजाकालका चारित्रिक अवशेषका रुपमा रहेका गलत काम कार्वाहीहरुलाई समाप्त पार्नु । हामी मानव अधिकारको पूर्ण ग्यारेण्टी दिन चाहन्छौं । यसको उल्लंघन गर्नेहरूलाई दण्ड सजाय दिने र पीडित वर्गलाई हर्जाना दिने कानून बनाउन चाहन्छौं । हामी शायद दक्षिण एशियामा पहिलो पटक निर्वाचनलाई स्वच्छ र निष्पक्ष बनाउने केही प्रक्रियाहरूको व्यवस्था गर्न लागिरहेछौं । यस प्रकार, हामी चारित्रिक रुपले नै भिन्न र उन्नत सरकार दिन चाहन्छौं ।

### भूमि व्यवस्थामा परिवर्तन

हामी हदबन्दी घटाएर भए पनि द्वैध स्वामित्वको अन्त गर्न चाहन्छौं र वास्तविक जोताहालाई जमीनको मालिक बनाउन चाहन्छौं। यसरी भूमिसुधार गर्दा मध्यम वर्गीय किसानहरुलाई चाहिं जग्गाको आधा सरह मोल दिएर केही हदसम्म हर्जाना दिइने छ। तर माथिल्लो तप्का अर्थात सामन्तहरूलाई भने हामी हर्जाना दिने छैनौं। हामी उनीहरूको धन सम्पत्ति उद्योग र व्यापारमा लगाउन प्रोत्साहित गर्नेछौं। हामी गूठी जग्गा पनि जोताहाका नाममा दर्ता गर्ने छौं। कमैया प्रथा निर्मूल पार्ने छौं ।

यी सबको निम्ति कानून बनाउने, विशेष अधिकार सम्पन्न सुकुम्बासी आयोग बनाउने र भूमि सुधार आयोग बनाउने निर्णय पनि क्याविनेटले गरिसकेको छ । यसपालिको अधिवेशन छोटो हुने हुनाले त्यहीं यी सबै विधेयक ल्याइने छ- यस्तो भन्न सक्ने हालतमा हामी छैनौं । तर हामी त्यही दिशामा काम गर्न थाल्ने छौं । यति हदको भूमिसुधार पहिलो हुने दक्षिण एशियाली देश नेपाल नै हुने छ ।

### राष्ट्रिय उद्योग र व्यापारको विकासका लागि

हामी भू-परिवेष्ठित देश हौं । यो नाताले उद्योग र व्यापारको विकासको लागि विद्यमान अड्चनहरु हामी हटाउने छौं । राष्ट्रिय उद्योगहरूलाई वाह्य प्रतिस्पर्धाबाट बचाउन भन्सार र अन्य महशूलमा संरक्षणकारी संशोधन गरिने छ। राष्ट्रिय उद्योगको विकासमा रहेका बाधाहरूलाई हटाउन कानून पनि बनाइने छ । हामी SAPTA (सार्क मुलुकहरुबीचको व्यापार सम्झौता सम्बन्धी प्रावधान) को स्पीरिटअनुसार सार्क मुलुकहरूमा व्यापार बढाउन र विविधिकरण गर्न खोज्ने छौं ।

गिरिजाले निजीकरणका नाममा जुन जुन उद्योगहरु नाजायज तरीकाले विदेशीहरूलाई बेचे, हामी त्यसको रिभ्यु गर्ने छौं । अर्थतन्त्र त हाम्रो पनि मिश्रित अर्थतन्त्र नै हुनेछ । मिश्रित अर्थतन्त्रमा निजी क्षेत्र हुन्छ । तर राष्ट्रिय हितमा नोक्सानी हुने गरी कौडीको मोलमा सरकारी उद्योग र संस्थानलाई विदेशीहरूलाई बेच्ने काम हामीबाट हुने छैन, जस्तो गिरिजाबाट भयो । नाफामा नचलेका सरकारी उद्योगहरूलाई हामी पनि निजीकरण गर्ने छौं, तर त्यो राष्ट्रिय हितलाई ख्याल राखेर देशभित्रकै पूँजीपतिहरूलाई मात्र दिइने छ । यति भएपछि निजी क्षेत्रमा विदेशी र स्वदेशी पूँजीपतिहरूलाई संयुक्त लगानी गर्न पनि हामी प्रोत्साहित गर्ने छौं ।

हाम्रो देशका प्राकृतिक स्रोतहरुलाई त्यसै खेर फाल्नुभन्दा १०-१५ वर्षको लागि, लीजको आधारमा, अन्तर्राष्ट्रिय पूँजीपतिहरुलाई लगानी गरेर संचालन गर्न दिइने छ। तर उनीहरूले नेपालको कानून मानेर मात्र यो गर्न पाउने छन् र उत्पादित वस्तु निर्यातमूलक हुनुपर्छ । यसबाट विदेशी मुद्राको आर्जन हुने छ।

> गिरिजा कालमा त खालि दक्षिणतिरै ढल्किरह्यो । हामी हाम्रो परराष्ट्र नीतिलाई कतै ढल्किन दिने पक्षमा छैनौं ।



हामी हाम्रो स्रोत र जलस्रोत एउटै मात्र मित्र राष्ट्रका लगानीकर्तालाई सञ्चालन गर्न दिन चाहन्नौं । हामी यसको पनि विविधिकरण गर्न चाहन्छौं । यसो गर्दा हाम्रो मोलतोल गर्ने क्षमता बढ्छ र एकाधिकारको संभावना पनि कम हुन्छ ।

### परराष्ट्र नीति

हाम्रो परराष्ट्र नीति कहिले कता, कहिले कता ढल्किरह्यो। गिरिजा कालमा त यो खालि दक्षिणतिरै ढल्किरह्यो। हामी हाम्रो परराष्ट्र नीतिलाई कतै ढल्किन दिने पक्षमा छैनौं। असंलग्नता र संयुक्त राष्ट्र संघको चार्टरको आधारमा हामी हाम्रो परराष्ट्र नीतिलाई सञ्चालन गर्न चाहन्छौं। हाम्रो सार्वभौमसत्ता, स्वतन्त्रता र क्षेत्रीय अखण्डतालाई आँच पुग्ने गरी कसैसित पनि सम्बन्ध विकास गर्न चाहन्नौं । सबैसित समानताको आधारमा व्यवहार गर्न चाहन्छौं । खास गरी, चीन र भारतसित समानताको र पारस्परिक लाभको आधारमा सन्तुलित किसिमको सम्बन्ध बिकास गर्न चाहन्छौं ।

### नारीहरूको समानताको लागि

पहिलो कुरो त, हामी नारीहरूलाई सम्पतिको अधिकार दिने छौं। नारीहरूलाई असमान पार्ने कानूनहरू छन् भने त्यसलाई हटाइदिने छौं । हामी नीति निर्णयमा उनीहरूको सक्रियता, संलग्नता र सहभागिता बढाउन चाहन्छौं ।

### मजदूरहरूको हित

हामीले पहिले पनि GEFONT का अध्यक्ष मुकुन्द न्यौपानेमार्फत ट्रेड युनियन विधेयक ल्याएका हौं । त्यही कुरा हामी अहिले पनि गर्छौं । हामी श्रमिकहरूको हितको रक्षा गर्दै राष्ट्रिय पूँजीपति र मजदूरको हितबीच बाधा हुन नदिने काम गर्ने छौं ।

### महंगी र भ्रष्टाचार नियन्त्रण

हामी अहिले त्यसैको लागि गृहकार्य गर्दै छौं । वजेटको कुरा मैले अहिले खोल्नुमिल्दैन । हामी बजेटमार्फत नै महंगीविरुद्ध राहत कार्यक्रम ल्याउने छौं ।

### निर्णय प्रक्रियामा अरुहरूलाई सहभागी बनाउनेबारे

हाम्रो यो सरकार एमालेको सरकार मात्र होइन, यसलाई सारा नेपालीको, देशभक्त र प्रजातन्त्रवादीको सरकार बनाउन हामी चाहन्छौं । पहिले त

हामीले सरकार गठन गरिहाल्नु परेकाले त्यो गठन गर्ने काम गर्‍यौं । अरु वामशक्तिलाई अब हामी मन्त्रिमण्डलमा लिन सक्छौं, त्यसमा हाम्रो कुनै विरोध छैन । अन्य शक्तिसित पनि हामी वार्ता गर्ने छौं । तर यो कुरा हामीमा मात्र भर पर्दैन । अरुको दृष्टिकोण र व्यवहारमा पनि भर पर्छ । ❑ ❑


## चुनौती र खतराको घेराबन्दीमा

# नेपालको पहिलो वाम सरकार

श्याम श्रेष्ठ



प्रधानमन्त्रीको कुर्सीमा प्रथम पटक बस्दै : प्र.म. मनमोहन अधिकारी



फोटो : उमा

*नेपालको इतिहासमा पहिलो पटक संसदीय चुनावको बाटोबाट पूँजीवादी सरकार ढलेको छ । पूँजीवादी राज्यसत्ता अन्तर्गत नै एउटा वामपन्थी पार्टी नेकपा (एमाले) को सरकार सत्तामा आएको छ । चिलीको घटना पछाडिको यस्तो घटना फगत नेपालको मात्र होइन, विश्वकै निम्ति नौलो र आश्चर्यजनक भएको छ । अहिलेको साम्राज्यवादी दबदबाको विषम विश्व परिस्थितिमा नेपालमै यस्तो घटना किन घट्न सक्यो ? यसका विशिष्ट कारणहरू छन् ।*

**विशिष्ट कारणहरू**

पहिलो विशिष्ट कारण त नेपाली काँग्रेसको पूँजीवादी सरकारको चरम अलोकप्रियता र त्यस पार्टीभित्रको व्यापक अन्तर्कलह हो । तीन वर्षको छोटो अवधिमै गिरिजाको नेतृत्वमा रहेको पूँजीवादी सरकार तानाशाही दमन, अराष्ट्रिय गतिविधि, महँगी, भ्रष्टाचार र पार्टीगत पक्षपातका कारणले यति बदनाम भयो कि उसको बदनामीको सामुन्ने पुरानो पञ्चायती तानाशाहीतन्त्र समेत पुड्को देखिन थाल्यो । त्यसमाथि थप, सत्ता-स्वार्थ र गिरिजाको मनपरीतन्त्रले गर्दा काँग्रेस पार्टीभित्र इतिहासमा कहिल्यै नभएको मात्रामा अन्तर्कलह र फूट भयो ।

दोस्रो कारण के हो भने, काँग्रेसी शासनबाट वाक्कदिक्क भएका र संसदीय भ्रम टुटीनसकेका जनतासामुन्ने तुलनात्मक रुपले बेश विकल्पका रूपमा सरकारमा आउन सक्ने र आउन तयार एमाले बाहेकको अर्को कुनै शक्ति मैदानमा थिएन । राष्ट्रिय प्रजातन्त्र पार्टी मैदानमा त थियो, तर जनताको नजरबाट यसको पञ्चायती सामन्तीतन्त्रको बदनाम छवि ओझेल भइसकेको थिएन । अन्य वाम पार्टीको पूँजीवादी राज्यसत्ताअन्तर्गत संसदीय चुनावबाट सरकारमा जाने कुनै नीति नै थिएन । देशव्यापी रूपमा उनीहरूको उम्मेदवारी पनि थिएन ।

तेस्रो, एमाले आफ्नो नीति र कार्यक्रममा त्यो हदसम्म परिवर्तन गरेर बैकल्पिक सरकारको नारासहित पेश भयो, जुन हदमा अन्तर्राष्ट्रिय- राष्ट्रिय प्रतिक्रियावादी शक्तिहरूलाई ऊ कम्युनिष्ट हो र ऊ सत्तामा आउँदा उनीहरूको स्वार्थमा ठूलो धक्का लाग्छ भनेर डराउनु पर्ने आवश्यकता नै रहेन ।

यो चुनावमा यी तीनै कारणहरूको एकै ठाउँमा संयोग भयो । परिणामस्वरूप अमेरिकी साम्राज्यवादको एकलौटी दबदबा भएको अहिलेको विश्व परिस्थितिमा भारतीय साम्राज्यवादको नाकैमुनि



वित्तिकै उनीहरूले लागू गर्न नदिने पक्का छ। न त क्रान्तिकारी भूमिसुधारको बचन पूरा गर्न उनीहरूले दिनेछन्, न असमान सन्धिको अन्तको, न मल्लिक आयोगको प्रतिवेदनको कार्यान्वयन, न भ्रष्ट तत्वमाथिको कार्वाही।

तीस दिनभित्र संसदबाट विश्वासको मत पाउन त एमालेलाई कुनै गाह्रो हुने छैन, किनभने तत्काल विश्वासको मत नपाएर मध्यावधि चुनाव गर्नु पर्‍यो भने काँग्रेस र राप्रपालाई फाइदा कम, नोक्सानी बेसी हुनेछ। तर संसदमा भने सरकारले ठूलै चुनौतीको सामना गर्नु पर्नेछ।

के टड्कारो संभावना छ भने- सरकार एमालेको छ, तर संसद काँग्रेस र राप्रपाको हुनेछ। दुवैथरी मिलेर सभामुख र उपसभामुख दुवै र सबै संसदीय समितिको बहुमत आफ्नो हातमा पार्ने संभवना प्रशस्त छ। यो स्थितिमा नेपालमा एमालेको वाम सरकार आउन संभव भएको छ।

अहिले त एमालेले अल्पमतको सरकार मात्र गठन गर्न संभव भएको छ। किनकि संसदको बहुमत ल्याउन १०३ सीट चाहिनेमा उसको सीट उपलब्धि ८८ मात्र छ। संसदमा सबैभन्दा बेसी सीट ल्याउने दलको नाताले मात्र उसले अल्पमतको सरकार चलाउने अवसर पाएको छ। नेपाली काँग्रेसले ८३ सीट र राप्रपाले २० सीट ल्याएको स्थितिमा यी दुई प्रतिक्रियावादी शक्तिहरू आपसमा मिलेर सजिलै सरकार गठन सक्थे। तर आफ्नै पार्टीभित्रको विग्रह र भिन्न रणनीतिको कारणले यी शक्तिहरू आपसमा मिलेनन्। राप्रपाको त "काँग्रेस त बदनाम भइ नै सक्यो, अब एमाले बदनाम होस्, अनि हाम्रो पालो" भन्ने दाउ देखिन्छ। यही रणनीतिका आधारमा ऊ संयुक्त सरकारमा नगएको प्रतीत हुन्छ।

त्यही कारणले मात्र अल्पमतको सरकार बनाउने मेलो एमालेको हातमा आएको छ।

**चुनौतीहरू**

अहिले गिरिजा सरकारको पतन भएकोमा नेपाली जनता औधी खुशी छन्। बिकल्पकै खोजमा नेपाली जनताले यस पटक एमालेलाई अत्यधिक ठाउँमा जिताएका छन्। 'आगामी सरकार एमालेको' भन्ने नाराले काँग्रेसी शासनबाट वाक्कदिक्क भएका थुप्रै जनतालाई आकर्षित गरेको छ। एमालेले यसपल्ट जुन बहुमत सीट पाएको छ, त्यो आफ्नो औगातले कम, काँग्रेसको विकल्पको खोजीले बेसी पाएको छ। अब वाम सरकार सत्तामा आएपछि उनीहरूको जीवनमा ठूलो हेरफेर आउला भन्ने जनताको अपेक्षा छ।

तर देशमा अहिले निकै चुनौतीपूर्ण र अन्तरविरोधी स्थिति छ। जनताको अपेक्षा धेरै छ, अल्पमतको सरकारले गर्नसक्ने कुराहरू थोरै छन्। चुनावी प्रतिज्ञाहरू धेरै छन्, तिनलाई व्यवहारमा लागू गर्न सक्ने संभावना थोरै छ। एमालेको सरकारका मित्रहरू थोरै छन्, सरकार गिराउन चाहनेहरू धेरै छन्। यिनै चुनौतीहरू हुन्, जसको माझ नेपाली इतिहासको पहिलो वामपन्थी सरकार खडा छ।

सबभन्दा ठूलो चुनौती त संसदमा रहेको काँग्रेस र राप्रपाको प्रतिक्रियावादी बहुमत हो। यो बहुमतले जमिन्दार वर्ग र पूँजीपति वर्गको स्वार्थमा धक्का पुग्ने कुनै पनि सुधार र क्रान्तिकारी कार्यक्रम संसदबाट पास गर्न नदिने कुरा अवश्यंभावी छ। एमालेकै घोषणापत्रमा भएका कैयन सुधारवादी कार्यक्रमरू समेत उनीहरूको स्वार्थसित बाभने

फोटो : उपा





आगामी संसद अल्पमतको सरकारको लागि भालुको कन्पट हुने निश्चित छ।

बाहिरी मुखले सहयोगको बचन दिए पनि विश्वका साम्राज्यवादी शक्तिहरूले एमालेको सरकारलाई टिकाउन र बलियो बनाउन मद्दत नगर्ने संभावना पनि स्पष्ट छ। उनीहरूको मूल दाउपेंच अन्यत्र देशमा सहयोग गरे झैं गर्नु, गलत शर्तमा सरकारलाई झुकाउनु र उल्टो आफैंले सरकार बदनाम भएको प्रचार गर्नु रहेको छ। संभव छ, नेपालमा पनि उसले यही दाउपेंच अप्नाउने छ।

यता एमालेले आन्दोलनका सहकर्मी अन्य वामपन्थी शक्तिहरूलाई पनि निकै रुष्ट्याएको छ। अरू शक्तिको प्रभुत्व रहेको ठाउँमा पनि एक्लै जित्ने अहंकार देखाएर काँग्रेस र राप्रपा जित्ने शर्तमा समेत वाम तालमेल नगरेको, प्रष्ट जित्ने ठाउँमा पनि एमालेकै कारणले हारेको, चुनावी तालमेल भएका ठाउँमा पनि धोखा दिएको वा असहयोग गरेको र केही ठाउँमा त बूथ क्याप्चर र पिटपाटसमेत गरेको आरोप उनीहरूले एमालेमाथि लगाएका छन्। अहिले देशमा पहिलो पटक एउटा वामपन्थी सरकार सत्तामा आएको छ। तर विचित्रको विरोधाभाष के छ भने- अन्य कुनै वामपन्थी शक्ति पनि यसमा खुशी र सन्तुष्ट देखिन्नन्।

यिनै चुनौतीहरू र विषम परिस्थितिबीच अहिले अल्पमतको सरकार खडा छ।

## २०५१ सालको आम चुनावमा देशका कुन कुन प्रमुख पार्टीहरूले कति मत प्राप्त गरे ?

| क्रम सं. | पार्टीको नाम | प्राप्त मत | खसेको मतको प्रतिशत | २०४८सालमा प्राप्त मतको प्रतिशत |
|---|---|---|---|---|
| १. | नेपाली कांग्रेस | २५,४५,२२७ | ३३.३८ | ३७.७५ |
| २. | ने.क.पा. (एमाले) | २३,५२,६०१ | ३०.८५ | २७.९८ |
| ३. | राष्ट्रिय प्रजातन्त्र पार्टी | १३,६३,१४८ | १७.९३ | ११.९४ |
| ४. | नेपाल सद्भावना पार्टी | २,६५,८४७ | ३.४९ | ४.१० |
| ५. | संयुक्त जनमोर्चा नेपाल | १,००,२८५ | १.३२ | ४.८३ |
| ६. | नेमकि पार्टी | ७५,०७२ | ०.९८ | १.२५ |
| ७. | नेकपा मसाल | ७०,०८८ | ०.९२ | चुनाव बहिस्कार |
| ८. | नेपाल जनवादी मोर्चा | ३२,७३२ | ०.४३ | भाग नलिएको |
| ९. | नेकपा (मार्क्सवादी) | २९,५७१ | ०.३९ | - |
| १०. | नेकपा (संयुक्त) | २९,२७३ | ०.३८ | २.४३ |
| ११. | प्रजातान्त्रिक लोकदल | ३,०८२ | ०.०४ | - |
| | जम्मा खसेको मत | ७६,२५,३४८ | | |
| | वामपन्थी पार्टीहरूको कूल मत | २६,५६,८९० | ३४.८४ | ३६.४९ |
| | नेपाली कांग्रेसको कुल मत | २५,४५,२२७ | ३३.३८ | ३७.७५ |

स्रोत : निर्वाचन आयोग

## को जिम्मेवार ?

२०४८ सालको आम निर्वाचनबाट थोरै पनि पाठ सिक्ने काम भएको भए यस पटकको संसदमा वामपन्थी शक्तिको स्थिति यस्तो नहुने अवश्यंभावी थियो। त्यतिखेर१४ वटा ठाउँमा कुल मतगन्तीमा वामपन्थी अगाडि, तर जितबाजी भने काँग्रेसको पोल्टामा गएको थियो।

अहिले संसदमा वामपन्थी शक्तिको ९४ सीट छ। मत गन्तीका तथ्यांकहरूले फेरि पनि के छर्लंग देखाएका छन् भने- १० ठाउँ यस्ता छन्, जहाँ ४८ सालमा जस्तै कूल मत जोड्दा वाम शक्तिको बेसी छ, तर विजयको माला भने काँग्रेसी उम्मेदवारको गलामा परेको छ। [हिर्नुहोस् तालिका]

फेरि वाम एकताले ल्याउने जन-उभारको लहरको आकलन अंकगणितीय जोडमा गर्न सकिन्न। यसको प्रभाव त गुणानात्मक हुन्छ। थोरै ठाउँको सानो एकताले पनि धेरै ठाउँमा शत्रुको मनोबल गिराउँछ, जनतामा चामत्कारिक उत्साह ल्याउँछ र त्यो गुणनको गतिमा विजयको आत्मविश्वासका रूपमा चारैतिर विस्तारित हुन्छ।

यस प्रकार, यस पटकको संसदमा ऐतिहासिक रूपमा वामपन्थी शक्तिको अत्यधिक बहुमत आउनु संभव थियो। एमाले एक्लैको पूर्ण बहुमत आउनु बिल्कूलै संभव थियो।

अझ यस पटक त गिरिजा गुटको तानाशाही विरुद्धमा गणेशमानको तप्का, जनवादी मोर्चा, लोक दल जस्ता अन्य प्रजातान्त्रिक शक्तिहरू पनि वाम शक्तिको वरपर गोलबन्द हुने परिस्थिति तयार भएका थियो। एउटा देशभक्त र प्रजातान्त्रिक शक्तिहरूको "संयुक्त चुनावी मोर्चा" तयार हुनु बिल्कूलै संभव थियो। सिर्फ प्रमुख वामपन्थी शक्तिको पहलको जरुरी थियो। एकताले यो स्तर हासिल गरेको भए चुनावी माहौल के हुन्थ्यो, काँग्रेस र राप्रपाको दुर्दशा के हुन्थ्यो ? - जो सुकैले पनि सजिलै लख काट्न सक्ने विषय हो।

यस्तो एकता र मोर्चाबन्दीको लागि पहल गर्नु पर्ने र गर्न सक्ने प्रमुख र निर्णायक शक्ति थियो- नेकपा (एमाले)। सबैभन्दा ठूलो वाम शक्तिको नाताले उसैले नै यसको निम्ति प्रमुख भूमिका खेल्न संभव थियो।

तर संकीर्ण समूह स्वार्थमुखी चिन्तन र आफ्नो एक्लैको सामर्थ्यप्रति अयथार्थवादी अति आत्मविश्वासपूर्ण दृष्टिकोणको कारणले उसले यसको निम्ति जिम्मेवारपूर्ण भूमिका खेलेन। स्वतन्त्र वाम बौद्धिकहरू र हाम्रो 'मूल्यांकन' मासिक स्वयंले अन्तिम घडीसम्म पनि वाम तालमेल गर्नका लागि प्रयत्न जारी राख्यो। तर एमालेका नेतृत्वदायी कमरेडहरूमा चुनावमा प्रष्ट बहुमत हासिल गर्न वाम एकताको आवश्यकता नै महशूस भएको देखिएन। वाम एकताले आफ्नो पक्षमा नोक्सानी बेसी, फाइदा कम हुने उहाँहरूको

# यो मध्यावधि चुनावका केही चाखलाग्दा रेकर्डहरू

* सबैभन्दा बेसी मतले जित्ने उम्मेदवार
- नेकपा (एमाले) का अध्यक्ष श्री मनमोहन अधिकारी, काठमाडौं क्षेत्र नं. १ बाट, २५६७२ मतले।

* सबैभन्दा कम मतले जित्ने उम्मेदवार- स्वतन्त्र उम्मेदवार
- श्री पाल्देन गुरुङ, मनाङबाट, २३१५ मतले।

* सबैभन्दा धेरै मतको फरकले जित्ने उम्मेदवार
- नेकपा (एमाले) का श्री राजेन्द्रप्रसाद श्रेष्ठ, काठमाडौं क्षेत्र नं. ५ बाट, १२३७७ मतको फरकले

* सबैभन्दा थोरै मतको फरकले जित्ने उम्मेदवार
- नेकपा (एमाले) का देवशंकर पौडेल, रामेछाप क्षेत्र नं. २ बाट, ११ मतको फरकले।

* सबैभन्दा धेरै मतले जित्ने महिला उम्मेदवार
- नेकपा (एमाले) की श्रीमती विद्यादेवी भण्डारी, काठमाडौं-२, २१७६३ मतले

* सबैभन्दा थोरै मतले जित्ने महिला उम्मेदवार
- नेपाली काँग्रेसकी कमलादेवी पन्त, गोरखा-२, ८१९५ मतले

* सबैभन्दा धेरै मतको फरकले जित्ने महिला उम्मेदवार
- एमालेकी श्रीमती विद्यादेवी भण्डारी, ८६९९ मतको फरकले

* सबैभन्दा थोरै मतको फरकले जित्ने महिला उम्मेदवार
- ने.का. की मीना पाण्डे सर्लाही- २ बाट, ६२२ मतको फरकले

* सबैभन्दा बृद्ध विजयी उम्मेदवार
- श्री मनमोहन अधिकारी, ७३ वर्ष

* सबैभन्दा बृद्धा विजयी महिला उम्मेदवार- श्रीमती साहना प्रधान, ५८ वर्ष

* सबैभन्दा कान्छा विजयी उम्मेदवार
- होमराज दहाल, निलबहादुर तिलीजा र चक्रबहादुर डगौरा चौधरी, २७ वर्ष

* सबैभन्दा कम उमेरकी महिला उम्मेदवार
- कमला पन्त, ३० वर्ष

* सबैभन्दा बृद्ध मतदाता
- वीरनारायण माझी, १३४ वर्ष, मोरंग जिल्ला, आमतौल मतदान केन्द्रमा मतदान गरेको

* सबैभन्दा वृद्धा मतदाता
- एरुपा बूढाथोकी, १२० वर्ष, गुल्मी जिल्ला, तम्घास मतदान केन्द्रबाट मतदान गरेको।

* सबैभन्दा धेरै मतदाता भएको जिल्ला
- काठमाडौं, ४,८६,७२६

* सबैभन्दा थोरै मतदाता भएको जिल्ला
- मनाङ, ६७९३

* सबैभन्दा धेरै प्रतिशत मतदान भएको जिल्ला
- डोल्पा, ८३.८ प्रतिशत

* सबैभन्दा थोरै प्रतिशत मतदान भएको जिल्ला
- रोल्पा, ४३.२ प्रतिशत

तथ्यांक स्रोत : निर्वाचन आयोग प्रतिनिधि सभा सदस्य निर्वाचन- २०५१, निर्वाचन परिणाम विवरण
तथ्यांक विश्लेषण : मूल्यांकन मासिक

मूल्यांकन रह्यो ।

यता अन्य वाम समूहमा यस पटक वाम एकताको लागि न्यूनतम माग राख्ने सकारात्मक प्रवृत्ति त देखा पऱ्यो । तर अझै आफ्नो सामर्थ्य र स्थितिको अयथार्थवादी मूल्यांकन गर्ने र केही कमजोर ठाउँका निम्ति अडान लिएर निश्चित जित्ने सबल ठाउँहरू समेत शत्रुको पक्षमा गुमाउन तयार हुने प्रवृत्ति उनीहरूमा पनि देखा पऱ्यो ।

संकीर्ण समूह स्वार्थमुखी चिन्तन भनेको एक किसिमको व्यक्तिवाद हो । समूहको तहमा अभ्यास गरिने व्यक्तिवाद हुनाले यो सामूहिक व्यक्तिवाद हो । समग्रमा देश र जनतालाई के गर्दा बेसी फाइदा हुन्छ ? -यसरी सोच्नुभन्दा सामूहिक व्यक्तिवादले फगत आफ्नो समूहको फाइदामा मात्र बेसी ध्यान दिन्छ । परिणाम के हुन्छ भने- समग्रको हित नोक्सानीमा पर्छ र अंशको हित मात्र हावी हुन्छ । वा समग्रको हितको नोक्सानी सँगसँगै अंशको हित पनि सती जान्छ । यस पटक यस्तै भएको छ । गिरिजा गुटको अगुवाईमा रहेको नेपाली काँग्रेस र राप्रपाको प्रतिक्रियावादी शक्ति नराम्ररी परास्त हुने र देशमा वामपन्थी र प्रजातन्त्रवादी शक्तिहरूको हालीमुहाली कायम हुने अत्यन्त अनुकूल अवसर यस पटक पैदा भएको थियो । समग्रको त्यो हितमा सामूहिक व्यक्तिवादले निकै ठूलो नोक्सानी पुऱ्याएको छ । आफ्नो शक्तिको र अरूको शक्तिको अयथार्थवादी मूल्यांकनको मुहान अवस्तुवादी अद्वन्दवादी चिन्तन-प्रणाली नै हो । यो गैर-वैज्ञानिक र गैर-मार्क्सवादी चिन्तन-प्रणाली हो । यो चिन्तन-प्रणालीले पनि यस पटक थुप्रै सुनिश्चित वामपन्थी-विजय हुने ठाउँमा हार गराउनको लागि भूमिका खेलेको छ ।

## २०४८ सालको र २०५१ सालको आम चुनाव एक तुलना
### *कसले कति सीट प्राप्त गरे ?*

| | २०४८ सालको आम चुनावमा | २०५१ सालको आम चुनावमा | प्राप्त सीटको % २०४८ मा | प्राप्त सीटको % २०५१ मा |
|---|---|---|---|---|
| नेपाली कांग्रेस | ११० | ८३ | ५३.६६ | ४०.८९ |
| नेकपा एमाले | ६९ | ८८ | ३३.६६ | ४२.९३ |
| राप्रपा (दुवै मिलाउँदा) | ४ | २० | १.९६ | ९.७६ |
| संयुक्त जनमोर्चा, नेपाल | ९ | ० | ४.३९ | ० |
| नेपाल सद्भावना पार्टी | ६ | ३ | २.९३ | १.४६ |
| नेपाल मजदूर किसान पार्टी | २ | ४ | ०.९८ | १.९५ |
| ने.क.पा. (संयुक्त) | २ | ० | ०.९८ | ० |
| स्वतन्त्र | ३ | ७ | १.४६ | ३.४१ |

यस प्रकार, यस पटकको चुनावले देखाएको छ- हाम्रो वामपन्थी आन्दोलनमा एकातिर सांस्कृतिक तहमा सामूहिक व्यक्तिवाद हावी छ, अर्कोतिर चिन्तन प्रणालीमा अद्वन्दवादी अवस्तुवादी विश्व दृष्टिकोण हावी छ । एकातिर, आफ्नो स्वार्थ र शक्तिको अहंकारमा बिल्कूलै अन्धो हुने र हाँगाको हितमा सोचेर रुखको हितमा बन्चरो हान्ने प्रवृत्ति हावी छ । अर्कोतिर, आफ्नो र अरूको वास्तविक स्थिति के हो भन्ने सम्बन्धमा गतिशील यथार्थसँग मिल्ने धारणा नै नबनाउने दृष्टिकोण हावी छ । यी दुवै गैर-मार्क्सवादी प्रवृत्ति हुन् ।

यस पटक देश र संसदमा शक्ति सन्तुलनको जुन स्थिति तयार भएको छ, जुन प्रतिक्रियावादी बहुमत भएको त्रिशंकु संसद तयार भएको छ, त्यसको लागि यिनै प्रवृत्तिहरू जिम्मेवार छन् ।

**अबको कार्यदिशा**

हो, संसदमा वामपन्थी र प्रजातान्त्रिक शक्तिहरूको बहुमत कायम हुँदैमा यही बाटोबाट समाजको सबै क्षेत्रमा आमूल परिवर्तन र समाजवादतर्फको संक्रमण संभव थिएन । यही पूँजीवादी राज्ययन्त्रमार्फत त्यो संभव छैन पनि । तथापि, नेपालमा त समाजवादी क्रान्ति त टाढैको कुरा रह्यो, पूँजीवादी प्रजातान्त्रिक क्रान्ति पनि पूरा भएको छैन । २०४६ सालको जनआन्दोलनले सामन्तवादी निरंकुश राजतन्त्रको ठाउँमा पूँजीवादी संसदीय प्रजातन्त्र मात्र ल्यायो । खाली राजनीतिक ढाँचामा मात्र, त्यो पनि पुरानो संसदीय ढाँचाको, प्रजातान्त्रिक क्रान्ति भयो । सामन्तवादको अवशेष संवैधानिक राजतन्त्र नेपालमा बाँकी नै बच्यो । र देशको नेतृत्व प्रतिक्रियावादी पूँजीपति वर्गको हातमा परेकाले समाजको जगसम्म आर्थिक, सामाजिक र सांस्कृतिक तहमा प्रजातान्त्रिक क्रान्ति विस्तारित नै भएन । आम जनताले क्रान्तिको कुनै अनुभूति नै गर्न पाएनन् ।

## २०५१ सालको आम चुनावमा कुन भौगोलिक क्षेत्रमा कसको बाहुल्य कस्तो छ ?

| | एमालेको | कांग्रेसको | राप्रपाको | अरुको |
|---|---|---|---|---|
| हिमाली क्षेत्रमा | ७ सीट | ९ सीट | ३ सीट | ४ सीट |
| पहाडी क्षेत्रमा | ४७ सीट | ३४ सीट | ८ सीट | ५ सीट |
| तराइ क्षेत्रमा | ३४ सीट | ४० सीट | ९ सीट | ५ सीट |

## कुन विकास क्षेत्रमा कसको पकड कस्तो छ ?

| | एमालेको | कांग्रेसको | राप्रपाको | अरुको |
|---|---|---|---|---|
| पूर्वाञ्चलमा | २६ | १९ | २ | २ |
| मध्यमाञ्चलमा | २८ | २४ | १० | ३ |
| पश्चिमाञ्चलमा | १७ | २० | २ | ४ |
| मध्य-पश्चिमाञ्चलमा | ६ | १६ | ४ | ४ |
| सुदूर पश्चिमाञ्चलमा | ११ | ४ | २ | १ |

*स्रोत : निर्वाचन आयोग*

अहिले यो संसदीय ढाँचाको, संवैधानिक राजतन्त्र भएको पूँजीवादी प्रजातान्त्रिक व्यवस्थालाई ध्वंश गरेर- नयाँ ढाँचाको जनवादी गणतन्त्र ल्याउन पनि त्यतिकै शक्तिको खाँचो पर्छ, जति समाजवादी गणतन्त्र ल्याउन । फेरि, अहिले क्रान्तिकारी शक्तिहरूसित त्यो गर्न आत्मगत सामर्थ्य पनि विकास भएको छैन । न त राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थिति नै त्यसका लागि अनुकूल छ ।

यो स्थितिमा हाम्रो सामुन्ने दुइटा बाटाहरू छन्- एउटा, जुन दिनसम्म हामी वर्तमान संसदीय ढाँचाको पूँजीवादी व्यवस्थालाई ध्वंश गरेर त्यसभन्दा उन्नत व्यवस्था ल्याउन समर्थ हुन्नौं, त्यतिखेरसम्म अहिले जे छ, त्यसैमा मात्र अड्की बस्ने, मात्रात्मक परिर्तनको लागि समेत कुनै काम नगर्ने । या त १०० नै खोज्ने वा शून्यमै रहने ।

अर्को, क्रान्तिको लागि अनुकूल वस्तुगत र आत्मगत परिस्थिति तयार नभएसम्म यही संसदीय ढाँचाअन्तर्गत पनि त्यस्ता मात्रात्मक परिवर्तनहरू गर्दै जाने, जसले पूँजीवादी प्रजातान्त्रिक क्रान्तिलाई झन्-झन् पूर्णतातिर लैजान्छ र आगामी क्रान्तिको लागि बाटो छोटो र सजिलो हुन्छ । अर्थात् १०० लिन



एमालेको सरकारको नाराले आकर्षित जनता

फोटो : उमा

सकिन्न भने शून्यमा नै अड्की नबस्ने, १०, २०, ३० जति सकिन्छ, त्यो हासिल गर्दै जाने, १०० को नजिक पुग्ने काम गर्दै जाने र अनुकूल परिस्थिति आउने बित्तिकै १०० का निम्ति नै संघर्ष गर्ने।

यी बाटाहरू मध्ये पहिलो बाटो अधिभूतवादी बाटो हो। पाए १०० नै हासिल गर्ने र नपाए केही पनि हासिल नगर्ने, यो कुनै वैज्ञानिक चिन्तन होइन। दोस्रो बाटो सही वैज्ञानिक बाटो हो। यो द्वन्द्वात्मक वस्तुवादी बाटो हो।



के स्पष्ट हुनु जरूरी छ भने, संसदमा वामपन्थी शक्तिको कब्जा हुँदैमा वर्तमान सेना, प्रहरी-यन्त्र, प्रशासन-यन्त्र, अदालतलाई ज्यूँका त्यूँ राखेर सामन्तवादका सारा अवशेष ध्वंश गरेर प्रजातान्त्रिक क्रान्तिलाई पूर्ण पार्नु संभव छैन। न त समाजवादतर्फ शान्तिपूर्ण संक्रमण गर्न नै हालको संविधानले अनुमति दिन्छ। त्यसैले, संसदीय बाटोबाट क्रान्ति संभव छैन।

अर्कोतिर, यही संसदीय व्यवस्थाअन्तर्गत पनि जनता क्रान्तिको लागि तयार नभएसम्म संसदमा वामपन्थी शक्तिको बाहुल्य हुने हो भने क्रान्तिको पूर्वाधार तयार पार्न थुप्रै काम गर्न सकिन्छ। प्रजातान्त्रिक क्रान्तिलाई केही हदसम्म समाजको जगसम्म विस्तार गर्ने काम गर्न सकिन्छ। जस्तो कि- क्रान्तिकारी भूमिसुधार गर्न सकिन्छ, असमान सन्धिको अन्त गर्न सकिन्छ, एउटा भाषा-धर्मको धार्मिक-भाषिक विशेषाधिकारको अन्त गर्न सकिन्छ। पुरुष विशेषाधिकार समाप्त पार्न सकिन्छ। आर्थिक र संस्कृतिक क्षेत्रमा सामन्तवादको उन्मूलन गर्ने अभियान थाल्न सकिन्छ। आफ्नो सरकारको छत्रछायाँमा तल सामाजिक जगमा क्रान्तिकारी सामुदायिक जनशक्तिको आधार अरू तीब्र गतिमा निर्माण गर्न सकिन्छ। आदि। यी मात्रात्मक परिवर्तनहरू हुन्। तर यी परिवर्तनहरूले क्रान्तिको बाटो छोट्याउँछ र क्रान्तिको लागि पूर्वाधार तयार पार्ने काम गर्छ।



एमालेको सरकारले चुनावी अभियानमा भएको गल्तीलाई सच्याउँदै देश र जनताको पक्षमा सरकारी नीति निर्णयको प्रक्रियामा अन्य सबै वामपन्थी तथा क्रान्तिकारी, प्रजातान्त्रिक शक्तिलाई सहभागी गराउने प्रक्रिया थाल्नु पर्छ।

अहिले केन्द्रीय सरकार एमालेको हातमा आएको छ। यो स्थिति क्रान्तिको लागि पूर्वाधार तयार पार्न निकै अनुकूल सहायक स्थिति पनि हुन सक्छ। यही स्थिति प्रतिक्रियावादी बाटोतिर लम्किनका लागि पूर्वाधार पनि हुनसक्छ। एमाले अहिले उत्तर र दक्षिण दुवैको दोबाटोमा खडा छ।

संसद र वर्तमान पूँजीवादी सत्तालाई नै एमालेले आफ्नो साध्य बनायो भने, यो यही विन्दूबाट प्रतिक्रियावादी बाटोतिर लम्किन सक्छ। जसरी पनि संसदमा पुग्ने र जसरी पनि सत्तामा बनिरहने, यो प्रवृत्तिले कुनै पनि शक्तिलाई जस्तोसुकै अनैतिक र प्रतिगामी कार्य गर्न पनि प्रवृत्त गराउँछ। र, क्रमशः एउटा प्रगतिशील शक्ति प्रतिक्रियावादी शक्तिमा बदलिन्छ।

संसद र सरकारलाई एमालेले क्रान्तितर्फ अघि बढ्ने साधन मात्र बनायो भने यही स्थिति भावी क्रान्तिको लागि निकै अनुकूल पूर्वाधार हुन सक्छ। यसमार्फत् थुप्रै यस्ता सुधारहरू गर्न सकिन्छन्, जसले जनचेतना र जनशक्ति झन्-झन् मजबूत हुन्छ, प्रजातान्त्रिक क्रान्तिलाई झन्-झन् पूर्णतातिर लैजान्छ र यसैमार्फत र यसको छहारीमा समाजको जगमा क्रान्तिको प्रक्रिया थाल्न सकिन्छ र बलियो क्रान्तिकारी सामुदायिक जनाधार निर्माण गर्न सकिन्छ। अहिलेको एमालेको सरकार कुनै पनि बेला गिर्न सक्छ, किनभने संसदमा प्रतिक्रियावादी बहुमत छ। तर जनचेतना मजबूत हुँदैगयो र तल बलियो क्रान्तिकारी सामुदायिक जनाधार निर्माण गर्दै लैजान सकियो भने कुनै प्रतिक्रियावादी सत्तालाई पनि यहाँ दीगो रुपमा टिकिरहन संभव हुने छैन्।

एमालेले कुन बाटो रोज्ने ? त्यो उसैमा निर्भर छ। खतरा के देखिएको छ भने, उसले संसद र यस बाटोबाट सरकारमा जानुलाई साधन होइन, साध्य ठहऱ्याउने खालका व्याख्याहरू अघि सार्न थालेको छ। यो व्याख्या नै उसको मूल कर्यादिशा बन्यो भने यो निकै ठूलो सामाजिक दुर्घटना हुनेछ। एमाले वाम शक्तिका रूपमा बाँकी रहने छैन। हामीले प्रयत्न गर्नु पर्छ कि यस्तो नहोस्।

संसद र सरकारलाई क्रान्तिको साधन मात्र ठहऱ्याउने हो भने अहिले एमाले र नेपालका सम्पूर्ण वामपन्थी शक्तिका सामुन्ने केही आधारभूत कार्यभार र कार्यदिशाहरू छन्।

अहिले देशमा एमालेको सरकार छ। यो सरकारले सरकारमा नरहेका क्रान्तिकारी शक्तिहरूसित मिलेर नेपालमा पूरा गर्न बाँकी प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने प्रक्रिया शुरु गर्नुलाई र समाजको जगसम्म आर्थिक, राजनैतिक, सामाजिक र सांस्कृतिक तहमा प्रजातान्त्रिक क्रान्तिलाई विस्तार गर्नुलाई नै अहिले मुख्य कार्यदिशा बनाउनु पर्छ। यस्तो भयो भने अहिलेको सरकार नेपालमा क्रान्तिको प्रक्रिया विस्तार गर्नको निम्ति निकै ठूलो साधन हुन सक्छ। एमालेको सरकारले चुनावी अभियानमा भएको गल्तीलाई सच्याउँदै देश र जनताको पक्षमा सरकारी नीति निर्णयको प्रक्रियामा अन्य सबै वामपन्थी तथा क्रान्तिकारी, प्रजातान्त्रिक शक्तिलाई सहभागी गराउने प्रक्रिया थाल्नु पर्छ। कार्यक्रम र नीति निर्माणको हरेक प्रक्रियामा क्रान्तिकारी शक्तिबीचको सम्मतिको स्थिति बनाउने कोशिस गर्नुपर्छ। यस्तो भयो भने प्रतिक्रियावादी शक्ति संसदमा बहुमतमा भए पनि ऊ एक्लिनेछ, कमजोर हुनेछ र

## नेपालका तीन आम चुनावहरू एक तुलना
### *केही चाखलाग्दा ऐतिहासिक तथ्यहरू*

| | २०१५ साल | २०४८ साल | २०५१ साल |
|---|---|---|---|
| प्रतिनिधिसभाको सीट संख्या | १०९ | २०५ | २०५ |
| कुल उम्मेदवार संख्या | ७८६ | १३४५ | १४४२ |
| नेपाली कांग्रेसको उम्मेदवार संख्या | १०८ | २०४ | २०५ |
| कम्युनिष्ट पार्टीहरूको उम्मेदवार संख्या | ४७ | ४०१ | ३९८ |
| स्वतन्त्र उम्मेदवार संख्या | २६८ | २१९ | ३८५ |
| महिला उम्मेदवार संख्या | १० | ८० | ८६ |
| चुनाव लड्ने पार्टी संख्या | ९ | २० | २४ |
| सरकार बनाउने गरी चुनाव लड्ने पार्टी संख्या | ४ | ४ | ३ |
| नेपाली कांग्रेसले जितेको सीट | ७४ | ११० | ८३ |
| कम्युनिष्ट पार्टीहरूले जितेको सीट | ४ | ८२ | ९४ |
| महिला उम्मेदवारले जितेको सीट | १ | ७ | ७ |
| स्वतन्त्र उम्मेदवारले जितेको सीट | ४ | ३ | ७ |
| जम्मा मतदाताहरू | ४२,४६,४६८ | १,११,४२,६३८ | १,२२,९६,२१९ |
| खसेको जम्मा मत | १७,९१,३८१ | ७२,९१,०८४ | ७६,२५,३४८ |
| उम्मेदवारले गर्न पाउने खर्चको सीमा रु. | ५ हजार | ७५ हजार | १ लाख |
| मतदान केन्द्र | | ७,८३२ | ७,४०४ |
| उप-मतदान केन्द्रहरू | | ६,६२७ | ८,१९१ |
| चुनाव संपन्न गर्न परिचालित कर्मचारी | १७,००० | ६२,८८१ | ७४,४७३ |

*स्रोत : १) निर्वाचन आयोग*
*२) गृष्मबहादुर देवकोटा, नेपालको राजनीतिक दर्पण, भाग २*

अल्पमतको सरकारले पनि कैयन क्रान्तिकारी कदमहरू चाल्न सक्नेछ ।

कुनै पनि क्रान्तिकारी शक्तिको मुख्य साथी भनेको जनता हो । चारैतिरबाट शत्रु नै शत्रुले घेरिएको अहिलेको स्थितिमा त जनतासितको घनिष्ट सम्बन्ध अरू धेरै निर्णायक र महत्वपूर्ण भएको छ । त्यसैले, एमालेको सरकारले लिने कुनै पनि ठूलो कदम, कार्यक्रम, नीति र विधेयकलाई अन्तिम रूप दिनुअघि बहसको निम्ति जनतासमक्ष जारी गर्नुपर्छ । र, जनमत संकलन गरिनुपर्छ । रेडियो, टी भी, पत्रिकाहरू, फोरम र गोष्ठीहरू र आ-आफ्नो पार्टी संगठन एवं जनवर्गीय संगठनहरू यस्तो जनमत संकलन गर्ने भरपर्दा साधन हुन सक्छन् । राज्यको मामलामा क्रान्तिकारी सरकारले जनतालाई सहभागी गराउने र जनताको आलोचनात्मक सजगता वृद्धि गर्ने पद्धति यही हो ।

यो जन-नीतिले प्रतिक्रियावादी शक्तिहरू जनताबाट अलगिने छन् । जनता र सरकारको बीच घनिष्ट सम्बन्ध र संवादको स्थिति विकसित हुनेछ । र, अल्पमत सरकारले पनि कैयन क्रान्तिकारी निर्णयहरू गर्न संभव हुनेछ ।

देशको दीगो विकास हचुवा नीति र कार्यक्रमबाट संभव हुँदैन । देशको यथार्थ सहाउँदो दीर्घकालीन कार्यक्रम र रणनीति विकास गरेर मात्र दीगो विकास संभव हुन्छ । यसको लागि पार्टी-पूर्वाग्रहबाट माथि उठेर सम्बन्धित विषयका लुकिरहेका ज्ञाता देशभक्त प्रतिभाहरूलाई परिचालन गर्नु पर्छ । उनीहरूलाई नीति निर्माणको प्रक्रियामा सहभागी गराउनु पर्छ, जिम्मेवारी दिइनु पर्छ र प्रोत्साहित गरिनु पर्छ । यो उपाय अप्नाउने हो भने नेपालको दीगो विकासको लागि हामी आफ्नै क्षमतामा आधारित थुप्रै जनशक्तिहरू र लगानीकर्ताहरू यहीं विकास गर्न सक्छौं । तदर्थवादबाट मुक्त रणनीति र कार्यक्रम निर्माण गर्न सक्छौं ।

जनताले अहिले नयाँ सरकारबाट तात्कालिक राहत चाहेका छन् । महँगी, भ्रष्टाचार, ढीलासुस्ती र पार्टीगत पक्षपात- यही नै मुख्य क्षेत्रहरू हुन्, जहाँ जनताले तात्कालिक रूपमा राहत चाहेका छन् । यो राहत कार्यक्रम तुरुन्त जनसमक्ष ल्याइनु पर्छ ।


एमालेको सरकारले तुरून्तै आफ्नो अस्तित्व देखाउनु पर्ने अर्को क्षेत्र सञ्चार क्षेत्र हो । छाडा, अश्लील संस्कृतिको प्रचारमा तुरून्त रोक लगाइनु पर्छ । जन चेतना जागृत गर्ने प्रगतिशील गीत, फिल्म, नाटकको प्रचार थालिनु पर्छ । सञ्चार माध्यममा एकलौटी रूपमा पूँजीवादी र सामन्तवादी विचारधाराले मात्र ठाउँ पाएको छ । त्यसमा साम्यवादी विचारधाराको पनि प्रचार थालिनु पर्छ ।

समाजका सम्पूर्ण वामपन्थी शक्तिले यतिखेर एमालेको सरकारलाई आलोचनात्मक समर्थन दिनु जरूरी छ । प्रतिक्रियावादी शक्ति र एमालेको सकारको बीचको अन्तरविरोधमा हामीले एमालेको सरकारलाई साथ दिनु जरूरी छ । उसलाई बचाउनु जरूरी छ ।

तर एमालेको सरकारको जनतासित अन्तरविरोध हुन थाल्यो भने हामीले जनतलाई साथ दिनु जरूरी छ । र एमालेका कुनै पनि गलत कदमहरूको विरोध र आलोचना गर्नु जरूरी छ र एमालेले उठाउने कुनै पनि क्रान्तिकारी र प्रगतिशील कदममा दरो समर्थन जुटाउनु जरूरी छ । ❑

आवरण कथाको बाँकी अंश ३६ पेजमा

## इतिहासको पानाबाट




### २०१५ सालको आम चुनावमा जितेका ने.क.पा. का उम्मेदवारहरू

| क्र.सं. | नाम | निर्वाचन क्षेत्र | मत | निकटम प्रतिद्वन्दी | मत |
|---|---|---|---|---|---|
| १. | तुलसीलाल अमात्य | निर्वाचन क्षेत्र नं. ३ उपत्यका ललितपुरबाट | ७९५९ | ने.का. / आशाराम शाक्य | ७७१६ |
| २. | शेख फर्मान | निर्वाचन क्षेत्र नं. ४९ रौतहट, मध्य पूर्वबाट | ४९८४ | नेपाल राष्ट्रिय गोरखा परिषद जगदीश सिंह | ४९१२ |
| ३. | हरदयाल महतो | निर्वाचन क्षेत्र नं. ५० रौतहट, उत्तर दोस्तीयाबाट | ५२५० | ने.का. / द्रोण शम्सेर जबरा | ४८५९ |
| ४. | कमलराज रेग्मी | निर्वाचन क्षेत्र नं. ९४ पाल्पा पूर्वबाट | ६५६३ | ने.का. / शिवप्रसाद खजान्ची | ५९२३ |

| हारेका चर्चित नेताहरू | निर्वाचन क्षेत्र | मत | कोसित हारेको | मत |
|---|---|---|---|---|
| १. पुष्पलाल श्रेष्ठ | निर्वाचन क्षेत्र नं. १ काठमाडौं उपत्यकाबाट | ७८४८ | ने.का. का गणेशमान सिंहसित | १०९८६ |
| २. जय गोबिन्द शाह | निर्वाचन क्षेत्र नं. ४० सिराह पश्चिमबाट | ६१३८ | ने.का.का माधवप्रसाद रेग्मीसित | ७५०० |
| ३. निर्मल लामा | निर्वाचन क्षेत्र नं. ७७ दैलेख पूर्वबाट | ७८३ | ने.का. का निरबहादुर पछाइसित | २०४४ |
| ४. मोहनविक्रम सिंह घर्ती | निर्वाचन क्षेन नं. ८५ प्यूठान पूर्व दक्षिणबाट | २२४६ | ने.का. का पंडित पुरुषोत्तम शर्मासित | ३९८७ |
| ५. शंभुराम श्रेष्ठ | निर्वाचन क्षेत्र नं. २ काडमाडौं उपत्यकाबाट | ५०१३ | ने.रा.गो.प. का नरबहादुर थापा क्षेत्रीसित | ६२६२ |

*स्रोत : ग्रीष्मबहादुर देवकोटा/नेपालको राजनीतिक दर्पण भाग २ बाट*

## यस पटकको संसदमा
## कुन जात र जनजातिका कति सांसदहरू छन् ?

### पहाडी जातहरू

| | सांसद संख्या | प्रतिशत |
|---|---|---|
| बाहुन | ८७ जना | ४२.४० |
| क्षेत्री कूल जम्मा | ४१ जना | २०.० |
| *क्षेत्री* | *२८ जना* | १३.७ |
| *सन्यासी* | *१ जना* | ०.५ |
| *राणा* | *२ जना* | ०.९८ |
| *ठकुरी* | *१० जना* | ४.९ |

### पहाडी जनजातिहरू

| | | |
|---|---|---|
| नेवार | १२ जना | ५.९ |
| गुरुङ | ५ जना | २.४ |
| खम्बू (राई) | ५ जना | २.४ |
| लिम्बू | ४ जना | २.० |
| तामाङ्ग | ४ जना | २.० |
| मगर | ४ जना | २.० |
| छन्त्याल | १ जना | ०.४९ |
| थकाली | १ जना | ०.४९ |
| शेर्पा १ जना | ०.४९ | |

### तराईका जातहरू

| | | |
|---|---|---|
| बाहुन | ६ जना | २.९ |
| राजपूत | ३ जना | १.५ |
| यादव | ८ जना | ३.९ |
| मुसलमान | ४ जना | २.० |
| बैश्य कुल जम्मा | ६ जना | २.९ |
| कुसवाह | १ जना | ०.४९ |
| मेहता | २ जना | ०.९८ |
| गुप्ता | १ जना | ०.४९ |
| दास | १ जना | ०.४९ |
| निधि | १ जना | ०.४९ |

### तराईका जनजातिहरू

| | | |
|---|---|---|
| थारू | १३ जना | ६.३ |
| कूल जम्मा | २०५ | |

तथ्यांक विश्लेषण :
मूल्यांकनका निम्ति श्री सीताराम तामाङ



# अहिले आमूल परिवर्तन गर्न नसकिएला, आधारभूत परिवर्तन अवश्यै गर्न सकिन्छ

**क. पद्मरत्न तुलाधर, स्वास्थ्य तथा श्रम मन्त्री**

*० **अ**हिले सरकारले जनताको राहतको लागि के के कुरा गर्न लागेको छ ?*

- क्याबिनेटले जनताको राहतको लागि तत्काल के के गर्न सकिन्छ, त्यसको प्याकेज तयार पार्न सबैलाई निर्देशित गरिसकेको छ। क्याबिनेट मन्त्रीमार्फत अरु मन्त्रीहरूलाई यो निर्देशन गइसकेको छ। विभिन्न मन्त्रालयमा यस निम्ति गृहकार्य शुरु भइसकेको छ। तत्काल कुनै वस्तुमा १/२ रुपियाँ मूल्य घटाउनु कुनै ठूलो कुरो होइन। केही हुँदैछ भनेर देखाउन यस्तो गर्न सकिन्छ। तर यो दीगो नहुन सक्छ। त्यसैले मुख्य कुरा त अर्थतन्त्रलाई नै सुदृढ बनाउँदै कसरी राहत दिने भन्ने हो। हामी मूल्य घटाउन सक्दैनौं भने पनि मूल्य वृद्धि हुन नदिन कसरी भन्नेबारे काम गर्न सक्छौं। कृत्रिम महँगी बढ्नुको कारण पत्ता लगाएर त्यसलाई नियन्त्रण गर्न सकिन्छ। अर्थ मन्त्रालयको ध्यान यसमा गएको छ।

राहत खाली मूल्य वृद्धिमा मात्र जरुरी भएको होइन, अन्याय, अत्याचार, शोषण र भ्रष्टाचारबाट, ढीलासुस्तीबाट पनि जनतालाई राहत चाहिएको छ। प्रहरी हिरासतमा यातना-उत्पीडन, जनजातिमाथि पक्षपात- यी सबै मामलामा राहत चाहिएको छ। जनतामाथिको शोषण, उत्पीडन कायमै भयो भने फगत मूल्य घटाए मात्र जनतालाई राहत हुन सक्दैन। त्यसैले राहतको विभिन्न पक्षमा हाम्रो ध्यान जानु जरुरी भएको छ। वामपन्थी सरकार सत्तामा भएको बेलामा शोषण, अन्याय, अत्याचार विरुद्ध जनता आफैं संगठित भएर संघर्ष गर्ने वातावरण मात्र तयार हुन सक्यो भने पनि यो ठूलो राहत हुनेछ। स्वच्छ र भ्रष्टाचारविहीन प्रशासन हुनु मात्र पनि जनतालाई ठूलो राहत हो। अहिले हाम्रो ध्यान राहतका यी विभिन्न पक्षमा गएको छ।

अहिले हामी समय प्रशासनको स्थिति बुझ्नमा गइरहेको छ। यतिखेर राहतको प्याकेजबारे आफ्नो घोषणा-पत्रका आधारमा पार्टीले गृहकार्य गर्नु पर्छ र सरकारलाई निर्देशित गर्नु पर्दछ। यो एमालेको मात्र सरकार हो भनेर अरु वामपन्थी पार्टीहरूले पनि तमाशा हेर्नु हुँदैन। उनीहरूले पनि हामीलाई सुझाव दिनुपर्छ कि हामीले के गर्नु जरुरी छ ? यो सरकार विफल भयो भने बदनाम संपूर्ण वाम-आन्दोलनको हुनेछ।

*० तपाईले अरु वामपन्थी पार्टीहरूको सहयोगको प्रसंग निकाल्नु भयो, अहिले सरकारले अन्य वामपन्थी तथा प्रजातान्त्रिक शक्तिहरूलाई निर्णय-प्रक्रियामा सहभागी बनाउन के गर्दैछ ?*

- यो काम सरकारले भन्दा पनि पार्टीले गर्नु पर्ने काम हो। आन्दोलनका सहकर्मीहरूलाई छलफलमा ल्याउन, उनीहरूको राय बुझ्न एमालेले तुरुन्त पहल गर्नुपर्छ। मलाई लाग्छ, पार्टीले यस्तो गर्‍यो भने अन्य वामपन्थी शक्तिहरूले निश्चितै रुपमा मद्दत गर्नु हुनेछ।

पार्टीको अलावा सरकारले पनि त्यस्तो छलफल अन्तर्क्रियाको वातावरण बनाउन प्रयत्न गर्नुपर्छ।

"मूल्यांकन" मासिकले हिजो जसरी विभिन्न विषयमा अन्तर्क्रिया कार्यक्रमको आयोजना गर्ने गर्थ्यो, यसले त्यस्तै कार्यक्रम फेरि आयोजना गरिदिएर पनि सरकारलाई विभिन्न विषयवस्तुमा स्पष्टता हासिल गर्न मद्दत गर्नु पर्ने स्थिति आएको छ। त्यस्तो भूमिका अहिलेको स्थितिमा अहम् महत्वको हुनेछ भन्ने मलाई लागेको छ।

*० हिजो देश तदर्थवादमा चल्यो, हरेक क्षेत्रमा। त्यो तदर्थवादबाट मुक्त भएर देश सुहाउँदो दीर्घकालीन प्रगतिशील रणनीति र कार्यक्रम विकास गर्न अहिले के गरिनु पर्छ भन्ने तपाईलाई लाग्छ ?*

- म फेरि दोहोर्‍याउँछु- यसको लागि मुख्य जिम्मेवारी पार्टीले लिनु पर्छ। सरकार पार्टीको हो र पार्टीले नै यसबारे गृहकार्य थाल्नु पर्छ। सिद्धान्त र नीति तय गर्न पार्टीले नै पहल गर्नु पर्छ। पार्टीसित विकास निर्माणको हरेक क्षेत्रमा यथार्थसम्मत सिद्धान्त र रणनीति नहुने हो भने देश फेरि पनि तदर्थवादमा चल्न सक्छ। यसबाट मुक्त हुने प्रक्रिया अहिलेदेखि नै शुरु गर्नुपर्छ र त्यो पार्टीले नै गर्नु पर्छ। कांग्रेसको पालामा जस्तो हरेक मन्त्रीलाई स्वायत्तता दिने हो भने नितान्त व्यक्तिवादी ढंगले काम हुन शुरु हुन सक्छ, र यसको परिणाम तदर्थवाद मात्र हुँदैन, मनपरीतन्त्र पनि शुरु हुन्छ। यसो भएमा यो सरकार वामपन्थी सरकार बाँकी नरहेर सरकारकै प्रकृति पनि बदलिन सक्छ।

म अन्य वामपन्थी शक्तिहरूलाई पनि यसनिम्ति हात बढाउन आह्वान गर्छु। तदर्थवादबाट मुक्त हुन उहाँहरूको सहयोगले धेरै भूमिका खेल्न सक्छ।

म "मूल्यांकन" मासिकलाई पनि भन्छु, हिजो जसरी तपाईहरूले आन्दोलनको बेलामा, अरु बेलामा, विभिन्न विषयमा अन्तर्क्रिया कार्यक्रम राख्नु हुन्थ्यो, त्यस्तो कार्यक्रम फेरि फेरि पनि राखीदिएर तदर्थवादबाट मुक्त हुन धेरै सहयोग गर्न सकिन्छ। अहिलेको स्थितिमा त्यस्तो पहलको धेरै आवश्यकता भएको छ।

*० बाहिरबाट पहल निश्चितै रुपमा गर्न सकिएला। तर मुख्य कुरा त सरकारलाई र पार्टीलाई महशूस हुनु पर्‍यो कि यो देश चलाउनु आफ्नै पार्टी मात्र काफी छैन, देशलाई माया गर्ने अरु सबै शक्तिलाई पनि समेट्नु पर्छ। एक्लै चुनाव जितिन्छ भन्ने लागेर वाम तालमेल हुन नसक्दा वामशक्तिको र एमालेकै स्पष्ट बहुमत आउने टड्कारो संभावना भएर पनि त्यो अपूर्व अवसर गुम्यो, त्यसबाट पार्टीले पाठ*

> वामपन्थी सरकार सत्तामा भएको बेलामा शोषण, अन्याय, अत्याचार विरुद्ध जनता आफैं संगठित भएर संघर्ष गर्ने वातावरण मात्र तयार हुन सक्यो भने पनि यो ठूलो राहत हुनेछ।

*सिकेको छ कि छैन ? -त्यो पाठबाट सिकेर अहिले अरु पार्टीको सहयोगको आवश्यकता महशूस गरेको छ कि छैन ? त्यो भयो भने न बाहिरबाट सहयोग हुन सक्छ !*

- अहिले प्रधानमन्त्री, उपप्रधानमन्त्री सबैले यो महशूस गर्नु भएको नै देखिएको छ। उहाँहरूले सहयोगको लागि सार्वजनिक आह्वान पनि गर्नु भएको छ। अहिलेको स्थितिमा मिलेर जानु पर्ने आवश्यकता छ। यो उहाँहरूले महशूस गर्नु भएको देखिन्छ। त्यसैले स्थिति अहिले अनुकूल छ।

*० भ्रष्टाचारको नियन्त्रण गर्न के कदम उठाइँदै छ ?*

- भ्रष्टाचार नियन्त्रण गर्नु पर्छ भन्ने भावना अहिले निकै प्रबल छ। र, माथिबाटै भ्रष्टाचार नियन्त्रण गर्नु पर्छ भनेर प्रधानमन्त्रीले भनी पनि सक्नु भएको छ। अर्थात्, भ्रष्टाचारको अन्त सर्वप्रथम प्रधानमन्त्री र मन्त्रीहरूबाट शुरु गर्ने हो, तर भ्रष्टाचार गर्ने जुन प्रवृत्ति छ, त्यसले गहीरोमा र सर्वत्र जरा गाडेको छ। त्यसैले मन्त्री-प्रधानमन्त्रीले भ्रष्टाचार नगर्दैमा मात्र यो नियन्त्रित हुँदैन। यसलाई एउटा राष्ट्रव्यापी अभियानको रुपमा संचालन गर्नुपर्छ। यसमा जरुरत पर्छ - पार्टीको निरन्तर निगरानीको, आम कार्यकर्ताहरूको निरीक्षणको।

*० नेपाली इतिहासमा पहिलो पटक वामपन्थी सरकार सत्तामा आएको र विश्वमै यस्तो घटना विरलै पाइन्छ। यो स्थितिमा देशमा वामपन्थी सरकार आएको प्रत्यक्ष अनुभूति जनतालाई*



*होस् भन्नाका लागि के गरिनु पर्छ भन्ने तपाईंलाई लाग्छ ? ०४६ सालको जन आन्दोलनले शुरु गरेको प्रजातान्त्रिक क्रान्तिको प्रक्रिया आर्थिक, सांस्कृतिक र सामाजिक तहमा विस्तार गर्नका लागि अहिले के गरिनु पर्छ ?*

- ०४६ सालको आन्दोलनले धेरै कुरा स्पष्ट गरेको थिएन । खालि निर्दलीय निरंकुशताको अन्तको मात्र माग उठाएको थियो- यसले । त्यो अन्त भयो पनि । तर अझै सामन्तवादका थुप्रै अवशेषहरू बाँकी छन् । अब फेरि ०४६ सालको जनआन्दोलनलाई ती अवशेषहरु खत्तम पार्नका लागि जारी गर्नु पर्ने बेला आएको छ । हुन त यो प्रक्रिया अन्तरीम सरकारकै कार्यकालमा शुरु हुनु पर्थ्यो । एउटा संसदीय व्यवस्था अन्तर्गत पूँजीवादी प्रजातन्त्र आईसकेपछि त्यसको सीमाभित्रका थुप्रै सुधारहरू गर्न सकिन्थ्यो । त्यो हुन सकेन । अब त्यो गर्ने बेला आएको छ । यो संविधानको सीमा अन्तर्गत आमूल परिवर्तन संभव नहोला अहिले । तर यही संविधानको सीमा अन्तर्गत जनताले पाउनु पर्ने धेरै कुरा पनि पाउन सकिएको छैन अहिले । त्यो पाउने काम अब थाल्नु परेको छ- जस्तो मानव अधिकारको सवाल, भूमिमाथि वास्तविक किसानको स्वामित्व हुने गरी भूमि सुधार, मजदूरहरुमाथि भइरहेको शोषण र अत्याचार खत्तम गर्ने कुरा । अहिले आमूल परिवर्तन गर्न नसकिए पनि आधारभूत परिवर्तन भने अवश्यै गर्न सकिन्छ । त्यसको अनुभूति जनतालाई हामीले दिन सक्नु पर्छ ।

*० तपाईंको आफ्नै मन्त्रालयमा श्रम र स्वास्थ्य क्षेत्रमा के-केमा आधारभूत परिवर्तन गर्न लाग्नु हुँदै छ ?*

- धेरैलाई "पद्मरत्नलाई कस्तो मन्त्रालय दिएको ?" भन्ने लागेको रहेछ । तर मलाई भने एउटा मार्क्सवादी हुनुको कारणले श्रम मन्त्रालय पाएकोमा गौरवको अनुभूति भएको छ । म यसमार्फत वहुसंख्यक श्रमिक वर्गको निम्ति केही कुरा गर्न सक्छु भन्ने मलाई लागेको छ । त्यसनिम्ति मैले मार्क्सवादी सिद्धान्तमा आधारित केही कुरा गर्न थाल्ने विचार गरिरहेछु । जस्तो- औद्योगिक मजदूरको न्यूनतम ज्याला वृद्धि गर्ने सवाल, खेतीमा आधारित कृषि-मजदूरको न्यूनतम ज्याला तोक्ने सवाल, कमैया प्रथा र बँधुवा मजदूर प्रथा उन्मूलन गर्ने, बाल मजदूरी उन्मूलन गर्ने सवाल, महिला श्रमिकलाई समान हक दिने सवाल आदि । यी कुराहरूमा म ध्यान दिन लागेको छु । यसमा चाँडोभन्दा चाँडो केही गर्ने मेरो अठोट छ । यसमा वामपन्थीहरूको सहयोगको आशा राखेको छु । स्वास्थ्य क्षेत्रमा चाहिं आधारभूत स्वास्थ्य सेवा गाउँ गाउँमा पुऱ्याउने, दरवन्दी अनुसारका डाक्टरहरू जिल्ला जिल्लामा पुऱ्याउने, नयाँ अस्पताल बनाउनुभन्दा पनि पुरानोको व्यवस्थापनमा सुधार गर्ने र जनतालाई बढी सेवा प्रदान गर्ने कुरामा मेरो ध्यान गएको छ । ❑

# यो सरकार प्रतिक्रियावादी सत्ता अन्तर्गतको देश भक्त र जनतान्त्रिक शक्तिहरूको सरकार हो

**— क. दीनानाथ शर्मा, ने.क.पा. (मसाल) का प्रवक्ता**

*० गएको चुनावमा तपाईंहरूको चुनावी अभियानको सफलता असफलताबारे तपाईंहरूको समीक्षा के छ ?*

- पहिलो कुरा त, हामीले गएको आम चुनावमा कहीं पनि पराजयको अनुभूति गरेका छैनौं । यस्तो किनभने हामीले चुनावमा तीन किसिमको क्राइटेरिया बनाएर गएका थियौं । पहिलो, जित्न सक्ने संभावना भएका ठाउँहरू, दोश्रो, प्रतिस्पर्धा गर्ने जिल्लाहरू र तेश्रो, संगठनात्मक आधार बढाउनका निम्ति उम्मेदवारी दिने जिल्लाहरू ।

यो हिसाबले हेर्दा, हामीले जित्न सक्ने ठाउँहरूमा जितेका छौं । कतिपय ठाउँमा हाम्रा साथीहरू प्रतिस्पर्धामा हुनुहुन्छ । संगठनात्मक आधार वृद्धि गर्न चुनाव लडिएका ठाउँहरूमा पनि त्यो उद्देश्य केही हदसम्म हासिल भएको छ । यो आधारमा हाम्रो पराजय भयो भन्ने मानसिकता हामीसित छैन ।

सिर्फ केही स्थानमा हाम्रो जितवाजी निश्चित भएर पनि हामी हारेका छौं । यतिसम्म कि- ती ठाउँहरूमा हाम्रा विरोधीहरूको पनि हामी नै जित्छौं भन्ने ठम्याई थियो । जस्तो- प्यूठानको १ नं. क्षेत्र, बाग्लुङ्गको २ नं. क्षेत्र, कञ्चनपुर आदि । ती ठाउँहरूको हारबारे हाम्रो समीक्षा के छ भने, हामीसित चुनाव लड्ने अनुभव थिएन र हाम्रा केही प्राविधिक त्रुटीहरू रहन गएका थिए । पूँजीवादी चुनाव स्वच्छ र निष्पक्ष हुनै सक्दैन भन्ने कुरा हामीलाई चुनावको अनुभवबाटै महसूस भएको छ । बाग्लुङ्ग २ मा क. चित्रबहादुरको जीत निश्चित थियो । तर कांग्रेसीहरूले हामीलाई हराउन हाम्रो करीब २६०० चानचुन मतदाताको नाम पहिले नै काटेका रहेछन् । दरबारिया र गिरिजाका शक्तिहरू त्यहीं केन्द्रित भए- चित्रबहादुरजीलाई हराउन । राष्ट्रिय अनुसन्धान व्यूरोका कर्मचारी नरु थापा स्वयं त्यहाँ यसनिम्ति खटेका थिए ।

यस प्रकार जित्ने भनेका १ २ ठाउँमा हामी हारेका छौं । तर हामीलाई यस पटक प्रसस्त मूल्यवान अनुभवहरू हासिल भएका छन् । यो नै हाम्रो मुख्य उपलब्धि हो भन्ने लाग्दछ ।



*० किन नेपाली कांग्रेसको हार भयो र एमालेको अल्पमतको सरकार आयो भन्नेबारेमा तपाईहरूको विश्लेषण के रहेको छ ?*

- यसको प्रमुख कारण त नेपाली कांग्रेसको जनताको तात्कालीक हित, राष्ट्र र जनतन्त्र विरोधी क्रियाकलापले गर्दा हुन गएको अलोकप्रियता हो । गिरिजाको फाशिष्ट प्रवृत्तिका कारणले हुन गएको अलोकप्रियता हो । नेपाली कांग्रेसभित्र निरंकुश सामन्तवादी शक्ति र पूँजीवादी प्रजातान्त्रिक शक्तिबीच हुन गएको द्वन्द्व र फाटो अर्को कारण हो । यो स्थितिमा कांग्रेसको विकल्पको रुपमा आउन सक्ने शक्तिको रुपमा जनताले एमालेलाई देखेको हुनाले र विकल्पकै नारा एमालेले दिएकाले एमालेले ८८ सीट ल्याउन सकेको हो ।

*० वाम तालमेल जुन भएन, त्यसको लागि तपाईंहरू कसलाई जिम्मेवार ठान्नुहुन्छ ?*

- यसको लागि जिम्मेवार एमालेको अहं र उसको गलत आत्मगत स्थितिको मूल्यांकन हो । उसले आफू एक्लै नै बहुमत ल्याउँछु भनेर जुन गलत मूल्यांकन गऱ्यो, त्यो नै वाम तालमेल नहुनुको पछाडि मुख्य रुपमा जिम्मेवार छ । एमालेले अरु शक्तिसित केन्द्रीय स्तरमा वार्ता गरेर जानु जरुरी नै ठानेन । उसले आफूलाई जरुरत परेका ठाउँमा अरु शक्तिलाई उपयोग गर्ने जुन सोच बनायो त्यसैले गर्दा पनि वाम तालमेल हुन सकेन । नत्र यसपालिको संसदमा वामपन्थीहरूको स्पष्ट बहुमत हुने थियो ।

*० तपाईंहरूका २ जना सांसदहरू जितेर आएका छन् । उनीहरू अरू सबै सांसदभन्दा के-के कुरामा गुणात्मक रुपले उन्नत, क्रान्तिकारी र भिन्न हुनेछन् ?*

- पहिलो कुरो त, हाम्रा सांसदहरूले संसदमा संसदीय व्यवस्थाको निरर्थकताबारे जनमत निर्माण गर्नका लागि काम गर्नेछन् । तर त्यतिमा मात्र सीमित हुने हाम्रो उद्देश्य होइन । वर्तमान पूँजीवादी राज्य व्यवस्थाबाट सुविधा र सहुलियतहरू इमान्दारीपूर्वक जनतामा पुऱ्याउन प्रयत्न र संघर्ष गर्नु पनि हाम्रो अर्को काम हुनेछ, जुन अरुबाट थुप्रै मात्रामा हिनामिना र भ्रष्टाचार भएको हाम्रो अनुभूति छ । अहिले देशमा एमालेको सरकार छ । प्रतिक्रियावादी राज्यसत्ता अन्तर्गत पनि एमालेको सरकारले गर्न सक्ने र गर्नु पर्ने अधिकतम कामहरू के-के हुन्, जनताको र क्रान्तिको हितमा उनीहरू के गर्न सक्छन्- त्यो दिशामा सरकारलाई घच्घच्याउनको लागि हाम्रा सांसदहरूले सरकारलाई प्रोत्साहन र सहयोग दुबै गर्नेछन् ।

*० सांसद भएपछि पद र पैसामा बिक्री हुने र गाउँ नै नफर्कने रोग विगतका कतिपय वामपन्थी सांसदहरूले देखाएका छन् । त्यस्तो हुन नदिन तपाईंहरूको सचेत प्रयत्न के हुँदैछ ?*

- हाम्रा सांसदहरू के कबोल गरेर आएका छन् भने, उनीहरूले आवश्यकता अनुसार शहरमा बस्नु परे पनि बढी भन्दा बढी जनताको बीचमा काम गर्नेछन् । जनताको दुःख सुखमा साथ दिएर त्यहींबाट संघर्ष र संगठनको शुरुवात गर्नु पर्ने उनीहरूको मुख्य कर्तव्य हुनेछ । त्यसैले आवश्यकता मुताबिक उनीहरू शहर गाउँ दुबै ठाउँमा हुनेछन् र उनीहरू जनताको बीचमा हुनेछन् ।

*० अहिले देशमा इतिहासमा पहिलो पटक एमालेको सरकार आएको छ । त्यस प्रतिको तपाईंहरूको*

*एमालेको सरकारले जनता र क्रान्तिको हितमा काम गरे हामीले समर्थन गर्नेछौं, अहितमा काम गरे विरोधमा उत्रने छौं ।*

*दृष्टिकोण र नीति के हुनेछ ?*

- एमालेको सरकार कम्युनिष्टको सरकार हो भन्ने जनतामा भ्रम छ । वास्तवमा यो कम्युनिष्टको सरकार होइन । यो प्रतिक्रियावादी सत्ता अन्तर्गत खडा भएको देशभक्त र जनतान्त्रिक शक्तिहरूको सरकार हो । जुन हदसम्म यो सरकारले जनताको हितको पक्षमा काम गर्नेछ, त्यो हदसम्म समर्थन गर्ने हाम्रो पार्टीको नीति छ । यो सरकारलाई गिराउनको निम्ति प्रतिक्रियावादीहरूले जुन प्रयत्न र षड्यन्त्र गर्नेछन्, त्यसमा हाम्रो साथ एमालेलाई हुनेछ । सरकार गिराउन साम्राज्यवादी र प्रतिक्रियावादीहरूले षड्यन्त्र गर्ने संभावना टड्कारो छ, त्यसको हामीले विरोध गर्ने छौं । जम्माजम्मीमा हामीले यो सरकारलाई समर्थन गर्ने कि नगर्ने भन्ने सवाल एमालेले भरे गर्ने काममा आधारित हुनेछ । त्यसले जनता र क्रान्तिको हितमा काम गरे हामीले समर्थन गर्नेछौं, अहितमा काम गरे विरोधमा उत्रने छौं ।

*o तपाईंहरूले सुधारवादी शक्तिदेखि बाहेकका वामपन्थी शक्तिहरूको एउटा स्थायी प्रकारको संयुक्त-मोर्चा विकास गर्ने पहल गर्नु हुँदैछ भन्ने सुन्नमा आएको छ । त्यस्तो मोर्चाको उद्देश्य के र आवश्यकता किन छ ?*

- नेपालामा अहिले एक थरी शक्ति छ, जो सामन्ती प्रतिक्रियावादी व्यवस्थालाई रक्षा गर्ने कुरा गर्छ । अर्को थरी शक्ति छ, जो अहिले प्राप्त सीमित प्रजातान्त्रिक हक अधिकारको रक्षा गर्दै बहुदलीय व्यवस्थाको अन्त गरेर नयाँ जनवादी व्यवस्था स्थापना गर्नु पर्छ भन्ने धारणा राख्छ । यी दुई वैचारिक धार यहाँ विद्यमान छन् । हाम्रो देशको अहिलेको परिस्थितिमा नयाँ जनवादी क्रान्तिको तयारी गर्नु नै प्रमुख आवश्यकता हो । हामीले अहिले मोर्चा तयार गर्ने प्रस्ताव ती शक्तिबीच मात्र राखिरहेका छौं, जो यो व्यवस्थाको रक्षा होइन, अन्त चाहन्छ र नयाँ जनवादी क्रान्तिको निम्ति अघि बढ्न चाहन्छ । मार्क्सवाद लेनिनवाद माओविचारधारा मान्ने र देशभक्त जनतान्त्रिक शक्तिहरूलाई गोलबन्द गरेर अहिलेको व्यवस्थाको विरुद्धमा उभिने क्रान्तिकारी विकल्प तयार पार्नु नै हाम्रो उद्देश्य हो । अन्ततः क्रान्तिकारी शक्तिहरू एउटै झण्डा र पार्टीमुनि आउन् भन्ने हाम्रो उद्देश्य हो ।

*o त्यो संयुक्त-मोर्चाको गठनको आधार के हुनेछ ? के को आधारमा ती शक्ति एकताबद्ध हुनेछन् ?*

- देश र जनताका तात्कालिक मागहरू, राष्ट्रियता र जनतन्त्रका सवालहरू र जनजीविकाका न्यूनतम मागहरूको आधारमा एउटा साझा कार्यक्रम विकास गरिने छ । यही न्यूनतम साझा कार्यक्रमका आधारमा हामी एकताबद्ध हुनेछौं । ❑

# यसलाई सुधारवादी सरकारको रूपमा लिन सक्छौं

**क. लिलामणी पोखरेल, महासचिव, सं.ज.मो., नेपाल**

*o जित्न सक्ने जनाधार हुँदाहुँदै यस आम चुनावमा संयुक्त जनमोर्चाले कहीं कतै पनि एक स्थान समेत ल्याउन सकेन, त्यसको करण के हो भन्ठान्नुहुन्छ ? तपाईहरूले कसरी गर्नु भएको छ- आफ्नो चुनावी अभियानको समीक्षा ?*

- पहिलो कुरा त, हाम्रो संगठनात्मक स्थितिको प्रतिकूलताले गर्दा यस्तो भएको हो । तीन वर्षसम्म पार्टीभित्र घात-प्रतिघातको स्थिति, त्यसपछि पार्टी फुट, पार्टी फुटपछि जनमोर्चाको वैधानिकताको विवाद, लगत्तै जन-आन्दोलन, सर्वोच्च अदालतको फैसला र चुनाव, यसबीचमा कतै पनि हामीले संगठन सुदृढ गर्ने मौका नै पाएनौं ।

यो हाम्रो संगठनात्मक कमजोरी नै हाम्रो पराजयको मूल कारण हो । कारण त बाहिरी पनि छन् । तर हाम्रो संगठन सुदृढ भएको भए बाह्य कारणहरू हुँदाहुँदै पनि हाम्रो हालत यस्तो हुँदैनथ्यो ।

बाहिरी कारण चाहिं के हो भने- कांग्रेसको तीन वर्षे कुशासनले गर्दा आम जनता वाक्कदिक्क भइरहेका थिए । उनीहरू त्राण खोजिरहेका थिए र नेपाली कांग्रेसको विकल्प चाहन्थे । यही बेला एमालेले विकल्पको नारा दियो । "आगामी सरकार एमालेको" -यो नाराले जनताको विकल्पको आकांक्षा पूर्ति गर्‍यो । त्यसैले मतदाताहरूले एमालेलाई बेसी भोट दिए । यो त्यो बाह्य कारण हो, जसले गर्दा पनि हामी हार्‍यौं ।

सं.ज.मो. नै दुइटा हुनु र एउटाले बहिष्कारको नारा दिनु र जनतामा सं.ज.मो. बारे भ्रम सिर्जना हुनु अर्को कारण हो । त्यसमाथि थप हामीलाई पराजित गर्न चारैतिरबाट आक्रमण पनि भए । साम्राज्यवादीहरूले र प्रतिक्रियावादीहरूले हाम्रो उपस्थिति संसदमा नहोस् भन्ने चाहे । उग्रपन्थी र सुधारवादीहरूले पनि संसदमा हाम्रो अस्तित्व नरहोस् भन्ने चाहे । यी सबैं प्रतिकूलताहरूको कारण हामीले संसदमा एक सीट पनि नल्याउने स्थिति पैदा हुन गयो । वाम तालमेल गर्न सकिएको भए हाम्रो यस्तो स्थिति कदापि हुँदैनथ्यो । न त संसद नै त्रिशंकु बन्ने थियो ।

*o मार्क्सवादीहरू त आत्मालोचक हुन्छन् । के तपाई आत्मालोचक भएर भन्न सक्नु हुन्छ, यो चुनावी आन्दोलनमा तपाईहरूको आफ्नै कमजोरी के हुन गएको थियो ?*

- हामीलाई कसैले हरायो भन्नु भन्दा पनि हाम्रो आफ्नै संगठनात्मक स्थिति सुदृढ थिएन । पहिलो आधारभूत आत्मगत कमजोरी त यही थियो । दोस्रो,



हामीले जुन नाराहरू दियौं, त्यो सिद्धान्ततः ठीक भएर पनि जनताको लागि जटील भए । हामीले 'फासीवादलाई पराजित गर्ने नारा दियौं । तर आम जनतालाई फासीवाद के हो भन्ने नै थाहा थिएन । अर्को ४९ सीटमा उठाउनुको सट्टा जुन ठाउँमा हामी जित्ने स्थिति हो, चुनावी अभियान र वाम तालमेलको सिलसिलामा हामी त्यहीं मात्र केन्द्रित भएको भए पनि स्थिति धेरै फरक हुने थियो । हामी बीचमा अधकल्चो स्थितिमा रह्यौं । यी सबैको कारणले गर्दा अहिलेको स्थिति निक्लेको हो ।

*o तपाईले नारा जटील भयो भन्नु भयो । समस्या नारा जटील हुनुको थियो कि यथार्थसित मिल्ने, आजको जन-चाहनासित मिल्ने नारा नहुनुको थियो ?*

- विचारधारात्मक स्पष्टताको आधारमा नारा दिने कुरा हो । खालि जनता के चाहन्छन्, त्यो आधारमा नारा दिने कुरा उचित हुँदैन होला । जनताको चाहनाभन्दा एक कदम अगाडि बढेर हामीले नारा दिनु पर्छ । आफ्नो चिनारी र जनतालाई शिक्षित गर्ने हिसाबले नारा दिने कुरा हो । सिद्धान्त ठीक भए पनि अलि सरल र सरस ढंगले नारा दिन सकेको भए जनताको मन छुने थियो । त्यो गर्न संभव थियो, र पनि हामीले गर्न सकेनौं ।

*o नारा दिए बमोजिम फासीवादको पराजय भएको छ र त्यसको ठाउँमा एमालेको सरकार आएको छ । त्यो सरकारलाई हेर्ने दृष्टिकोण के रहेको छ तपाईको पार्टीको ?*

- पहिलो कुरा त, यसलाई संयुक्त जनमोर्चा नेपालले कम्युनिष्ट पार्टीको सरकारको रुपमा स्वीकारेको छैन । यसलाई हामी देशभक्त र प्रजातान्त्रिक शक्तिको सुधारवादी सरकारका रुपमा लिन सक्छौं । हामी के हेर्नेछौं भने- टनकपुर, असमान सन्धि, सीमा नियन्त्रण लगायत राष्ट्रको राष्ट्रिय स्वाधीनताको सवालमा के कदम चालिनेछन्, महंगी लगायत जनताको जीवनको तात्कालीक समस्याका सम्बन्धमा, जन जीविकाको सवालमा एमालेको सरकारले के कदम चाल्छ ? -मल्लिक प्रतिवेदनको कार्यान्वयनका सम्बन्धमा, जनताको पूँजीवादी स्वतन्त्रताको रक्षाको सम्बन्धमा के कदम चाल्छ ? -हामी यो हेर्ने छौं । निरपेक्ष रुपमा एमालेको सरकारको हामी विरोध गर्ने छैनौं, न त समर्थन नै गर्ने छौं । हामी उसको कामको आधारमा उसको समर्थन वा विरोध गर्ने छौं । हामी उसलाई आलोचनात्मक समर्थन गर्ने छौं । भर्खरै सरकार बनेको छ, केही समय त उसलाई काम गर्न नै दिइनु पर्छ । त्यसपछि उसले जनताको हित वा अहितमा के-कसरी काम गर्छ भन्ने कुरा हेरेर मात्र हामी उसलाई समर्थन वा विरोध गर्नेछौं ।

*o अब के कुरामा ध्यान केन्द्रित गर्दै छ त तपाईको पार्टीले ?*

- अहिले निर्वाचन परिणामपछि कार्यकर्ताहरूमा केही मात्रामा निराशा ☞

**आफ्नै संगठनात्मक स्थितिका कारणले हामी हारेका हौं**

# राजा, राप्रपा, कांग्रेस र एमालेमा मात्राको भेद छ, गुणको भेद छैन

**डा. बाबुराम भट्टराई**
**संयोजक, सं.ज.मो. (भट्टराई)**

*० तपाईंहरूले यसपाली चुनाव बहिष्कार गर्नु भयो । यो बहिष्कार कस्तो रह्यो ?*

- हामीले अहिलेको चुनावलाई बहुदलीय व्यवस्थाको संकटलाई टार्न र ढाकछोप गर्न रचिएको एउटा नाटक हो भन्ने अर्थमा लिएका थियौं । यो सत्ताको अन्त गरेर नयाँ जनवादी सत्ता ल्याउन चाहने शक्तिले यो चुनावमा भाग लिएर होइन, यसलाई बहिष्कार गरेर नै लक्ष्यतिर अगाडि बढ्न सकिन्छ भन्ने लागेर नै यसलाई बहिष्कार गर्‍यौं ।

यो चुनावमा कैयन् जनताले चासो देखाएनन्, चुनावमा असंलग्न रहे, कैयनले सक्रिय रुपमा बहिष्कार गरे । कैयन ठाउँमा जनताले बूथ नै फालिदिए । यस प्रकार बहुसंख्यक जनताले यो चुनावमा सहभागिता देखाएनन् । त्यस अर्थमा हाम्रो बहिष्कार कार्यक्रम सफल भएको छ ।

*० यसपालि विशेषतः शहरी क्षेत्रमा जनताले कम मात्रामा मतदान गरे, के त्यो तपाईंहरूकै आह्वानको प्रत्युत्तरमा भएको हो ?*


- हामीले त्यस्तो दावी गरेका छैनौं । यसले के चाहिं देखाउँछ भने- संसदीय व्यवस्था मार्फत जनताको आधारभूत समस्या हल हुँदैन भनेर हामीले जुन भन्दै आइरहेका थियौं, जनताले आफ्नै व्यवहारिक अनुभवबाट त्यो कुरा बुझे । यो बुझाइबाट पनि कैयन ठाउँमा चुनाव बहिष्कार भयो, कैयन ठाउँमा हाम्रो आह्वानमुताविक पनि भयो ।

*० तपाईहरूको आह्वानमुताविक बहिष्कार सफल भएको जिल्ला चाहिं कुन-कुन हुन् ?*

- त्यस्तो खासै जिल्ला त भन्न सकिन्न, निर्वाचन आयोगले प्रकाशित गरेको परिणाम अनुसार चाहिं कतिपय जिल्लामा ज्यादै कम मत परेको देखिएको छ । जस्तो- गोर्खामा, रोल्पामा, रुकुम, जाजरकोट, काभ्रे र सिंधुलीमा ।

*० अहिले चुनाव हुँदाको देशको परिस्थिति र पहिलेको चुनाव हुँदाको स्थितिमा कुनै तात्विक अन्तर त देखिन्न । तर त्यतिखेर चाहिं उपयोग, अहिले चाहिं बहिष्कार, यस्तो किन ?*

- त्यतिखेर पञ्चायती व्यवस्थाको अन्त भएर भर्खरै बहुदलीय व्यवस्था आएको थियो । हामीलाई यो प्रतिक्रियावादी व्यवस्था भनेर थाहा थियो, तर जनतामा चाहिं संसदीय भ्रम बाँकी थियो । त्यो भ्रम निवारणको निम्ति भण्डाफोर गर्ने उद्देश्यले हामीले त्यतिखेर चुनाव उपयोग गर्‍यौं । तर अहिले ३/४ वर्षको संसदीय व्यवस्थाको अभ्यासले जनतामा त्यो भ्रम धेरै हदसम्म साफ भएको छ । त्यसैले अहिले बहिष्कार गरेका हौं ।



*० अहिलेको चुनावमा जनतामा संसदीय भ्रम हट्नुको सट्टा गिरिजा सरकारको ठाउँमा एमालेको सरकार आयो भने केही राहत पाइन्छ भनेर त्यतातिर जनता ओइरिएको पो देखियो त । संसदीय भ्रम हटेको खै कहाँ देखियो ?*

- प्रतिक्रियावादी सत्ता कायम रहँदासम्म प्रतिक्रियावादी सत्ताभित्रको एउटा वा अर्को गुट सत्तामा आयो भने केही कुरा फेरिन्छ कि भन्ने भ्रम जनतामा भइरहेकै हुन्छ तर त्यो प्रमुख पक्ष होइन ।

*० अनि भ्रम साफ भएको केले देखियो त ?*

- जनताको ठूलो तप्कामा अब यो संसदीय व्यवस्थाले हुँदैन, आमूल परिवर्तन गर्नु पर्छ भन्ने चेतना आएको हामीले देखेका छौं ।

*० साम्यवादीहरू आत्मआलोचना गर्न हच्किदैनन् । तपाईहरू आत्मआलोचक भएर भन्नुहोस् त- तपाईंहरूले बहिष्कार गरेको ठाउँमा तपाईहरूका साथीहरूका मत रा.प्र.पा. तिर गएको छ कि छैन ? त्यो मतले रा.प्र.पा. वा काँग्रेस जितेको छ कि छैन ?*

- यसमा हामी के चुनौती दिन चाहन्छौं भने- त्यस्तो भन्नेहरूले प्रमाण सहित आउनु पर्‍यो ।

*० प्रमाणको लागि उदाहरण- सिन्धुपाल्चाक र सिंधुली । के त्यहाँ त्यस्तो भएको छैन ?*

- यो हरुवाहरूको क्रन्दन र रोदन मात्रै हो । हामी जब यो व्यवस्थाकै अन्त चाहिरहेका छौं भने हामीबाट त्यस्तो कसरी हुन सक्छ ? यो व्यवस्थाभित्रको पनि सबभन्दा फाशिष्ट र सबभन्दा प्रतिक्रियावादीलाई हामी कसरी जिताउन मद्दत गर्न सक्छौं ? यो हाम्रो राजनीतिक चरित्र हत्या गर्ने दुष्प्रयास मात्र हो ।

*० गोर्खामै तपाईहरूको मत कांग्रेस वा राप्रपातिर गएको छैन ?*

- बिल्कूलै गएको छैन । हाम्रो बहिष्कारले गर्दा त त्यहाँ मत घट्यो । जस्तो- कमला पन्तले पहिलेको १५ हजारको सट्टा अहिले ८ हजार भोट ल्याइन् । राजेश्वरले ४ हजारको सट्टा ७ हजार ल्याए । कांग्रेसी भोट रा.प्र.पा. तिर बाँडियो ।

*० एमालेको अहिले जुन सरकार आएको छ, त्यसलाई तपाईहरूले प्रतिक्रियावादी भन्नु भएको छ । राजा, रा.प्र.पा., कांग्रेस र एमालेमा केही भेद छैन भन्नु भएको छ । त्यो कसरी ?*

- मार्क्सवादीहरूले सत्तालाई वर्गीय रुपमा हेर्छन् । नेपालको राज्यसत्ता सामन्त, नोकरशाही दलाल पूँजीपति वर्गको आधिपत्य कायम राख्ने माध्यमका रुपमा छ । सरकार भनेको त राज्यसत्ताको एउटा सानो अंश मत्रै हो । विद्यमान प्रतिक्रियावादी राज्यसत्ता अन्तर्गत त्यो सानो अंशमा कोही गएर यहाँको राज्य सत्ताको मूल स्वरुपमा कुनै अन्तर आउँदैन । त्यसमा जो जान्छ, त्यसले बरु प्रतिक्रियावादी स्वरुप ग्रहण गर्छ । हाम्रो यही व्याख्या अनुसार हामीले सरकारमा गएको एमालेलाई प्रतिक्रियावादी भनेका छौं । उसले यही सत्ताका रक्षा र सुदृढीकरण गर्ने कुरा गरेको छ ।

*० तपाईहरू राजा, राप्रपा र एमालेमा कुनै भेद देख्नु हुन्न ?*

- भेद त छ, तर मात्रात्मक । गुणात्मक भेद छैन । कांग्रेस र राप्रपा ले प्रतिक्रियावादी सत्ताको फाशिष्ट तप्काको प्रतिनिधित्व गर्छन् भन्ने एमालेले त्यो प्रतिक्रियावादी सत्ताको सुधारवादी तप्काको प्रतिनिधित्व गर्छ ।

*० त्यो हिसाबले त तपाईहरूकै कतिपय कमरेडहरू गाविस र जिविसमा गएका छन्, ती पनि प्रतिक्रियावादी ठहरिए त ?*

- गाविस र जिविस पनि प्रतिक्रियावादी अंग हुन् । तर हाम्रा साथीहरू त प्रतिक्रियावादी सत्ताको अन्तको निम्ति, ध्वंशको निम्ति कार्यनीतिक रुपमा मात्र त्यहाँ गएका हुन् । त्यो अन्तरध्वंशको निम्ति हाम्रो घूसपैठ हो ।

*० अन्तरध्वंशको लागि घूसपैठ त गोप्य पो हुन्छ त, खुलेआम घोषणा गरेर पठाइएको मान्छेबाट पनि घूसपैठ हुन्छ ?*

- त्यसलाई हामीले उपयोग भनेर पठाएका हौं । प्रतिक्रियावादी सत्ताको अन्तको निम्ति भण्डाफोर गर्न र यसलाई कमजोर पार्न भनेर हामीले पठाएका हौं । एमालेले यसैलाई बचाउन र बलियो पार्न पठाएको हो ।

*० भर्खरै क. मोहन विक्रम सिंहको नेतृत्वमा नेकपा (मसाल) ले सुधारवादीदेखि बाहेकका मार्क्सवाद-लेनिनवाद माओ विचारधारा वा माओवाद मान्ने क्रान्तिकारी शक्तिहरूबीचको संयुक्त मोर्चाको प्रस्ताव राख्नु भएको छ । यसले क्रान्तिकारी विकल्पको रुपमा काम गर्ने छ भन्ने उहाँहरूको धारणा देखिन्छ । यसमा तपाईहरुको प्रतिक्रिया ?*

- अखबारमा हामीले पनि यो पढ्यौं । हामीलाई के लाग्छ भने, नेपाली कम्युनिष्ट आन्दोलनमा मोहन विक्रमजीले क्रान्तिकारी शक्तिको भ्रम दिंदै आउनु भएको छ, त्यो अब धेरै साफ भएको छ । उहाँहरू पनि सुधारवादतिर संशोधनवादी कित्ताभित्रकै शक्तिमा पर्नु हुन्छ । वामपन्थीको खोल ओढेको संगठन हो त्यो । त्यसैले उहाँको त्यो प्रस्तावलाई फेरि क्रान्तिकारिताको भ्रम दिने चालवाजीको रुपमा हामीले लिएका छौं । ❑ ❑

---

छाएको छ । फगत चुनावलाई मात्र हेर्दा त निराश हुनु पर्ने स्थिति पनि हो । तर चुनाव नै हाम्रो लागि सबै थोक होइन । त्यो त हामीले चलाउने आन्दोलनको एउटा सानो अंश मात्रै हो । समग्र आन्दोलनको कुरा गर्दा हामीले निराश हुनु पर्ने कुरा छैन । अबको हाम्रो ध्यान मुख्य रुपमा शक्ति सञ्चय र संगठन निर्माण तथा सुदृढीकरणमा जाँदैछ । त्यो शक्ति- सञ्चय सबै प्रकारको आन्दोलन सञ्चालन गर्न जरुरी पर्छ र चुनावी आन्दोलन सञ्चालन गर्न पनि । अब हाम्रो सारा प्रयत्न संगठन निर्माणमा जाँदैछ । संगठन, संगठन फेरि पनि संगठन !-हाम्रो यतिखेरको मुख्य कार्यक्रम हो । तात्कालीक इस्युहरू आए भने हामीले आन्दोलनमा पनि सरीक हुनु पर्छ ।

*० नेकपा (मसाल) ले देशमा क्रान्तिकारी विकल्प विकास गर्न सुधारवादीहरूदेखि बाहेकका क्रान्तिकारी शक्तिहरू बीचको संयुक्त-मोर्चाको प्रस्ताव ल्याएको छ । त्यसमा तपाईहरूको प्रतिक्रिया के छ ?*

- अहिले मसालले त्यस्तो प्रस्ताव ल्याएको छ । हाम्रो रुख त्यसमा सकारात्मक छ । उहाँहरूले ल्याउनु अघि पनि हामीले यस्तो खाले संयुक्त मोर्चा देशमा जरुरी भएको महशूस गरेका थियौं । एउटा बेला थियो, जतिखेर पूँजीवादी र सामन्तवादी प्रतिक्रियावाद विरुद्ध व्यापक प्रजातान्त्रिक मोर्चाको जरुरत थियो । अहिले सुधारवादी शक्ति सत्तामा आएको छ । प्रतिक्रियावादीहरू सत्ता बाहिर छन् । तर उनीहरूको शक्तिको आधार भत्केको छैन, जस्ताको तस्तै छ । एउटा त सत्तारुढ सुधारवादीहरूको लागि जनताको पक्षमा उपयुक्त सुधारहरू गर्न दवाव- शक्तिको रुपमा काम गर्नका लागि पनि यो मोर्चाको जरुरत छ । अर्को, क्रान्तिकारी धार र क्रान्तिकारी विकल्पको निर्माणको लागि पनि यो मोर्चाको जरुरी भएको छ । ❑ ❑

# एमालेको सरकारलाई आलोचनात्मक समर्थन जनाएका छौं

## अब वाम आन्दोलन सुदृढ गर्न कसरी चल्नु पर्ला ?

**- क. रोहित, अध्यक्ष ने.म.कि.पा.**

*० हालैको मध्यावधि चुनावको परिणाम तपाईलाई कस्तो लाग्यो ?*

- मध्यावधि निर्वाचनको परिणाम हाम्रो अनुमानको धेरै नजिक छ। यसकारण निर्वाचनकै जनसभाहरूमा हामीले स्पष्ट भाषामा तुलनात्मक रूपले प्रगतिशील सरकारलाई आलोचनात्मक समर्थन गर्ने पार्टीको नीतिलाई स्पष्ट पारेका थियौं । एकातिर त्यस परिणामले नेपाली कांग्रेसलाई जनताबाट अस्वीकार गरेको वा देशविरोधी र जनविरोधी नीतिहरूको दण्ड दिइएको हो भनेमा फरक पर्ने छैन भने अर्कोतिर एमालेले आवश्यक बहुमत प्राप्त गर्न नसक्नुको अर्थ त्यस पार्टीलाई जनताको पूर्ण समर्थन प्राप्त नहुनु हो । जनआन्दोलनका शक्तिहरूका बीचमा भएको घात-प्रतिघात, मतभेद, अन्यौल, असहमति र विवादले यथास्थितिवादी भनिएको राप्रपाले फाइदा उठाउनु स्वाभाविक हो ।

*० तपाईहरूको सीट अरू बढ्नुपर्थ्यो भन्ने लाग्दैन ? के ले बाधा दियो ?*

- हो, हामीले हाम्रा एक दुई स्थान अझ बढ्ने आशा गरेका थियौं । तर एमाले, राप्रपा र नेकाको पद, पैसा र पशुबलको कारण निर्वाचन स्वच्छ, निष्पक्ष र स्वतन्त्र भएन, जसको हामीले आशा पनि गरेका थिएनौं । कालिकोट र दैलेख क्षेत्र नं. १ मा पैसाको खोलो र प्रशासनिक प्रभावले हामी विजयी हुन सकेनौं । साथीहरूको रिपोर्टअनुसार हाम्रो आफ्नो संगठनात्मक मत हामीले पाएका छौं, तर तटस्थ मत मात्रै विचलित भएको हो । ती क्षेत्रमा हाम्रा कार्यकर्ताहरूको मनोबल घटेको छैन र हाम्रो संघर्षमा खास फरक पर्ने छैन ।

*० तपाईहरूको आफ्नै कमजोरीहरू के-के रहे ?*

- हाम्रो पार्टीले अझै जनतालाई सैद्धान्तिक रूपले सचेत र संगठित पार्न बाँकी नै छ । हामीले अझै जनतालाई वर्गीय र राजनैतिक रूपले शिक्षित गर्दै र सेवा गर्दै जानु पर्छ ।

*० अब यो परिणामबाट शिक्षा लिएर तपाईहरू कसरी अघि बढ्नु हुन्छ ?*

-हाम्रा कमजोरीहरूलाई सच्याउन पार्टीले हाम्रा कार्यकर्ताहरूलाई व्यक्तिगत स्वार्थभन्दा सामूहिक वा जनताको हितलाई प्राथमिकता दिने कुरामा उत्साहित गर्नेछ र निर्वाचनको बेलामा मात्रै होइन, अघि पछि पनि जनताको माझमा लाग्न र शिक्षित पार्न उत्साहित गर्नेछ । उम्मेदवार हुने कार्यकर्ताहरूले पनि जनताको बीचमा निरन्तर काम गर्दै जानु पर्छ र निर्वाचनको बेला मात्रै मत माग्न जाने गर्नु हुन्न भन्ने कुरामा सचेत पार्ने छौं ।



*० एमालेको सरकारप्रति तपाईहरूको धारणा कस्तो रहनेछ ?*

- एमालेको सरकारलाई हामीले आलोचनात्मक समर्थन जनाएका छौं । देश र जनताको हितमा हुने हरेक पाइलाको हामी समर्थन गर्नेछौं । मजदुर, किसान, शिक्षक, कर्मचारी, युवक, विद्यार्थी, सुकुम्बासी वा रोजगारसँग सम्बन्धित हरेक प्रगतिशील पाइलाको हामी समर्थन गर्ने छौं तर देश र जनताको अहित हुने, नेपाली काँग्रेस र पञ्चायतीशैलीकै शासन चलाउने कार्यहरू वा नीतिहरू लिइयो भने हामी समर्थनको ठाउँमा विरोध गर्ने छौं । हो, हामी रचनात्मक सहयोग गर्न भने पछि पर्ने छैनौं । तर साँचो के हो भने- एमालेको सरकारले देशमा मौलिक परिवर्तन भने ल्याउन सक्ने छैन ।

*० एमालेको सरकार बदनाम भएमा सबै कम्युनिष्टहरू नै बदनाम हुने संभावना भएकोले यसलाई राम्रो बाटोमा ल्याउन तपाईहरू आफूले पनि भूमिका खेल्न जरूरी ठान्नु हुन्न ?*

- हो, एमालेको असफलताले सबै कम्युनिष्टहरूकै बदनाम हुने संभावना भएको हुँदा हाम्रो बुद्धि र बलले भ्याएसम्म यसलाई गलत बाटोमा खस्न नदिने हाम्रो कोशिस रहनेछ ।

> एमालेको असफलताले सबै कम्युनिष्टहरूकै बदनाम हुने संभावना भएको हुँदा हाम्रो बुद्धि र बलले भ्याएसम्म यसलाई गलत बाटोमा खस्न नदिने हाम्रो कोशिस रहनेछ ।

*० के एमालेको सरकारले रूस, चीन, कोरिया (प्र.ज.ग.) मा कम्युनिष्टहरूले गरे जस्तो काम गर्ला ?*

- निर्वाचनबाट गएको सरकारले क्रान्तिबाट गएको सरकारले जस्तो मौलिक परिवर्तन गर्नु असंभव छ । रूस, चीन, कोरिया वा क्यूबामा जस्तो क्रान्तिकारी कार्यहरू गर्नु त के, निर्वाचनबाट गएको सरकारले यो कुरा चिताउन समेत सक्दैन । निर्वाचित सरकारले अहिलेको संविधान र ऐन-कानूनकै सीमाभित्र बस्नुपर्ने छ । त्यति मात्रै होइन, अलिकति सन्तुलन बिग्रनासाथ इन्डोनेशिया, चिली र २०१७ साल पुष १ गतेका घटनाहरूको पुनरावृत्ति हुन सक्ने छन्- अलि फरक फरक ढंगले । यसकारण एमालेको नेतृत्वको राजनैतिक सुझबुझ र परिपक्वता हेर्न बाँकी नै छ ।

*० एक थरी वामपन्थीहरू, नेपालमा एमालेले नै अब यसरी नै काम गर्दै गएर 'साम्यवाद' स्थापना गर्छ भनी ढुक्क छन् । अर्को थरी भने एमालेको सरकार आउनु वा अरू ( कांग्रेस, राप्रपा) को सरकार आउनु एकै हो भनी बेवास्ता गर्दैछन्, । तपाईहरू कुन मतमा हुनुहुन्छ ?*

- निर्वाचनबाटै साम्यवाद आउँछ भन्नु त मार्क्सवाद लेनिनवादकै सार तत्वको विरोध गर्नु हो । कांग्रेस र राप्रपाको सरकारसँग एमालेको सरकारलाई दाँज्दा समाजमा देखापरेका साधारण हेरफेरको सकारात्मक र नकारात्मक सम्भावनालाई केलाएर हेर्नु आवश्यक छ । राजनैतिक हेरफेरलाई 'बेवास्ता' गर्नु भन्दा यसलाई गम्भीर रूपले हेर्नु जरूरी छ "राजासँग ख्यालठट्टा गर्नु हुन्न" भनेको यही हो । तर हाम्रो देशमा बुद्धिजीवीहरूकै बीचमा सुधार र क्रान्तिको बारेमा ठूलो भ्रम छ ।

*० अब नेपालमा वाम आन्दोलनलाई सुदृढ गर्न कसरी चल्नु पर्ला ?*

- फलाको र उत्ताउलोपनबाट जोगिनुको साथै लचकका नाममा संशोधनवाद, सुधारवाद र आत्मसमर्पणवादबाट जोगिएरै देशको कम्युनिष्ट आन्दोलनलाई सुदृढ पार्न सकिन्छ ।

छिट्टो-छिटो आउने वक्तव्य, एकता, टिप्पणी, मतभेद, फुट र पुनः एकता वा मोर्चाले भन्दा समझदारी, एक-आपसको भावनालाई कदर गर्ने र एक-एक पाइलाबाट अघि बढ्ने, जालझेल होइन इमान्दारीले नै कम्युनिष्ट आन्दोलनमा स्वस्थता र द्रुतता आउने छ ।

*० क. मोहन विक्रमले प्रस्ताव गर्नुभएको "वाम संयुक्त मोर्चा" को बारेमा तपाईको राय के छ ?*

- यसबारे मित्रवत छलफलको खाँचो छ । ढीलै भए पनि कुनै न कुनै रूपले चुनावलाई उपयोग गर्ने दृष्टिकोणको म स्वागत गर्छु ।

धन्यवाद !

□ □

**नीति-संस्कृतिको बाँकी**

त्यसैले नै हो- हामी एमालेहरूले अल्पमतका साथीलाई आफ्ना शुभेच्छुक, तर नयाँ मान्छेहरूभन्दा पनि पराइ देख्न पुग्यौं । क. रोहित वा मसाल वा जनमोर्चालाई आफू हार्ने शर्तमा पनि "खेमराज मायालु" सरहसम्म पनि सोच्न सकेनौं ।

अर्थात्, त्यसैले नै हामी आफैविरुद्ध जाइलाग्न पनि पछि परेनौं । कस्तोसम्म हुँदोरहेछ त यो- गुट-मानसिकता भन्ने कुरा । शत्रुसँग बरू झुक्न तयार, तर मित्रसँग सँगै हिँड्न बेतयार !

धन्न हाम्रो अन्ध गुट-अहंकार ! धन्न हाम्रो "प्रजातान्त्रिक संस्कार !"

**पढ्न नभुल्नु होस्**

साप्ताहिक दृष्टि
साप्ताहिक हाँक
साप्ताहिक जनादेश
साप्ताहिक प्रकाश
साप्ताहिक पृष्ठभूमि

## भारतीय कम्युनिष्ट पार्टी (मार्क्सवादी) को नजरमा

# नेपालमा एमालेको जित

**सि.पी. आई (एम) को मुखपत्र "लोकलहर" को संपादकीय के भन्छ ?**

यसबेला पूँजीवादी विचारधाराका प्रचारकहरू साम्यवादको मृत्युको आलेख लेख्नमा र इतिहासको अन्तको घोषणा गर्नमा लागिपरिरहेका छन्, यसैबेला संसारमा टेलीभिजनको पर्दामा एउटा विस्फोटक समाचार आयो कि- हिमालयस्थित सानो देश नेपालमा कम्युनिष्ट सत्ता आइरहेको देखिन्छ !

हुन त यो यस्ता खालको समाचारहरू मध्ये एउटै मात्र समाचार चाहिं पक्कै होइन । सबैभन्दा पहिले पूर्व समाजवादी देशहरूमा परिवर्तित कम्युनिष्ट पार्टीहरूको पुनरोदयको खबर आएको थियो । त्यसपछि, यूरोपका अन्य भागमा विभिन्न चुनावहरूमा कम्युनिष्ट पार्टीहरूको पहिलेभन्दा राम्रो र शानदार प्रदर्शनहरूका खबरहरू आएका थिए । फेरि भारत जस्ता देशहरूमा, वामपन्थी शक्तिहरू अरु बढी शक्तिशाली भएको खबर आएको थियो ।

र अब, नेपालमा कम्युनिष्टहरूको शानदार सफलताको खबर छ, जसले समजवादका शत्रुहरूलाई त्यसरी नै भयभीत गरिरहने छ, जसरी पूरै बीसौं सताब्दीको दौरानमा साम्यवादको भूत पूरै युरोप र संसारभर मडारिइरहेको थियो । वञ्चितहरूको यस आवाजलाई कसैले दबाउन सक्दैन ।

नेपालमा कम्युनिष्टहरूको शानदार विजयको जबरदस्त ऐतिहासिक महत्व छ । आखिर, कैयौं समय अगाडिदेखि पूँजीवादी प्रचारकर्ताहरू यस्ता कुप्रचारहरू गरिरहेका थिए कि कम्युनिष्टहरू त सैद्धान्तिक रुपले नै सत्तामाथि जवर्जस्ती तथा हिंसक ढंगले कब्जा गर्नमा विश्वास गर्छन् र उनीहरू कहीं कतै पनि चुनावद्वारा सत्तामा आउन सक्दैनन् ।

सबैलाई थाहै छ, भाडामा इतिहासलाई बंग्याउने यस्ता कलमजीविहरू निकै सजिलोसँग, तीसको दशकमा स्पेनदेखि लिएर सत्तरीको दशकमा चिलीसम्म वामपन्थी शक्तिहरू चुनावमार्फत् सत्तामा गएका उदाहरणहरूलाई भुल्न चाहन्छन् । यसरी नै, भारतमा पनि एउटामा मात्रै होइन, तीन-तीन राज्यहरूमा कैयौं-कैयौं पटक कम्युनिष्टहरु चुनाव मार्फत सरकारमा गएका तथ्यहरूलाई पनि उनीहरूले एउटा विचित्र अपवादको खातामा राख्ने तरीका प्रयोग गर्दै आइरहेका छन् । यस्ता पूँजीवादी सिद्धान्तकारले नेपालमा कम्युनिष्टहरुको यस जितलाई पनि एउटा अस्थायी विचलनको नामाकरण गरेर प्रस्तुत गर्ने कोशिश गरे आश्चर्यचकित हुनु पर्दैन ।

जे होस्, यस सच्चाईलाई अब उनीहरूले पनि लुकाउन सक्दैनन् कि कम्युनिष्टहरू चुनावमार्फत सत्तामा जानलाई न असमर्थ छन्, न त्यसको विरोधमै छन् । शासक वर्गले नै उनीहरूलाई यस्ता चुनावमा मौका नदिनु भनेको चाहिँ अर्कै कुरो हो ।

यो कुरा भुल्नु हुँदैन कि- शासक नेपाली काँग्रेसले ३०-३५ चुनाव क्षेत्रमा ठूलो संख्यामा चुनावी धाँधली गरेर नेपालको कम्युनिष्ट पार्टी (एमाले) लाई यस चुनावमा पनि पूर्ण बहुमतबाट वञ्चित गरेकै हो ।

जेहोस्, शासन व्यवस्थाको पैसा र लाठीको शक्ति कम्युनिष्टहरुलाई पूर्ण बहुमत हासिल गर्नबाट रोक्ने काममा सफल भएको छ । यसका बाबजूद कम्युनिष्ट पार्टीलाई नेपालको संसदमा सबैभन्दा ठूलो शक्तिको रूपमा अगाडि आउनबाट कसैले पनि रोक्न सकेन । यो आफैंमा कम्युनिष्टहरुको एउटा जबर्जस्त सफलता हो ।

समाजवादका विरुद्ध हरेक रंगका प्रतिक्रियावादीहरूद्वारा चलाइँदै आइरहेका अभियानलाई ध्यानमा राख्ने हो भने, नेपालमा चुनावमा कम्युनिष्टहरूको शानदार प्रदर्शनलाई यी यस्ता प्रतिक्रियावादी शक्तिहरूको मुखमा जोरदार थप्पड नै भन्नु पर्दछ ।

जे होस्, यस शानदार जितको लागि नेपालका जनता तथा नेपालको कम्युनिष्ट पार्टी (एमाले) लाई धन्यवाद दिंदै, यो पनि कदापि भुल्नु हुँदैन कि- कम्युनिष्टहरूले कति ठूला बलिदान मार्फत् जनताको यस्तो आदर, प्रेम र विश्वास प्राप्त गरेका हुन् ।

हामीलाई विश्वास छ, मार्क्सवादी-लेनिनवादी विचारधारामा आफ्नो अडिग विश्वास तथा आत्मत्यागको भावना र जनताको हितका लागि समर्पणको बलमा नेपालको कम्युनिष्ट पार्टी (एमाले) को नेतृत्वमा नेपालका जनता प्रगतिको पथमा अगाडि नै अगाडि मात्रै बढिरहने छन् ।"

**- अनु : राम**



भाकपा (मार्क्सवादी) का नेता सीताराम येचुरी र प्र.म. अधिकारी

प्रगतिवादी नेपाली साहित्य सम्बन्धि अध्ययनका लागि पढौं

**"वेदना" र "लहर"**

### पर्दा र रंगमञ्चको बाँकी...

आग्रह गर्दा भन्छ- "भैगो म छोड्छु अब र भएन ! चुप लाग ! तर थाहा छ- एकदम च्वाट्ट छाड्नु हुन्न भन्दा रहेछन् । के रे ! अब लौ तिमीले नै अड्कलेर अलिकति पठाइदेऊ, .... अनि दशपन्ध्र दिनपछि बन्दै गरुँला ।"

त्यसपछि ऊ कुरै कुराको प्रसंगमा अब भविष्यमा दरबारमा देखाइने नाटकमा हिजो सविताले खेल्ने गरेको "चम्पा"को भूमिकामा अर्की सुसारे कमलालाई राख्न सहमत हुन्छ ।


यसरी ऊ विस्तारै स्वाभाविक जीवन यापनतिर फर्कन्छ । सवितासँग उसको कथित "प्रेम" "साँचो प्रेम" नै भए के यस्तो संभव हुन्थ्यो ? आफ्नो आशक्ति रहेको मान्छेसँग छुट्टिनु पर्ला भनेर अथवा छुट्टिनु पर्‍यो भनेर कम वा बढी दुःख त जसलाई पनि लाग्छ । सवितासँग छुट्टिनु पर्दा एड्बिलको बालक नातिको आँखा पनि रसाएको कुरा नाटकमा उल्लिखित छ । यो स्वाभाविक कुरालाई लिएर एड्बिलप्रति नाटकमा भन्दा बढी थप सहानुभूति जाग्ने गरी विषय प्रस्तुत गरिने काम फिल्ममा भएको छ ।

वास्तवमा, यस नाटक र फिल्मको नायक-नायिका पात्र नकुल र सविता नै हुन् । तर एड्बिलको भूमिका खेल्ने नीर शाहलाई नायकको रुपमा अभिनय गरेबापत भनी गत साल पुरस्कृत गरिएपछि यस घटनाले पनि नेपाली फिल्मी क्षेत्रमा निकै ठूलो चर्चाको स्थान पायो । नकुलको भूमिका खेल्ने सरोज खनाललाई "सहनायक" को रुपमा पुरस्कृत गरिएकोमा उनले त सो पुरस्कार नै बहिस्कार गरे ।

नीर शाहलाई "नायक" को भूमिकामा स्वीकार्नुका पछाडि पनि एड्बिललाई नै फिल्ममा प्रधानता दिने गलत सोचले काम गरेको छ । "प्रेमपिण्ड" शीर्षक कै सार्थकता नकुल-सविताको एकै ठाउँ बाँधिएको लासबाट प्रस्तुत हुने, शुरुदेखि नै प्रमुख पात्र नकुल र सविता हुने स्थिति फिल्ममा कायम हुँदाहुँदै पनि "एड्बिल" नायक कसरी ठहरियो ?

"प्रेमपिण्ड" नाटकको भूमिकामा कमल दीक्षितले एड्बिललाई "नायक" भनेर प्रस्तुत गरेका तर्कहरूको आधारले यसमा काम गरेको हुनुपर्छ । कमल दीक्षितको तर्क एकपक्षीय र "एड्बिल वर्गीय" छ । यो अलग्गै छलफलको विषय हो । तर नाटकबाट संक्षेपीकृत फिल्म "प्रेमपिण्ड" मा त कस्तो पात्रलाई "नायक" मान्ने भन्ने शास्त्रीय तर्कहरूको पनि कुनै अर्थ छैन । शीर्षकको सार्थकतादेखि लिएर कथानकमा मूल भूमिकाको आधारमा सोझै भन्न सकिने कुरा हो- नायक नकुल नै हो । एड्बिललाई नायक भन्नु नीर शाहको पक्षमा पूर्वाग्रह पीडित र पक्षपाती निष्कर्ष निकाल्नु मात्र हो ।

**- हरिगोविन्द लुईंटेल**



# नेपालको बारेमा कार्ल मार्क्स के भन्नु हुन्थ्यो ?

*१८४० को दशकदेखि यता यूरोपमा जुन एउटा भूतले तर्साइरहेको छ, त्यही भूत, त्यही पिशाच विश्वभरि फैलँदै अहिले नेपाललाई सम्म पनि तर्साउन आइपुगेको छ ।*

*त्यो भूत हो- साम्यवादको भूत !*

*त्यो पिशाच हो- साम्यवादीहरूको, साम्यवादी पार्टीहरूको पिशाच !!*

*हिजोसम्म दन्त्यकथाको भूत-पिशाचको रुपमा प्रचारित साम्यवाद, साम्यवादीहरू र साम्यवादी पार्टी र व्यवस्थाहरू आज यथार्थमा प्रमुख शक्तिको रुपमा, मौलिक क्रान्तिकारी विचार र संस्कृतिको रुपमा, आमूल परिवर्तनकारी व्यवस्थाको रुपमा स्थापित भएका छन् । यसबाट नेपाल पनि अछुतो छैन भन्ने यथार्थ हाम्रो आँखासामु जगजाहेर छ ।*

*यसै साम्यवादी विचार र साम्यवादी शक्तिहरूको वर्चश्व भएको नेपालको बारेमा पनि साम्यवादका प्रवर्तक तथा अन्तर्राष्ट्रिय सर्वहारा वर्गका महान नेता एवं गुरु- कार्ल मार्क्सले केही सटीक टिप्पणीहरू लेख्नु भएको थाहा पाउँदा हामी वामपन्थीहरू आश्चर्यचकित एवं खुशीले गद्गद हुन्छौं ।*

*हो, वैज्ञानिक साम्यवाद-द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवाद र विज्ञानसम्मत् राजनीतिक अर्थशास्त्रका प्रवर्तक कार्ल मार्क्सले हाम्रो देश- नेपालको बारेमा पनि आफ्नो अमूल्य कलमको मसी खर्च गर्नु भएको थियो । नेपालको इतिहासको बारेमा, बेलायती सम्राज्यवाद विरोधी नेपाली संघर्षको बारेमा उहाँले केही ऐतिहासिक टिपोटहरू र टिप्पणीहरु लेख्नु भएको थियो ।*

*कार्ल मार्क्सले नेपालको इतिहासको बारेमा लेख्ने क्रममा मूलतः दुई वटा सन्दर्भ उल्लेख गर्नु भएको थियो- एउटा, राजा पृथ्वीनारायण शाहको राज्य विस्तारपछि अंग्रेजी साम्राज्यवादसँगको लडाईको संक्षिप्त रुपरेखा । र अर्को हो, अंग्रेजी साम्राज्यवादका विरुद्ध भारतीय जनताको प्रथम स्वाधीनता युद्ध- १८५७ को सिपाही विद्रोहको क्रममा भएको झाँसीकी रानीको प्रतिरोध संघर्षको दौरानमा नेपाल देशका विद्रोहीहरूमाथि दमन निम्त्याई जंगबहादुरले शरणार्थीहरूमाथि गरेको विश्वासघात !*

*जंगबहादुरकै समकालीन कार्ल मार्क्सले जंगबहादुरलाई "अंग्रेजहरूको कुकुर" भन्ने विशेषण दिनु भएको थियो । "भारतीय इतिहासमाथि टिप्पणी" लेख्ने क्रममा ठूलो मात्रामा नेपाल र भारत सम्बन्धी पुस्तकहरूको अध्ययन र चिन्तन-मनन गरी मार्क्सले चाहे नेपालका पृथ्वीनारायण शाह पछाडि होस्, चाहे जंगबहादुरकालीन होस्, कति सटीक ढंगले ऐतिहासिक रुपरेखा कोर्नु भएको थियो र जंगबहादुरलाई कति सटीक रुपमा प्रहार गर्नु भएको थियो भन्ने तथ्य उहाँको लेखाइबाट छर्लंगिन्छ ।*

*स्मरणीय छ- यस टिप्पणी श्रद्धेय कार्ल मार्क्सले आफ्नो जीवनको अन्तिम कालमा "भारतीय इतिहासमाथि टिप्पणी" शीर्षकमा लेख्नु भएको थियो, जुन एशियाली महादेशको लागि महत्वपूर्ण योगदान मानिन्छ ।*

*प्रस्तुत छ- कार्ल मार्क्सद्वारा लिखित नेपाल सम्बन्धी टिप्पणीहरू-*

## लर्ड हेस्टिंग्सको प्रशासन

(१८१३-१८२२)

### सन् १८१४

नेपालका गोरखालीहरू, राजपूतको एक जाति ।

मूल रुपमा उनीहरू राजपूतनाबाट आएका थिए र हिमालयको तलतिर तराईमा, नेपालमा, त्यहाँ विजय प्राप्त गरेर बसिरहेका थिए ।

अनेक सरकारहरूको मातहतमा बसेपछि १८ औं शताब्दीको मध्यकालमा उनीहरू एउटा सरदारको आधिपत्यमा (थिए) जो आफूलाई "नेपालको राजा" भन्थ्यो । उसले आफ्ना सीमाहरूको विस्तार गर्‍यो । त्यसैको कारणले उसको सम्पर्क रणजीत शाहसँग हुने गर्दथ्यो र कहिलेकाहीं ब्रिटिश संरक्षणमा बसिरहेका राजा-रजौटाहरूसँग हुने गर्दथ्यो, त्यसैले सर जोर्ज बार्लो र लर्ड मिन्टोसँग उसको पहिले नै झगडा भइसकेको थियो ।

१८१३ को अन्तिम कालमा अवध राज्यबाट हड्पेर लिइएको भू-भागको ब्रिटिश संरक्षित २०० गाउँहरूको एउटा जिल्लामाथि गोरखालीहरूले अधिकार जमाए । लर्ड हेस्टिंग्सले माग गरे कि २५ दिनभित्र त्यस जिल्लालाई फर्काईयोस् । यस मागमाथि बेवास्ता गरी गोरखालीहरूले बुटवलमा एक जना ब्रिटिश मजिस्ट्रेटको हत्या गरे ।

यसको विरोधमा-

१८१४ (अक्टोबर) मा, गोरखालीहरूका विरुद्ध युद्धको घोषणा गरियो । जनरल जिलेप्सी सतलजको किनारमा अमर सिंहको नेतृत्वमा कार्यरत गोरखाली सेनामाथि हमला गर्न तयार थियो । जनरल उडको मातहतमा रहेको अर्को डिभिजन बुटवलमाथि आक्रमण गर्न तम्तयार थियो । जनरल अक्टरलोनीको नेतृत्वमा तेस्रो डिभिजन शिमलामाथि आक्रमण गर्न, चौथो डिभिजन जनरल मार्लेको नेतृत्वमा सिधैं काठमाडौंमाथि धावा बोल्न तयार थियो । युद्धको खर्चको लागि अवधको नवावसँग २० लाखको ऋण लिइएको थियो ।

२९ अक्टोबरको दिन जिलेप्सीले कलंगाको किल्लामाथि हमला गर्‍यो । ५०० गोरखालीहरूले त्यस किल्लाको रक्षा गरिरहेका थिए ।

जिलेप्सीले आदेश दियो- तुरुन्त हमला गर !

ऊ आफू स्वयंले नै हमलाको नेतृत्व गर्‍यो । ऊ स्वयंलाई गोली लाग्यो, ७०० अफिसर र सैनिकहरू गुमाईसकेपछि, उसको डिभिजन आफ्नो छाउनीमा फर्क्यो ।

अब जनरल मारटिंडेजले नेतृत्व सम्हाल्यो । उसले पनि बेकारको घेराबन्दीमा महिनौं-महिना बर्वाद गर्‍यो । जब बाटो बनाउन सफल भयो, अन्ततः किल्लामाथि कब्जा गरी छाड्यो, तब उसले (देख्यो) कि किल्ला त उनीहरूले कब्जा गर्नुभन्दा अगावै खाली गरिसकिएको थियो र त्यसका रक्षकहरू आफ्ना सबै भण्डारहरूका साथ हमला हुनुभन्दाको अघिल्लो रातमै किल्लाबाट निस्किसकेका थिए ।

आफ्नोभन्दा निकै सानो सेनामाथि विजय प्राप्त गरीसकेपछि जनरल उड डरायो । ऊ ब्रिटिश सीमातिर फर्केर गयो र पछि गरिएका पूर्ण आक्रमणको समयमा पनि आफ्ना हातहरू बन्धकी राखेर त्यत्तिकै बसीरह्यो ।

### १८१५

जनरल मार्ले, जो सीमातिर फर्केर गएको थियो, १८१५ को आरम्भिक कालसम्म त्यहीं बसेर, काठमाण्डौंमाथि हमला गर्नका लागि तोपहरू पर्खेर बसिरह्यो । आक्रमणको समयमा उसले आफ्नो डिभिजनलाई दुई वटा कमजोर दलहरूमा बाँड्यो । गोरखालीहरूले ती दुबै दलहरूमाथि आक्रमण गरे र उनीहरूलाई परास्त गरे ।

मार्ले त्यहीं सीमामा घुम्दै-फिर्दै बसीरह्यो र १० फेब्रुअरी, १८१५ मा आफू एक्लै सीमाभन्दा पारी भाग्यो ।

### १५ मई

कैयौं महिनासम्मको सफल लडाईहरू र घेरावन्दीहरू पछि अमरसिंह मलाउ (सतलजको बायाँ किनारास्थित एउटा सुदृढ पहाडी किल्लामा) गए । जनरल अक्टरलोनीले एक महिनासम्म मलाउमाथि गोलाबारी गरीरह्यो । १५ मईमा किल्लाको पतन भयो, अमरसिंह (अमर सिंह होइन, अमरसिंहका जनरल भक्ति थापा) घेराबन्दीमा परेर मारियो ।

यसैबीच, कुमाऊ जिल्लामा अल्मोडाको पतन भएको थियो । यसको कारणले अक्टरलोनीको विरोध गर्ने

गोरखालीहरूलाई प्राप्त हुने सबै रसद-पानी आदिको बाटो काटियो, र उनीहरूले सम्झौता गरे ।

१८१६

लामो वार्तापछि, फेरि लडाई छेडियो । पहाडका अति कठीन बाटोबाट हिंड्दै सर डेबिड अक्टरलोनी मकवानपुर पुग्यो र गोरखालीहरूमाथि ठूलो क्षति पुऱ्याएर ऊ त्यहाँबाट पछि हट्यो । फेरि उसले उनीहरूसँग सन्धि गऱ्यो । जसलाई गोरखालीहरूले वफादारीका साथ निर्वाह गरे ।

सन्धि अनुसार, उनीहरूलाई आफ्नो इलाकामा मात्रै सीमित भइरहन बाध्य पारिएको थियो र जुन जमीन उनीहरूले जितेका थिए, त्यसको अधिकांश भाग उनीहरूले ब्रिटिशहरूलाई दिनु परेको थियो ।

यस लडाइँले इंगलैण्ड र नेपालबीच आवागमनको मार्ग खोल्ने काम गऱ्यो । अनेक गोरखालीहरू अंग्रेजहरूको सेनामा भर्ती हुन गए । उनीहरूलाई गोरखा रेजिमेन्टहरूमा जवर्जस्ती राखियो । ती गोरखालीहरू १८५७ को सीपाही विद्रोहका दिनहरूमा अंग्रेजहरूको लागि निकै कामलाग्दा सावित भए ।

गोरखालीसँगको युद्धको दौरानमा शुरु-शुरुमा ब्रिटिश-कम्पनीको जुन पटक-पटक हार भएको थियो, त्यसैको कारणले देशी राजा-महाराजाहरूबीच पनि अशान्ति फैलिएको थियो । खास रुपले हाथरस र बरेली (दुबै दिल्ली प्रान्तमा थिए) मा जन-विद्रोह उठेका थिए ।

❑ ❑

## जंगबहादुर : अंग्रेजहरूको कुकुर

*विश्व कम्युनिष्ट आन्दोलनका श्रद्धेय नेता एवं गुरु कार्ल मार्क्सले अर्को सन्दर्भमा पनि नेपालका बारेमा टिप्पणी गर्नु भएको थियो । त्यो सन्दर्भ हो- भारतको १८५७ को सिपाही विद्रोह !*

*भारतीय उपमहाद्विप लगायत विश्वलाई नै आफ्नो साम्राज्यवादी जाँतोमुनि पिसिरहेको अंग्रेज साम्राज्यवादको विरोधमा भारतमा १८५७ मा भएको यस राष्ट्रिय विस्फोट निकै महत्वपूर्ण थियो । सामान्य रुपमा सीपाही विद्रोहको नामले चर्चित यस विद्रोहलाई मार्क्सले तत्कालै "भारतको प्रथम स्वाधीनता युद्ध" को संज्ञा दिनु भएको थियो, जुन इतिहासमाथिको उहाँको गहिरो अध्ययन-चिन्तन मननको परिचय थियो ।*

*अंग्रेजी साम्राज्यवादलाई प्रथम पटक यति ठूलो संख्या, शक्ति र विस्तारमा चुनौति दिन सफल यो विद्रोह पश्चिम बंगालका बरहमपुर र बैरकपुर र पछि उत्तर प्रदेशको मेरठबाट सीपाहीहरूको विद्रोहको रुपमा उठेको थियो । यस विद्रोहले विस्तारै देशव्यापी किसानहरूको जन-विद्रोहको रुप लिएको थियो । यसमा अंग्रेजहरूबाट ठगिएका राजा-रजौटाहरू जस्तो कि झाँसीकी रानी, दुर्व्यवहारबाट क्षुब्ध जमीन्दार कुँवर सिंह, असन्तुष्ट मुस्लिम नेता मौलवी अहमदुल्ला लगायत नानाशाहब र तात्या टोपे जस्ता प्रतिभाशाली सेनानायक लगायत हजारौं जनता सहभागी भएका थिए ।*

*हुन त यस विद्रोहमाथि उन्नत हतियार र राम्रो संगठन शक्ति भएको अंग्रेजी साम्राज्यवादले १८५९ सम्ममा दमन गर्न सफलता प्राप्त गऱ्यो । तर यसको असर नेपालमा समेत परेको थियो । यस विद्रोहका सहभागीहरू अवधकी वेगम, नानाशाहब लगायत उनीहरूका अनुयायीहरू नेपाल पसेका थिए । र, तिनीहरूमाथि दमन गर्न क्रुर राणाशासक जंगबहादुरले अंग्रेजहरूलाई नेपाल पस्न इजाजत दिएको थियो । प्रस्तुत छ, यसैसँग सम्बन्धित घटनावलीहरू र टिप्पणी, जुन कार्ल मार्क्सद्वारा लेखिएको नेपाल सम्बन्धी अमूल्य र संभवतः अन्तिम विचार हो !*

*कार्ल मार्क्सले सिपाही विद्रोहको अन्तिम कालतिरका घटनावलीहरू प्रस्तुत गर्ने क्रममा झाँसीकी रानी र तात्या टोपे अंग्रेजहरूको हातबाट कैयौं ठाउँमा पराजित हुँदै अन्ततः ग्वालिएरमा मोर्चाबन्दी कस्दै लडिरहेको घटना यसरी प्रस्तुत गर्नु भएको थियो-*

"अंगेज कमाण्डर रोजले ग्वालियरमाथि हमला गऱ्यो । विद्रोहीहरूको नेतृत्व गरिरहेका झाँसीकी रानी (लक्ष्मी वाई) र तात्या टोपेले १९ जुन (१८५८) को दिन लश्करको पहाडि क्षेत्रमा (ग्वालियरको अगाडि) ऊसँग मोर्चा कसे । रानी मारिइन्, अत्यन्त ठूलो हत्याकाण्डपछि उनीहरूको सेना तितरबितर भयो । ग्वालियर अंग्रेजहरूको हातमा पुग्यो ।

जुलाई-अगस्ट र सेप्टेम्बर १८५८ को वीचमा सर कौलिन क्याम्पवेल, सर होप ग्रान्ट तथा जनरल वालपोलले आफ्नो अधिक समय प्रमुख विद्रोहीहरूलाई पक्रन र ती सबै किल्लाहरूमाथि आधिपत्य जमाउनमा लगाए, जसको स्वामित्वको बारेमा झगडा थियो ।

अवधकी बेगमले अन्य केही ठाउँमा अन्तिम पटक लड्ने कोसिस गरिन्, पछि नाना साहबसँग राप्ती नदी पारी भागेर उनीहरू अंग्रेजको कुकुर- नेपालको जंगबहादुरद्वारा शासित क्षेत्रमा पसे ।

जंगबहादुरले आफ्नो देशमा पनि ती विद्रोहीहरूलाई पक्रने इजाजत अंग्रेजहरूलाई दियो ।

यस प्रकारले "दुस्साहसिक लडाकुहरूको अन्तिम गिरोहलाई पनि तितरबितर गरियो ।"

नाना साहब र बेगम भागेर पहाडतिर लुक्न गए । उनीहरूका अनुयायीहरूले हतियार समर्पण गरे ।

१८५९ को प्रारंभिक कालमा, ताँत्या टोपेको गोप्य निवासस्थान पत्ता लगाइयो । उनीहरूमाथि मुद्दा चलाईयो र उनलाई फाँसी दिइयो ।



"भनिन्छ"- नाना साहबको मृत्यु नेपालमै भएको थियो ।

बरेलीका खानलाई पनि पक्रिएको थियो र उनलाई गोलीले उडाइएको थियो । लखनऊको मम्मु खाँलाई आजीवन कैदको सजाय दिइयो । अन्यलाई कालापानी पठाइयो वा फरक-फरक समयावधिको लागि जेलमा पठाइयो ।

विद्रोहीहरूको अधिकांश भागले, जसको रेजीमेन्ट टुक्रीसकेको थियो, तलवार बिसाई सकेको थियो, उनीहरू प्रजा बने ।

अवधकी बेगम नेपालको काठमाण्डौंमै वस्न थालिन् । .....

भारत "महान" भिक्टोरियाको साम्राज्यको एउटा प्रान्त बन्यो ।

❑ ❑


प्रतीक्षा गर्नुहोस् !

नयाँ मनोरंजक र विचारोत्तेजक सूचना-सामग्रीहरूको वैकल्पिक स्रोतको रूपमा प्रकाशित हुँदैछ-

ज्ञानवर्धक, जीवनमुखी र प्रगतिमुखी

मूल्यांकनका सहकर्मी

युवा मासिक पत्रिका

अन्तर्क्रिया प्रकाशन प्रा.लि.

# अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको एकताको लागि प्रस्ताव




ब्रुसेल्स सम्मेलनका सहभागी वामपन्थी नेता-नेतृहरू

**सोभियत संघको पतनको इतिहासको चिरफार**

**वि**श्वभरिका साम्यवादीहरूको लागि एउटा खुशीको खबर !

आ-आफ्नो देशमा मात्रै होइन, संसारभरमै विखण्डित स्थितिबाट गुज्रिरहेका साम्यवादी पार्टी, र संगठनहरूबीच विश्वस्तरमा दरो एकता पैदा गर्नका लागि ठोस पाइलाहरू चाल्न थालिएका छन् ।

ब्रुसेल्समा बेल्जियमको श्रमिक पार्टी (PTB) को गत मई दिवसको उपलक्ष्यमा आयोजित कम्युनिष्ट एवं श्रमिक पार्टीहरू र संगठनहरूको अन्तर्राष्ट्रिय मार्क्सवादी सम्मेलनको दौरानमा भएको सेमिनारपछि यो प्रयास शुरु भएको हो । स्मरणीय छ, विश्वका ३२ वटा वामपन्थी पार्टीहरू, १८ वटा क्रान्तिकारी संगठनहरू एवं ३१ देशका प्रख्यात वामपन्थी व्यक्तित्वहरू सहभागी भएको सो सम्मेलनको विस्तृत रिपोर्ट हामीले 'मूल्यांकन' को २१ अंकमा प्रकाशित गरेका थियौं ।

विश्वका सबै साम्यवादीहरूको आशा र लामो प्रतीक्षाअनुसार नै, उक्त सम्मेलन पश्चात् त्यस सम्मेलनका सहभागीहरूले एउटा ऐतिहासिक विश्वव्यापी कम्युनिष्ट एकताको प्रस्ताव जारी गरेका छन् । यसका साथै, त्यसले 'बाल्कन राज्यहरूको संकट', 'उत्तर-कोरियाको सन्दर्भमा' र "क्यूबालाई शुभकामना'" भन्ने तीन वटा प्रस्ताव प्रस्तुत गरी त्यसलाई स्वीकारसमेत गरेको थियो । सहभागी पार्टीहरूको स्वीकृतिसमेत प्राप्त गरिसकेको यस प्रस्तावले अन्तर्राष्ट्रिय कम्यूनिष्ट आन्दोलनको एकताको दिशामा एउटा कोसे ढुंगाको काम गर्ने देखिन्छ ।

यस विश्वव्यापी कम्युनिष्ट एकताको प्रस्ताव पूर्व-समाजवादी देशमा भएका प्रतिक्रान्ति र पूँजीवादको पुनर्स्थापनाको पृष्ठभूमिमा विश्वव्यापी वाम-एकताको लागि महत्वपूर्ण त छँदैछ । यसका साथै, मजदूर वर्गको क्रान्तिको भविष्यबारे निराश भएका, समाजवाद र मार्क्सवादको भविष्यप्रति चिन्तित विश्वका वामपन्थीहरूलाई यस प्रस्तावले संजीवनी बूटीको काम गर्ने निश्चित छ ।

अतः यस प्रस्तावलाई सबै वामपन्थी पार्टी र शक्तिहरूबीच ध्यानाकर्षण र अन्तर्क्रिया एवं अनुमोदनका लागि यहाँ प्रस्तुत गरेका छौं, ता कि-विश्वव्यापी कम्युनिष्ट एकताको प्रयासद्वारा भविष्यमा नयाँ "एकताबद्ध अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलन" विकास गर्न सहयोग मिलोस् ‼

❑ **सह-सम्पादक**

**प्रस्तावना**

१. गोर्वाचोभ येल्तसिनको प्रतिक्रान्तिले भूतपूर्व पूर्वी यूरोपका समाजवादी देशहरूमा एवं सोभियत संघमा पूँजीवादको पूर्ण पुनर्स्थापना गरिदिएको छ । यो साम्राज्यवाद र प्रतिक्रियावादको विजय र संसारभरका कम्युनिष्ट र प्रगतिशील शक्तिहरूको लागि जबर्जस्त धक्का हो ।

२. यस प्रतिक्रान्तिले विश्वका सबै प्रमुख द्वन्दहरू समाजवादी देशहरू र साम्राज्यवादबीचको द्वन्द, एशिया, अफ्रिका र ल्याटिन अमेरिकाका उत्पीडित जनता र साम्राज्यवादबीचको द्वन्द, साम्राज्यवादी शक्तिहरुबीचको आपसी द्वन्द तथा मजदूर वर्ग र पूँजीपति वर्गबीचको द्वन्दलाई तेज पारेको छ ।

प्रतिक्रियावादी, नश्लवादी, फासीवादी तथा युद्धपिपाशु शक्तिहरूले विश्वव्यापी हमला शुरु गरेका छन् ।

३. यस्तो स्थितिमा, क्रान्तिकारी सिद्धान्त अर्थात् मार्क्सवाद-लेनिनवादमाथि भरोसा गर्ने कम्युनिष्ट पार्टीहरू र संगठनहरू एकजुट हुनु, सोभियत संघमा समाजवादलाई नष्ट गर्ने प्रतिक्रान्तिकारी प्रक्रियाहरूबाट शिक्षा लिनु, आफ्ना अनुभवहरू एवं विश्लेषणहरू आदान-प्रदान गर्नु तथा आफ्ना क्रियाकलाप-हरूलाई संयोजित गर्नु अत्यन्त आवश्यक छ ।

## मार्क्सवादी-लेनिनवादी पार्टीहरूबीचको पुरानो विभाजनबाट माथि उठ्न सकिन्छ

१. १९५६ देखि मूलतः ख्रुश्चेभद्वारा अपनाइएको संशोधनवादी लाइनका कारण, एवं चरम-वामपन्थी रुझानको प्रभावको कारणले पनि, अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलन विभाजित र विखण्डित भइरहेको छ ।

२. गोर्वाचोभद्वारा गरिएको पूँजीवादको पुनर्स्थापनाको परिणामस्वरूप आज एक समयमा बहुमतमा रहेको सोभियत समर्थक प्रवृत्ति पनि अनगिन्ती प्रवृत्तिहरूमा विखण्डित भइसकेको छ । साठीको दशकमा 'चीन-समर्थक' प्रवृत्ति विकसित भएको थियो, जुन माओको मृत्यु पश्चात् विभिन्न प्रवृत्तिहरूमा विभाजित भएको थियो । 'अल्बानिया समर्थक' प्रवृत्ति पनि अल्बानियामा समाजवाद अन्त भएपछि विखण्डित भयो तथा 'क्यूबा समर्थक' प्रवृत्ति पनि मूलतः ल्याटिन अमेरिकामा मात्रै विद्यमान छ । अन्ततः केही पार्टीहरू, माथि उल्लिखित प्रवृत्तिहरूको विपरीत, 'स्वतन्त्र' स्थिति अख्तियार गरिरहेका छन् ।

३. इतिहासको कुनै विशेष विन्दुमा यी विभाजनहरूको सहीपना वा जरुरतको बारेमा जेसुकै विचार रहेको भए पनि आज यी विभाजनहरूभन्दा माथि उठ्ने र परम्परागत रूपले सोभियत-परस्त, चीन-परस्त, अल्बानिया-परस्त, क्यूबा-परस्त वा स्वतन्त्र लाइनहरूमा विभाजित मार्क्सवादी-लेनिनवादी पार्टीहरूलाई एक जुट गर्ने संभावना मौजुद छ ।

४. मार्क्सवाद-लेनिनवादप्रति निष्ठावान सबै पार्टीहरूलाई थाहा छ- संशोधनवादले अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनलाई कमजोर र विभाजित गरेको छ र अन्ततः यो खुलेआम विश्वासघातमा पतित भएको छ ।

५. सोभियत संघमा पूँजीवादको पूर्ण पुनर्स्थापनापछि सबै कम्युनिष्टहरू मार्क्सवाद-लेनिनवादको सबैभन्दा खतरनाक विचारधारात्मक शत्रु संशोधनवाद हो भन्ने कुरामा सहमत हुन सक्छन् । जिन्दगीले साबित गरिसकेको छ- कि संशोधनवादले कम्युनिष्ट आन्दोलनभित्र पूँजीपति वर्गको प्रतिनिधित्व गर्दछ ।

६. गत ३५ वर्षमा भएका विभिन्न विभाजनहरू र विघटनहरूले पूरै अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनलाई अत्यन्त कमजोर गरिदिएको छ ।

७. अतीतमा, विशेष राजनीतिक वा वैचारिक प्रवृत्तिको आधारमा पार्टीहरू र संगठनहरू अलग-अलग रूपमा समूहबद्ध भएका थिए । विभिन्न समूहहरूभित्रका केही पार्टीहरू जनसमुदायबीच गहिरो जरो हाल्न पनि सफल भए र उनीहरु स्वयं आफैंले नै क्रान्तिकारी अनुभव ग्रहण गरे । ती पार्टीहरू मार्क्सवाद-लेनिनवादलाई आफ्नो देशको वस्तुस्थितिसँग जोड्नमा पनि सफल भएका छन् । यिनीहरूमध्ये प्रत्येक समूहभित्रका केही संगठनहरू वामपन्थी वा दक्षिणपन्थी अवसरवादतिर भड्किए एवं संघर्षलाई मजबूत रूपमा पक्रिरहनुको सट्टा भौंतारिरहे र लोप भए ।

८. हालको वास्तविक स्थितिमा, मार्क्सवाद-लेनिनवादको क्रान्तिकारी सिद्धान्तमा विश्वास गर्ने सबै पार्टीहरू पुराना विभाजनहरूलाई एकातिर पन्छ्याउने र एकजुट हुने जरूरतलाई महशूस गरिरहेका छन् ।

९. मार्क्सवाद-लेनिनवाद तथा सर्वहारा अन्तर्राष्ट्रियवादको आधारमा कम्युनिष्टहरू एकजुट हुनैपर्दछ । मार्क्सवाद-लेनिनवादको आधारमा वामपन्थी र दक्षिणपन्थी अवसरवादसित संघर्ष गरेर यस एकतालाई अवश्य पनि मजबूत बनाउनै पर्दछ । हामीले स्वीकार गर्नैपर्दछ- कि आलोचना एवं प्रत्यालोचना स्वीकार गर्ने तथा एकतालाई सुरक्षित राख्ने कुरामा असहमतिहरू लामो समयसम्म यथावत रहिरहन सक्छन्, जुन असहमतिहरू मध्ये केही अत्यन्त गम्भीर छन् । मार्क्सवाद-लेनिनवाद तथा एकता दुवैलाई माथि उचाल्नु सुसंगत क्रान्तिकारी नीतिका दुई पक्षहरू हुन् ।



PTB का अध्यक्ष क. लुडो मार्टिन सेमीनारमा सम्बोधन गर्दै

## संशोधनवादको विरुद्ध संघर्ष गरौं तथा मार्क्सवाद-लेनिनवादको रक्षा गरौं ।

१. १९१९ मा आफ्नो स्थापना कालदेखि नै अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनले इतिहासलाई आलोकित गरेको छ र संसारको दृष्टिकोणलाई नै परिवर्तित गरिदिएको छ ।

जूलाई, १९२० मा आयोजित 'कम्युनिष्ट इन्टरनेशनल' को दोस्रो महाधिवेशनले एउटा संविधान, दर्ताको लागि आवश्यक शर्तहरू, घोषणापत्र र अन्य आवश्यक प्रस्तावहरू पारित गरेको थियो, जसले सामाजिक जनवादको तुलनामा अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको एउटा स्पष्ट पहिचान बनाइदियो । १९५६ सम्म यसले आफ्नो क्रान्तिकारी रूझान, आफ्नो एकता तथा आफ्नो शक्ति एवं विश्वमा आफ्नो प्रभाव कायम गरिराख्यो ।

२. विश्व रंगमञ्चमा एउटा महत्वपूर्ण धाराको रूपमा फेरि प्रकट हुनका लागि अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनले यस साझा इतिहासलाई अंगीकार गर्नु जरुरी छ ।

३. लेनिनले मार्क्स र एंगेल्सको क्रान्तिकारी कार्य जारी राख्नुभयो र त्यसलाई साम्राज्यवादको नयाँ परिस्थितिमा विकसित गर्नुभयो । उहाँले कम्युनिष्ट पार्टी निर्माणको सिद्धान्त प्रस्तुत गर्नुभयो तथा समाजवादी क्रान्तिको रणनीति एवं कार्यनीति विस्तारपूर्वक खोजी निकाल्नुभयो । र, त्यसलाई व्यवहारमा लागू गर्नुभयो । उहाँले सामाजिक जनवादलाई मजदूर वर्गको आन्दोलनभित्र पूँजीपति वर्ग र साम्राज्यवादको विचारधाराको रूपमा भर्त्सना गर्नुभयो । उहाँले सर्वहारा अधिनायकत्व अन्तर्गत समाजवादी निर्माणको लागि निर्देशक कार्य - दिशाहरू निर्धारित गर्नुभयो ।

४. स्टालिनले लेनिनवादी सिद्धान्तहरूलाई लागू गर्नुभयो तथा उहाँको नेतृत्वमा बोल्शेभिक पार्टीले एउटा पिछडिएको र तहस-नहस भएको देशलाई एउटा औद्योगिक समाजवादी देशमा रूपान्तरित गर्‍यो । सोभियत कृषिका सामूहिकीकरण र आधुनिकीकरण, समाजवादी औद्योगिकीकरण, सांस्कृतिक क्रान्ति, प्रमुख शक्तिको रूपमा लाल सेनालाई सामेल गरेर शक्तिशाली प्रतिरक्षा सेनाहरूको निर्माण, फासीवाद-विरोधी देशभक्तिपूर्ण युद्धमा विजय, देशको पुनर्निर्माण एवं विश्व-शान्तिको रक्षा गर्दै तथा एशिया, अफ्रिका तथा ल्याटिन अमेरिकामा उपनिवेशवाद- विरोधी तथा नव-उपनिवेश- विरोधी संघर्षहरूको समर्थन गर्दै सुसंगत विदेश नीति अपनाउनु ऐतिहासिक र विश्वव्यापी महत्वका उपलब्धिहरू हुन् ।

५. स्टालिनले समाजवादमा पनि वर्ग-संघर्ष जारी रहन्छ भन्ने धारणालाई जीवित राख्नुभयो । उहाँले जोड दिएर भन्नुभयो कि - पुराना सामन्ती तथा पूँजीवादी शक्तिहरूले आफ्नो शासनको पुनर्स्थापनाका लागि आफ्नो लडाईं बन्द गर्दैनन् र पार्टीभित्र मौजूद अवसरवादी, ट्राट्स्कीपन्थी, बुखारिनपन्थी, पूँजीवादी राष्ट्रवादी तथा नोकरशाही तत्वहरूले समाजवाद विरोधी वर्गहरू तथा तप्काहरूलाई आफ्ना शक्तिहरुको पुनर्गठनमा मद्दत गर्दछन् ।

६. ख्रुश्चेभले सोभियत पार्टी तथा अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा संशोधनवादी कार्यदिशा थोपरेका छन् । यो कार्यदिशा बीसौं महाधिवेशनमा उनको रिपोर्ट, स्टालिनबारेमा उसको गोप्य रिपोर्ट तथा बाइसौं महाधिवेशनमा उसको रिपोर्ट मार्फत तयार गरिएको थियो ।

७. १९५६ मा ख्रुश्चेभले पार्टीको मूल विचारधारात्मक र राजनीतिक कार्यदिशालाई फेर्नका लागि स्टालिनको

**१९९७ मा अक्टोबर क्रान्ति दिवसको उपलक्ष्यमा अन्तर्राष्ट्रिय कम्युनिष्ट सम्मेलनको आयोजना हुने**

*बाटोमा, टेलिभिजन मनीटरको अगाडि नै बसेकी ६७ वर्षीया वृद्धा भन्छिन्- "जापानी कम्युनिष्ट पार्टीको दृष्टि र त्यसको विचार साँच्चै नै विश्वव्यापी छ । म ३४ वर्षदेखि जापानी कम्युनिष्ट पार्टीको सदस्य छु । आजका भाषणहरूबाट थाहा भएको छ- जीवनभर म कम्युनिष्ट पार्टीको सदस्य बनिरहनुको के कति मूल्य छ !"*

*यस्तै गरी जापानी जनवादी युवा लिगका सदस्य एवं एउटा विश्व विद्यालयका छात्र भन्छन्-"जापानी कम्युनिष्ट पार्टी एउटा त्यस्तो एक्लो पार्टी हो, जसका नीतिहरू जनताका मागहरूसँग मेल खान्छन् । म चाहन्छु- बढीभन्दा बढी मानिसहरू जापानी कम्युनिष्ट पार्टीको रुझानको बारेमा परिचित होऊन ।"*

***स्थानीय चुनावमा विजय***

*यसैबीच, स्थानीय निकायका प्रतिनिधिहरूको चुनावमा उक्त पार्टीले राम्रो सफलता हासिल गरेको छ ।*

*उदाहरणको लागि, साउन ९ गते चार शहरहरू र दुई गाउँको स्थानीय निकायको चुनावमा जा.क.पा. का ७ मा ६ उम्मेदवार निर्वाचित भएका छन् । यी स्थानीय निकायहरूमा पार्टीका प्रतिनिधिहरूको संख्या दुईबाट बढेर ६ भएको छ ।*

*साइतामा प्रिफैक्चरको हानयु नगरको उपचुनावमा जा.क.पा. का उम्मेदवार ६,५७४ भोट लिई पाँच जना उम्मेदवारहरूमा सबैभन्दा अगाडि पुगेका थिए । यस्तै गरी होगो प्रिफैक्चरको हानबेत्सु नगरको चुनावमा पनि जा.क.पा. का एक-एक उम्मेदवार जितेका छन् । ताकासागो नगरको विधान सभामा जा.क.पा. का दुई जना सदस्यहरू पहिलेदेखि निर्वाचित छन् ।*

*साउन १६ गते सम्पन्न स्थनीय निकायको चुनावमा जा.क.पा. का दुई उम्मेदवारहरूले आफ्नो पुरानो सिट सुरक्षित राख्न सफल भए । योरी नगर विधानसभाको चुनावमा विजयी भएका जा.क.पा. का उम्मेदवार रुसुके होजयाले ठेकेदारहरूको हित गर्ने विद्यमान नगर प्रशासनलाई बदलेर जनताको जीवन र कल्याणलाई प्राथमिकता दिने प्रशासन ल्याउने वचनवद्धताका साथ आफ्नो चुनावी अभियान चलाएका थिए ।*

*त्यस्तै ओनो नगरमा जा.क.पा. का उम्मेदवार फूमिआकी सातोले देशको एक मात्र प्रगतिशील पार्टीको रुपमा जा.क.पा. को भूमिकालाई जनतासामु रेखांकित गरेर आफ्नो सिट सुरक्षित राखेका छन् ।*

*जापानी कम्युनिष्ट पार्टीका चुनावी सफलताहरू, कार्यक्रमहरूमा भएको जनसहभागिता निकै उल्लेखनीय छ, जसले जापानी जनतामा उत्साहजनक प्रभाव पारेको देखिन्छ ।*

❑❑

# अमेरिकी कम्युनिष्ट पार्टीको ७५ औं वार्षिकोत्सव

## सात सप्ताहव्यापी समारोह !

विश्वका अधिकांश जनतामाथि शोषण, शासन एवं उत्पीडन गरिरहेका पूँजीवादीहरू र साम्राज्यवादीहरूको नेतृत्व गरिरहेको अमेरिकी साम्राज्यवादको विरोधमा अमेरिकामै संघर्षरत अमेरिकी कम्युनिष्ट पार्टीले आफ्नो ७५ औं वार्षिकोत्सव भर्खरै मनाएको छ ।

१९१९ को सेप्टेम्बर १ मा अमेरिकाको मजदूर आन्दोलनको लागि विश्वभर चर्चित शहर शिकागोमा स्थापना गरिएको यस कम्युनिष्ट पार्टी (The Communist Party of USA) ले यस ७५ औं वार्षिकोत्सवलाई सात सप्ताहव्यापी कार्यक्रम बनाएर भव्यताका साथ मनाएको छ ।



*क. हल*

गत भाद्र १६ गते (सेप्टेम्बर १) देखि शुरु गरिएको यस वार्षिकोत्सव कार्यक्रम कार्तिक महिनाको ६ गतेसम्म जारी रह्यो ।

सात सप्ताहव्यापी लामो कार्यक्रमको दौरानमा सबैभन्दा ठूलो कार्यक्रम थियो- कार्तिक ६ गतेको विशाल र्याली ।

अमेरिकी साम्राज्यवादलाई गाँजिरहेको डरलाग्दो आर्थिक संकट र अमेरिकी संसद एवं बिल क्लिण्टनको डेमोक्रेटिक सरकारको जनताको जीविका र प्रजातान्त्रिक हक अधिकारको क्षेत्रमा "केही नगर्ने नीति" का विरुद्ध उक्त विशाल जनर्याली केन्द्रित रह्यो । र्यालीलाई सम्बोधन गर्ने अमेरिकी वामपन्थी नेताहरूले सार्वजनिक हितका कार्यहरू आपतकालीन उपायद्वारा लागू गर्न, बेरोजगारहरूलाई काम दिन, राष्ट्रलाई निर्माण गर्न, नयाँ नागरिक कानून ल्याउन अपील गरेका छन् । उनीहरूले स्वास्थ्य सुविधा व्यवस्थित गर्न, अति खर्चिलो सैनिक बजेट कटान गर्न र धनीहरूमाथि थप कर लगाउन र नागरिक हितलाई बढावा दिन सरकारलाई दवाब दिएका छन् ।

विभिन्न कार्यक्रमहरूबीच सम्पन्न अमेरिकी कम्युनिष्ट पार्टी (CPUSA) को ७५ औं वार्षिकोत्सवको क्रममा पार्टीको इतिहास र वर्तमान संघर्षशील घटना, इतिहाससम्बन्धी भिडियो कार्यक्रमहरू निर्माण प्रदर्शन गर्ने, वामपन्थी आन्दोलनका फोटोहरू, ऐतिहासिक संघर्ष झल्काउने स्केचहरू र पार्टी एवं जनसंघर्षका फोटोहरू सहित १९९५ को आकर्षक क्यालेण्डरहरूको विक्री वितरण गर्ने लगायत अन्य कार्यक्रम सम्पन्न भएका छन् ।

यसैबीच, त्यस पार्टीले आफ्नो समारोहको उत्कर्षको रुपमा अमेरिकाका ७५ वटा शहरहरूमा कार्तिक ६ गते आइतवारको दिन नै टेलिफोनको एउटै सम्पर्क-सूत्र स्थापना गर्ने कार्य गरेको छ । यसको कार्यक्रम उद्घाटन गर्दै पार्टीका राष्ट्रिय अध्यक्ष क. गेस हलले शिकागो शहरमा जोशिलो सम्बोधन गरे । उनले सम्बोधनको क्रममा आफ्नो पार्टीका काम-कारवाहीहरूको फेहरिस्त प्रस्तुत गर्द भने- "आज श्रमिक वर्ग र सामान्य जनताका अनेकौं संघर्षहरूमा पार्टीले महत्वपूर्ण, बहुआयामिक र निर्णायक भूमिका निर्वाह गरिरहेको छ ।"

**अमेरिकी चुनावमा**

यसैबीच, प्राप्त खबर अनुसार, अमेरिकामा भइरहेको सिनेटको चुनावमा त्यस पार्टीका उम्मेदवारहरूले स्थानीय जनताका हित रक्षा गर्ने विकासका नाराहरू लगाउनुका अतिरिक्त सार्वजनिक हितका काम हुनु पर्ने, काम मामको व्यवस्था गर्नु पर्ने र समानता जरुरी भएको कुरा जोड्दार रुपमा उठाएका छन् । शिकागो शहरको इल्लिनोइस राज्यको संसदीय सीटको निर्वाचनमा वामपन्थी उम्मेदवार बनेका CPUSA का मार्क आलम्बर्गले थोत्रो भएको शहरी व्यवस्था जिर्णोद्वार गर्नु पर्ने र हजारौं बेरोजगार जनतालाई कामको व्यवस्था गर्न आवाज उठाएका छन् ।

**पार्टीको संघर्ष**

आफ्नो कम्युनिष्ट पार्टीको प्रशिद्ध र गौरवमय परम्परा रहेको सगर्व घोषणा गर्ने त्यस पार्टीका राष्ट्रिय अध्यक्ष क. गेस हलका अनुसार पार्टीले स्थापना कालदेखि नै श्रमिक वर्ग र अमेरिकी जनताको पक्षमा अनेकौं संघर्ष गर्दै आइरहेको छ । क. हलका अनुसार, पार्टीले काला-गोरा जातिबीच एकताको लागि पहिलेदेखि नै निरन्तर संघर्ष गर्दै आएको छ ।

क. हल भन्छन्- "हामी नै सामाजिक सुरक्षा, बेरोजगारी भत्ता एवं अटो, स्टील, विद्युतीय उपकरण र रबर उद्योगहरूमा मजदूर संघ स्थापना गर्न संघर्षको शुरुवातकर्ता र नेतृत्वकारी शक्ति हौं ।"

नस्लवाद, जातिवाद, फासिवादको विरोधमा, आणविक निशस्त्रीकरण र जातिभेदवादी दक्षिण अफ्रीकी गोराशासनको विरुद्ध नाकाबन्दी लगाउने जस्ता संघर्षमा पनि आफ्नो पार्टीले अगुवाई गरेको दावी क. हलले गरेका छन् ।

जन संघर्षको संगठन गर्ने, शुरुवात गर्ने र अगुवाइ गर्ने ऐतिहासिक भूमिका निभाएको भनिने यस पार्टीले अहिले पनि यस्तै संघर्षहरूको संगठन, सञ्चालन र नेतृत्व गरिरहेको थाहा भएको छ ।

स्मरणीय छ, विश्वभर चर्चित अमेरिकाको अर्को कम्युनिष्ट पार्टी- रिभोल्यूशनरी कम्युनिष्ट पार्टी (RCP) लगायत अन्य माओवादी पक्षधर वामपन्थी पार्टीहरू यस पार्टीलाई पहिले संभियत खेमातिरको पार्टी भएकोले संशोधनवादी पार्टीको रुपमा परिभाषित गर्दछन् । जे होस्, यस पार्टीका काम-कारवाही, चिन्तन प्रणालीहरूको अध्ययन अहिले पनि जरुरी देखिन्छ, जत्ति अन्य क्रान्तिकारी भनिने वाम-पार्टीहरूको बारेमा पनि अध्ययनको जरुरत छ । ❑



अमेरिकी गरीबहरूको बिजोग !

# हैटीमा अमेरिकी कब्जा:

## बजार र प्रजातन्त्र

– प्रकाश करात

भारतीय कम्युनिष्ट पार्टी , (मार्क्सवादी)का पोलिट्ब्युरो सदस्य

सैन्य आक्रमणद्वारा अमेरिकाले हैटीमाथि कब्जा गरेको छ र यसलाई "अपरेशन प्रजातन्त्र बचाऊँ" को पाखण्डपूर्ण नाम दिइएको छ। प्रजातन्त्रको रक्षाको नाममा यो एउटा अर्को अमेरिकी सैनिक कब्जा हो ।

शीतयुद्धको जमानामा दक्षिण अमेरिका र क्यारिबियन क्षेत्रमा अमेरिकी आक्रामक सैन्य कार्वाहीहरुको लामो सूचीलाई जहिले पनि साम्यवादको विरुद्ध, स्वतन्त्र विश्वको रक्षा गर्ने आवरणमा ढाकेर राखिइन्थ्यो । अब कम्युनिष्ट खतराको अनुपस्थितिमा यस्ता कर तूतहरुको नाम- "प्रजातन्त्रको पुनर्स्थापना" भएको छ। यो त्यस्तो नाम हो, जुन नामले अमेरिकाको साम्राज्यवादी तिटकड- महरुलाई हलुको आवरण प्रदान गर्दछ ।

हैटीमाथि कब्जा गर्नुभन्दा धेरै समयअगाडि अमेरिकी शासक वर्गले सोभियत संघको विघटन पश्चात् एउटा नयाँ विश्व व्यवस्थाको कुरा गरेको थियो । यसपछि राष्ट्रपति जर्ज बुशको पालामा यस सम्बन्धमा जुन काम शुरु भएको थियो, त्यो क्लिण्टन-प्रशासनले पनि जारी राखेको छ ।

क्लिण्टनको राष्ट्रिय सुरक्षा सल्लाहकार अन्थोनी लेकले हालै अमेरिकी शासकहरुको रणनीतिको जानकारी दिएका छन् । गत भाद्र २७ गते अर्थात् "अपरेशन हैटी" भन्दा केही दिन मात्रै अगाडि, वैदेशिक सम्बन्धहरुसंग सम्बन्धित परिषदमा भाषण गर्दै अन्थोनी लेकले घोषणा गरेका थिए कि नयाँ विश्व व्यवस्थाले खुला बजारहरु तथा प्रजातन्त्रको भविष्यलाई सुदृढ गर्न ठूलो अवसर प्रदान गरिरहेको छ ।

महाशक्तिको साम्राज्यवादी आर्थिक जरुरतहरुको बारेमा बताउँदै लेकले भने- "अमेरिकीहरु प्रजातन्त्रको विस्तारको विषयमा धेरै सम्मोहित छैनन् । तर उनीहरुलाई थाहा छ- यस्तो गर्दा उनीहरुको हितको रक्षा हुन्छ । प्रजातन्त्रले खुला बजारलाई पैदा गर्दछ। यो बजारले आर्थिक अवसरहरु प्रस्तुत गर्दछ एवं ती भरपर्दा व्यापारिक साझेदार हरु बन्छन् ।"

अमेरिकाको पछाडिको आँगनमा अवस्थित भएको कारणले हैटीमाथि अमेरिकी हस्तक्षेप दोहोरो उद्देश्य पूर्ति गर्नका लागि जरुरी भएको थियो ।

पहिलो उद्देश्य हो- सम्पूर्ण क्षेत्रमा पुलिसले झैं पहरेदारी गर्नु ।

दोश्रो हो- हैटीमा प्रजातन्त्रको पुनर्स्थापनामार्फत् यस सानो देशमाथिको कब्जा गर्ने कुरालाई जायज हो भन्ने अवरण-पर्दा प्रदान गर्नु ।

स्मरणीय छ, १९१५ मा पनि अमेरिकाले हैटीमाथि हमला गरेको थियो र १९३४ सम्म त्यसमाथि अमेरिकी कब्जा कायम रहेको थियो। दोश्रो विश्व युद्धपछिको तीन दशकसम्म अमेरिकाले कुख्यात डुभालियरको तानाशाहीलाई क्षमा दिएको मात्रै होइन, उल्टो त्यसलाई संरक्षण नै प्रदान गऱ्यो। त्यसको कुख्यात आतंकलाई, टोन टोन मास्यूट्सको नामले कुख्यात सशस्त्र ठगहरुलाई समेत यसले संरक्षण प्रदान गऱ्यो। अहिले नयाँ विश्व व्यवस्थामा आफ्ना तिनै नव औपनिवेशिक उद्देश्यहरुका लागि हैटीमा प्रजातन्त्र अमेरिकालाई बजारको हिसाबले फलदायी हुने देखिएको छ ।

सोमालियामा अमेरिकी सैनिक पठाइए जस्तै नै, हैटीमाथि कब्जा गर्न- गराउनका लागि पनि संयुक्त राष्ट्र संघले अनुमति दिएको छ । भूतपूर्व अमेरिकी राष्ट्रपति जिम्मी कार्टरसंग अन्तिम समयमा हैटीका सैनिक नेताहरुको जुन संझौता भयो, त्यसलाई लिएर अमेरिकामा तथा संयुक्त राष्ट्र संघसम्ममा पनि अशंकाहरु उठेका छन् । हैटीका सैनिक नेताहरुसंग पेन्टागनको नजिकको सम्बन्ध रहिआएको छ। पेन्टागनले नै उनीहरुलाई प्रशिक्षित र हतियार-बन्द गरेको थियो । यही सैनिक शक्तिको मुखियाले नै प्रथम प्रजातान्त्रिक रुपले निर्वाचित राष्ट्रपति ज्याँ बर्ट्राण्ड एरिस्टिडलाई १९९१ को सेप्टेम्बर महिनामा सत्ताबाट उखेलेर फ्याकेको थियो ।

अमेरिकाले सैनिक सत्ता तथा प्रतिक्रियावादी शासक वर्गको सत्तालाई बचाईराख्दै हैटीका राष्ट्रपतिको रुपमा एरिस्टिडको पुनरागमनका लागि के गरिरहेको छ ? यसमा अमेरिकाको उद्देश्य यो हो कि- जुझारु जनताको मोर्चाबन्दीलाई रोक्ने । किनकि यदि हैटीका जनताले घृणित सैनिक शासनलाई उखेलेर फ्याँक्ने संघर्ष जारीराखेमा स्थिति आफ्नो नियन्त्रणभन्दा बाहिर जान सक्छ ।

आउँदा दिनहरुमा जुन चीज अगाडि आउने छ, त्यो हो- प्रजातन्त्रको नियन्त्रित पुनर्स्थापनाको अमेरिकी योजना । अहिले एरिस्टिडको राष्ट्रपतिको रुपमा पुनरागमन र केही अति नै घृणित तथा प्रमुख सैनिक नेताहरुलाई सत्ताबाट बाहिर फ्याँक्ने काम भइसकेको छ, तर अत्यन्त सावधानीपूर्वक । त्यसको ठाउँमा अमेरिकाको रेखदेखमा एउटा ढाँचा खडा गरिँदैछ- ता कि हैटी खुला बजार अर्थव्यवस्थाको स्वीकार्य मोडेल बन्न सकोस् । यस प्रकारको बनीबनाऊ, सफा- चट्ट परेको प्रजातन्त्र ग्रेनेडा र पानामामा देख्न सकिन्छ, जहाँ पनि अमेरिकाले हमला गरेको थियो ।

स्वयं अमेरिकामै पनि हैटीमाथि सैनिक कब्जाको व्यापक विरोध भइरहेको छ, जुन अमेरिकीहरुको हैटीमा ज्यान जाने भयले अझ बढेको छ। तर क्लिण्टन तथा पेन्टागनको हिसाब छ- यो जोखिम मोल्नु फलदायी हुन सक्छ, यदि हैटीमा शान्ति कायम भयो भने घृणित सैनिक शासनलाई हटाउन सकियो भने, र त्यसको ठाउँमा एरिस्टिडलाई बसाउन सकियो भने, तर यी सबै अमेरिकीहरुको पूर्ण नियन्त्रणमा हुनु पर्छ ।

अन्तर्राष्ट्रिय संचार माध्यमहरुले जुन बस्तुलाई देख्दै नदेखेको जस्तो गरेका थिए, त्यो हो - हैटीको जायज देशभक्तिपूर्ण तथा प्रजातान्त्रिक विरोध । यस शक्तिले सैनिक शासनको पनि विरोध गरेको थियो र अब अमेरिकी कब्जाको पनि विरोध गरिरहेको छ ।

सैनिक शासनको विरोधमा जन प्रतिरोध बढ्नु त स्वाभाविक र सुनिश्चित छँदै थियो र एरिस्टिडको हैटी- पुनरागमनका साथसाथै यो अरु जबर्जस्त ढंगले अगाडि आएको छ । अमेरिकी कब्जाका उद्देश्यसंग यसको टकराहट न्यायोचित छ र त्यसको त्यस ढाँचासंग टक्कर हुनु पनि न्यायोचित छ, जुन ढाँचा अमेरिकाले त्यहाँ खडा गर्न चाहिरहेको छ। स्वयं सेनाको र सैनिक शासकहरुको सशस्त्र भाडाका सिपाहीहरुको कट्टर प्रतिरोधलाई शान्त गर्ने बाहेक अमेरिकी सशस्त्र सेनालाई लोकप्रिय आन्दोलनका विरुद्ध पनि आफू जानु पर्ने संभावना छ, यदि त्यस आन्दोलनले अमेरिकी शासक वर्गद्वारा तय गरिएको सीमाभन्दा बाहिर जाने कोशिस गऱ्यो भने ।

यी सबै कुरा दोश्रो चरणमा हुनेछन् जब अमेरिकाले कानून र व्यवस्था बनाइ राख्नका लागि अन्य देशहरुका सेनाहरुलाई पनि सहभागी बनाउनेछ । (भारतको) नरसिंह राव सरकारले पहिलेदेखि नै यस दोश्रो चरणको कार्यक्रमको लागि भारतीय सेनाहरुको टुकडी पठाउने आफ्नो इच्छा प्रदर्शन गरिसकेको छ । यो हैटीको जनताका विरुद्ध विदेशी सेनाहरुलाई भाडाका हत्याराको रुपमा प्रयोग गर्ने अमेरिकी उद्देश्यहरुका सामुन्ने घुँडा टेक्नु बाहेक केही होइन ।

यस स्थितिमा, भारतका सबै प्रगतिशील तथा साम्राज्यवादविरोधी शक्तिहरुले हैटीमाथि अमेरिकी कब्जालाई तुरुन्त अन्त गर्नु पर्छ भन्ने माग मात्र गरेर पुग्दैन, आफ्नो सरकारलाई हैटीमाथि अमेरिकी कब्जामा सहभागी बन्ने आफ्नो निर्णयलाई फिर्ता लिन पनि दबाब दिनु जरुरी भएको छ ।

*"लोक लहर" पाक्षिकबाट साभार अनूदित ।*



चर्चित फिल्म

# "प्रेमपिण्ड"

# चित्रण कुशलता, तर प्रतिक्रयावादी सोचले भरिएको फिल्म



स्व. सम

चर्चित नेपाली फिल्म "प्रेमपिण्ड" राजधानी र अन्यत्र पनि आज दर्शकहरूको निम्ति धमाधम प्रदर्शित भइरहेको छ। स्व. बालकृष्ण समको नाटकको कथानकमा आधारित यो फिल्मले नेपाली बौद्धिक जगतलाई निकै हदसम्म प्रभावित तुल्याएको छ।

हलुका कल्पनामा आधारित छेउ न टुप्पाका नेपाली "व्यावसायिक" फिल्महरू धेरै निर्माण भइरहेको वर्तमान समयमा यो फिल्म नेपालको इतिहासको एउटा कालखण्डमा राणा शासकहरू कसरी लूटतन्त्रद्वारा आर्जित जनताको रगत पसिनाको संपत्तिबाट कुन हदसम्मको ऐश-आराम र सामन्ती रोब-रबाफको जिन्दगी बाँच्दथे भन्ने कुराको चित्रण गर्न सफल भएकोले पनि विशेष उल्लेखनीय हुन पुगेको छ।

नाटककार स्व. समले र नाटकको आधारमा फिल्म बनाउने निर्देशक यादव खरेलले पनि एउटा सामन्ती शोषकमा पनि "प्रेम" भन्ने "अद्भुत चीज" विद्यमान हुन्छ भनी देखाउने मूल नियत लिएका देखिन्छन्। यो कुरा प्रदर्शित गर्न नै नेपालको राणा खलकको तात्कालीन (आजभन्दा सयवर्ष अघितिरको) पारिवारिक जीवनशैलीको चित्रण यसमा गरिएको छ। मूल नियत जे भए पनि यो चित्रण नेपाली इतिहासको एउटा पक्षको राम्रो भण्डाफोर हो भनी मान्ने प्रशस्त आधारहरू मूल नाटक र सोबाट निर्मित यस फिल्ममा पनि पाइन्छन्।

जनतालाई आफ्नो मुठीमा कैद गरेर तिनीहरूको शोषणबाट आर्जित संपत्तिबाट सामन्ती खलकहरूले गरेको ऐश आराम र रोब रबाफका नमूनाहरू यस फिल्ममा खलनायक राणा एड्बिलको बग्गीबाट ओर्लिएर छानेको डँडाल्नुमा बुइ चढेर दरबारको कोठा चोटामा पसेको दृश्यले सटीक रुपमा गरेको छ।

यस फिल्ममा दर्शाइएजस्ता थुप्रै सामन्ती परिवारहरूले यो देशमा खाने, लगाउने र रोब जमाउने काम मात्र गरेनन्, शैयौं निमुखा युवतीहरूलाई दासी सरह दरबारमा पालेर "भोग" समेत गरे। उनीहरूको सेवामा रामनाथ पण्डितहरू जहिले पनि दिमाग बेचेर खान हाजिर भइरहे। यी पण्डितहरूले सामन्तहरूका मनोरञ्जनका लागि नाटक र रंगमञ्चको तयारीमा सघाऊ पुऱ्याइरहे, दर्शनशास्त्र र धर्मका व्याख्याहरू तयार गरिदिने काम जारी नै राखे।

नायक नकुल जस्ता श्रमजीवी गरीबहरू "बाँधा" भएर बाँच्न बाध्य गराइए। उनीहरूका स्वभाविक प्रेम-सम्बन्धहरूमाथि गिद्द-दृष्टि लगाएर सामन्त प्रभूहरूले उनीहरूलाई अनकन्टार "रिडी" को कालापानी भोग्न बाध्य गराइरहे। टुहुरी गरीब नायिका सविता जस्ता युवतीहरुलाई सामन्तहरूको दम्भ र स्वार्थका सामु पिल्सिन बाध्य गराइयो। जसले विद्रोह गरे, उनीहरू कोर्राको निर्मम प्रहारमा परेर ताडित, पीडित हुन बाध्य बनाइए। सैयौं नकुल र सविताहरूका प्रेमहरूलाई काली गण्डकीमा बग्न बाध्य बनाइयो।

यही सामन्ती स्वार्थ र द्वेषका कारणले काली गण्डकीमा बग्न बाध्य जनताका छोराछोरीको प्रेम-प्रसंगको कथा नै फिल्म "प्रेमपिण्ड" को कथा हो।

दरबारमा पहाडबाट सुसारे बस्न आएकी नौली (पछि सविता) माथि एड्बिलको स्वाभाविक गिद्धे दृष्टि पर्छ। ऊ अरु सुसारेहरूभन्दा बढी आकर्षक, सरल, निर्भिक एवं स्वाभिमानी पनि देखिन्छे। उसको यो स्वरुप र स्वभावले एड्बिललाई विशेष प्रभाव पार्छ। सविता भने सोही दरबारको नोकर नकुल, जोसँग उसको रुची, वर्ग र उमेर मिल्छ, सँगको प्रेममा निलिप्त भएर डुबेकी हुन्छे। यो थाहा पाएर एड्बिलले नकुल-सविताको भेटघाट हुने अवसर र ठाउँहरू बन्द गरिदिन्छ। पछि नकुलको विहा गरिदिन अरु नै केटी खोजी दिने काम पनि उसले गर्छ। तर नकुल यो विहा-प्रस्ताव स्वीकार्दैन। तर जबरजस्ती उसलाई एड्बिलले रिडीस्थित आफ्नो जग्गा रेखदेख गर्ने निहुँमा "औल लागेर" खतम होस् भन्ने नियतले पठाउँछ। अत्यन्त दुःखका साथ सवितासँग छुट्टिएर गएको नकुल रिडीमा वियोगको चोटबाट पीडित भएर र औल लागेर मरणासन्न हुने गरी बिरामी पर्छ।

यता सविता नकुलकहाँ जान दरबार छोड्न खोज्छे, तर उसलाई त्यसो गर्न दिइन्न।

अन्तमा सविताको आफैं सुकेर मर्ने हदसम्मको अपहत्तेको स्थितिपछि ऊ दरबारबाट मुक्त हुन्छे। दाजु र नकुलको मित्र प्रद्युम्नका साथ बल्लतल्ल रिडी पुगेकी सविताले नकुललाई व्यथाले च्यापेर मर्न लागेको बेलामा भेट्छे। भेटेपछि एकै छिनमा नकुल मर्छ। दाहसंस्कारको तयारी भइरहेको काली गण्डकीको किनारमा अरुको आँखा छलेर नकुलको लाससँग बाँधिएर सविता नदीमा हाम्फाल्छे। पर नदीको किनारमा दुई लासहरू एकै ठाउँमा छेउ लाग्छन्।

"प्रेमपिण्ड" फिल्मको कथा यत्ति नै हो।

यसमा सुसारेहरूबीचका ईर्ष्या, मेल, एड्बिलकी श्रीमतीको स्थिति, दरबारमा गाईजात्राको दिन नोकर बाँकाको हास्यप्रस्तुती, दरबारको रंगमञ्चका नाट्य-प्रस्तुतिहरू आदिका प्रसंगहरू पनि मूल कथाका सहायकको रुपमा प्रस्तुत छन्।

निर्देशक यादव खरेलले "प्रेमपिण्ड" जस्तो ठूलो र लामो नाटकलाई एउटा छोटो फिल्ममा उतार्न गरेको मिहेनत र कुशलताले उनको कथा र निर्देशन क्षमताको राम्रो प्रदर्शन गरेको छ। दरबार र रिडी लगायतका दृश्यहरूको संयोजनका अतिरिक्त नायकको भूमिकामा सरोज खनाल, नायिकाको भूमिकामा सनी रौनीयार, एड्बिलको भूमिकामा नीरशाह आदि र अन्य भूमिकामा शुसीला रायमाझी, निशा शर्मा, खेम शर्मा, हरिहर शर्मा लगायत सबैको अभिनयमा सामान्यतः खोट लगाउनु पर्ने स्थिति छैन। तात्कालीन दरबारिया परिस्थितिमा गीतहरू कथाका स्वाभाविक स्थानमा राख्न सकिने स्थिति हुनाले तिनीहरूले यस फिल्मको "बजार" विस्तार गर्न पनि ठूलै भूमिका खेल्ने देखिन्छ।



जम्मामा, फिल्म "प्रेमपिण्ड" नेपाली फिल्मी जगतको हालसम्मको स्थितिको एउटा उल्लेखनीय रचना हो भन्न हिच्किचाउनु पर्ने स्थिति छैन ।

२००५ सालमै पहिलो संस्करण छापिएको स्व. बालकृष्ण "सम" को नाटक "प्रेमपिण्ड" त्यतिखेरदेखि नै दुई कुराका लागि चर्चित रहेको थियो । चर्चित पहिलो कुरा यसको विषय वस्तु नै हो, जसमा दरबारको भित्री जीवनचर्या चित्रित छ, जसमा एड्बिलको सवितापतिको "अनौठो 'प्रेम'" दर्शाइएको छ र जसमा नकुल र सविताको "पहिलो दृष्टिमै" प्रेमको गाढापन दर्शाइएको छ । समको बलियो कलमका माध्यमबाट यी कुराहरू व्यक्त भएका छन् ।

यो कृति चर्चित हुनुको अर्को कारण हो- यसको शैली पक्ष । समले यो नाटक वास्तवमा त्यतिखेर नै नाट्यशालामा "तीन भाग लगालग तीन दिन लाएर" प्रस्तुत गर्नु पर्ने खालको रुप आकारमा लेखेका थिए । यस बाहेक, यस नाटकको थप विशेषता के छ भने- यसका दृश्यहरू वास्तवमा स्टेजमा हैन, सिनेमाको पर्दाको लागि नै उपयुक्त हुने खालका धेरै रहेका छन् । नाटकमा उनले बयान गरेका दृश्य यस्तासम्म पनि छन्, उनी लेख्छन्- "चन्द्रलोकमा पुगेर केही बेरै दृश्य अड्दछ । पहिले पर्वतका चुचुराहरू देखिंदा हिमालय पो हुन् कि भन्ने भान पर्दछ, पछि अर्कै बान्कीका स्थानहरूले चन्द्रमालाई ...."

"दृश्य फेरि चन्द्रमाबाट हट्न थाल्छ ।"

"दृश्य ओर्लेर पृथ्वीमा आईपुग्छ ।" आदि आदि ।

समको यो चर्चित कृतिका आधारमा तयार भएकोले पनि थप प्रचारप्रसारमा आएको यो फिल्मको सबैभन्दा ठूलो आलोच्य पक्ष भने यसको मूल विषयवस्तुको निष्कर्ष र यसले दर्शकमा पार्न खोजेको गलत प्रभाव नै हो ।

हामीले के कुरा देखेका छौं भने प्रायः समाजको प्रगतिको विरुद्ध वा यथास्थितिको पक्षमा कलम वा क्यामेरा चलाउने जति नै "ठूला" भनिएका लेखकहरूले वा फिल्मकारहरूले पनि समाजको प्रभावकारी रुपमा चित्रण गर्ने पर्छन्, तर त्यसबाट निश्कर्ष भने गलत निकाल्ने गर्छन् ।

समाजको यथार्थको चित्रणमै पनि यी लेखक वा फिल्मकारहरू एकपक्षीय हुन्छन् । त्यसमा उनीहरू पूर्वाग्रही रहेका हुन्छन् । अनि उनीहरू निश्कर्ष पनि गलत निकाल्ने गर्छन् । यस्तोमा उनीहरू समाजका लुटेरा र चुसाहा वर्गको परिवेशको जुन कुशल चित्रण गर्ने गर्छन्, त्यही परिवेशमा यथार्थमा रहने गरेको ती चुसाहा वर्गप्रति चुसिएकाहरूको मनको वा समाजको घृणा र विद्रोहको चित्रण भने उनीहरू गर्दैनन् । गरे पनि चुसाहाहरूको पक्षमा बंग्याएर, बिगारेर प्रस्तुत गर्ने गर्छन् । अनि उनीहरू यस एकांगी चित्रणका माध्यमबाट शोषक वर्गलाई "राम्रो देखाउने" वा "त्यति नराम्रो नदेखाउने" गरी निष्कर्षहरू निकाल्छन् । र, जनतालाई संसारबाट पलायन गर्ने सन्देश दिन्छन् ।

यसैकारण न्यायका पक्षधरहरूले, उनीहरूलाई नमीठो लागे पनि, उनीहरूलाई संबोधन गरेर बोल्नै पर्ने हुन्छ- "तिमीहरू कुशल, तर प्रतिकृयावादी कलाकर्मी हौ ।"

"प्रेमपिण्ड" वास्तवमा यस्तै एउटा चित्रण-कुशलता र प्रतिकृयावादी सोचले भरिएको कृति हो । किनभने, यसले लुटाहा राणा सामन्त खलनायक एड्बिलको घृणित शोषण र व्यभिचारलाई "प्रेम" को जलप लगाएर प्रस्तुत गरेको छ । यसले स्वाभाविक रुपमा नकुल र सविता एवं उनीहरूका शुभेच्छुक शोषित पीडितहरूको मनमा एड्बिलको शोषणप्रति उम्लेको "घृणा"को यथार्थको यथेष्ट चित्रण गरेको छैन । यसमा जति प्रयत्न एड्बिलको मन खोतल्नमा लगाइएको छ, नकुल र सविताको मनमा उठेको स्वाभाविक घृणाको पाटो खोल्नमा त्यति प्रयत्न लगाइएको छैन । यो पक्षपातका कारण यसले पाठक-दर्शकमा एड्बिलप्रति "घृणा" जगाउनुको सट्टा, यसको उल्टो, उसप्रति नै सहानुभूति पो पैदा गर्न खोज्छ ।

> **यसले लुटाहा राणा सामन्त खलनायक एड्बिलको घृणित शोषण र व्यभिचारलाई "प्रेम" को जलप लगाएर प्रस्तुत गरेको छ ।**

यदि कुनै कृतिले गलतका विरुद्ध घृणा जगाउनुको सट्टा त्यसप्रति सहानुभूति जगाउने चेष्टा गर्छ भने त्यस्तो कृतिलाई "खतरनाक" नभने, अरु के भन्ने ?

नाटकमा मर्न लागेको अन्तिम अवस्थाको नकुलको तुनामा बाँधिएको औंठी फुकालेर सविताले नकुलको साथी प्रद्युम्नलाई दिंदै त्यो औंठी दरबारमा एड्बिललाई नै फिर्ता दिनू भनी भन्दा वा यो भन्दा अलि फरक हुने गरी, फिल्ममा नकुलले यो औंठी एड्बिललाई फकाई देऊ भनी सवितालाई भन्दा उनीहरूभित्रको यो घृणा केही प्रकट त हुन्छ, तर त्यो अत्यन्त "क्षीण" मात्र देखिन्छ ।

नकुल र सविताका रुचि र प्रेमका विरुद्ध लुटको सम्पत्तिको बलमा र निरंकुश कोर्राका बलमा एड्बिलले उनीहरूलाई जसरी पिल्स्याएको छ, रुवाएको छ, त्यसका विरुद्ध पाठक वा दर्शक वर्ग क्रुद्ध नबनोस् भनी एड्बिलले सवितालाई अचम्मको, तर "शास्वत" खालको "प्रेम" गरेको यसमा देखाइएको छ ।

एड्बिल सवितापति मोहित छ, तर सैयौं रखौटीहरूलाई भोगिसकेको ऊ सविताको स्वाभिमानदेखि तर्सेको छ, र नै ऊ सवितापति आशक्त त छ नै, तर एउटा दूरीसहित ।

ऊसले सविताको इच्छा विपरीत सवितामाथि बलात्कार गरेन, बरु सवितालाई बक्सीसहरू ज्यादा दिइरह्यो । सवितासँग विछोड हुन लाग्दा उसको मनमा ठूलै भुइचालो गयो, उसको मन दुख्यो ।

तर के यो "प्रेम" नै थियो त ? निशंकोच अरु सुसारेहरूसँग रात बिताउन नछोडेको एड्बिलमा सवितापतिको आकर्षण मात्र पनि एकनिष्ट देखिन्न । यो प्रेम थियो भनी मान्नु सरासर भ्रम पाल्नु हो ।

हो, निश्चय नै सवितापति एड्बिल अरुसँगभन्दा बढी आकर्षित थियो । सविताको स्वाभिमानले एड्बिलको "अहं"सँग टक्कर पनि लिइरहेको थियो । सवितासँग एउटा "दूरी"मा ऊ रहनुको कारण सवितालाई लोभ्याएरै, फकाएरै वा "मनाएरै" अधिकार ग्रहण गर्छु भन्ने उसको सामन्ती अठोट थियो ।

"अमर प्रेम" वा "शास्वत प्रेम" वा "वर्ग निरपेक्ष प्रेम"को वकालत गर्नेहरूले यो "प्रेम" भन्ने कुरालाई भौतिक स्थितिको उपजभन्दा ज्यादा "कुनै अभौतिक र यसकारण पवित्र" कुराको रुपमा व्याख्या गर्दै आएका छन् । स्व. सम पनि यस कृतिमा यही व्याख्या प्रस्तुत गर्छन् । यसका निम्ति उनी यो व्याख्यालाई एड्बिलमा रहेको "आशक्ति" माथि थोपरेर प्रस्तुत हुन्छन् ।

वास्तवमा उनले पाठकमा प्रभाव छाड्न खोजेको त्यो "शास्वत प्रेम" ले के प्रेमिकालाई त्यसरी यातना, बन्धन र तडप दिन्छ र ? आफ्नी प्रेमिकाको प्रिय नकुललाई कालापानीमा धकेल्छ र ?


एउटा उल्लेखनीय कुरा के देखिन्छ भने, नाटकमा समले एड्बिलप्रति पाठकको जत्ति सहानुभूति पैदा गर्न खोजेका छन्, फिल्ममा यादव खरेलले त्यसभन्दा बढी यसो गरेका छन् । फिल्ममा सवितासँग विछोड हुँदा एड्बिल तड्पेको जुन "मार्मिक" दृश्यहरू र सवादहरू प्रस्तुत छन्, सविता हिंडिसकेपछि एड्बिलमा देखा परेको परिवर्तनलाई भने यसमा पटक्कै देखाइएको छैन, जुन समको नाटकमा देखाइएको पाइन्छ ।

समको नाटकमा दर्शाइएको छ- सविता गएपछि एड्बिल दुःखी हुन्छ, रक्सी बढी खान थाल्छ । विरामी परेजस्तै दुब्लाउँछ । तर पछि ऊ श्रीमतीले रक्सी नपिउने

—— बाँकी १७ पेजमा



निर्देशक : खरेल



सरोज : नायक कि सहनायक ?

**नेपालमा क्रन्तिभई समाजवाद लागु भईसकेपछिको कल्पनामा आधारित एक कथा**

*सृजनशील प्रगतिशील कथाकार कपिल लामिछानेले लेख्नु भएको यो कथा यसपल्ट हामीले पाठक वर्गका निम्ति प्रस्तुत गरेका छौं।*

*नेपाली भूमिमाथी समाजवादी क्रान्तिकारी परिवर्तन पछिको स्थितिबारेको एउटा स्वैर कल्पनामा आधारित यो कथा २०४३ सालमा "उत्साह" मा प्रकाशित भएको र त्यतिखेरको चर्चित कथा हो। यसमा केही कुराहरू अति काल्पनिक लाग्ने खालका छन्, र पनि हाम्रा पाठकहरूमा यसले नेपाललाई कस्तोसम्म बनाउन सकिएला भन्ने बारेमा एउटा राम्रो कल्पनाशीलता प्रदान गर्ने आशा हामीले लिएका छौं।*

——— कार्यकारी संपादक

# प्रवासीसंगको विमानयात्रा

**– कपिल लामिछाने**



कथा

"... **प्या**रा प्रवासी भाइ! निदायौ कि क्या हो? पख, अब हाम्रो विमान नेपालमा प्रवेश गर्न गइरहेछ। यो सुनौला अवसर हो, तिमीले यसलाई सुनौला अवसर नै मान्नुपर्छ। म त मान्छु। नझ्काऊ। धैर्य गर। सायद तिमी बढी उत्सुक छौ, चिन्तित छौ। यस्तै पर्न गयो त के गर्ने? हामी आफ्नै विकास-कार्यमा तल्लीन भयौं, तिमीहरु आफ्नै बाध्यतामा अल्पिरह्यौं। ...."

म सहयात्रीसित एक तमासले बोल्दै गइरहेको छु। आज मेरो मनस्थिति नै अचम्मको भइरहेछ। म मौनता एकछिन पनि चाहिरहेको छैन। यात्रामा पढ्ने भनेको किताब हातमै छ, तर त्यता मन लागिरहेको छैन। त्यसैले कमभन्दाकम संगैको सिटमा बसेको सहयात्रीसित केही न केही फतफताउन चाहन्छु र फतफताउँछु।

सायद मेरै फतफतले होला निन्द्रामा लट्ठिएको जस्तो ऊ पूर्णतः जागृत देखिन्छ। आफ्ना कुरा सुन्न सक्षम बनाउन उसलाई पेय-प्रस्ताव गर्छु, "झोल (चिसो) खान्छौ, मगाइदिउँ?"

आफैंमा हराएझैं ऊ, हुन्छ र हुन्न केही भन्दैन। हलुका किसिमको मुसुक्क हाँस्छ मात्र। म चीसो पेय ल्याउने आदेश दिन्छु, परिचारिकालाई। ऊ प्रवासी नेपाली हो, अकस्मात् बिमानयात्रामा परिचय भयो।

पूर्वाभिमुख विमान आफ्नो तीव्र गतिमा अघि बढिरहेछ।

मेरो फतुफत पनि अघि बढ्छ, "देख्यौ? विमान जति पूर्व हानिंदै छ, उति त्यो दूरस्थ हिमश्रेणी ठूलिंदैछ, अग्लिंदै छ, मोटाउँदै छ। सेतो बेलेस्टरमा अडेस लगाएर बसेको भलाद्मी झैं ऊ त्यो के हो ठम्याउन सक्छौ? त्यही त हो नि हाम्रो नेपाल! कस्तो राम्रो सुहाएको छ हगि? विश्वमा सुन्दरताको नमूना! विशालताको नमूना! विकासमा अग्रणी, कलामा पेरिस भन्दा अघि छ यो देश। साहित्यमा रुसभन्दा अघि भइसकेको छ, परिश्रमीमा चीनलाई पछि पार्ने यो देश! न्यायका लागि मरिमेट्ने शान्तिको नमूना यो देश। ठूलठूला साम्राज्यवादी शक्तिसामु नझुक्ने यो देश! सानो छ त के? हीरा हो, आँखाको नानी हो, गौरव हो, विशाल हो - उहिल्यैका हाम्रा साहित्यकारहरुले भनीआएका छन्। तिमी यसलाई सानो ठान्दैनौ पनि होला किनभने देश सानो र ठूलो त भावनाले हुन्छ, भौतिकताले होइन। ..."

ऊ टाठो भएर मेरा कुरा सुन्न थालिरहेछ। मेरा कुरा सुन्दा घरि ऊ निधार खुम्च्याउँछ, घरि बल्ल कुनै कुरा थाहा पाए झैं टाउको हल्लाउँछ। उसको अनुहार हेरेर नै म उसको प्रसन्नता र वेदना बुझ्छु, बुझ्दै जान्छु।

अहिले विमान नेपालको आकाशमा छ। उसका आँखा चनाखिला बनेका छन्। "दाइ, नेपाल .... ! ?" मानौं ऊ शब्दलाई तौलेर बोल्छ।

म उसको आशय बुझ्छु। "यही हो नेपाल?" ऊ आश्चर्यचकित हुन्छ। मानौं, नेपाल यस्तो हुनै सक्तैन। ऊ जिभ्रो टोक्छ। उसको अनुहार चम्किन्छ।

"हामी अहिले पश्चिम नेपालमा छौं, भाइ! यो नेपाल नै हो।"

ऊ दङ्ग पर्छ। म आनन्दित हुन्छु। सायद उसले सपनामा पनि सोचेको थिएन नेपाल, हाम्रो-नेपाल यस्तो भइसकेको छ भन्ने। उसको कल्पना फरक पर्न गएछ। चीलदृष्टिले हेर्दा नै उसले धेरै फरक पाएको छ। उसले अघि प्रश्न गर्नुको तात्पर्य यही थियो सायद, नेपाल आउन लागेको खोइ? यो त कुनै काल्पनिक स्वर्ग वा सुन्दै नसुनेको मुलुक जस्तो छ। ऊ घडी हेर्छ र तल पनि, यसको तात्पर्य हो- ऊ भ्रममा परेको छ- दिन हो कि रात, कता आकाश हो र कता धरती?

भ्रम-निवारण गर्नु म आफ्नो कर्तव्य ठान्छु, "भाइ, यसरी भ्रममा परौला भन्ने मैले अघि नै सोचेको थिएँ, तर यसबारे केही भनेको थिइन। एक्कासी कोही चकित हुन्छ भने मलाई आनन्द आउँछ। अहिले म आनन्दित छु, तिमी चकित भयौ- आफ्नो देश देखेर!"

ऊ घुटुक्क झोल निलेर मुसुक्क हाँस्छ।

म एक घुट्को झोल निलेर बोल्छु, "विमानदेखि तल टिमटिमे तारा जस्ता देखिरहेका छौं नि, ती तारा होइनन्, त्यो आकाश होइन। ऊ आकाश त माथि नीलो छ, तल धरती हरियो। हरियो तन्नामा हीरा जडेजस्तो देखिएको छ धरती। दिउँसैमा त्यतिका ग्लुपहरु बालिन्छन्। रातमा त झन् झलझलाकार हुन्छ, सम्पूर्ण नेपाल एकछत्रै उज्यालो हुन्छ-के डाँडाकाँडा, के पाखापर्वत, के खोला-नाला, के बन-वाटिका, के कल-कारखाना र फैक्ट्री, के स्कूल-कलेज र युनिभर्सिटी ....। ती ताँतीदार बिजुली-बत्तीहरु बीच-बीचमा कटिएर कोठेदार बनेका छन् नि! तिमी नसम्झ कुनै हाकिमको कोटमा इस्त्री लगाउन लागेको .... ! र अहिले बलिरहेका नाडले ग्लुपहरु प्रायः कारखानाका हुन्-कारखाना चलिरहेका सङ्केतक। बिजुलीले गर्दा त्यो आकाशगङ्गा जस्तो देखिएको हो। तिमी नेपालको यो पश्चिमी भू-भागलाई उहिले झैं सामन्त-पलङमा घरबुट्टे तन्ना ओछ्याएको ठान्दै हौला। तर प्रवासी भाइ, आँखा गाडेर हेर त। घरबुट्टे तन्ना होइन त्यो, अत्याधुनिक शहर हो-कलात्मक शहर। अहिले ती किरमिर देखिएका भवनहरु नेपालीहरुका हुन्-तिमी-हामीहरुका उहिल्यै झैं ठूला र राम्रा घर जति शोषक, सामन्त या विदेशीका हेइनन्। प्रत्येक भवनको छेउछाउमा तरकारी-बारी, बगैचा, मोटर ग्यारेज, स्वदेशी चिप्लेकार, अहिलेको बेन्चकार भन्दा आरामदायक, गुडगुडेहरु आदिले गर्दा ती भवन सुविधासम्पन्न छन् ....।"

म भन्दै गइरहेको हुन्छु। ऊ सुन्दै गइरहेको हुन्छ, तर उसका आँखा कर्णाली र कर्णाली-किनारका ठूलठूला विद्युत उत्पादन केन्द्रमा केन्द्रित भएका हुन्छन्।

"उहिल्यै करोडौं मेगावाट विद्युत् कर्णालीमार्फत वर्षेनी बगेर जान्थ्यो भाइ, तर अब जान्न। ठाउँ ठाउँमा बाँध बाँधी विद्युत उत्पादन गरिएको छ, सिचाईमा लगाइएको छ। ती विद्युत-उत्पादन केन्द्र हुन्। त्यसै हुन्छ झलझलाकार? त्यसै हुन्छ विकास?"

मेरा कुरा सुन्नमा उसको अहिले ध्यान छैन। कसैले तानिसकेको छ उसको ध्यानलाई। ऊ पालै पालो दक्षिण र उत्तरतर्फ हेर्छ र अन्तमा दक्षिणतर्फ कुनै वस्तुमा उसका आँखा चपक्क टाँस्सिए झैं हुन्छन्। म उसको यो क्रिया हेरिरहेको हुन्छु। मैले बोल्न छाड्ने वित्तिकै ऊ चोर औंलाले त्यसतर्फ देखाउँदै तौलेर बोल्छ, "नेपालको दक्षिणतर्फ पनि हिमाल !?"

ऊ अर्को आश्चर्यमा परेको छ। म आनन्दित छु। गद्‌गद् हुँदै भन्छु, "दक्षिणतिर उभिएको ठूलो लमतन्नै परेको चनाखिलो त्यो हिमाल अनि त्यसका बीचोबीच गमक्क गम्की अवस्थित अग्लो चुचुरो चाहिं विश्वको सर्वोच्च शिखर सगरमाथा जस्तो देखिन्छ होइन? वास्तवमा त्यो पर्खाल हो, विश्वको आधुनिक महान्

पर्खाल ! पुरातात्विक "ग्रेटवाल" भन्दा कता न कता ठूलो (लामो होइन) पर्खाल । ...!

ऊ आश्चर्य, हर्ष र कौतुकले चकित, प्रफुल्लित र विस्मित हुन्छ । म झन् आनन्दित हुँदै जान्छु । ऊ पुनः बोल्छ, "पर्खाल लगायत देखिने प्रत्येकको परिचय ... सकभर नबोल्ने डक्टरको सल्लाह छ । प्रत्येक कुरा जान्ने सुन्ने मेरो तीव्र इच्छा छ, त्यही इच्छाले तानिएर म अहिले यहाँ छु । कृपया .... ।"

तौली तौली बोल्नुको रहस्य खुल्छ । उसको जिज्ञासा र विवशता बुझ्छु अनि म उस्तै फतफताउँदै जान्छु, "थाहा छ ? यसै पर्खालभित्र हाम्रो विशिष्टता अवस्थित छ । हाम्रो स्वतन्त्रता, आत्मविश्वास र शान्ति सदा सर्वदा सुरक्षित-सम्बर्धित छ । तिमीलाई थाहा भएकै कुरो हो, यो पर्खाल उहिल्यै थिएन । त्यसैले विकास भाग्थ्यो, मौलिकता लुटिन्थ्यो, कला, संस्कृति, स्वतन्त्रता, सुरक्षा .... सरसरती आएर साहित्यको गला घोटिन्थ्यो, भाषा भत्काइन्थ्यो, शान्तिको कान-नाक निमोठिन्थ्यो, सीताहरुको हाकाहाकी हरण हुन्थ्यो, विशाल जमातका बीचमा निर्लज्ज भएर हाकाहाकी लज्जालु द्रौपदीहरुको सारी भुत्ल्याइन्थ्यो, शैक्षिक गुणस्तर खलबल्याइन्थ्यो, एकलव्यहरुको औंलो काटिन्थ्यो, आर्थिक सन्तुलनले सुईंकुच्चा ठोक्थ्यो .... विकासका सन्दर्भमा हामीले यस्तो एउटा सौन्दर्यको प्रतिमूर्ति, आकर्षणको केन्द्र पर्खालको आवश्यकता अनुभव गर्‍यौं, बनायौं । यसलाई यस स्वरुपमा उभ्याउन करोडौं नेपालीले तँछाडमछाड गरी स्वेदधारा र रक्तधाराको लगानी गरेका थिए, भाइ ! वैदेशिक अनुदानबाट बनेको होइन यो । आफ्नै श्रम र लगनशीलताका अगाडि अरुले दिएको खरबौं-खरबौं रुपैया पनि केही होइन । चर्पी, ढल बनाउनका लागि पनि वैदेशिक अनुदानकै अपेक्षा गर्ने उहिल्यैको प्रवृत्तिमा आमूल परिवर्तन आईसक्यो, भाइ ! कत्रो खुसी, प्रसन्नता र हर्ष व्याप्त भयो यो पर्खाल तयार भएदेखि । पुगनपुग डेढ हजार कि.मि. लामो यो पर्खाल तयार भएदेखि कति ढुक्कले हिंड्न, सास फेर्न र निदाउन सक्यौं । यसलाई पूरै हिमाली ढाँचामा निर्माण गरिएको छ । त्यसैले यसलाई पार गर्न पर्वतारोहण गर्नु भन्दा सजिलो छैन । निर्दिष्ट मार्गबाट मात्र कोही आउन जान सक्छ । राहदानीको व्यवस्था छ, उहिल्यै झैं मनलागी सरसरती कोही पस्न बस्न पाउँदैन । कोही बेचिन जान पाउँदैनन्-के मान्छे, के मूर्ति ! कडा पहरा छ, उहिल्यै झैं झगडा छैन .... ।"

ऊ मलाई यस्तो हेरिरहन्छ लाग्छ, ऊ आफैंलाई चाहिं बिर्सदै गइरहेछ । उसको त्यस्तो शुर देखेर मानौं म अनौठो जन्तु हुँ, जसलाई ऊ प्रथम पटक देखिरहेछ । बीच बीचमा टाउको हल्लाउँछ र म झन् झन् सुरिन्छु र सुनाउँदै जान्छु ।

"..... त्यतिमात्र कहाँ हो र भाइ, हाम्रा प्यारा नदीहरु समेत स्वेच्छाले पर्खाल नाघेर माया मारी जान पाउन्नन् र जान्नन्, न त तिनलाई उहिल्यै झैं टाठा बाठा र सत्तामा भएकाले स्वार्थपूर्तिका



निमित्त कुनै निहुँमा आवधिक (Timebound) या निरवाधिक बिक्री नै गर्न सक्छन् । हिमाली ढाँचामा निर्मित त्यस आधुनिक महान् पर्खालमा पुगेर ठोक्किए पछिका नदीहरुका पानीलाई दुई किसिमले बाँडिएको छ । एक त, केही भाग पानी प्रविधि विशेषद्वारा तराइतर्फै प्रत्यावर्तन गरी सिंचाइमा सदुपयोग गरिएको छ र विद्युत-उत्पादनमा समेत लगाइएको छ । दोस्रो, बाँकी पानी विशाल जलाशयमा मिसाइएको छ । त्यो अग्लो सगरमाथा हो । त्यसकै तल विशाल "जलविद्युत निर्यात कम्पनी" छ र रेल छिर्ने सुरुङ पनि छ । कृत्रिम सगरमाथाकै छेउमा एउटा यति ठूलो जलाशय निर्माण गरिएको छ, जसलाई नेपालका सबै नदीले लगातार पाँच वर्ष श्रम गर्दा पनि भर्न सक्तैनन् । ठान, त्यो मानवनिर्मित लघु समुद्र नै हो । पानी बाहिर निकासी गर्न आवश्यक परेमा त निकासी पनि गरिन्छ र आवश्यक नठानिएमा त्यहीं जम्मा गरिन्छ र प्रशस्त जलविद्युत उत्पादन गरिन्छ । केही विद्युत् बाहिर निकासी गरिन्छ वा अन्य मुलुकहरुमा विद्युतद्वारा त्यसै जलाशयको पानीलाई तताई बाफमा परिणत गरेर विशेष निकासी गरिन्छ भने बाँकी यन्त्र र प्रविधिद्वारा प्राकृत हिमालयतिर सम्प्रेषित गरिन्छ, जसले गर्दा वर्षाको लागि वर्षायाम नै पर्खिरहनु पर्दैन । जुनसुकै महीनामा पनि जुनसुकै खेती गर्न सक्ने सामर्थ्य प्राप्त भएको छ हामीलाई, एकै समयमा पनि विभिन्न बाली उब्जाउन सकिएको छ । ...."

"प्रकृतिमाथि यत्रो नियन्त्रण ? विजय !?"

एकदम चकित छ ऊ । त्यही अनुपातमा एकदम आनन्दित छु म ।

"आफ्नो यस्तो समुन्नति सुनेको थिएनौ प्रवासमा ?"

"सुन्नु र देख्नुमा धेरै फरक हुँदो रहेछ ।"

उसको भावसघन उत्तरले म प्रभावित हुन्छु । लोभ लाग्छ त्यस्तो कथनप्रति । विमान अपेक्षाकृत तल ओर्लेको छ । धरतीका धेरै बस्तु ठम्याउन सकिन्छ अब । म मौन हुन्छु एकछिन । यसको मतलब ऊ पनि मौन हुन्छ । म आनन्दले गद्गद् छु । अन्य सहयात्री कोही गफमा लट्ठ छन्, कोही केही न केही खानमा र कोही निदाउनमा ब्यस्त छन् । विमानको मसिनो सङ्गीतमय घुनुनुनु र सुगन्धमय हलुका परिवेशमा देश-विदेशका सबै सहयात्री निश्चल, स्तब्धप्रायः र मग्न छन् । ऊ आफ्नै सुरमा छ, आफ्नै सोचाइ र चिन्तनमा डुबेको छ ।

**... त्यतिमात्र कहाँ हो र भाइ, हाम्रा प्यारा नदीहरू समेत स्वेच्छाले पर्खाल नाघेर माया मारी जान पाउन्नन्**

"एउटा कुरा नि दाइ, सीमानामा त्यत्रो हिमाल खडा गरिदिंदा छिमेकीहरु रुष्ट भएनन् ?"

चिन्तनमा डुब्नुको अर्थ खुल्छ । म उसको शंका पुछिदिन्छु, "भएनन् भाइ, सम्झौता भएको थियो अनि उनीहरु पनि त लाभान्वित छन् यसबाट । हिमालयको उदाहरण खोज्न टाढा जानु परेन । यताबाट जति सुन्दर छ त्यो, त्यत्ति सुन्दर उस भेकबाट पनि छ । जति फाइदा हामीलाई छ, लगभग त्यति फाइदा उनीहरुले पनि लिइरहेछन् । अनि ?"

"ए !" ऊ टाउको हल्लाउँछ ।

उसको यस्तो हल्लाई देखी म मुस्किरहन्छु-मुसुक्क ।

प्रायः सबै पर्वतका टाकुरा-टाकुरामा इलेक्ट्रिक फेन जस्ता घुमिरहेका हावा-पंखातिर औंल्याएर ऊ एक पटक फेरि तौलेको (भावसघन) शब्द बोल्छ, "ती !?"

"मैले नै चिनाईदिनु पर्छ, त्यो पनि ?" भन्छु, "हावा-पंखा हुन ती । हावाद्वारा सञ्चालित पंखा, जसलाई चलाउन कृत्रिम शक्ति (जेनेटर, विद्युत) को आवश्यकता पर्दैन । ...."

मानौं, उसले मसित अन्तर्वार्ता लिइरहेछ । बीचैमा काटेर सोध्छ, "त्यसो होइन, उपयोगिता !?",

यस्तो प्रश्न गर्दा उसको अनुहार नै एउटा प्रश्न चिन्हको प्रतीक जस्तो लाग्छ । यस्तो शीतल मुलुकमा त्यत्रा पंखा देखेर उपयोगितामाथि शंका हुनुलाई म अनौठो ठान्दा पनि ठान्दिन । हावा-पंखादेखि अपरिचित रहेनछ ऊ । बढी बोलेछु म ।

म उपयोगिताको व्याख्या गर्छु, "हेर भाइ, नदीहरु पहाडको फेदीफेदीबाट अघि बढ्छन् । पहाडका टाकुरा प्रायः सुख्खा हुन्छन् । ती पंखाले फेदीको पानी टप्पुमा पुऱ्याउने काम गर्छन । विद्युत पर्याप्त भए तापनि जहाँ विद्युत विना नै काम चल्न सक्छ र चलिरहेछ, त्यहाँ विद्युत लगानी नगर्ने भन्ने हाम्रो वर्तमान नीति छ, भाइ । अँ, तिनबाट माथि पुऱ्याइएको पानी खानपीनमा, सिंचाईमा र कारखानाहरुमा वितरण ..... ।"

बोल्दाबोल्दै टक्क अडिन्छु म । झोलको अन्तिम घुट्को घुटुक्क निल्छु र हातको किताब मन लागी नलागी पल्टाउन थाल्छु ।

एक्कासी कुनै कुरा सुझे झैं ऊ मौनता भङ्ग गर्छ, "यातायात ?"

यातायातका सम्बन्धमा केही बताइदिनु हुन्थ्यो कि ? भन्ने अर्थ लगाउँछु म उसको यस प्रश्नको । अलिक बेरपछि स्वयं देख्ने कुरालाई अहिले मैले सुनाएर वा नसुनाएर के फरक पर्छ ? मलाई लाग्छ, यहाँको यातायात व्यवस्था सुनी ऊ छक्क पर्नेछ अनि म आनन्दित भइरहनेछु । अन्यत्र विकास हुँदै नभएको होइन, तर यहाँको देखेर ऊ छक्क परेको कुरा मैले बुझेको छु । छक्क पार्ने लोभ लाग्छ मलाई । फतफताउन थालिदिन्छु, "त हाम्रो समुद्र छैन भन्ने तिमीलाई थाहै छ । दक्षिण एशियाली मुलुकहरुसंगको सम्झौता अनुसार अहिले हाम्रो अधीनमा पाँच बन्दरगाहहरु छन् । केही स्थूल सामग्री तथा कच्चा पदार्थ अद्यावधि बाहिरबाटै आयात गर्नु परिरहेको छ । त्यस्ता सामग्रीहरु प्रथमतः तिनै बन्दरगाहहरुमा उतारिन्छन् र नेपाल रेल सेवाका रेलद्वारा शहीद बृहत्-पथबाट सिधै पोखरा पुराइन्छन् । कृत्रिम सगरमाथामुनि जुन सुरुङ छ नि, हो त्यही सुरुङ पार गरेर रेल पश्चिम-उत्तर हानिन्छ । शहीद बृहत्-पथमा पर्ने नारायण नगर (उहिलेको नारायण गढ) मा नारायणीमाथि चार तले विशाल पुल निर्माण गरिएको छ, जसको माथिल्लो तलाबाट रेल ओहरदोहर गर्छ । पुल पार गरेर रेल उत्तर लाग्छ त्रिशुली किनारै किनार । मुग्लिन पुगेपछि मर्स्याङदी र त्यसपछि मादीको किनारै किनार रेल मार्ग पोखरासम्म सुव्यवस्थित छ । तिमीले सम्झ्यौं उहिल्यैको दार्जिलिङमा झैं दुई ओटा यन्त्र (इन्जिन) ले तानिन्छ । घचेटिन्छ । त्यसो होइन, विद्युत शक्तिद्वारा चालित हुनाले एक त रेलको गतिशक्ति अत्यधिक छ, त्यसमा पनि पोखरा दार्जीलिङ जति उचाइमा पनि त छैन । पोखरामा ठूलठूला गोदामहरु बनाइएका छन्, जहाँ आयात गरिएका सामग्रीहरुको सुव्यवस्थित भण्डार गरिन्छ, जसमा सामान सधैं सुरक्षित रहन्छन् ।....

.... हवाई, जल र स्थल मार्गका अतिरिक्त रज्जुमार्गका विकासले हाम्रो

यातायात व्यवस्था व्यवस्थित र भरपर्दो साबित भएको छ ।

.... ऊ ऊ रज्जुमार्ग अलि अलि देखिदै छ ! नपत्याए ल दूरदर्शक यन्त्रले हेर त । ठम्याऊ । देख्यौ ? ऊ ती थाँक्रामा काँक्रा जस्ता तुर्लुङतुर्लुङ हल्लिदै अघि बढिरहेका देखिन्छन् ! ती के हुन् ? त्यति पनि थाहा छैन तिमीलाई ? रज्जुमार्गमा चल्ने तुर्लुङ्गे यान भनेका तिनै त हुन् नि लाटा ! तराईतिरबाट पहाड र भित्री प्रदेशमा सामानहरु ल्याउन लैजान तथा आवागमनका निमित्त तुर्लुङ्गे यान हामीकहाँ निकै उपयोगी साबित भएका छन् । हामीकहाँ पेट्रोल र डिजलका खानीहरुको कमी छ । त्यसैले सकेसम्म यहीं उत्पादित पेट्रोलले पुगोस् भनेर पेट्रोलको कम खर्च गरिन्छ र विजुलीकै व्यापक प्रयोग गरिन्छ । तुर्लुङ्गे यान विद्युत शक्तिद्वारा सञ्चालित हुन्छ । बिजुलीको भने हामीकहाँ कमी छैन । पूर्व-पश्चिम, उत्तर-दक्षिण सबैतिर रज्जुमार्गको महाजाल बिच्छ्याइएको छ ।"

हाम्रो विमानले धेरै लामो बाटो तय गरिसकेको छ । उसले बाहिर धेरै कुरा देखिसकेको छ र मैले बोलिरहेका बेलामा उसका अनुहारमा कैयौं प्रश्न पनि खडा भए । तर उसले सोध्न भ्याएन र सकेन । एउटा प्रश्न समाधान नहुँदै अर्को प्रश्न खडा हुन्छ उसमा । ऊ व्याकुल बन्दै गइरहेको छ । चस्मा झैं आँखामा लगाएको दूरदर्शक यन्त्र घरि लगाउँछ, घरि खोल्छ । ऊ झन् झन् छक्क पर्दै गइरहेको छ । विमानका अन्य सहयात्रीसित हाम्रो सरोकार छैन । परिचारिकाहरु बीच-बीचमा ओहर दोहोर गर्छन् । सबै आफ्नै धूनमा छन् । हामी आफैंमा व्यस्त छौं, आनन्दित छौं, गद्‌गद् छौं ।

एक छिनको मौनतापछि म परिचय क्रम अगाडि बढाउँछु, "लौ हेर ती धवलागिरीहरु ! अग्लो तर थ्याच्च परेको चाँहि धवलागिरी हो । मुसुक्क हाँसे जस्तो छैन त ?"

धवलागिरीको नाम सुन्ने बित्तिकै ऊ आफ्नो यन्त्र जड्छ र घुमाई घुमाई हेर्छ । "ऊ अब बागलुङ् शहर पनि छर्लङ्ग देखिदै छ ।" म उसलाई चिनाउँछु ।

"बागलुङ कि दार्जीलिङ ?!"

ऊ दूरदर्शक यन्त्रका सहायताले र खुला आँखाले पालो-पालो गरी हेर्छ- बागलुङ् शहरलाई र मानौ मेरो भूल-सुधार गरे झैं सोध्छ । सायद दार्जीलिङ्गलाई मैले भूलले बागलुङ भनिदिएको हुँ । उहिलेको दार्जीलिङ जस्तो देखेर उसले त्यस्तो शंका गरेको होला सायद ।

"दार्जीलिङ होइन, भाइ । त्यो त पूर्वी छेउमा पर्छ । यो बागलुङ नै हो । त्यो टिस्टा होइन, काली गण्डकी हो । कालीको तीरैतीर हेर त कत्रा फराकिला सडक ! कत्रो आवागमन ! मोटरहरु ! मानवहरु ! भवनहरु ! थरिथरिका बालीनालीहरु ! हावा-पंखाहरु ! पहाडका टापु-टापु र फेदीफेदीमा तुर्लुङे यानहरु ! कति आबाद छ काली-किनार ! कति आबाद छन् पाखा-पखेरा ! कति आवाद छन् ..... !"

भनिरहनु नपर्ला, उसका अनुहारमा जन्मेका प्रश्न र कौतुकलाई म शब्दशः उल्लेख गर्न सक्तिन र प्रश्नलाई उत्तरमा उल्था गरेर प्रस्तुत गर्न भ्याउन्न । विमान हानिइरहन्छ । कैयौं शहर बीचमा छुट्छन्, कैयौं आश्चर्य लाग्दा कुरा छुट्छन्, उसलाई आश्चर्यमा पारेर आनन्द लुट्नबाट बञ्चित हुन्छु ।

अब विमान पोखराको आकाशमा प्रवेश गर्छ । उसले आँखामा चस्मा लगाए झैं दूरदर्शक यन्त्र फिट गरेको छ र त्यो निकालेर ऊ मेरो मुखमा हेर्छ । हेर्नु नै सोध्नु हो ।

"त्यो पोखरा हो, भाइ ! ती माछापुच्छ्रे र अन्नपूर्ण श्रेणी अब स्पष्ट देखिदैछन् । कति ताजा छन् तिनीहरु, नव-युवतीका पानीदार आँखा जस्ता । दक्षिणतर्फ तिनकै छायाँ जस्ता कृत्रिम माछापुछ्रे, अन्नपूर्ण .... । मानौं त्यो ऐनामा देखिदैछ । भाइ, अहिले न उहिल्यैको पोखरा रह्यो, न सेती, न मादी, न फेवा र बेगनास ताल .... । अचेल तिमी पोखरामा उहिल्यै झैं फेवा तालका घाटहरुमा निर्वस्त्र वा नाङ्गै पल्टिरहेका टुरिष्ट पाउने छैनौ । बासना-लम्पटहरुका शिकार बनेका भरखरका कलिला तरुनीहरु सेतीमा हेलिइरहेका वा कुनै टुङ्गाको अक्करमा विभत्स रुपमा अड्केका प:उने छैनौ । जनताका पक्षधरहरुका लास गिद्धले लुछिरहेको पाउने छैनौ । परिवर्तित छ पोखरा ! परिवर्तित छ नेपाल ! त भन, त्यहाँ सेती देख्यो ? के देख्यौ, सेतीलाई त सुरुङ्ग बनाएर मादीमा मिसाइएको छ । अब त्यहाँ नमिता, सुमिताहरु बग्दैनन्, भाइ । न त जिउँदा मान्छेहरु बग्छन् । देख्यौ, ती थुम्का जस्ता ? तिनै हुन् गोदाम । जति ठूला माथि देख्दैछौं, त्यो भन्दा धेरै बढी भाग जमिनमुनि छ । एक गोदामबाट अर्को गोदाममा जान तलतलै मोटर बाटो बनेको छ भने माथि आउन मोटर र मानिसका लागि बेग्लाबेग्लै ठूला-ठूला सुलुक्कै सिढी ( लिफ्ट) बनाइएका छन् । देख्यौ, पोखरामाथि माकुराको जालो जस्तो के हो त्यो ? रज्जुमार्ग हो भाइ त्यो । पोखरामाथि त्यसलाई माकुरा-जाले ढाँचामा व्यवस्थित पारिएको छ । एक डाँडाबाट अर्को डाँडामा, एक ठाउँबाट अर्को ठाउँमा जान हुने गरी निर्माण गरिएको यस माकुरा-जाले रज्जुमार्गलाई अंग्रेजीमा उल्था गर्दा रोपवे कम्प्लेक्स भन्न सकिन्छ .... ।"

> **के देख्यौ, सेतीलाई त सुरूङ बनाएर मादीमा मिसाइएको छ । अब त्यहाँ नमिता, सुमिताहरू बग्दैनन्, भाइ । न त जिउँदा मान्छेहरू बग्छन् ।**

"बिमान !?"

"बस्तैन अचेल । छैन धावनमार्ग यहाँ । उहिलेका जस्ता टुम्के विमान भन्दा त अहिलेको तुर्लुङ्गे यान नै भरपर्दो र सजिलो छ, भाइ । त्यहीं नगई त्यहाँको वास्तविकता बुझ्न सकिन्न ... ऊ रेल ..."

पोखरा छुट्छ अब । तर अझै अन्नपूर्ण, माछापुछ्रे, धवलागिरीलाई ठम्याउन सकिन्छ । गणेश हिमाल छर्लङ्ग देखिन थाल्छ । डाँडाकाँडा आवाद छन् सब । उसका अनुहारमा प्रश्न चिन्ह म देखिरहन्छु, तर कुन चाहि प्रश्नको जबाफ दिऊँ म स्वयं अलमलमा पर्छु र एकोहोरो केही न केही भन्दै जान्छु । बिमानको गति तीव्र भएकोले एक-एक कुराको बयान गर्न भने म भ्याउन्न । आत्तिन्छु । थाक्छु ।

"ऊ मादी, मर्स्याङदी, त्रिशुली, नारायणीहरु हेर, तिनका आसपासका ससाना शहरहरु .... सडकहरु ... सब आबाद छ धरती ... ऊ कृत्रिम सगरमाथा अब झन छर्लङ्ग देखिदै छ । विशाल छैन त ? र ती..ती..ती..ती... !

...अब काठमाडौं टाढा छैन भाइ ।"

यस्तो सुनेर ऊ मानौं उफ्रिन्छ, "मेरो पुख्यौली घर त्यतै हो दाइ, आइपुग्यो होइन ?"

ऊ आफ्नो झोला खोतल्छ र के के यन्त्र, किताब र मान चित्र निकाल्छ । हतारहतारले पुनः दूरदर्शक यन्त्रले बाहिर हेर्छ । "खै, उपत्यका पुगियो ?"

ऊ यस्तो किसिमले प्रश्न गर्छ, मानौं उसलाई डाक्टरले नबोल्नु भनेको मिथ्या हो ।

विमान उपत्यकाको आकाशमा छ । ऊ पुरानो मानचित्र पल्टाउँछ काठमाडौंको र त्यहाँ उसका आँखा धरहरामा केन्द्रित हुन्छन् । ऊ मानचित्रमा धरहराको तला गन्छ र दुबै धरहरातर्फ हेर्छ । ऊ कुनै कुरा सम्झिन खोजे झैं गरी निधार खुम्च्याउँछ, चोर औंलो ठड्याएको हात निधारमा लैजान्छ अनि मेरो मुखमा हेर्छ । हेर्नुको अर्थ हो-ऊ केही सोधिरहेछ ।

म उत्तर दिन्छु संक्षेपमा उसलाई, "हो, अब एउटा थप धरहरा बनेको छ । त्यसैले तिमी अक्मक्कियौ । भवनै भवनका बीचमा त्यो फुच्चे धरहरा भीमसेन थापाकै पालाको हो । पछि बनाइएको नवीन धरहरा बेग्लै ढाँचा र छाँटको छ । आफ्नो त्यो पुरानो मैप हेर त, पहिलेको धरहराका सिरानमा बडेमानको घडी छ ? बिजुलीका लाइनदार नाङले ग्लुप छन् ? वरिपरि ठूला ठूला ताँतीदार भवनहरु छन्-डेढ दुई सय तलाका ? .... कति अन्तर छ ती धरहरामा ? एउटा इतिहासको साक्षी र अर्को आधुनिक उन्नतिको प्रत्यक्ष द्रष्टा !"

ऊ अवाक भएर घरि मेरो मुख र घरि काठमाडौं हेरिरहन्छ । म भन्दै जान्छु, "अरु देख्यौ ? यहाँका व्यवस्थित योजनाबद्ध भवनहरु, तीन चार तले सिलित्त परेका सडकहरू, बी-बीचमा हरियालीहरू, मनोरम दृश्यहरु, राता-हरिया-सेता नाङले ग्लुपहरु ..... ! तिम्रा आँखा त्यहाँनेर किन अड्के ? के बागमती, विष्णुमतीहरु खोजेको ? जुनी फेरिसके तिनीहरुले त । नरकप्रवाही टुकुचाको सम्झना भयो ? मनोहरा ? बिचरा कति पछि छ तिम्रो स्मृति ! बागमती, मनोहरामाथि पूरै सडक बनेको छ, तीन चार तले विशाल अर्थात् रोड कम्प्लेक्स ! ढल झैं तिनीहरु चोभार पुगेका छन् । अँ, ऊ देख्यौ विष्णुमती ? त्यत्रो विपुल जलराशि .... सुन्दर, सफा घाट र वी-वीचमा बनाइएका झरझर झरना ..... ।"

ऊ अचम्ममा पर्छ । "विष्णुमतीमा त्यत्रो पानी हुनै सक्तैन ।"

म स्पष्टीकरण दिन्छु, "त्रिशुलीको आधा जति पानी पर्वत काटेर बिष्णुमतीमा मिसाइएको छ । उपत्यकामा त्यति पानीको आवश्यकता ठान्यौं, प्रयत्न गर्‍यौं, ल्यायौं, मिलायौं । बिंष्णुमती, बागमतीका किनारै किनार घुमिरहने फोहर, दुर्गन्ध र महामारीहरुका किटाणुहरुले पनि अब नेटो काटीसकेका छन् । तीनका ठाउँमा अब फूलहरु हाँसिरहेका छन्, सुगन्ध मगमगाइरहेका छन् ... । अनि चोभारमा निर्मित जलाशयमा पुगेर बागमती, विष्णुमतीहरु विश्राम लिन्छन् । प्रायः तिनलाई तराई पस्नु पर्दैन । चोभारमै पनि विद्युत उत्पादन गरिएको छ, जुन विद्युत पूरा कारखाना र उद्योगहरुमा वितरित छ ।"

म चुप लाग्छु । अब त उसको जिज्ञासा मेटिइसकेको हुनुपर्छ । विमानयात्रामा पढ्ने भनी हातमा लिइराखेको किताब मेरो हातमै हुन्छ । म त्यसलाई फरर पल्टाउँछु । पढ्न भ्याउन्न अब । विमान रोकिने बेला भएको छ । त्यसैले त्यसलाई झोलामा हाल्छु ।

ऊ निधारमा गाँठा पारेर केही सोच्छ र सोध्छ, "झलझली सम्झिरहन्थें सम्झिन त, तर देश सम्झिदो रहेछ- एकमुष्ट देश ! खै, गाउँ ठाउँ त चिन्दिन । त्यो के रे ?" यसो भन्दा उसको चोर औंलो कीर्तिपुरतिर फर्केको हुन्छ ।

"त्यो कीर्तिपुर शहर हो, भाइ । छुट्टै शहरका रुपमा बिकसित भइसकेको छ त्यो । उहिल्यैदेखि चलिआएको त्रिभुवन विश्वविद्यालय, ऊ ती त्यही हो । नाम सुनेकै हौला नि । त्यहाँ हेर ती कति सिलिङमिलिङ ! अहिले पनि हज्जारौं विद्यार्थी फिल्डमा काम गरिरहेछन् । प्रशिक्षण लिइरहेछन् । तिनीहरुमध्ये कोही प्रयोगशालाहरुमा व्यस्त भएको हुनु पर्छ । किताब मात्र बिद्या होइन भन्ने तिनले बुझेका छन् । देश बिकासमा मरी मेट्ने तिनको संस्कार बनिसकेको छ ।

"ऊ ललितपुर, भक्तपुर ... ऊ पल्लो कुनामा साँखु ।" म पनि औंल्याएरै भन्छु, "ऊ फूर्वी ध्याचू, जोर्जेलोम्पा, लाम्टाङ, गणेश आदि हिउँचुलीहरु, नगरकोटको थुम्को- सूर्योदय हेर्न रमाइलो ठाउँ र आकर्षणको केन्द्र, चन्द्रागिरी, फूल्चोकी, शिबपुरी, नागार्जुन .... का डाँडाहरू र तिनका टुप्पाटुप्पामा जडिएका हावा पंखाहरू, तुर्लुङडे यानहरू, घुमी-घुमी डाँडामा पुग्ने घुमाउरा सडकहरू, सडकका तल-माथि हरियालीहरू ...

कति खाल्डोमा देखिन्छ हगि

> मैले प्रायश्चित गर्नुपर्छ । म जस्तालाई पनि देशद्रोही भने हुन्छ, दाइ म, मलाई माफ गर्नुहोस् । मेरो पसीना देश-निर्माणमा लाग्न पाएन ... ।"

स्वयम्भू ? चारैतिर निर्मित गगनचुम्बी भवनहरूले गर्दा, हेर, स्वयंभू जसकोतस छ । त्यो त्यसै सुन्दर छ । त्यसको बेग्लै महत्व छ । त्यस्तै रहोस् भन्ने हाम्रो विचार रहिआएको छ । हामी बुद्धका अर्द्धमूदित नयन उघार्न चाहान्नौं । उनको शान्तिप्रतिको अटल आस्था खलबल्याउन चाहन्नौं । कति मान्छेहरू तिनमा प्रतीकात्मक आस्था राख्छन् । राखून् । एउटा सजिलो बाटो पनि हो । आखिर बुद्ध-शिव, कृष्ण, राम जस्तो कल्पना पनि त होइन ।

ल हेर ती, नागार्जुनको पूर्वी कोखमा आलिसान भवनहरू, छ्यापछ्याप्ती कारखाना र फैक्ट्रीहरू, चिम्नी भट्टाहरू ... । तरेली परेका फाँटहरू अब छैनन् । उहिल्यै यहाँका ठिटाहरू गुच्चा खेलेर, आइमाईहरू सत्य नारायणको कथा सुनेर तथा जुम्रा मारेर दिन बिताउँथे । आधा पेट खाएर सुत्थे । सरकारले रोजगारी दिन सकेको थिएन र बेरोजगार थिए । अब बेराजगार भनेको यस्तो हो भनेर परिभाषित गर्न पर्छ र उदाहरण खोज्न इतिहासका पानाहरू पल्टाउन् पर्छ, सम्झ ती कुरा अब लोक-कथा भइसके र अनुसन्धानका विषय । आफ्नो आफ्नो सीप, जाँगर वा योग्यताअनुसारको सबैले काम पाएका छन् र तीनले आफूलाई आवश्यक पर्ने दाम अर्थात तलब (- या जिन्सी) लिइरहेछन् । न कोही दुष्ट छ, न कोही रुष्ट छ ।

अब विमान बस्न खोज्दैछ । छुट्याउन सक्यौ ? कहाँदेखि कहाँसम्म काठमाडौं/पाटन/भक्तपुर/साँखु/ .... एक छत्तै छैन त ? कस्तो एउटै ढिक्का हगि शहरको ?"

ऊ स्वीकारसूचक टाउको हल्लाउँछ ।

एक छन मौन छाउँछ । अझै पनि ऊ एउटा प्रश्नका रुपमा मसित टाँसिएको अनुभव गर्छु ।

विचराहरू कुन बाध्यताले प्रवासिए उहिल्यै । प्रवासिएको प्रवासियै भए । जमानै बेग्लै त्यो ! आफ्नो देश तिनीहरूलाई नौलो लाग्नु पर्ने ! आफ्नो देशको समुन्नति अपरिचित लाग्ने ! आफ्नो देशको परिवर्तन र विकासमा संलग्न नभई अरुको गुलाम बन्नु पर्ने । कति खौलिंदो हो तिनीहरूको आत्मा ! म उसलाई टीठलाग्दो कुनै बस्तुको प्रतीक ठान्छु । द्रवित हुन्छ मेरो मन ।

प्रसन्न छ मेरो मन, प्रवासीलाई भेट्न पाएर । कुनै पनि नेपाली प्रसन्न हुन्छ यस्तो मौका पाएर । म सोचाइमा डुब्छु ।

तर ऊ तुरुन्त मेरो ध्यान भङ्ग गर्छ, "दाइ !" म उसको अनुहार हेर्छु । ऊ एउटा थुम्कातिर इङ्गित गरेर भन्छ, "त्यो, त्यो त पहिले भए जस्तो लाग्दैन । त्यो ढिस्को अनि त्यस ढिस्कामाथि त्यो के हो ? त्यो कलात्मक भवन जस्तो ?"

ऊ चाहिनेभन्दा बढी नै बोल्छ । उसले त्यसतर्फ हेर्ने बित्तिकै मैले बुझिसकेको थिएँ, ऊ के सोध्दैछ ।

"हो भाइ, त्यो पहिले थिएन । तिम्रो स्मृति कमजोर रहेनछ । त्यो ढिस्को नै हो । जन-पीड़क, आततायी, शोषक, सामन्त, षडयन्त्रकारी, देशद्रोही आदिलाई जन अदालतले सजाय दिएको ऐतिहासिक ठाउँ हो त्यो । त्यहाँ तिनका हाडखोरको थुप्रो छ । त्यस अवसरमा त्यस्ताका प्रहारले कति शहीद भए । तिनै शहीदहरूको सम्झनाका लागि त्यहाँ स्मृति-भवन निर्माण गरिएको छ । शुरुमा त जनताले नै सजायँ दिए त्यस्ता जनविरोधीहरूलाई । पछि स्वयं त्यस ठाउँमा आएर धमाधम आत्महत्या र आत्मपीडन गर्न थाले, जसले गर्दा त्यहाँ हाडखोरको थुप्रो लाग्यो । अन्यत्रका हाडखोर पनि समेटेर त्यही थुपारिए । फलत: एक सानोतिनो थुम्को नै बन्यो । केही आततायी, अन्यायी, अत्याचारी, शोषकहरू चाहिं भागेर बेठल्याण्डमा बसेका छन् । जे होस् यहाँ त्यस्ताको जगजगी र सन्त्रास छैन ।"

उसका अनुहारमा खुसीका मसिना रेखाहरू सलबलाउँछन् । ऊ उत्तेजित हुन्छ, "त्यहीनेर थियो मेरो पुर्ख्यौली घर । त्यस्तैको शोषण, अन्याय र अत्याचारले आत्तिएर प्रवासिनु परेको थियो- तिनकै षडयन्त्रको शिकार भएर । के अब तिनको जगजगी छैन ? के साँच्चै हो यो कुरा ! ?"

ऊ एकदम कुर्लिन्छ ! सहयात्रीहरूलाई डिस्टर्ब हुन्छ ।

"छैन, छैन !" म उसलाई शान्त पार्छु र ऊ मान्छ ।

विह्वल भएर भन्छ, "सुन्न त सुनेको थिएँ यहाँका परिवर्तनका कुरा, तर पूर्ण विश्वास थिएन । यो मनमा विश्वास हुने ठाउँमै सामन्तहरूले पहिरो लडाइदिएका थिए दाइ ! नत्र म उहिल्यै, नत्र म ... ! अहो म आफ्नो देशको परिवर्तनमा सहभागी बन्न छाडी किन प्रवासिए हुँला ? किन ? किन ?"

उसको विह्वलता झन् बढ्छ । रक्तचाप पनि बढ्दै गएको म अनुभव गर्छु । उसले डाक्टरले नबोल्नु भनेको छ, भनेको सम्झन्छु र उसलाई नबोल्न अनुरोध गर्छु ।

ऊ मान्दैन, "के के भएछ । तब नेपाल अनि पो नेपाली ! साँच्चै भन्ने हो भने तिनका अत्याचार, अन्याय, शोषण, उत्पीडन र षडयन्त्रका विरुद्ध जनताले क्रान्ति छेड्नै आँटेका बेलामा म हिंडेको थिएँ । मैले सोचेको थिएँ आखिर हुने गर्ने केही होइन, खालि जनता मात्र मासिने हुन् । त्यही मासिने भयले म जोगिन हिंडेको रे !"

ऊ एकदमै अधीर भएर जोडजोडले फत्तफताउँदै जान्छ । उसको अनुहार पश्चाताप-बोधले बोझिलो बनेको छ । ऊ रुन्चे देखिन्छ । त्यस अवसरमा हिंडेको थाहा पाएर मेरा पनि कन्सिरी तात्छन् । म आफूलाई समाल्न खोज्छु । केही नबोल्न चाहन्छु, तर चाहनाविपरीत बोल्छु, "त्यति जाबो खित्रिक्क हुँदैमा डराउनु पर्थ्यो के ? ज्यान जान्छ त संघर्षमा । दुई चार जनाको ज्यान गयो त के ? नेपाललाई यस रुपमा उल्या गर्न तिनको रगतले कत्रो काम दियो ! बाँचेकालाई कति अदम्य शक्ति र जोशिलो उत्साह दियो । ती प्यारा शहीद अमर भए !"

एक छिन हामी मौन रहन्छौं, एकदम स्तब्ध ।

केही बेरपछि ऊ गरुङ्गो स्वरमा बोल्छ, "धेरै परिवर्तन भएछ !"

"देश-विकास नै हाम्रो प्रमुख लक्ष्य हो । भाषणमा उहिले पनि विकासका कुरा गर्थे, इतिहास साक्षी छ । ती भाषणै गरेर विकास गर्थे, हामी पसीना बगाएर विकास गर्छौं । अनि परिवर्तन हुन्न त ?"

ऊ गमिरहन्छ ।

एक छिन चुप लागेपछि फेरि पनि म नै मुख उक्काउँछु, "प्रिय प्रवासी भाइ, तिमीले प्रवासमा थुप्रै समय बितायौ । त्यसैले यहाँ नभएको अनुभव गरौला । तिमीभन्दा पहिले आउनेहरू पनि त्यसै भन्थे । म त बेग्लै साँचोमा ढालिइसकेको छु भनौला । तिमीले सम्झनुपर्छ- मान्छे पगालेको फलाम होइन र ढालिन्न, बोको होइन र बिक्तैन । तिमी आफूलाई अनुत्तरदायी दावी गर्न सक्तैनौ । तिमी नेपाली माटोबाट बनेका हौ भने त्यस नेपाली-"पन" लाई खुर्केर/ताछेर/पखालेर/पुछेर/धोएर/ ... फाल्न सक्तैनौ । नेपाल तिम्रो हो र त्यो भन्दा बढी तिमी नेपालका हौ । तिमीमाथि यसको अधिकार चल्छ । अब तिमी मनलागि गर्न पाउन्नौ र तिमीमाथि पनि कसैले मनलागि गर्न पाउन्न ..... !".

म उसका आँखा भरिभरी आँसु छचल्किएको देख्छु । अवश्य नै उसभित्र तीव्र व्यथा छ । मैले बुझ्नु पर्छ- उसका व्यथालाई । जङ्गिएर हुन्न । पूर्वस्मृतिले तड्पिएको छ ऊ ।

त्यसैले म भन्छु, "म पुच्छु तिम्रा आँसु ! पख, नखसाल धरतीमा । हत्केला थाप्न देऊ । जति पनि प्रवासी भेटें, यसरी नै आँसु छचल्काउँदै आए भेटे, भाइ ! आफ्नो माटो सम्झेर आयौ, म खुसी छु । कुनै पनि नेपालीले विदेशका सडकमा भौतारिन र घच्चा, अपमान र तिरस्कार सहन नपरोस् भन्ने हामी चाहान्छौं । उहिल्यै झैं अब हामीलाई कसैले उपेक्षा गर्न सक्तैन । हाम्रो आफ्नो स्वाभिमान छ । हामी कसैका दया, दान र तिरस्कारका पात्र बन्न चाहन्नौं । कसैले अनुदान देला र विकासका नाउँमा उतै निकासा गरी पुष्टिउँला भन्ने मनोवृत्तिको अब कोही छैन हामीकहाँ । त्यस्तो मनोवृत्तिको सृजना हुने वातावरण नै छैन अब । विदेशमा कुनै पनि नेपालीले कुनै कारणवश अरुसँग झुक्न परेमा वा कसैको अपमान सहन परेमा हाम्रो आत्माभिमान चकनाचुर भएको हामी अनुभव गर्छौं, आफ्नै छाती टुक्रिएको ठान्छौं र यहाँ हाम्रा प्रत्येक परेवाका जोडी फट्फटाउन थाल्छन् । कपिलमुनिले आँखा उघार्न खोज्छन् । त्यसैले नै माटोको सुवासले उत्प्रेरित- अभिप्रेरित भई आउन चाहने प्रत्येक प्रवासीलाई सधैं ढोका खुला राखेका छौं, स्वागतार्थ सधैं हात फैलाइरहेका छौं .... ।

यता सर । भो आँसु नझार । मलाई पुछ्न देऊ । हामीले देशका निम्ति प्रशस्त रक्तधारा बगाइसक्यौं, भयो तिमी आँसु नबगाऊ । प्यारा अमर शहीदलाई सम्मान दिइरहेकै छौं । भो, आँसुको तर्पण नचढाऊ ।

धेरै गुनासो गर्नु छ । सिक्नु छ । सिकाउनु छ । तर अहिले ... ।"

म बोल्दा बोल्दै रोकिन्छु । विमान पनि रोकिन खोज्दैछ । जमिन लिइसकेको छ । ऊ तुल्बुलाइरहेको छ । औताइरहेछ । बोल्न खोज्छ, तर बोल्दैन । टाउको समात्छ । मुख हेर्छ मेरो । उसको त्यस्तो अवस्था देखेर म सोध्छु, "भाइ !"

"दाइ", म चाहान्छु आफ्नो मातृभूमिकै काखमा रमाऊँ । मेरो देश, मेरो नेपाल, मेरा नेपाली दाजुभाइ ! म, म यहीं रहन चाहन्छु । मैले प्रायश्चित गर्नुपर्छ । म जस्तालाई पनि देशद्रोही भने हुन्छ, दाइ म, मलाई माफ गर्नुहोस् । मेरो पसीना देश-निर्माणमा लाग्न पाएन ... ।"

ऊ लल्याङ लुलुङ भएको छ । उसका गोडा शिथिल भएका छन् । आफ्नो देश, भेष र भाषा तथा संस्कृतिप्रति प्रवासीहरूमा कत्रो स्नेह, आस्था र सद्भावना लुकेको हुँदोरहेछ । यो देखेर अब म पनि चकित हुन्छु । विमान अडिएको छ र सहयात्रीहरू धमाधम ओर्लदैछन् । देश-निर्माणको काम नि:शेष भएको छैन र अझ बाँकी छ भन्न चाहेर पनि म भन्न भ्याउन्न । त्यो कुरा मेरो मनमै रहन्छ ।

म उसलाई आश्वासन मात्र दिन्छु, "भइगो ल, माफको के कुरा छ र !" तिम्रो भावनादेखि म प्रभावित छु । सबै ओर्लिदै छन् । ओर्लौं हामी पनि, उठ ढीलो नगर, यात्रा रमाइलै बित्यो ... ।"

"म कसरी ओर्लौं, दाइ ? धरतीमा टेक्ने बित्तिकै म भष्म हुन सक्छु । म, म कसरी ओर्लौं ? दाइ, म कसरी ?! ?! ?!"

ऊ जोड जोडले कराउँछ र कराउँदा कराउँदै ह्वालह्वाल रगत छाद्न थाल्छ । अनि ऊ कराउन छाड्छ र पल्टिन्छ । विभत्स बन्छ वातावरण । सहयात्रीहरूको भीड लाग्छ । मेरो संकेत पाउँनासाथ परिचारिका र डाक्टर हस्याङ फस्याङ गर्दै आइपुग्छन् ।

म उसलाई उसको स्वास्थ्यका बारेमा पनि आश्वस्त पार्छु, "भाइ, नआत्तिऊ । ठीक भइहाल्छ ।" भन्दाभन्दै ऊ बेहोश हुन्छ ।

डाक्टरले हत्तपत्त एउटा ठिम्रागोली उसका मुखमा हालिदिईहाल्छन् र हतारहतार गरी नाडी, मुटु र ठाउँठाउँमा छाम्छन्-जाँच्छन् र पुन: अर्कै रङ्गको गोली र केही पेय औषधी मुखमा हालिदिन्छन् ।

ऊ तुरुन्त बौरिन्छ । पूर्ववत् स्वस्थ्य देखिन्छ ऊ । यो, बस् एक दुई मिनटभित्रै घट्छ- कुनै नाटकको दृश्य जस्तो । परिचारिका, डाक्टर, यात्री र म अनि ऊ सबका अनुहारमा एउटै जून उदाउँछ । प्रशन्नता व्याप्त हुन्छ सबैमा ।

ऊ मेरो मुखमा हेरेर भन्छ, "सुनें, देखें, भोगें, दाइ । नतमस्तक छु यस धरतीप्रति ।"

"भइगो ल, ल, ओर्ल ।"

हामी ओलन्छौं विमानबाट र ऊ ओर्लने बित्तिकै भुइको धूलो निधारमा लगाउँछ । ❑

# कम्युनिष्ट आन्दोलन भनेको सिंगो प्रतिकृयावादी विचार, संस्कृति र राज्यव्यवस्था विरुद्धको अभियान हो !

धर्मचन्द्र लावती

म हेन्द्र रत्न मा.वि. तोपगाछीमा अध्ययन गर्दा असाध्यै उपन्यास पढ्ने गर्थें। यदाकदा कथा, कविता पनि लेखी टोपल्थें। उपन्यास, कथाका किताबहरू किन्न घरमा पटुवा चोरेर, बाकसको पैसा झिकेर, अझ त्यतिले नपुगी स्कूलमा फीस तिर्न लगेको पैसा समेत खर्च गर्थें। यसरी मेरो घरमा दुई बोरा भन्दा बढी उपन्यासका पुस्तकहरू भए। दमकको मेची पुस्तक भण्डारमा मैले नपढेका उपन्यासहरू त्यति हुँदैनथे। साथीहरूको माग अनुसार पुस्तक पढ्न दिन र फिर्ता लिन स्कूल आउँदा जाँदा थाप्लोमा किताबको निकै गह्रौ भारी बोक्नु पर्थ्यो। टिफिनको समयमा साथीहरू चौरभरी मेरो उपन्यास पढिरहेका हुन्थे।

साहित्यप्रतिको मेरो झुकावलाई त्यस विद्यालयका तत्कालीन एक शिक्षक (जो को-अर्डिनेशन केन्द्रसँग सम्बन्धित हुनुहुन्थ्यो) ले गम्भीरतापूर्वक अध्ययन गरिरहनु भएको थियो। पछि वहाँले क. विमल (कालीदास श्रेष्ठ) लाई म कहाँ पठाउनु भयो। सामान्य कुराकानी पश्चात विमलले मलाई खाना बनाउनको निम्ति आगो बाल्नेदेखि भाँडा माझ्ने काममा सम्म मद्दत गर्नु भएकोमा म आश्चर्यचकित एवं प्रभावित दुवै भएँ। अन्तिममा वहाँले अध्ययनको लागि "वर्ग संघर्ष" भन्ने पत्रिका दिई राख्नुभयो।

"वर्ग संघर्ष"मा राजालाई समेत जनावरको उपमा दिएर गाली गरेको शब्द पढ्दा खूब उत्तेजित भएँ र छिमेकी हर्कबहादुर श्रेष्ठलाई पनि पढेर सुनाएँ। वहाँ पनि "ए, दुनियाँमा यस्ता आँटी पनि हुँदारहेछन्" भन्दै छक्क पर्नुभयो। पुस्तक कसैलाई नदेखाउनु भनिएको भएता पनि त्यो पुस्तक अरु पनि दुईचार जनालाई सुनाएँ। पछि यस सम्बन्धमा क. विमलले मेरो आलोचना पनि गर्नु भयो।

तोपगाछीमा पार्टीको सम्पर्क यूनिट खडा भएपछि म पनि सदस्य छानिएँ। तिनताक "वसन्तको मेघ गर्जन", "वर्गशत्रु खतम अभियान", "वर्गशत्रुको रगतले नरंगिएको हातले क्रान्ति गर्न सक्तैन", "हामी त्यसैलाई खत्तम गर्छौं, जो किसान आन्दोलनमा बाधक बन्छ, चाहे त्यो धनी वा गरीब नै किन नहोस" जस्ता शब्द र भनाइले मलाई खूब प्रभाव पारेको थियो।

मलाई पनि कुनै शोषक मारेर क्रान्तिकारी बन्ने रहर जागेको थियो। एक दिन गाउँको एक खुँखार गुण्डालाई खतम गर्ने कुरा पार्टीमा उठ्यो। मद्वारा प्रस्तावित योजना पारित भएपनि सो कार्यबाट बञ्चित गराइएकोमा मलाई क्रान्तिकारी हुने मौका गुम्न लागेकोमा ज्यादै दुःख लाग्यो। पार्टीले "बालक छौ, भरे भाग्न गाह्रो हुन्छ" भनेर सम्झाउँदा पनि मैले जिद्धी गरिरहें। पछि पार्टीले सो कार्यलाई नै स्थगित गर्‍यो।

पञ्चायती दमन भएपनि त्यस बेलाको मैत्रीपूर्ण कार्यशैलीले गर्दा पार्टीमा ठूलो परिश्रमका बावजूद त्यति दुःख अनुभव हुँदैनथ्यो। हँसिया हथौडा अंकित रातो झण्डा देख्दा सबै कष्ट आफसेआफ हराएझैं लाग्थ्यो। कहिलेकाहिं कार्यवश भारतको नक्सलवारीतिर घुम्न जाँदा साथी साथी बीच "कमरेड" (त्यहाँ बहुदलीय स्वतन्त्रता भएकोले) सम्बोधन गर्दा आनन्द अनुभव हुन्थ्यो। कतिपय कमजोरीहरूका बावजूद त्यसबेला पार्टीको कार्यशैली र संस्कृति आजको भन्दा उच्च थियो। नियमित अध्ययन, छलफल, आलोचना, स्वआलोचना, सादा जीवन, कठोर संघर्ष, क्रियाशीलता आदिले जनसम्पर्क, संगठन निर्माण र आन्दोलनको विकासमा सघाउ पुऱ्याईरहन्थ्यो।



*कम्युनिष्ट नेता भनाउँदाहरू आफ्ना छोराछोरीलाई बोर्डीङ्ग पढ्न पठाएर लाजै नमानी अरुका छोराछोरीलाई जीवनको माया मारेर संघर्षमा उत्रन आह्वान गर्दछन्।*

कोअर्डिनेशन केन्द्र विकासको क्रममा ने.क.पा. (मा.ले.) बन्न पुगे पनि मेरो चिन्तन भने द्वन्दात्मक नभएर अन्धात्मक नै रहेको थियो। आध्यात्मवादीहरूले ईश्वरलाई माने झैं पार्टीलाई म मान्दथें। "मा.ले. मात्रै ठीक", "जे गर्छ मा.ले. ले गर्छ", "जे हुनेछ मा.ले.बाट मात्र हुनेछ" भन्ने मेरो धारणा थियो। अन्य पार्टीहरूलाई रौ जति पनि गन्दिनथें। आफ्नो पार्टी र नेताको गल्ती हुन्छ भन्ने कल्पनासम्म गर्दैनथें।

त्यसबखत विशेष गरेर पार्टीले मलाई विद्यार्थी फाँट हेर्न लगाएको भए पनि त्यस क्षेत्रमा विद्यालय, शिक्षक, शिक्षिका, छात्र, छात्रा, गुप्तचर, मन्दिर, बाटो, पुल, पुलिस, बन्दूक, कार्यालय आदिको संख्या पत्ता लगाउने र रिपोर्टिङ्ग लेख्ने गर्दथें।

पार्टीप्रतिको अगाध आस्थाले गर्दा कहिले २/३ महिनासम्म पनि घरै आउँदिनथें। स्कूलको पढाइप्रति पनि वास्ता कम हुँदै गयो। त्यस बेला संघर्ष गर्ने ममा असीम रहर थियो। पञ्चसँग बोलचाल वा हिडडुल गर्ने जो कोहीलाई मण्डलेको आरोप लगाइन्थ्यो र उपयुक्त अवसर आउनासाथ पिट्ने गरिन्थ्यो। यस्तो संकीर्ण चिन्तनको शिकार आजका केही असल साथीहरू समेत हुनु भएको थियो। "सादा जीवन र कठोर संघर्ष" गर्ने नाममा म जवरजस्त फाटेको शर्ट-पेन्ट र टायरको चप्पल लगाएर स्कूल क्याम्पस आउने जाने गर्थें, जुन आजकल सम्झँदा अतिवादी चिन्तनको डर्रा हो जस्तो लाग्छ।

जनमत संग्रह कालमा बहुदल र निर्दल दुवैप्रति पार्टीको वितृष्णा रहेको हुँदा दुवै पक्षको झण्डा च्यात्दै, कार्यालय भत्काउँदै झापाको टाँगनडुब्बामा स्व.वि.यु. गठन गर्न जाँदा प्रहरीहरूसँग भीडन्त भयो। कैयौं प्रहरी र विद्यार्थी घाइते भए। पार्टीले यस घटनाको जिम्मेवार ठहऱ्याउँदै आत्मालोचना गर्न भन्यो। सो कार्य विद्यार्थी संगठनको निर्देशन अनुसार भएकोले मैले आत्मालोचना गरिंन। त्यही घटनादेखि पार्टीसँग मेरो अन्तरद्वन्द्व शुरु भयो। पार्टी कमिटीका केही कमरेडहरूसँग मनमुटाव भए पनि केन्द्रप्रति भने मेरो आस्था कायमै थियो।

विस्तारै पार्टीले मेरा वरिपरिका साथीहरूलाई भड्काईसकेछ, जुन कुराको मलाई पत्तै भएन। परिणामतः पार्टी छाड्ने बेलामा मसँग अति सीमित साथीहरू मात्र रहनु भयो।

आज वाम आन्दोलनमा डेड दशक गुजारी सकेपछि मलाई के लागिरहेछ भने, क्रान्तिकारी पार्टी भनेर मात्र हुँदैन। क्रान्तिकारी विचार र व्यवहारले लैश भएको पार्टीले मात्र क्रान्ति गर्न सक्तछ। यसको निम्ति कार्यकर्ताहरूले दास मनोवृत्तीबाट मुक्त भएर सही द्वन्द्वात्मक वस्तुवादी दृष्टिकोण अपनाउनु जरुरी हुन्छ। अन्यथा, भोलि पार्टीभित्रै नेताहरू नव-जमिन्दार र नोकरशाहको रुपमा फेरिएर क्रान्तिपछि पुनः प्रतिक्रान्ति हुने संभावना रहन्छ।

आजकल देशको कम्युनिष्ट आन्दोलनमा सही विचार, पद्धति, शैली र संस्कृतिको अति अभाव छ। सर्वहारा वर्गको नाममा कसैले जमिन्दार-पूँजीपतिको र कसैले मध्यम वर्गको दृष्टिकोण लिएका छन्। दर्शनलाई कसैले वेदमन्त्रको रुपमा लिएका छन् भने कसैले सम्मोहिनी मन्त्रको रुपमा। यी दुवै प्रवृत्तिबाट समस्याको सही समाधान निस्कन सक्तैन। व्यवहार हेर्ने हो भने कम्युनिष्ट नेताहरू र अन्य वुर्जुवा नेताहरूमा कुनै फरक देखिँदैन।

लाग्छ, सामन्त पूँजीपतिहरू सामानको भारी बोकाएर जनताहरूको शोषण गर्छन् भने पार्टी नेताहरू विचारको भारी बोकाएर कार्यकर्ताहरूको शोषण गर्दछन्। आज कैयौं कम्युनिष्ट नेता भनाउँदाहरू आफ्ना छोराछोरीलाई बोर्डीङ्ग पढ्न पठाएर, छोरालाई असल जागीर र छोरीलाई धरानाको ज्वाई खोजी दिँदै लाजै नमानी अरुका छोराछोरीलाई जीवन माया मारेर संघर्षमा उत्रन आह्वान गर्दछन्। यो संस्कृति सर्वहारा संस्कृति र नैतिकता होइन। यसबारे कार्यकर्ताहरूले द्वन्द्वात्मक ढंगले सोचिएन भने एउटा खाडलबाट निस्केर अर्को खाडलमा जाकिनु मात्र हुन जानेछ।

कम्युनिष्टहरू गुटस्वार्थ अथवा व्यक्तिस्वार्थबाट मुक्त हुनुपर्छ। आजै नभए पनि अध्ययन र संघर्षको दौरानमा आफूलाई परिवर्तन गर्दै लैजानुपर्छ। तर विडम्बनाको कुरा, हाम्रा साथीहरू झन् झन् पदलोलुप र स्वार्थी (केहीलाई छाडेर) बन्दै गएका पाइन्छन्।

आजकाल कम्युनिष्ट पार्टीहरूमा नयाँ जनवाद (मुक्ति) पनि चाहिने र वुर्जुवा संस्कृति पनि छाड्न नसक्ने प्रवृत्ति हावी छ। कम्युनिष्ट पार्टी भनेको सत्ता प्राप्तिको साधन मात्र नभएर सिंगो प्रतिक्रियावादी विचार, संस्कृति र राज्यव्यवस्था विरुद्धको अभियान हो। अतः हामीले प्रतिकृयावाद विरुद्धको संघर्षका साथै कम्युनिष्ट समाज र संस्कृतिको निर्माण गर्न शुरु गर्नुपर्दछ।

*परिचय :*

*को-अर्डिनेशन केन्द्रको सदस्य, अ.ने.रा.स्व.वि.यु. को केन्द्रीय सदस्य, उपाध्यक्ष / नेकपा (चौ.म.) को केन्द्रीय सदस्य, झापा जिल्ला सचिव / हाल संयुक्त जनमोर्चा नेपालको केन्द्रीय सदस्य*

# हाय ! गूट-मानसिकता !

**"लीलामणि समूहले चुनाव हार्‍यो, खुच्चिचङ्ग ! "रोहितहरूलाई धूलो चटाउनु पर्छ !"**

**चन्द्रदेव नेपाली**

गत मध्यावधि चुनावमा यो लेखकले अरू स्वतन्त्र वामपन्थीहरू र वामआन्दोलनका शुभेच्छुकहरूको जस्तै चाहेको थियो-

(१) गिरिजा गूट सत्ताबाट हटोस्।

(२) यसको विकल्पको रूपमा एक मात्र पार्टी एमाले रहेकोले सरकारमा एमाले आओस्।

(३) एमालेले जनपक्षीय कामहरू गरोस्, सारा वामपन्थीहरूकै बदनाम हुने गरी गलत कार्य र व्यवहार यसले नगरोस्। यसको काम रूस, चीन, कोरियामा क्रान्तिद्वारा सत्तामा गएका 'कम्युनिष्ट' हरूको जस्तो आमूल परिवर्तनकारी हुन सक्दैन, यो सामान्य सुधारवादी मात्र हुने छ भन्नेमा चाहिँ जनतामा पटक्कै भ्रम नपरोस्।

(४) क्रान्तिकारी वामपन्थी पार्टीहरूले पनि उल्लेखनीय संख्यामा ससदमा सीट जितून र क्रान्तिकारी प्रतिपक्षको भूमिका निर्वाह गरुन्। क्रान्तिकारी आन्दोलन एमालेको हालको सरकार बन्नुसम्म मात्र पुगेर नटुंगियोस्। आमूल परिवर्तनको वैचारिक अभियानले पनि थप गति प्राप्त गरोस्।

मलाई लाग्छ, जो कोही पनि व्यक्ति, जो कम्युनिष्ट विचारधारा मान्दछ र जो नेपाली समाजको वर्तमान स्थिति र यथार्थसँग जिम्मेवार रूपले जोडिएको छ, उसले हालको मुलुकको सन्दर्भमा यिनै कुराहरूको चाहना गर्ने गर्छ।

यी चाहनाहरू आजको परिस्थितिमा सन्तुलित र जिम्मेवार चाहनाहरू हुन्। यसका दुई कारणहरू छन्। ती हुन् :

- यी चाहनाहरूमा "सरकारमा जो आए पनि हामीलाई मतलब छैन" भन्ने खालको खाली "ठूला-ठूला कुरा" मात्र गर्ने, तर आज छटपटाइरहेको जनतालाई राहत दिने कुरालाई भने बेवास्ता गर्ने उग्रपन्थी भड्काव निहित छैन।

(२) यी चाहनाहरूमा "चुनावबाट सत्तामा गई सानातिना सुधार कार्य गरी त्यसैलाई 'क्रान्ति' मान्ने 'दक्षिणपन्थी भड्काव" पनि निहित छैन।

यी वस्तुगत चाहनाहरू देशका तमाम सचेत व्यक्ति मात्र हैन, जिम्मेवार पार्टीहरूले समेत लिएको कुराको उदाहरण ने.म.कि.पा. र ने.क.पा. मसालसँग सम्बन्धित हाल निर्वाचित क्रमशः ४ जना र २ जना वामपन्थी सांसदहरूले एमालेबाट माग भएमा एमालेलाई सरकार बनाउन आफ्नो मत दिई सहयोग गर्ने र राम्रो काम गरेसम्म एमालेलाई सघाउने आफ्नो धारणा प्रकट गरेबाट पनि प्रष्ट हुन्छ।

यस प्रकार ने.क.पा. मसाल जस्तो क्रान्तिकारी पार्टीले पनि आज मुलुकको वर्तमान स्थितिलाई यसरी नै अध्ययन गरिरहेको देखिन्छ कि- गिरिजा गूटको फासीवाद पराजित होस्, यसको विकल्पमा एमाले सरकारमा जाओस्, अनि जनताको आमूल परिवर्तनकारी क्रान्तिकारी अभियान पनि नरोकियोस्! यसका निम्ति जनतासँग आफ्नो निकटता बढोस्!

तर गत मध्यावधि चुनावमा यी धारणाहरूभन्दा भिन्न र आफैंमा परस्परविरोधी नीति र संस्कृतिको अवलम्बन पनि यहाँ गरियो। यसो गर्नेहरूमा आफूलाई "विशुद्ध क्रान्तिकारी" मान्ने सं.ज.मो. (भट्टराई) समूहका मित्रहरू पनि र आफूलाई "साह्रै व्यवहारिक र चनाखो" मान्ने एमालेका मित्रहरू पर्नुहुन्छ। हाम्रा यी दुवै थरी मित्रहरूका यी रवैयाहरूबाट सबैले पाठ सिक्नुपर्ने जरूरी भएकोले यहाँ यसबारे छोटो चर्चा गरौं।

**डा. बाबुराम समुहले जुन चुनाव बहिस्कार गर्‍यो त्यसले सोझैं गिरिजा वा राप्रपालाई फाइदा पुर्‍यायो कि ?**





**आगामी सरकार एमालेको, देशभक्त र प्रजातन्त्र-वादीको नारालाई पनि एमालेको नेतृत्वले सही तवरले कायम गर्नमा गम्भीरता देखाएन**

## सं.ज.मो. (भट्टराई समूह) :

केही समय अगाडि मात्र संजमो, नेपाल छुट्टिएर गएको सं.ज.मो. (डा. बाबुराम भट्टराई समूह) ले यस पल्ट मध्यावधि चुनाव बहिष्कार गर्‍यो। निश्चय नै चुनाव बहिष्कार वा उपयोग भनेका कार्यनीतिक सवालहरू हुन्। परिस्थितिअनुसार पार्टीले यी दुईमध्ये कुनै एक नीतिलाई व्यवहारमा अख्तियार

गर्न सक्छ । तर कुन नीति अख्तियार गर्ने भन्ने सवाल चाहिँ पक्कै पनि समाजको तात्कालीन वस्तुगत परिस्थितिमा भर पर्ने हुन्छ ।

यसपल्ट डा. भट्टराई समूहले जुन वहिष्कारको नीति अप्नायो, यसले गत चुनाव भने (सं.ज.मो. नफुट्दै) उपयोग गरेको थियो । गत तीन वर्षमा संसदको भण्डाफोर भइसकेकोले उपयोग गर्न जरूरी नभएकोले वहिष्कार गरिएको तर्क दिने यो समूह त्यहीँ समूह हो, जसले केही महिना अघिसम्म पनि गिरिजाप्रसाद कोइरालालाई प्रधानमन्त्री पदबाट हटाउन ठूलाठूला 'बन्द र जुलुसहरुको आयोजना गरेको थियो । गिरिजालाई पदबाट हटाउनु भनेको त्यतिखेर अर्को कोही कांग्रेसी नेतालाई प्रधानमन्त्रीमा ल्याउनु थियो ।

यो आन्दोलनमा पूरै साथ दिएन भनी एमालेलाई 'आत्मसमर्पणवादी' भएको आरोप पनि यस समूहले लगाएको थियो । दुवै पक्षबाट यसबारे ठूलै वादविवाद चलाइएको र आरोप-प्रत्यारोपहरू लगाइएका थिए ।

आज केही महिनाभित्र मुलुकको परिस्थितिमा कुनै पनि तात्विक अन्तर नआउँदै, त्यहीं डा. बाबुराम समूह चुनावबाट गिरिजा गुटलाई फाल्न सकिने संभावनालाई "उपयोग गर्दिन भन्छ" भने के यो परस्पर विरोधी कुरा भएन ?

हिजोसम्म गिरिजाप्रसाद कोइराला कुर्सीबाट हटाइनुपर्ने मुख्य व्यक्ति थिए, जसनिम्ति त्यत्रा ठूला-ठूला आन्दोलन भए । स्वयं डा. बाबुराम समूह एक्लैले पनि यो आन्दोलनलाई निकै अघि बढाएको थियो । तर एकाएक, चुनावअघि अचानक त्यही समूह भन्छ- "जो सरकारमा आए पनि प्रतिक्रियावादी हुन्, त्यसैले यसबारे हामीलाई कुनै चासो छैन ।"

**हिजो गिरिजाको सट्टा बरू महेन्द्रनारायण निधि नामक अर्को कांग्रेसी नेता प्रधानमन्त्री बनोस् भन्ने माग गर्नेहरूले आज यसो भन्न सुहाउँछ ? के हिजो महेन्द्रनारायण निधि चाहिँ 'क्रान्तिकारी' भएकोले उनको पक्षमा र गिरिजाप्रसाद मात्रै 'प्रतिक्रियावादी' भएकोले उनको विपक्षमा आन्दोलन गरिएको हो र ?**

वास्तवमा, गिरिजाप्रसाद र महेन्द्रनारायण निधि भनेको गुणको अन्तर हैन, मात्राको अन्तर मात्र हुन् । गिरिजाको बढ्दो फासीवादी रवैयालाई अंकुश लगाउनु जरुरी थियो, त्यसैले गिरिजा विरोधी आन्दोलन गरिएको थियो ।

यो कुरा प्रष्ट हुँदाहुँदै पनि डा. बाबुराम समूहले जुन चुनाव वहिष्कार गर्‍यो, त्यसले साँझै गिरिजाको कांग्रेसलाई नै वा पुनरुत्थानवादी शक्ति रा.प्र.पा.लाई फाइदा पुर्‍यायो । यो कुरा सो समूहका प्रभाव क्षेत्रहरूबाट यी प्रतिक्रियावादी पार्टीहरूका उम्मेदवारहरू विजयी भएर संसदमा गएबाट प्रष्ट भएको छ । कैयन ठाउँमा त मतदान समेत राप्रपा र काँग्रेसको पक्षमा भएका रिपोर्ट प्रेसमा आइरहेका छन् ।

आफैंले हिजो फाल्नुपर्छ भनेको शक्ति आफ्नै नीति र व्यवहारको कारणले पुनः स्थापित हुन्छ भने त्यो नीति र व्यवहारलाई 'आत्मघाती' नभने के भन्ने ?

यस्तो आत्मघाती कदमका कारण डा. बाबुराम समूहका थुप्रै सचेत नेता-कार्यकर्ताहरूलाई यस पल्ट जनताबीच जान र काम गर्न अप्ठेरो परेको देखियो । वहाँहरूका प्रभाव क्षेत्रका आफ्ना शुभेच्छुकहरूलाई प्रतिक्रियावादीहरूले सम्पर्क र प्रभावमा पारे ।

आज त्यस समूहका शुभेच्छुकहरूले प्रश्न गरिरहेका छन्- यसरी आफैंमा विरोधाभाषपूर्ण र जनताबाट आफू एक्लिने नीति र व्यवहारले के क्रान्तिकारीहरू व्यापक जनतामाझ फैलिन सक्छन् ? यस्ता नीतिहरूबाट आफू एक्लिनुको नाम नै "क्रान्तिकारी शुद्धता" हो ?

यति मात्र हैन, आज चुनावपछि सोही समूहका नेताहरूले देखाएको अर्को एक रवैया पनि अनौठो छ ।

हालै एक अर्कोबाट विभाजित क. लीलामणिले नेतृत्व गरेको अर्को समूह (संजमो, नेपाल) ले विविध कारणले यसपल्ट चुनावमा एक सीटमा पनि विजय हासिल गर्न सकेन । एउटा 'माओ-विचार' मान्ने यस समूहबाट संसदमा केही प्रभावशाली व्यक्तिहरू पुग्न सकेको भए त्यो सबै दृष्टिकोणले राम्रो हुन्थ्यो ।

तर यसबारे डा. बाबुराम समूहका आधिकारिक व्यक्तिहरूले "खुशी" वा "खुचिङ्ग प्रकट गरेका विचारहरू प्रकाशनहरूमा आएका छन् । आफूसँग भर्खर फुटेको समूहका नाताले चुनाव हारेकोले त्यस समूह सांगठनिक रूपले अब "केही पनि रहेनछ" भन्ने प्रमाणित भएको छ भनी तर्क दिँदै खुशी मानिएका आशयहरू प्रदर्शित हुनु के उचित कुरा हो ?



पार्टीको उद्देश्य छ- संसदको बहुमत जित्ने । मित्रसंगको झोंकको कारण यसको नेतृत्वको व्यवहार छ- यसरी झोंक झोंकमै बगेर पार्टीलाई बहुमतमा आउन नसक्ने गरी हराउने । यस्तो किन भयो ?

फुट भयो तर के डा. बाबुराम समूह र लीलामणि पोखरेल समूह अब दुश्मन नै भएका हुन् त ? के क्रान्तिकारीहरूबीच मतभेद हुनु भनेको उनीहरू दुश्मन हुनु हो र ?

एकको पराजयमा वा त्रुटीमा अर्कोले काखी बजाउने हो भने त निश्चित छ- नेपालका सबै वामपन्थीहरू पालैपालो गरी शत्रुहरूद्वारा बढारिने छन् ।

आफूसँग मतभेदका बावजुद के लीलामणि समूहले माओविचार अनुकूलको दृष्टिकोणबाट सदनमा संघर्ष गर्नु 'माओवादी' बाबुराम समूहलाई पनि खुशीकै कुरा हुनुपर्थ्यो, हैन र ? लीलामणि समूह संसदमा नपुग्नु वा नेकपा मसालका क. चित्रबहादुर के.सी. जस्ता उम्मेदवारहरूले चुनाव हार्नु वा ने.म.कि.पा. ले थप अरू केही सीट जित्न नसक्नु कुनै पनि नेपाली क्रान्तिकारीहरूका लागि के खुशी लाग्नु पर्ने कुरा हो र ? मित्रको पराजयमा खुचिङ्ग भन्ने संस्कृतिको अन्त भई मित्रको पराजयमा अर्को मित्रले दुःख मान्ने संस्कृतिको विकास वामपन्थीहरूले गर्नुपर्ने हैन र ?

## नेकपा एमाले :

आफूले आफूलाई जसरी जनतामाझ प्रस्तुत गरेको छ, त्यसको विपरीत हुने गरी र आफूले लिएको मुख्य उद्देश्यलाई नै प्रहार हुने गरी समेत यो चुनावमा प्रस्तुत हुनेमा नेकपा एमालेले अरू चर्को रूपले देखापर्‍यो ।

यो चुनावमा एमालेको मुख्य लक्ष आफू सत्तामा पुग्नु थियो । यसका निम्ति उसले "देशभक्त र प्रजातन्त्रवादीहरू" लाई पनि साथमा लिने नीतिको घोषणा गरेको थियो ।

यसबाट बुझिने कुरा हो- एमाले सकेसम्म सबै जनपक्षीय शक्तिहरूलाई संगेटेर सरकारमा जान चाहन्थ्यो । यो कुरा उसको 'उदार चाहना' मात्र थिएन, यो उसको वर्तमान परिस्थितिजनित बाध्यता' पनि थियो । सरकारमा जानको निम्ति मात्र हैन, सरकारलाई टिकाऊ बनाउन पनि यो नीति एमालेले लिनु अनिवार्य थियो । यो नीतिबाट मात्रै उसको 'सत्तामा पुग्ने' उद्देश्य पूरा हुन सक्थ्यो ।

आफ्नै यो उद्देश्यको विपरित जाने काम एमालेले के के कुरामा गर्‍यो त ? अर्थात्, आफ्नै खुट्टामा जानी जानी आफैंले बन्चरो हान्ने काम यसले कसरी गर्‍यो त ?

आउनुस् यसबारे एकछिन चर्चा गरौं ।

**एमालेले चुनावको केही महिनाअघि पाल्पामा राष्ट्रिय परिषदको बैठकबाट यो आशयको नारा पास गरेको थियो- आगामी सरकार : एमालेको नेतृत्वमा वाम, देशभक्त र प्रजातन्त्रवादीहरूको सरकार !**

**यो नाराले वृहद् घेरो ओगट्थ्यो । सरकारमा बहुमतसहित आउन र सहमत सबैलाई संगठ्न यसले ठूलो मद्दत गर्नेवाला थियो । साथै, यस नाराले सरकारलाई "कम्युनिष्ट सरकार" हैन, "वाम-सरकार" को नाम दिन्थ्यो, जो धेरै हदसम्म उपयुक्त नाम हो । किनभने**

चुनावबाट बन्ने सरकार "कम्युनिष्ट सरकार" होइन, बढीमा यो "वामपन्थी सरकार मात्रै हुनसक्छ। यो कुरा भारतको पश्चिम बंगालमा ज्योति बसुको पार्टी सी.पी.आई.एम. ले समेत स्वीकारेको र आफ्नो सरकारको नाम "वाममोर्चा सरकार" राखेको कुराबाट पनि प्रष्ट हुन्छ।

तर एमाले केन्द्रीय नेतृत्वले पाल्पा बैठकले तय गरेको नारा एकाएक बदल्ने काम गऱ्यो। यदि पाल्पा बैठककै नीति लिइएको भए र व्यवहारमा त्यसलाई लागू गर्ने पनि इमान्दारिता देखाएको भए एमालेको सरकार हालको जस्तो अल्पमत सरकार नहुने संभावना प्रष्ट र ज्यादा थियो।

पछि तय भएको "आगामी सरकार एमालेको: देशभक्त र प्रजातन्त्रवादीको" नारालाई नै पनि एमालेको नेतृत्व सही तवरले लागू गर्नमा गम्भीरता देखाएन।

चुनावमा एमाले एक्लैको मात्र जोड बलमा एमालेको बहुमत आउन सक्ने थिएन। यो यथार्थ थियो। त्यसैले नै होला एमालेले आफ्नो पछाडि "देशभक्त र प्रजातन्त्रवादी" को पुच्छर जोडेको। सरकारलाई टिकाउ बनाउनका लागि पनि यसो गर्नु जरूरी थियो। यो कुरा आज प्रमाणित भरहेछ, यसरी कि- सरकारका विभिन्न अंग, उपांगमा एमालेले 'अन्य' व्यक्तिहरूलाई पनि लैजाँदैछ र आफ्नो सरकारलाई समर्थन गर्न संसदमा भएका र नभएका सबै पार्टीलाई, संगठनहरूलाई अनुरोध गर्दैछ।

चुनावमा जाँदा नै उसले यसबारे सोच्नु पर्थ्यो तर त्यतिखेर एमाले "अयथार्थवादी रंगिन रिपोर्ट" हरूको आधारमा 'एक्लै जित्ने' अति आत्मविश्वासमा फँस्न पुग्यो। यस अति आत्मविश्वासले उसलाई भोलि सरकार चलाउन धेरैको साथ र सहयोग चाहिन्छ भन्ने वास्तविकतालाई नै लत्याउन प्रेरित गऱ्यो। स्वतन्त्र वामपन्थीहरू र "मूल्यांकन" मासिक स्वयंले यसबारे एमाले नेतृत्वलाई समयमै र चुनावको तीन दिन अघिसम्म पनि गम्भीर रूपले ध्यानाकर्षण गराएका हुन्।

तर एमाले नेतृत्वले जानी वा नजानी आत्मघाती ठहरिने रवैयाहरूबाट आफूलाई जोगाउन सकेन।

यी रवैयाहरू चुनावमा उम्मेदवार तय गर्दाको क्षणमा र पछि चुनावी तालमेल गर्दाको क्षणमा पनि प्रकट भए।

पहिलो कुरा, एमालेको नेतृत्वले आफूभित्रै आफ्नो घोषित "बहुदलीय जनवाद" अभ्यास गर्न सकेन। अल्पमतका मित्रहरूप्रति चुनावी टिकट दिने मामलामा गरिएको गैर-हार्दिकतापूर्ण व्यवहार यसको उदाहरण हो। कतिपय स्थानमा ती व्यक्तिहरूलाई उम्मेदवार बनाएको भए चुनावी जित निश्चित हुने हुँदाहुँदै पनि टिकट दिइएन, किनभने- तिनीहरू अल्पमत पक्षका थिए।

त्यो पार्टी, जसले रामराजाप्रसाद सिंहको "जनवादी मोर्चाका" खेमराज मायालुको लागि 'कांग्रेस हराउन' का निम्ति आफ्नो चुनावी समर्थन दिन सक्छ, त्यही उदारता त्यो पार्टीको नेतृत्वले आफूभित्रका भिन्न मतका साथीहरूमाथि भने किन देखाउन सक्दैन? यसको कारण के?

त्यो पार्टी, जसले कतिपय नयाँ र अन्य पेशामा लागिरहेका आफ्ना समर्थकहरूसम्मलाई पनि टिकट दिन्छ, त्यही पार्टीले आफूभित्रका भिन्नमतवाला साथीहरूलाई किन टिकट दिन कञ्जुस्याइँ गर्छ?

यसको कारण के? त्यो पनि पार्टीले चुनाव हारे पनि हारोस् भन्ने शर्तमा? यस्तो किन?

यसै गरी, यो चुनावमा अन्य वामपन्थी पार्टीहरूप्रति एमालेको रवैया पनि यस सन्दर्भमा बडो विडम्बनायुक्त र सोचनीय देखियो। वापमन्थीहरूको तालमेल यो चुनावमा अति जरूरी थियो। १० सीट त सोझै भोट संख्या जोड्दा मात्र पनि वामपन्थीहरूले जित्ने तथ्यांक आज बाहिर आइसकेको छ।

> **हामी बाबुराम भट्टराईहरू आफ्ना मान्छेहरू "रूख" वा "हलो" मा छाप लगाउन गएकोमा दुःख मानिरहेका छैनौं**

वाम तालमेल नहुनुको कारण ती स्थानहरूमा कांग्रेस वा राप्रपाहरूले जिते। तालमेल भएको भए 'एकता' को उत्साहले अरू २० सीट वामपन्थीहरूको पक्षमा आउने संभावना थियो। यो कुरा समयमै वाम नेतृत्वलाई ठोस र मूर्त रूपमा सुझाव गर्ने काम भएको थियो। तालमेल भएको भए एमालेले प्रष्ट बहुमत ल्याउने र अन्य वामपन्थीहरूले केही थप सीट जितेर संसदमा वामपन्थीहरूको प्रभुत्व हुने थियो।

यो सबै दृष्टिकोणले राम्रो कुरा थियो।

तर स्थानीय तहमा केही ठाउँमा तालमेल हुनु बाहेक थुप्रै ठाउँमा केन्द्रीय योजनाअन्तर्गत हुनुपर्ने तालमेल पटक्कै भएन। यसमा अरू वामपन्थी पार्टीहरूका पनि कमजोरीहरू देखिए। तर तालमेल-वार्तामा अन्तमा अन्य वामपन्थी पार्टीहरू १३ सीट, ८ सीट र ६ सीट मात्रको दावी गरी यथार्थको नजिकैको धरातलमा उभिएका भने थिए। अझै पनि नमिल्ने एक-दुई ठाउँमा मात्र वामपन्थीहरू एक आपसमा चुनाव लड्ने स्थिति हुन्थ्यो, जो सबैतिर नमिल्नुभन्दा कम नोक्सानीदायक हुन्थ्यो।

यसरी अन्य वामपन्थीहरू निकै कम सीटमा सहमत हुँदा पनि एमालेको नेतृत्वले आफ्नो पार्टीको "सरकारमा जाने उद्देश्य" मा ठोस सहयोग पुग्ने यस्तो कदमको महत्वलाई न्यून देख्न पुग्यो।

"रोहितहरूलाई चुनाव हराएर धूलो चटाउनु पर्छ!"

एमालेका तल्ला स्तरका सोझा र इमान्दार कार्यकर्ताहरूमध्ये पनि यसो भन्दै हिँड्नेहरू धेरै थिए। मथिल्ला नेताहरूबाट पनि अलि फरक भाषामा यो कुरा प्रकट भएका आशयहरू देखिन्थे। यसको अर्थ के हो?

क. रोहितहरू हार्नु भनेको मित्रहरू हार्नु हो। 'मित्रता' का बारेमा मतलब नगर्ने हो भने पनि कम्तीमा पनि रोहितहरू हार्नु भनेको ने.का. वा राप्रपाले जित्नु हो, जो एमालेका लागि प्रत्यक्ष रूपले घाटा हुने कुरा थियो। आजै पनि एक दुई सीटको याता वा उताले एमालेको सट्टा काँग्रेस "सबभन्दा ठूलो पार्टी" बनेको भए के हुन्थ्यो? के यस्तो हुन संभव थिएन र?

तर एमाले भित्रको यो प्रवृत्तिले भन्थ्यो- "रोहितहरूलाई धूलो चटाउँछु!"

यसो भन्नुको अर्थ थियो- "नेका वा राप्रपालाई मह चटाउँछु" अर्थात्- आफ्नै पार्टी एमालेलाई हराउँछु भन्नु।

पार्टीको उद्देश्य छ- संसदको बहुमत जित्ने। मित्रसँगको झोंकको कारण यसको नेतृत्वको व्यवहार छ- यसरी झोंक झोंकमै बगेर पार्टीलाई बहुमतमा आउन नसक्ने गरी हराउने!

यस्तो किन भयो?

हिजो पञ्चायतीकालमा चुनाव लड्ने पञ्चहरू पनि आफ्नो मूल चुनावी प्रतिद्वन्दीको पक्षको सीट आफूले जित्न खोज्थे, आफूले जित्न नसक्ने देखेमा कमजोर प्रतिद्वन्दीतिर त्यो सीट जावास् तर मुख्य प्रतिद्वन्दी भने हारोस् भन्ने नीति अप्नाउँथे। यो सामान्य चुनावी दाउँपेच पनि किन अप्नाइएन? किन आफू हारे पनि हारियोस्, शत्रुले जिते पनि जितोस् तर 'मित्र' भने हारेरै छाडोस् भन्ने आत्मघाती रवैया अप्नाउने काम भयो? यो प्रवृत्तिले किन प्रश्रय पायो?

चुनावमा अन्य वाम पार्टीलाई पनि एमालेले र प्रतिशोधको भावनावश अन्य वामपार्टीहरूले एमालेलाई पनि यस्तो व्यवहार अप्नाएको पाइन्थ्यो। प्रवृत्तिको रूपमा यो धेरै या थोरै सबैमा विद्यमान देखिन्थ्यो।

यस्तो आत्मघाती कदम चाल्न हामीलाई 'बेहोस' पार्ने त्यो चिज के हो?-

यो "किन?" कै जवाफ खोज्ने हो भने हामी यसको पनि मूल जरोसम्म पुग्न सक्ने छौं।

स्थानीय सरकारमा हैन, यो चुनावद्वारा केन्द्रीय सरकारमा पार्टीले जान चाहेकोले समग्रमा आफ्नो पार्टीको पक्षमा चुनावी स्थिति छ, छैन र छैन भने कसरी त्यसलाई हल गर्ने भन्ने कुरा स्थानीय स्तरका कार्यकर्ताले हैन, केन्द्रले मात्र सोच्नुपर्ने र यसले मात्र सोच्न सक्ने कुरा हो। तालमेलका लागि स्थानीय स्तरमै अधिकार सुम्पिने र त्यहीबाट मात्र काम गर्ने गलत नीतिले पनि यसमा ठूलै काम गरेको छ। साथै, पार्टी हारे पनि हारोस् तर आफूले भने उम्मेदवारी छोड्दै नछोड्ने र पार्टीको सल्लाह वा निर्देशन पनि लत्याउने "पार्टीभन्दा पनि ठूला" नेता कार्यकर्ताहरूको व्यक्तिगत स्वार्थ पनि यसका लागि जिम्मेवार छ। वाम विभाजन चाहने प्रतिक्रियावादी घूसपैठ र षड्यन्त्र एवं 'वाम एकता विरोधी" कम्युनिष्ट खोलका पूँजीवादीहरूको चालबाजीको पनि यसमा हात हुनसक्छ।

तर यस सन्दर्भमा यी सबैभन्दा महत्वपूर्ण कुरा भने अर्कै छ। त्यो हो- हामीभित्रको गूट-मानसिकता।

यो गूट मानसिकता भनेको व्यक्तिवाद नै हो। तर यो एउटा गूटसँग जोडिएर प्रस्तुत हुने हुनाले यो "सामूहिक व्यक्तिवाद" हो। जबसम्म यस व्यक्तिवादका विरुद्ध हामी आफूसँगै लड्दैनौं, तबसम्म यसले हामीलाई पटक पटक धोका दिइनै रहनेछ।

गूट-मानसिकताले हामीलाई यति साँघुरो बनाइदिन्छ कि हामी हाम्रो होश नै गुमाउन पुग्छौं। यसले हाम्रो समाजिक राजनीतिक आन्दोलनको व्यापक स्वार्थलाई बन्चरो हान्ने काम गर्छ। यतिसम्म कि- यसले हामीलाई हाम्रो उद्देश्य विपरीत चल्नसमेत प्रेरित गर्छ। होश र बुद्धिबाट निर्देशित हुनुको सट्टा यसले हामीलाई भावुकता, रीस र द्वेषबाट निर्देशित हुन पनि प्रेरित गर्छ। यस्तो हुँदा हामी हाम्रो मुख्य लक्ष नै भुल्दा रहेछौं, हामी त्यसको उल्टो चल्ने र त्यसरी उल्टो चल्दा पनि खुशी हुने बन्न पुग्दा रहेछौं।

यो चुनावमा यही भएको हो।

साँघुरो गूट-मानसिकताले हामीलाई गाँजेको हो। हामी विवेकबाट हैन, अन्ध द्वेष-मानसिकताबाट सञ्चालित भएका हौं।

त्यसैले नै हो- हामी बाबुराम भट्टराईहरू आफ्ना मान्छेहरू 'रुख' वा 'हलो' मा छाप लगाउन गएकोमा दुःख मानिरहेका छैनौं। आफ्नो विचार नजिकका साथीहरू हारेकोमा हामी खुशी छौं। गिरिजा गूटको विरुद्ध विगतमा स्वयं पनि लडेका हामीले चुनावमा चाहिँ त्यस गूट विरुद्ध लड्नु जरूरी देखेनौं।

**बाँकी १६ पेजमा**

**हामी एमालेहरूले क. रोहित वा मसाल वा जनमोर्चालाई आफू हार्ने शर्तमा पनि "खेमराज मायालु" सरहसम्म पनि सोच्न सकेनौं।**

# "एक वाम एक ठाम" भएको भए के हुन्थ्यो ?

यसपालिको आम चुनावको मत गणना परिणामलाई गौड गरेर हेर्ने जोसुकै पनि यो टुंगोमा सजिलै पुग्न सक्छ- समयमै "एक वाम एक ठाम" गरिएको भए संयुक्त वामशक्तिले संसदमा अत्यधिक वहुमत ल्याउन अवश्यंभावी थियो । एमाले एक्लैले संसदमा स्पष्ट वहुमत हासिल गर्न नितान्त संभव थियो । र, अन्य वामशक्तिले अहिले ६ को सट्टामा ११ सीट हासिल गर्ने टड्कारो संभावना थियो ।

मत गणनाको तथ्यांक केलाउँदा १० वटा ठाउँ यस्ता छन्, जहाँ मत जोड्दा संयुक्त वामशक्तिको वेसी छ, तर जित भने कांग्रेसी उम्मेदवारको पक्षमा गएको छ । यसको उदाहरणको रुपमा सिराहा ३, रामेछाप २, महोत्तरी १, अर्घाखाँची १, प्यूठान १, दैलेख १, तनहुँ ३, सिंधुली २, बारा २ र मुगु १ छन् । वाम एकता भएको खण्डमा यी ठाउँहरूमा स्वतः वाम-उम्मेदवारीको विजय हुन्थ्यो । त्यसमध्ये एमालेले ७ ठाउँमा, मसाल, नेमकिपा र संजमो ले १-१ ठाउँमा जित हासिल गर्ने थिए । बाम उम्मेदवारको विरुद्ध बाम उम्मेदवार नै मैदानमा हुनुको कारणले मात्र यी ठाउँमा कांग्रेसी उम्मेदवारले जितेको देखिएको छ ।

१४ वटा ठाउँमा फगत १००० मतभन्दा पनि कम मतको फरकले मात्र वाम उम्मेदवारको हार भएको छ । यसको मतलव, वाम उम्मेदवारले बढीमा ५०० मत थप ल्याएको खण्डमा ती ठाउँको जितवाजी कांग्रेस वा स्वतन्त्रको हातमा जाने थिएन । वाम एकताको देशव्यापी लहरले सजिलै यति मत वाम पक्षमा हासिल हुनु संभव थियो । यस मध्ये १३ सीट एमालेले हात लगाउँथ्यो र १ सीट मसालले । ताप्लेजुङ १, पाँचथर २, इलाम २, झापा ४, ओखलढुंगा १ र २, सिराहा १, सिंधुली १, कास्की ३, रुपन्देही १ र ४, वाग्लुङ २, पर्वत १, र वझाङ २ यसका प्रत्यक्ष उदाहरण हुन् ।

यस प्रकार स्वतः जित्ने र सजिलै जित्ने यी दुई थरी ठाउँको सीट जोड्ने हो भने एमालेले अहिलेभन्दा २० सीट वेसी ल्याउँथ्यो । अर्थात् संसदमा १०८ सीट ल्याएर स्पष्ट वहुमत हासिल गर्नु संभव थियो । र, अन्य वामशक्तिले अहिलेको छ सीटको सट्टामा ११ सीट ल्याउनु संभव थियो । यसरी संसदमा कुल वामपन्थी सीट ९४ को सट्टामा ११९ हुन जाने थियो । यो भनेको संसदको अत्याधिक वहुमत हो ।

वाम एकताको प्रभावको आकलन अंक गणितीय जोडमा गर्न सकिन्न । यसको प्रभाव त गुणनात्मक हुन्छ । यसले ल्याउने जितवाजीको विश्वास र उत्साहले थुप्रै हार्ने ठाउँलाई समेत जित्ने ठाउँमा परिणत गरिदिन सक्छ ।

मत गन्तीको तथ्यांकले इंगित गरेको छ- थप ११ ठाउँ यस्ता छन्, जहाँ दुई हजारभन्दा पनि कम मतको अन्तरले वाम उम्मेदवारको हार भएको छ । र, ६ ठाउँ यस्ता छन्, जहाँ मतको अन्तर तीन हजारभन्दा बेसी छैन । यसको उदाहरण पाँचथर २, सिंधुली ३, धनुषा ३, मकवानपुर १, पर्सा २, लमजुङ २, नवलपरासी १, हुम्ला, सुर्खेत १ र ३ र बाँके ३ हुन् । सर्लाही २, ४ र ५, रौतहट ३, पर्सा ४ र दाङ २ मा पनि यस्तो भएको छ । यी सबै ठाउँहरु समयमै वाम एकता भएको भए त्यसको देशव्यापी उभारले वाम पक्षले जित्न संभव ठाउँहरू हुन् । एकताले जुन उत्साहको लहर आउँथ्यो, त्यसको ठीक उल्टो अनेकताले ल्याएको निराशाले यी ठाउँमा यति मतान्तर हुन गएको देखिन्छ ।

यस प्रकार, एमालेले थप ९ ठाउँमा र संजमाले थप २ ठाउँमा जितवाजी हासिल गर्न संभव थियो ।

स्वतः जित्न संभव, सजिलै जित्न संभव र जित्न संभव - यी तीनै थरी ठाउँहरुको कुल जोड निकाल्ने हो भने संयुक्त वामशक्तिले अहिले भन्दा थप ४१ ठाउँमा जित्न संभव देखिन्छ । त्यसमध्ये एमालेले थप ३४ सीट, संजमोले ४ सीट, मसालले २ सीट र ने म कि पा ले १ सीट हासिल गर्न सक्ने देखिन्छ ।अहिलेको कुल वाम सीटमा यो जोड्दा १३५ सीट हुन जान्छ । यो भनेको झण्डै झण्डै दुई तिहाई वहुमत हो । स्मरणीय छ - दुई तिहाई वहुमत ल्याउन अहिलेको संसदमा १३७ सीट ल्याउनु जरुरी हुन्छ ।

पूर्वमा एमालेको एकलौटी प्रभाव क्षेत्र हुँदाहुँदै पनि यसपालि ताप्लेजुङ, पाँचथर, इलाम, झापा र सुनसरीमा पराजयको सामना गर्नु पर्‍यो । यी मध्ये केही ठाउँमा त पार्टीभित्रको भिन्न मतका कारणले टिकट दिनमा विभेद गर्दा हुन गएका पराजयहरु छन् । देशव्यापी वाम एकता भएको खण्डमा त्यसको उभारले यो नाक्सानीलाई पनि उठाउने संभावना रहन्थ्यो । तर एकातिर पक्षपातको कारणले भित्री पार्टी असंतुष्टि र अर्कातिर वाम एकताको अभावमा प्रतिक्रिया-वादीहरुको पेलाइले गर्दा यी ठाउँमा हार हुन गयो । सिराहा, सर्लाही, वाग्लुङ र चितवनमा स्थानिय स्तरमा वाम तालमेल भएका थिए । तर ती तालमेललाई इमान्दारीपूर्वक कार्यान्वयन गरिएनन् । तालमेल भए तापनि उम्मेदवार उठाउने, मत दान चाहिं अन्यत्रै गर्ने, आफ्ना मतदाताहरु अन्यत्र स्थानान्तरण गर्ने कार्य ती ठाउँमा भए । फलस्वरुप, वाम तालमेलका वावजुद पनि ती ठाउँमा एमाले बाहेक संजमो र मसालले हारको सामना गर्नु पर्‍यो ।

यी सबैको कुल परिणाम हो- अहिलेको वामशक्तिको ९४ सीट र एमालेको ८८ सीट । अल्पमतको सरकार बनाउने वाध्यता पनि यसैको परिणाम हो । चुनावी परिणामले छर्लंगै देखाएका छन्- वामपन्थी नेतृत्वले समयमै वामशक्तिहरु बीच "एक वाम एक ठाम" को आधारमा चुनावी एकता गरेको भए यसपालि संसदमा वामशक्तिको एकछत्र प्रभुत्व हुन्थ्यो । झण्डै झण्डै दुई तिहाई वहुमत हुन्थ्यो । कांग्रस र राप्रपा निकै कमजोर स्थितिमा हुन्थे । पूँजीवादी राज्य यन्त्र र संसदको सीमाभित्रका थुप्रै निर्णायक सुधारहरु यसमार्फत गर्न संभव हुन्थ्यो । नेपालको इतिहासमा एउटा अभूतपूर्व शक्ति-सन्तुलनको स्थिति पैदा हुने थियो । अहिलेको जस्तो समर्थन र विश्वासको मतको निम्ति प्रतिकियावादीहरुको दयामा निर्भर हुनु पर्ने स्थिति हुँदैनथ्यो ।

तर त्यो अपूर्व अवसर हाम्रा हातबाट गुमेको छ । संसदमा प्रतिक्रियावादीहरुको वहुमत कायम हुन गएको छ ।

यसको लागि- हाम्रो स्वार्थमुखी प्रवृत्ति, ठूलो शक्ति अहंकार र यथार्थको जगमा नउभिएको आफ्नो औकात बारेको अति-आत्मविश्वास जिम्मेवार छ ।

एउटा पूँजीवादी संसदमा वहुमत ल्याएर निकै ठूलो कान्तिकारी कार्य त गर्न सकिने होइन । तर कान्तिको लागि पूर्वाधार तयार पार्न यसले जुन टेवा पुऱ्याउने काम गर्न सक्थ्यो, त्यो अवसर चाहि हाम्रो हातबाट गुमेको छ ।

### वाम तालमेल भएको भए कहाँ कहाँ स्वतः जितिन्थ्यो ?

| जिल्ला र क्षेत्र | आपसमा जुधेका वाम पार्टीहरू | | | जम्मा | विजयी पक्षको मत |
|---|---|---|---|---|---|
| १) रामेछाप- २ | संज.मो ७२१५ | एमाले ७०४० | | १४२५५ | ने.का. ८२४१ |
| २) महोत्तरी-१ | एमाले १२२४७ | सं.ज.मो. ३५४८ | | १५७९५ | ने.का. १५४६८ |
| ३) अर्घाखाँची- १ | एमाले १५३३१ | मसाल ७७५६ | | २३०८७ | ने.का. १६७५२ |
| ४) प्यूठान- १ | मसाल ९१४३ | एमाले ९२७ | | १००७० | ने.का. ९४०३ |
| ५). दैलेख- १ | ने.म.कि.पा. ८५०८ | एमाले ४५३० | | १३०३८ | ने.का. १०६९५ |
| ६) तनहुँ- ३ | एमाले १६२११ | सं.ज.मो. २७९ | | १६४९० | ने.का. १६३०६ |
| ७) सिंधुली- २ | एमाले ९०२७ | मार्क्सवादी २६५१ | सं.ज.मो. ७९६ | १२४७४ | ने.का. १०४७१ |
| ८) बारा- २ | एमाले १४१५० | मार्क्सवादी ७९० | संयुक्त २०३ | १५१४३ | ने.का. १४४०३ |
| ९) मुगु | एमाले ७२५९ | ने.म.कि.पा. १८१९ | मार्क्सवादी २२७ | ९३०५ | ने.का. ९१९० |
| १०) सिराहा- ३ | एमाले ७५९७ | संजमो ४८६१ | संयुक्त ३००४ | १५४६२ | ने.का. १४३५७ |

**स्वतः जित्न सकिने :** एमाले- ७ सीट/संजमो- १ सीट/मसाल- १ सीट/ने.म.कि.पा.- १ जम्मा - १० सीट, स्रोत : निर्वाचन आयोग, प्रतिनिधि सभा सदस्य निर्वाचन, २०५१

श्री ५ महाराजाधिराज
वीरेन्द्र वीर विक्रम शाहदेव
सरकारको ५० औं
शुभ-जन्मोत्सवको पुनीत
उपलक्ष्यमा मौसूफको
सुस्वास्थ्य, दीर्घायु तथा
समृद्धिका निम्ति परमेश्वर
सँग सभक्ति मंलगमय
कामना गर्दछौं ।

**- नेपाल राष्ट्र बैंक परिवार**

एमाले सरकार लाई मूल्यंकनको सुझाव

### अहिलेको पूँजीवादी राज्यसत्ता अन्तर्गत पनि

# वामपन्थी सरकारले के के गर्न सक्छ ?

## दीर्घकालीन कार्यक्रम

० प्रगतिशील भूमिसुधारद्वारा जमीनमा सामन्ती स्वामित्वको उन्मूलन

० कृषि उत्पादन वृद्धि गर्न

- कृषि क्षेत्रकै बेरोजगार र अर्द्धबेरोजगार जनशंख्याको परिचालन-द्वारा सिंचाइ सुविधामा र सडक निर्माणमा व्यापक विस्तार

- जमीनमा स्वेच्छिक सहकारीकरणको थालनी

- अनुदानद्वारा रासायनिक मललाई सस्तो बनाउने कार्य

- अत्याधुनिक कृषि प्रविधि खेतीपातीमा समाहित गर्ने कार्य

० राष्ट्रिय स्वाधीनताका निम्ति असमान र अन्यायपूर्ण सन्धिहरुको अन्त,

० मजदूरहरुको आधारभूत आवश्यकताको निर्धारण, त्यो अनुरुप ज्याला, सेवा-सुविधा तथा सुरक्षाको निश्चितता

० उद्योग धन्दाको विकासको लागि देशमै पर्याप्त मात्रामा र किफायतमा उत्पादन हुन सक्ने वस्तुहरुको पहिचान, त्यस्ता उद्योगहरुको विकासको लागि संरक्षण र प्रोत्साहन गर्ने अर्थनीति

० साना र लघु विद्युत आयोजनाहरुमा सर्वाधिक प्राथमिकता

० नारीहरुमाथि विद्यमान आर्थिक, सामाजिक र सांस्कृतिक विभेदहरूको अन्त्य

० जनजातीय र भाषिक असमानताको अन्त

० देशबाट निरक्षरताको उन्मूलन र यसनिम्ति प्रतिवद्ध शिक्षित युवाहरुको परिचालन

० आलोचनात्मक, जागरुक र आधारभूत शीपयुक्त नागरिक तयार पार्ने उद्देश्य बोकेको बैज्ञानिक र प्रजातान्त्रिक शिक्षा प्रणाली

० निःशुल्क एकीकृत आधारभूत स्वास्थ्य सेवा, शुद्ध खानेपानी र स्वास्थ्य चेतनाको ग्रामीण कुना काप्चासम्म विस्तार

० जनतालाई जागृत पार्ने र वैज्ञानिक चेतना दिने प्रगतिशील श्रव्य दृश्य सामग्रीको उत्पादन र प्रचार प्रसार मा राज्यको योजनावद्ध पहल

० जनताद्वारा निर्वाचित र फिर्ता बोलाउन सक्ने प्रजातान्त्रिक जिल्ला प्रशासन व्यवस्था ।

### नेकपा (एमाले) को सरकारले गर्नुपर्ने

# १० सूत्रीय तात्कालिक राहत कार्यक्रम

**१. महंगी हटाउ- कार्यक्रम**

° जनताका आधारभूत आवश्यकताका वस्तुहरुको निर्धारण । तिनीहरुको भाउमा कम्तिमा १०% कटौती ।

० आधारभूत आवश्यकताका वस्तुहरूको भाउमा राज्यले कुनै पनि वेला हस्तक्षेप गर्न सक्ने व्यवस्थाको शुरुवात । यसका लागि सरकारले तिनीहरूको "अपरिहार्य न्यूनतम स्टक" राख्ने, स्टक विवरण प्रकाशित गर्ने र मूल्य सूची जारी गर्ने व्यवस्थाको शुरुवात ।

० प्रयोगात्मक आधारमा शहरी क्षेत्रमा "राशन कार्ड व्यवस्था" को थालनी ।

**२. भ्रष्टाचार र ढीलासुस्ती नियन्त्रण कार्यक्रम**

० घुस माग्ने र काममा ढीलासुस्ती गर्ने काम कुनै पनि सरकारी कार्यालय र संस्थानमा गरेमा सरकारलाई तुरुन्त सूचना गर्ने, हो- होइन तुरुन्त निरीक्षण गरी कार्यवाही गर्ने प्रक्रियाको थालनी । यसका लागि अधिकार प्राप्त कार्यदल र सार्वजनिक टेलिफान नंवर सहितको "भ्रष्टाचार र ढीलासुस्ती विरोधी सार्वजनिक द्रुत सञ्चार संयन्त्र" को घोषणा ।

**३. किसानको लागि राहत कार्यक्रम**

० रासायनिक मलखादको भाउमा सरकारी अनुदानद्वारा २५% सम्मको कटौती ।

० किसानहरूको आफ्नै पहलमा साना सिंचाई आयोजना र मूल सडकसित जोड्ने सम्पर्क- सडकको विस्तार गर्न सरकारद्वारा "कामका लागि खाद्यान्न" र प्राविधिक सहयोगको घोषणा ।

**४. मजदूर राहत कार्यक्रम**

० मजदूरहरूको आधारभूत आवश्यकताबारेमा एउटा न्यायसम्मत मापदण्डको निर्धारण । त्यो मापदण्डको आधारमा मजदूरहरूको न्यूनतम ज्याला र सुविधाहरूको घोषणा ।

**५. सरकारी सञ्चार माध्यमबाट पक्षपात र कुसंस्कृतिको प्रचारको अन्त**

० विभिन्न पार्टीका गतिविधिहरूलाई सरकारी सञ्चार माध्यममा न्यायसम्मत स्थान दिने प्रक्रियाको थालनी । "पार्टी गतिविधि कार्यक्रम" को शुरुवात ।

० अश्लील र छाडा गीत, नाटक, फिल्महरू र विज्ञापनहरू सरकारी सञ्चार माध्यमबाट प्रचार गर्नमा रोक ।

० जन चेतना जागृत गर्ने जनवादी गीत, नाटक र फिल्महरू सरकारी सञ्चार माध्यमबाट दिने कार्यको थालनी । तिनका स्रष्टाहरूलाई टी.भी. र रेडियोमा प्रवेश गराउने प्रक्रियाको शुरुवात ।

० सरकारी सञ्चारमाध्यम खालि पूँजीवादी र सामन्तवादी विचारधारा र संस्कृतिको प्रचार गर्ने थलो भइरहेकोमा त्यसबाट साम्यवादी विचारधारा र संस्कृतिको पनि प्रचारको थालनी ।

**६. उत्पीडितहरूलाई राहत**

० विचार भिन्नताको कारणले खोसुवा, सरुवा र घटुवामा परेका शिक्षक, कर्मचारीहरूलाई स-सम्मान पुनर्स्थापना ।

० शहीदहरूका परिवारहरू र विगत जन-आन्दोलनमा अंग-भंग भएकाहरूका निम्ति सम्मान र रोजगारीको व्यवस्था ।

**७. राष्ट्रिय उद्योगहरूलाई राहत**

० देशमै पर्याप्त मात्रामा उत्पादन हुने र हुन सक्ने आधारभूत आवश्यकताका वस्तुहरूको आयातमा रोकको घोषणा ।

**८. नारीहरूलाई राहत**

० संविधानमा नारीहरूले पाएको समानताको हकसँग बाझिने आर्थिक, सामाजिक क्षेत्रमा नारीहरूलाई दोश्रो दर्जाको नागरिक पार्ने सम्पूर्ण कानूनको खारेजीको घोषणा ।

**९. बञ्चित र उपेक्षित तप्काहरूलाई राहत**

० स्वस्थ्य सुविधाको मुख देख्न नपाएका दुर्गम स्थानका जनताहरूको लागि नियमित घुम्ती स्वास्थ्य टोलीको व्यवस्था । त्यसनिम्ति प्रतिवद्ध स्वास्थ्य सेवीहरूको परिचालन र स्थानीय स्वास्थ्यकर्मीको तालिम ।

० स्कूलको मुख देख्न नपाएका असाक्षर जनताको लागि निरक्षरता-उन्मूलन कार्यक्रमको घोषणा । प्रतिवद्ध प्रगतिशील युवा संगठनहरूलाई यसका निम्ति युवाशक्ति परिचालन गर्न आह्वान । सरकारद्वारा भौतिक सहायताको घोषणा ।

**१०. प्रतिभाहरूलाई सहभागी गराउने कार्यक्रम**

० जलस्रोत, उद्योग, कृषि, विज्ञान, प्रविधि, यातायात, शिक्षा, संस्कृति र देश विकासका प्रत्येक क्षेत्रमा हाम्रो दीर्घकालीन र अल्पकालीन कार्यक्रम र रणनीति के हुनु पर्छ, के गर्दा हाम्रो देशलाई अधिकतम फाइदा हुन्छ र विकासको गति तीव्र र दीगो हुन्छ भन्ने सम्बन्धमा नीति निर्माण गर्न सर्वाधित क्षेत्रका देशभक्त ज्ञाता र प्रतिभाहरूलाई सहभागी गराउने प्रक्रियाको शुरुवात । यस प्रक्रियाद्वारा हरेक क्षेत्रको यथार्थवादी गुरु योजना Master Plan को निर्माण । □□



प्रतिवद्धताको परीक्षाको घडी

# नयाँ सरकारको प्रथम आधा महिना

## सकारात्मक के ?

## नकारात्मक के ?

**ने**कपा (एमाले) को सरकार गठन भएको शुरुका दुई हप्ताहरुले केही कुराहरुको संकेत गरेको छ । यो छोटो अवधिमा यसलाई "जस" वा "अपजस" दिन हतारिनु ठीक हुन्न । तर पनि यो समयावधिले संकेत गरेका कुराहरु मात्रलाई टिप्पणीको विषय बनाउनु भने जरुरी र उपयोगी नै हुने छ ।

शुरुका यी दिनहरु एमालेका निम्ति सरकार गठन गर्ने, अन्य उच्च पदहरुको पूर्ति गर्ने र तत् तत् क्षेत्रको यथार्थ स्थिति बुझ्ने एवं तिनमा के के नीति र निर्णय तय गर्नु जरुरी छ भन्ने बारेमा सोच तयार गर्नमा प्रयोग गर्नु पर्ने दिनहरु नै थिए । "अल्पमतको सरकार" हुनुको यथार्थलाई समेत दृष्टिगत गरी उसले पाइला चाल्नु जरुरी भएको कुरा पनि आजको यथार्थको एउटा महत्वपूर्ण पाटो नै हो ।

यसवीचमा, एमालेको सरकारले आफ्नो घोषणापत्रका कतिपय जनपक्षीय कुराहरुको पक्षमा आफू दृढ रहने कुरामा देशवाशीलाई अभ्यस्त गराउन गरेको प्रयत्न र मुलुकका विविध फाँटका व्यक्ति संस्थाहरुसँग बसेर छलफल गर्न थालेका कुराहरु सकारात्मक कुराहरु हुन् । पीठोको मूल्य प्रति के.जि. एक रुपियाँ घटाउने काम, कर्मचारीको २० वर्षे अवकाश व्यवस्था खारेज गर्ने काम, सेनाको जागिरमा प्रवेश गर्न राजधानीमा मात्र सीमित रहेको भर्ति-केन्द्रलाई देशभर फैलाउने काम, रेडियोबाट जनपक्षीय गीतहरुको प्रसारण, आपूर्तिको पक्षमा देखाएको सजगता र विदेशसँगको संवन्ध सुदृढीकरणका निम्ति प्रदर्शित कूटनैतिक कौशल यसका सकारात्मक पक्षहरु हुन् ।

यसको सवैभन्दा ठूलो नकारात्मक पक्ष हो - आफैंभित्रका अल्पमत पक्षका मित्रहरुलाई निर्णय-प्रकृयाबाट बाहिर राख्ने वा वेवास्ता गर्ने काम । पार्टी संगठनको मामलामा पनि भिन्नमतका कारण सक्षम र पुराना व्यक्तिहरु पाखा पारिएका पाइएका छन् । यो यस्तो प्रवृत्ति हो, जुन प्रवृत्तिबाट एमाले नेतृत्व मुक्त भएन भने उसलाई सवैभन्दा ठूलो घाटा लाग्नेवाला छ ।

यसैगरी अन्य वामसमूहहरुलाई पनि सबैभन्दा बढी उपेक्षा गरिएको देखिन्छ । एमाले नेतृत्वले वुझ्नु पर्ने कुरा हो- पद र सिट प्रमुख कुरा हैन, देशको आमूल परिवतनका पक्षधर मित्रहरुलाई निर्णय-प्रकृयामा सहभागी गराउनु प्रमुख कुरा हो । यसका निम्ति उनीहरुसँग सुझाव माग्ने, छलफल गर्ने, उनीहरुको सहयोग लिने कुराहरु गरिनु जरुरी छ । तर के देखिदैछ भने, हिजोको सरकारले जस्तै एमाले सरकारले पनि आफ्ना विभिन्न वामपन्थी मित्रहरुलाई नै ज्यादा उपेक्षा गरेको छ । यो प्रवृत्तिले राम्रो कुराको संकेत गर्दैन ।

एमालेका मन्त्रीहरुको समय अत्यधिक रुपमा औपचारिक समारोहहरुमा र कम महत्वमा शुभेच्छुकहरुको घेरावन्दीमा वितिरहेछ । यसलाई व्यवस्थित पार्ने र प्राथमिकता-क्रम अन्तर्गत पार्ने काम नगर्ने हो भने एमाले सरकार हचुवा र अस्तव्यस्त सरकार बन्ने छ । ❑

# संजमो, मसाल र नेमकिपाले के पाठ सिक्ने ?

**ग**त मध्यावधि चुनावले संजमो, मसाल र नेमकिपा जस्ता जनतामा भिजेका तर पनि चुनावी विजयमा पछि परेका शक्तिहरुलाई आफूतिर फर्कर हेर्न ठूलो दवाव पैदा गरेको छ ।

निश्चय नै चुनावी हार-जित नै सबै कुरा हैन, तर पनि जनतासंगको पार्टीको निकटता र पार्टीको सांगठनिक हैसियतको संकेतसूचक भने यो अवश्य नै हो ।

नेमकिपाले तुलात्मक रुपले आफ्नो सीमित स्रोत र साधनका वावजूद चुनावी अभियानलाई उल्लेखनीय संख्यामा सीट जित्नुसम्ममा टुंग्याएको छ । हरेक ठाउँमा एमाले समेतसंग प्रतिष्पर्धा गरी यसले जितेको सीट संख्याले चुनावी रण-कौशल र सांगठनिक पहल यसको राम्रो देखियो । नेकपा (मसाल) भने चुनावी अनुभवको कमीको कारण पनि केही जित्ने निश्चित भएका ठाउँमा समेत पछि पऱ्यो । तर संजमो, नेपाल भने विविध कारणले निकै पछि पऱ्यो । भर्खर पार्टीभित्र फूट भएको कारण महत्वपूर्ण कारण भए पनि यस पार्टीले संसदमा पठाउनै पर्ने आफ्ना खास खास उम्मेदवार लाई सबैभन्दा सवल ठाउँमा उठाउन र उनीहरूको पक्षमा योजनावद्ध र दृढ कार्यनीति अप्नाउन नसकेको कारण पनि कम विचारणीय कारण होइन ।

"एमालेको सरकार" को नारा को कारण यस पल्ट जनता कांग्रेसको बिकल्पमा एमालेको पक्षमा मोडिनु चाहिं यी सबै पार्टीको चुनावी स्थिति कमजोर हुनुको एउटा साझा कारण हो । प्रतिद्वन्दीहरुका चुनावी धाँधलीहरु पनि केही स्थानमा यी पार्टीहरुको पराजयको कारण बन्न पुगेका छन् ।

यी सबै कारणहरुमध्ये यी पार्टीहरुले सवैभन्दा बढी आफ्नै कमी-कमजोरीतिर ज्यादा निर्मम भएर सोच्नु जरुरी छ भन्ने हामीलाई लाग्दछ । विचारमा स्पष्टता एवं संगठनको सुदृढीकरण आजको प्रमुख आवश्यकता हो । यसबाहेक, "आज" सँग जोडिएको र "भोलि" समेतको ख्याल गरिएको यथार्थवादी कार्यक्रम र कार्यनीतिको खोजीतिर पनि यी पार्टीहरुले ध्यान दिनै पर्छ । मत मिल्नेहरु वीच एकता कायम गर्नेतिर पनि ध्यान पुऱ्याउनु पर्ने जरुरी देखिन्छ । ❑

# मन्त्री क्वार्टरमा चोरी र तोडफोड

**काँ**ग्रेसीहरूले सत्ता छोड्नु पर्दा मन्त्री क्वार्टरहरुमा जुन रबैया देखाएर गए, त्यसले नेपाली कांग्रेसको आम-सांस्कृतिक स्तरको एउटा नमूना नै पेश गरेको छ । आफूले सरकारी आवास गृहहरू छोडेर एमालेको नयाँ मन्त्री मण्डललाई सकुशल सुम्पिनु पर्ने सामान्य नैतिक दायित्व पनि कांग्रसीहरूले पूरा गर्नु जरुरी ठानेनन् । क्वार्टरमा टेलिफोन फोरेर छोड्नु, पर्दा र बल्बहरू चोरी गर्नु, कागज, पत्रपत्रिका च्यातच्यूत पारेर छाड्नु आदि मात्र नगरी उनीहरूले ठाउँ-कुठाउँ फोहर गर्ने एवं एमाले विरुद्ध नाराहरू लेख्ने काम पनि गरेको पाइयो ।

यी काम कुराहरू कतै खुला सार्वजनिक सडकको छेउमा वा डबलीमा भएका कुराहरू हैनन् । त्यसैले यी गैरजिम्मेवार कामहरू "कांग्रेसलाई बदनाम गर्न" अरु कसैले आएर गरिदियो भन्न सकिने आधार बिल्कूलै छैन । मन्त्री क्वार्टरहरूको सुरक्षा घेरालाई तोडेर त्यहाँ जो कोही पनि पुग्न सक्ने संभावना छैन । त्यसकारण, निश्चित छ- यस्तो गैर-जिम्मेवार काम मन्त्रीहरू वा मन्त्रीहरूको आसपास मडारिरहेका कांग्रेसीहरूले नै गरेका हुन् । अरुलाई दोष दिने ठाउँ यसमा देखिन्न ।

कांग्रेसीहरूको यस्तो चर्तिकलाले उनीहरूको नैतिक स्तरको पनि राम्रो प्रदर्शन गरेको छ ।

स्मरणीय छ, पञ्चायत विरुद्धको लामो संघर्षको रापबाट खारिएको भनेर कांग्रेसीहरू आफूलाई मान्ने र भन्ने गर्छन् । आफूलाई उनीहरू "प्रजातन्त्रको पर्याय" भन्ने गर्छन् ।

सार्वजनिक जन-संघर्षहरूको सिलसिलामा सरकारले गरेको जनहत्या देखेर सडकमा क्रुद्ध जनताले गरेका तोडफोडहरूलाई लिएर सधैं "उपद्रवकारी" का रुपमा वामपन्थीहरूलाई बद्नाम गर्न कुनै पनि हालतमा पछि नपर्ने कांग्रेसी "मुखपत्रहरू"लाई यतिखेर प्रश्न गर्नु जरुरी छ- मन्त्री क्वार्टरभित्रको यो तोडफोड र चोरी चाहिं कुन प्रजातन्त्रको द्योतक हो ? ❑

श्री ५ महाराजाधिराज
वीरेन्द्र वीर विक्रम शाहदेव
सरकारको
५० औं शुभ-जन्मोत्सवको
पुनीत उपलक्ष्यमा मौसूफको
सुस्वास्थ्य तथा दीर्घायुको
निम्ति
*हार्दिक शुभ कामना*
व्यक्त गर्दछौं ।
भक्तपुर नगरपालिका

श्री ५ महाराजाधिराज
वीरेन्द्र वीर विक्रम शाहदेव
सरकारको
५० औं शुभ-जन्मोत्सवको
पुनीत उपलक्ष्यमा मौसूफको
सुस्वास्थ्य तथा दीर्घायुको
निम्ति
*हार्दिक शुभ कामना*
व्यक्त गर्दछौं ।
धूलीखेल नगरपालिका

श्री ५ महाराजाधिराज
सरकारको
दीर्घायु होस्
नेपाल बैंक लिमिटेड

श्री ५ महाराजाधिराज
सरकारको
दीर्घायु होस्
कृषि सामग्री संस्थान लि.

# रा.प्र.पा. को वृद्धिको कारण के हो ?

यसपल्ट चुनावमा देशभरमा २० सीट जितेर पुराना पंचहरुको पार्टी राप्रपाले आफूलाई नेपाली समाजमा "पुनर्स्थापन गराएको" दावा यस पार्टीका नेताहरुले गर्न थालेका छन् । हुन पनि, गत चुनावमा संसदमा जम्मा ४ सिट मात्र जितेको यो पार्टीले आज २० सिटमा पगेको छ र गत चुनावमा ११.९ प्रतिशत मात्र मत पाएकोमा आज यसले १७.९ प्रतिशत मत पाएको छ । यसका पछाडि वास्तवमा के कारण छ ?



के पंचहरुले दावी गरेजस्तै उनीहरु साँच्चै पुनः "लोकप्रिय" नै भएका हुन् त ? ३० वर्ष निरंकुश राजतन्त्रको छत्रछायाँमा एकलौटी ढलीमली गरेका "मुलुक चुसाहाहरू" के आज सप्रेर आएका नै हुन् त ?

आज आम जनतामा यी प्रश्नहरु जल्दाबल्दा रुपमा तेर्सिएका छन् ।

वास्तवमा, राप्रपाको यो वृद्धि मूलतः कांग्रेसी असक्षमता र अलोकप्रियताको कारण भएको हो । आफ्ना प्रमुख प्रमुख नेताहरुलाई दुई दुई स्थानमा चुनावमा उठाएर प्रशस्त पैसाको खोलो बगाएको यो पार्टीले कांग्रेसले गत तीन वर्षमा व्यवहारमा देखाएको "नालायकीपन" लाई प्रचारको पूँजी बनाएर असचेत जनतामा जुन प्रभाव विस्तार गरेको छ, त्यसले भने एउटा महत्वपूर्ण सन्देश छोडेको छ । त्यो सन्देश हो - "वर्तमान" बाट असन्तुष्ट भएर कम सचेत जनताहरु प्रतिगामी "भूत" तिर पनि फर्कदैछन् ।

यो भनेको असचेत जनतामा छाएको निराशा वा हतोत्साहको संकेत हो । मतगणनाको तथ्यांक कलाउँदा के देखा पर्छ भने राप्रपाको सिट अक्सरतया त्यहाँ बृद्धि भएको छ, जहाँ जनता कम सचेत छन् ।

"वर्तमान" घिन लाग्दो भयो भने सुनौलो भविष्यको निर्माणतिर पो लाग्नु पर्छ, यसको उल्टो, तीस वर्षसम्म गन्हाएको "भूत" तिर अधीर भएर हाम्फाल्नु भनेको "राजनैतिक आत्महत्या" तिर उन्मुख हुनु सरह नै हो भन्ने कुरा जनतालाई बुझाई सचेत पार्न नसकिएसम्म विगतमा ३० वर्षसम्म जनता चुसेका यी जुका-राजनीतिवाजहरु "अनुभवी सरकार" दिने नारासहित जनतालाई पैसा, फरिया वा रक्सी र मासु-भातमा किनेर भोट जम्मा गर्न अघि सरी नै रहने छन् ।

जन चेतनाका बाहक वामपन्थी शाक्तिहरूले मूलतः यसतर्फ ध्यान दिनु जरुरी छ । उनीहरुले आम-जनतालाई बुझाउनु जरुरी छ कि- प्रतिकृयावादीहरुले सयौं वर्ष लगाएर बिगारेको हाम्रो समाजको जर्जर आर्थिक - सामाजिक संरचनालाई आम जनताको पक्षमा बदल्ने हो भने उनीहरुले यसरी छिटै हतोत्साही बन्नु हुन्न, बरु यसको साटो, यसलाई बदल्ने आन्दोलनमा आफूहरु लाग्नु पर्छ, बदल्ने विज्ञानको खोजी गर्नु पर्छ र निरन्तर संघर्षरत रहनु पर्छ । ❑

San Miguel
BEER
"ONE OF THE WORLD'S BEST BEERS."

# रेडियोको 'जागृति गीत' प्रति कथित "प्रजातन्त्रवादीहरू" को रबैया

एमालेको सरकारले काम गर्न शुरु गरेको लगत्तै कांग्रेसी खेमाका पत्रपत्रिकाहरूले यसका कामहरू मध्ये एउटा कामका विरुद्ध निरन्तर लेख्न थालेका छन्। त्यो हो- रेडियोमा "जागृति गीत" शीर्षकमा हरेक विहान १०-१५ मिनेटको समयावधिभित्र केही प्रगतिशील विचारका गीतहरू प्रसारण गर्न थाल्ने काम।

यो प्रसारणलाई लिएर कांग्रेसीहरू आकाश थर्कने गरी चिच्याउँन थालेका छन्- लौ कम्युनिष्ट "सांस्कृतिक क्रान्ति" शुरु भयो, लौ पार्टीका गीतहरू बजाइयो, लौ अब देशको वर्ग-सन्तुलन विगार्न थालियो, लौ वामपन्थी विद्यार्थी संगठन "अखिल" का गीतहरू रेडियोले दिन थाल्यो। आदि आदि।


यसरी उनीहरू आवाज निकाली रहेछन्- मानौं, एमालेको सरकारले ठूलो बदमासी र पक्षपात गर्दैछ!

वास्तविकता के हो भने- एमालेको सरकारले यो जुन प्रसारण शुरु गरेको छ, त्यो अत्यन्त स्वागतयोग्य कदम हो।

हामी यसलाई वामपन्थी पार्टीले आफू सरकारमा गएको बेला "वामपन्थी कलाकारहरूलाई रेडियोमा चान्स दिएको" अर्थमा लिन चाहँदैनौं। यो प्रसारण हिजोका अन्तरिम सरकार वा कांग्रेसी सरकारको पालामै शुरु गरिनु पर्थ्यो। किनभने, नेपालका प्रगतिशील गीत-संगीतकारहरू, वा सबै विधाका कलाकर्मी र साहित्यकर्मीहरूको "अभिव्यक्तिको हक" लाई विगतका सरकारहरूले हरण गरेका थिए।

जनताको पैसाबाट चल्ने सरकारी संचार साधनहरूमा "कुनै खास विचार विशेष" का रचनाहरूलाई निषेध गर्ने पञ्चायती परिपाटी ढीलै भए पनि अब तोडिनु पर्छ। मण्डले र कांग्रेसीहरूका विचार सोचसँग नजिकका गीतहरू मात्रका निम्ति सरकारी स्रोतको दुरुपयोग गर्नु पक्षपात हो, गैर-प्रजातान्त्रिक रबैया हो। देश र जनताको पक्षमा गाइएका र देश र जनताको प्रगतिको चाह राख्ने गीतहरू सुन्न पाउनु जनताको अधिकारको कुरा हो, ती रचनाहरू जनताको पैसाबाट चल्ने सरकारी साधनहरूबाट प्रसार गर्न पाउनु प्रगतिशील कलाकारहरूको अधिकारको कुरा हो।

स्मरणीय छ, आज यो देशमा जुन बहुदलीय व्यवस्था आएको छ, यो व्यवस्था ल्याउनमा र पञ्चायती कुशासनलाई ढाल्नमा नेपालका जनपक्षीय कलाकारहरू रामेश, रायन, अरिम, मञ्जुल, जे.वि. टुहुरे, खुसीराम पाख्रिन, जीवन शर्मा, मणि थापा, अमरराज शर्मा, शरद पौड्याल, सुशन मास्के, चेतनारायण राई, रामकृष्ण दुवाल, विजय सुब्बा आदि थुप्रै कलाकारहरूको ठूलो योगदान रहेको छ। पञ्चायती तानाशाहीका दमन र यातना खपेर जनतालाई सुसंस्कृत र जागरुक पार्न उनीहरूले हिजो गरेका योगदानहरूको कदर हुनुपर्छ। आज लाखौं नेपालीहरू यी कलाकारहरूका कलाकर्महरु आफू समक्ष सहजै प्राप्य होस् भन्ने चाहना राख्दछेन्। यो चाहनाको कदर गरिनु पर्छ।



रायन



रामेश

प्रगतिशील कलाकर्मीहरूलाई पाखा लगाएर, उनीहरूको हक खोसेर एकलौटी सरकारी साधनको उपयोग गरीरहेकाहरू आज एमाले सरकारले यी कलाकारहरूलाई पनि स्थान दिन थालेकोमा छटपटाउन थालेका छन्। आश्चर्य छ, रेडियो र टिभीमा समाजलाई नै विकृतितिर लैजाने छाडा अश्लील गीतहरू आएकोमा यी कथित प्रजातन्त्रवादीहरूलाई कुनै आपत्ति देखिन्न। तर जनतालाई सचेत पार्ने, जनताकै पंक्तिबाट निर्मित भएका गीतहरू बज्दा भने यिनीहरूलाई चर्को आपत्ति छ। आखिर यस्तो किन? जनता सचेत हुने कुरामा यिनीहरूलाई किन छटपटी? जनताका स्वच्छ गीत बज्दा किन यिनलाई उकुसमुकुस?

यी नाजायज छटपटीको पछि लागेर प्रगतिशील कलाकारहरूलाई पाखा लगाउने रबैया अप्नाउन सरकार उन्मुख नबनोस् भन्ने हामी कामना गर्दछौं।

हामी थप भन्न चाहन्छौं- जनपक्षीय, स्वस्थ गीत-संगीत, साहित्य, कलालाई "जागृति गीत" जस्ता छुट्टै शीर्षकमा राखेर हैन, अरु गीतहरू जस्तै आम रुपमा सहजतापूर्वक स्थान दिइनु पर्छ। साथै, बिनाभूमिका र बिनापरिचय हैन, भूमिका र परिचय दिने अन्तर्वार्ता वा भेटघाट कार्यक्रमहरू मार्फत ती जनपक्षीय कलाकारहरूका विगतका ऐतिहासिक महत्वका योगदानहरूलाई पाठक-स्रोताहरू समक्ष पुऱ्याएर मात्र यस्ता प्रसारणहरू शुरु गरिनु पर्छ। यसो भएमा यो देशका असहिष्णुता एवं पक्षपातका धनी कथित "प्रजातन्त्रवादी" हरूले पनि अन्ध-विरोध गर्नुअघि यथार्थको केही जानकारी पाउँथे।

जनताको जीवनको यथार्थको गीत गाउने प्रगतिशील कलाकर्मीहरुले आफ्नो कला-कर्म सरकारी सञ्चार-माध्यममार्फत आम जनतामा पुऱ्याउन आफूले पनि यस निम्ति पहल गर्नुपर्छ भन्ने हामीलाई लाग्छ। सरकारले उनीहरूका रचनाहरूको स्टुडियोमा रेकर्ड गर्ने व्यवस्था गर्नुपर्छ। ☐☐


श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको ५० औं शुभ-जन्मोत्सवको पुनीत उपलक्ष्यमा मौसूफको सुस्वास्थ्य तथा दीर्घायुको निम्ति
***हार्दिक शुभ कामना*** व्यक्त गर्दछौं।

**जनक शिक्षा सामग्री केन्द्र लि. परिवार**

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको ५० औं शुभ-जन्मोत्सवको पुनीत उपलक्ष्यमा मौसूफको सुस्वास्थ्य तथा दीर्घायुको निम्ति
***हार्दिक शुभ कामना*** व्यक्त गर्दछौं।

**काठमाडौं नगरपालिका परिवार**

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको ५० औं शुभ-जन्मोत्सवको पुनीत उपलक्ष्यमा मौसूफको सुस्वास्थ्य तथा दीर्घायुको निम्ति
***हार्दिक शुभ कामना*** व्यक्त गर्दछौं।

**गण्डकी नुडल्स् प्रा. लि.**

# के व्यापारीहरू सरकार लाई सघाउँदै छन् ?

नेपालका ठूला उद्योगपति र व्यापारीहरू यतिखेर भव्य भव्य भोज भतेर र स्वागत समारोहरूको आयोजना गरेर नेपालको पहिलो वाम सरकारको स्वागत गर्दैछन् । तर यत्तिखरै उनीहरू बजारमा वस्तुहरूको भाउ अचाक्ली बढाउने काम गरेर, जनतालाई सरकारसित रुष्ट पार्ने काम पनि गर्दैछन् ।

जनताले दैनिक रूपमा प्रयोग गर्ने भटमासको तेल चुनावअघि एक लिटरको रु. ४६।- थियो । अहिले त्यसको मोल ५० रुपियाँ पुगेको छ । तोरीको तेल रू. ५८ बाट रू. ६० प्रति लिटर पुगेको छ । मासको दाल पनि जनताको दैनिक आवश्यकताको वस्तु हो । त्यसको मोल चुनावअघि प्रति किलो रु. ३६ थियो । अहिले त्यसको मूल्य रू. ४२।- पुऱ्याइएको छ । त्यस्तै रहरको दाल ३२ बाट ३५ रू. प्रति किलो पुगेको छ र मुसुरको दाल २५ बाट २६ रू. प्रति किलो पारिएको छ । सर्वसाधारण जनताले खाने मन्सुली चामल (नयाँ) को मोल १२ बाट १३ रुपियाँ प्रति किलो बनाइएको छ ।

कुनै पनि वस्तुको उत्पादन लागत नै बढ्यो भने वा उत्पादन घटेर आपूर्ति कम भयो भने महंगी बढ्नु स्वाभाविकै हो । तर यहाँ त्यस्तो केही भएको छैन । तथापि जनतालाई नभई नहुने वस्तुको मोल चुनावपछि एक्कासी बढाइएको छ ।

एक विश्वस्त सूत्रले हामीलाई बताएअनुसार मसलन्द उद्योगका उद्योगपतिहरू र व्यापारीहरू अब यो नयाँ सेसनमा कापी र मसीको भाउमा काफी वृद्धि गर्दैछन् । यसले आम जनताको जीवनमा प्रत्यक्ष असर पार्नेछ ।

कफी र ल्याक्टोजिन दूधको मोल भारतमै बढेको हुनाले त्यसको भाउ नेपालमा बढ्नु कुनै अनौठो कुरा होइन । तर सरकाले मैदाको मोल रू. १ प्रति किलो घटाएको बेलामा वाई वाई चाउचाउको मोल रू. १० बाट रू. ११ पुऱ्याउनु आ[illegible] घटना हो । त्यो पनि विनोद [illegible]को उद्योगले, जो उद्योग वाणिज्य महासंघका सभापति छन् र सरकारलाई हरतरहले मद्दत गर्ने भाषण दिंदैछन् ।

### वस्तुको भाउ कसरी बढाइँदै छ ?

| वस्तु | चुनाव अघि | चुनावपछि |
|---|---|---|
| * भटमासको तेल प्रति लिटर | रू ४६।- | ५०।- |
| * तोरीको तेल प्रति लिटर | रू. ५८।- | ६०।- |
| * मासको दाल प्रति किलो | रू. ३६।- | ४२।- |
| * रहरको दाल प्रति किलो | रू. ३२।- | ३५।- |
| * मुसुरको दाल प्रति किलो | रू. २५।- | २६।- |
| * मन्सुली चामल (नयाँ) प्रति किलो | रू. १२।- | १३।- |

*स्रोतः मूल्यांकनको आफ्नै सर्वेक्षण*

यी सबै घटनाहरूले सरकारको स्वागत गर्ने यी उद्योगपति र व्यापारीहरूको नियतमा प्रश्न चिन्ह पैदा गरेको छ । उनीहरू किन "मुखमा राम राम बगलीमा छुरा" गरिरहेछन् ?

आम जनताले नयाँ सरकारबाट महंगी घटाउने कार्य होला भनेर ठूलो अपेक्षा राखेका छन् । गिरिजाको पतनको पछाडिको एउटा मुख्य कारण आकाशछुँदो महंगी थियो । यो यति स्पष्ट हुँदा हुँदै, यिनीहरू विना कुनै जायज कारण, किन जनतालाई नभई नहुने वस्तुको मोल यतिखेरै बढाउँदैछन् ? किन उनीहरू सरकारप्रति जनतालाई चिढ्याउने र आक्रोशित पार्ने कार्य गरिरहेछन् ?

यसले देखाइरहेछ- उनीहरूको नियत असलमा नयाँ वाम सरकारलाई टिकाउने र सघाउने खालको छैन । उनीहरू एक हातले मन्त्रीहरूको गलामा माला लाईदिँदैछन्, अर्को हातले जानाजान नयाँ वाम सरकारलाई अलोकप्रिय बनाउने कार्य पनि गर्दै छन् ।

नयाँ सरकारले उनीहरूको यो द्वैध-व्यवहार र प्रवृत्तिलाई ठम्याउनु पर्दछ । नाजायज रूपमा भाउ बढाउने उनीहरूको यो कार्यलाई असफल बनाउनु पर्दछ । नेपालको कुल खाद्यान्न र जनताका दैनिक आवश्यकताका वस्तुको व्यापार २०/३० जना ठूला व्यापारीहरूको हातमा केन्द्रित छ । सरकारले उनीहरूको भण्डारमा रहेको उपभोग्य वस्तुको स्टक-रिपोर्ट लिने काम गर्नु पर्दछ । र, बजारलाई 'उदारवाद' को नाममा उनीहरूको मनपरीका निम्ति छोडिदिने नीतिको अन्त गर्नुपर्छ । जनताका आधारभूत आवश्यकताका वस्तुमा व्यापारीहरूको एकाधिकारको निम्ति "उदारवाद" एउटा खासा नीति हो । यही नीतिका कारणले सरकार यी वस्तुका भाउमा तमासे र बेसरोकार बन्दछ । यसबाट व्यापारीहरूलाई मनपरी गर्ने चीर-स्वतन्त्रता प्राप्त हुन्छ ।

त्यसैले महंगी घटाइने हो भने-उदारवादी बाटोबाट यो सम्भव नै छैन । जनताको आधारभूत आवश्यकताका वस्तुमा राज्यको नियन्त्रण कायम नै गरिनु पर्छ । सरकारसित यी वस्तुको पर्याप्त स्टक हुने व्यवस्था गरिनु पर्छ, ता कि बजारमा कृत्रिम अभाव हुन नपाओस्, जबर्जस्ती भाउ बढाएर जनतालाई पिरोल्ने र आफूले रातारात अपार नाफा कमाउने व्यापारीहरूको क्रियाकलापमा सख्त निगरानी र हस्तक्षेप गर्नु पर्छ । नमान्नेहरूको स्टक जफत गरिनु पर्छ ।


शुद्धताको प्रतीक
राजहंस
सुशील वनस्पति प्रा. लि.
राजहंस
बनस्पति घ्यू
सोयाबिन तेल

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको ५० औं शुभ-जन्मोत्सवको पुनीत उपलक्ष्यमा मौसूफको सुस्वास्थ्य तथा दीर्घायुको निम्ति हार्दिक शुभ कामना व्यक्त गर्दछौं ।
साल्ट ट्रेडिङ्ग कम्पनी
गोरखकाली रबर उद्योग
बुटवल धागो कम्पनी
टाटा चिया

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको ५० औं शुभ-जन्मोत्सवको पुनीत उपलक्ष्यमा मौसूफको सुस्वास्थ्य तथा दीर्घायुको निम्ति हार्दिक शुभ कामना व्यक्त गर्दछौं ।
कृषि विकास बैंक परिवार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको ५० औं शुभ-जन्मोत्सवको पुनीत उपलक्ष्यमा मौसूफको सुस्वास्थ्य तथा दीर्घायुको निम्ति हार्दिक शुभ कामना व्यक्त गर्दछौं ।
भक्तपुर जिल्ला विकास समिति
भक्तपुर

ग्याटको मृत्युपत्र

# नेपालले खुला विश्व अर्थतन्त्रबाट फाइदा लिन सक्छ त ?

हामीले ग्याट-संझौताबारे अंक २० मा शुरू परिचय र अंक २२ मा यसले नेपाललाई पार्न सक्ने असर-हरूबारे क. सीताराम तामाङको एक लेख अन्तर्क्रियाका लागि प्रस्तुत थियो । यस पटक प्रस्तुत छ -त्यस लेखमा व्यक्त विचार हरूबारे डा. युवराज खतिवडा, प्रा. महेश्वरमान श्रेष्ठ र अर्थविद् गोबिन्द प्रसाद लोहनीका टिप्पणीहरू ।


विश्वकै निम्ति निकै ठूलो प्रभाव छाड्ने र मूलतः विकासोन्मुख मुलुकहरूमा यसले पार्ने असर पनि निकै ठूलो र दूरगामी हुने कारणले गर्दा आज विश्वभर नै यसबारे ठूलो जिज्ञासा पैदा भएको छ र बहस छेडिएको छ । हाम्रो छिमेकी मुलुक भारतमा त यसका विरूद्ध एक दर्जनभन्दा बढी पार्टीहरूले संयुक्त मोर्चा गठन गरी ठूलो स्तरमा व्यापक विरोध कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन् । यसरी जन-सरोकारको एउटा ठूलो विषय रहको यस सम्बन्धमा ठोस धरणा बनाउन यस अन्तर्क्रियाले हाम्रा पाठकहरूलाई मद्दत गर्ने छ भने आशा हामीले राखेका छौं ।

**– मूल्यांकन**

## सिताराम तामाङ्गको "GATT महासन्धिले नेपाल उपर के असर पार्नेछ ?" उपर टिप्पणी

**– डा. युवराज खतिवडा**

१. अन्तराष्ट्रिय व्यापार तथा सीमाशुल्क संबन्धी महासन्धि (GATT) तथा यसको नेपाल जस्तो अल्पविकसित मुलुकमा पर्न सक्ने प्रभावबारे विगत केही समय यता छलफल तथा वादविवादहरु हुन थालेका छन् । खुला अर्थतन्त्रका पक्षधरहरु मध्ये कतिपयले यो महासन्धिमा हस्ताक्षर गरी सदस्य बनेर नेपालले फाइदा लिन सक्ने तर्कहरु प्रस्तुत गर्ने गरेका छन् भने राष्ट्रिय अर्थतन्त्रबारे अलि बढी चिन्तनशील रहने वर्गले यसलाई सतर्कतापूर्वक हेरेका छन् । तर GATT मा प्रवेश गरेपश्चात नेपालले लिन सक्ने फाइदा वा त्यसबाट वेहोर्नु पर्ने हानीबारे वस्तुगत विश्लेषणको




भने अभाव खट्किरहेको छ। यस परिप्रेक्ष्यमा सीताराम तामाङ्गद्वारा GATT र यसको नेपाल जस्तो मुलुकमा पर्न सक्ने प्रभावबारे गरिएको वस्तुगत विश्लेषण निकै नै समसामयिक, सूचनामूलक र दूरगामी महत्व राख्ने दस्तावेजको रुपमा आएको छ भन्नु अतिशयोक्ति हुने छैन । खासगरी GATT मा नेपाल प्रवेशले मूल्यमा पर्न सक्ने चाप, पूँजी निवेशको स्वतन्त्रताबाट राष्ट्रिय अर्थतन्त्रमा र खासगरी राष्ट्रिय उद्योगहरुमा पर्न सक्ने नकारात्मक प्रभाव तथा वित्तीय र सेवा क्षेत्रमा विदेशी कंपनीहरुको प्रभुत्व बढ्न सक्ने कुरालाई लेखकले बिभिन्न दृष्टान्तहरु सहित प्रस्तुत गर्नु भएबाट GATT मा नेपालको प्रवेश केही पाश्चात्य मुलुकका अर्थ शास्त्रीहरुले देखाएको जस्तै समस्यारहित नहुने रहेछ भन्ने तथ्य स्वत: स्पष्ट हुन्छ ।

२. GATT मा नेपालको प्रवेशबारे निष्पक्ष राय निकाल्न यो सम्झौतामा समावेश भएपछि नेपालले लिनसक्ने लाभ र सो प्रवेश वापत वेहोर्न पर्ने हानीको समग्र विश्लेषण पछि मात्र संभव छ । कुनै वस्तु वा घटनाबारे राय बनाउँदा गुण र दोष दुवै पक्षलाई केलाउनु राम्रो हुन्छ । प्रस्तुत लेखमा पनि लेखकले यो तथ्यलाई अंगिकार गर्नु बढी उपयुक्त हुन्थ्यो । एउटा तथ्य, जुन सबैले स्वीकार्नु पर्छ, त्यो के हो भने भंसार वा गैह्र-भंसारजन्य व्यवधान मार्फत अहिले अन्तर्राष्ट्रिय व्यापार साँच्चै नै विकासको इञ्जिन हुन सक्दो रहेछ । त्यसैले बढ्दो व्यापारबाट श्रम विभाजन, विशिष्टिकरण वा तुलनात्मक लाभको माध्यमबाट उत्पादकत्व र आयमा बृद्धि भै विश्वको उत्पादन र आयस्तरमा वृद्धि हुन सक्छ भन्ने कुरालाई सिद्धान्ततः स्वीकार गर्नु पर्दछ । GATT महासन्धिको कार्यान्वयन पश्चात विश्व व्यापार आगामी १० वर्षको अवधि भित्र १२ प्रतिशतले बढी हुने र राष्ट्रिय आय वार्षिक १ प्रतिशतले बढ्ने अनुमान गरिनुको पृष्ठभूमि पनि यही नै हो । यसरी बढ्ने अन्तर्राष्ट्रिय व्यापारको अधिकांश फाइदा विकासोन्मुख मुलुकले लिन सक्ने तर्क पनि अघि सारिएको छ । खासगरी एशियाली मुलुकहरु जसले कपडा, तयारी पोशाक, कृषि उत्पादन र प्रशोधित खाद्यान्न निर्यात गर्दछन्, यो महासन्धिबाट बढी फाइदा उठाउने छन् भनिन्छ ।

३. तर नेपालले खुला विश्व अर्थतन्त्रबाट फाइदा लिन सक्छ त ? GATT को कार्यान्वयन भएपछि विकसित तथा विकासोन्मूख मुलुकको आयस्तरमा

# विश्व अर्थतन्त्रलाई कज्याई राख्ने प्रयत्न

– महेश्वरमान श्रेष्ठ
सह-प्राध्यापक, अर्थशास्त्र

१. **श्री** सीताराम तामाङ्गले लेख्नु भएको "GATT महासन्धि र नेपाल" शीर्षक रहेको यस लेखको उद्देश्य डंकल प्रस्ताव पारित भए पछि यसबाट विकासशील देशहरु र खास गरी हाम्रो देश नेपालको जनजीवन माथि पर्ने चौतर्फी प्रभाव बारे सही धारणा बनाउन मद्दत हुने गरी जानकारी दिने रहेको देखिन्छ।

२. डंकल प्रस्ताव पारित भए पछि अन्तर्राष्ट्रिय क्षेत्रमा बढी छलफल हुनुको मुख्य कारण ग्याटको परम्परागत कार्यक्षेत्र बाहेक थप कृषि, पूँजीनिवेश, बौद्धिक सम्पत्तिको अधिकार र सेवालाई समेत समावेश गर्ने गरी ग्याटको कार्यक्षेत्रमा वृद्धि गरिनु र त्यसलाई विकासशील राष्ट्रहरुको हित विपरित हुने गरी प्रावधानहरु राखिनु नै हो। ग्याटको तत्कालीक महानिर्देशक अर्थर डंकलले "यसलाई जस्ताको तस्तै पारित गर्नु पर्छ वा पूरै अस्वीकार गर्नु पर्छ" भन्ने धम्की साथ २० डिसेम्बर १९९१ मा यस दस्तावेजलाई प्रस्तुत गरे। यस पछि केही वर्षको अन्तरालमा अमेरिका, यूरोपेली समुदाय, पूर्वी एशियाली समूह तथा विकासशील राष्ट्रहरु बीच रहेको मत-मतान्तर तथा अन्तरविरोधलाई साम, दान, दण्ड, भेद नीति अपनाएर कम गर्न अमेरिका सफल भयो र १५ डिसेम्बर १९९३ मा जेनेभामा सहमति भई १५ अप्रिल १९९४ मा मराकशमा ११५ देशका व्यापार मंत्रीहरुले त्यसमा हस्ताक्षर गरे नेपालले यसमा पर्यवेक्षकको रुपमा भाग लियो। यसकुरालाई तामाङ्गजीले राम्ररी प्रस्टाउन सकनु भएको छ।

३. श्री तामाङ्गले "असरहरु" भन्ने भागमा डंकल प्रस्तावको आपत्तिजनक पर्न सक्ने प्रभावको अध्ययनहरुवाट सो महासन्धि पछि विश्व आयस्तरमा हुने वृद्धिको कम्तिमा दुई-तिहाई विकसित र बढीमा एक-तिहाई मात्र विकासोन्मुख मुलुकहरुतर्फ प्रवाहित हुने देखिएको छ। यसबाट खुला व्यापारको फाइदा विकासोन्मुख भन्दा विकसित मुलुकहरुलाई नै बढी हुने तथ्यको पुष्टि भएको छ। विकासोन्मुख मुलुकहरु मध्ये पनि प्रतिस्पर्धात्मक क्षमता उच्च भएका मुलुकहरुले यसको संपूर्ण फाइदा लिने निश्चित छ। त्यसैले अन्तर्राष्ट्रिय मुद्राकोषले समेत विकासोन्मुख मुलुकहरुलाई हुने लाभ एकै किसिमको वा समानुपातिक हुन नसक्ने र प्रतिस्पर्धात्मक क्षमता नभएका मुलुकहरुलाई हानी पनि हुन सक्ने तर्फ औंल्याएको छ। यस पृष्ठभूमिमा नेपालको विश्व अर्थतन्त्रसंगको प्रतिस्पर्धात्मक क्षमताको स्तर नै GATT बाट हुने लाभ/हानीको निर्णायक कारक हुनेछ।

**DUNKEL DRAFT**
**OF**
**URUGUAY ROUND**
**OF**
**GATT NEGOTIATIONS**

४. नेपालको निर्यात बजारमा हालसम्म देखा परेका वस्तुहरु कृषिजन्य उत्पादनहरु, गलैंचा, तयारी पोसाक, हस्तकलाका सामान, छाला आदि नै प्रमुख छन्। यी वस्तुहरु भारतीय उत्पादनसंग प्रत्यक्ष प्रतिस्पर्धा गर्नु पर्ने किसिमका छन्। GATT को कार्यान्वयन पछि नेपालले पाएको तयारी पोशाकको सुरक्षित बजार समाप्त हुनेछ। त्यो स्थितिमा नेपालले भारत, बंगलादेश चीन जस्ता छिमेकी मुलुकको अलावा हङकङ्ग, दक्षिण कोरिया तथा ताइवान जस्ता मुलुकको तयारी पोशाकसँग समेत प्रतिस्पर्धा गर्नु पर्ने छ। तसर्थ स्वतन्त्र व्यापारले सृजना गर्ने तयारी पोशाकको बजार नेपाललाई प्राप्त गर्न त्यति सजिलो छैन। कृषि उत्पादनको कुरा गर्दा GATT महासन्धिको कार्यान्वयन पछि कृषि उत्पादनको बजार त अवश्य बढ्नेछ भने यसको साथ साथै कृषिमा अनुदान हटाइने हुनाले उत्पादनको मूल्य पनि बढ्ने छ। यो स्थितिमा कृषि उत्पादनको अधिक उत्पादन गरी निर्यात योग्य बचत सृजना गर्न सके बजार र मूल्य दुवै राम्रो प्राप्त भै लाभ हुने देखिन्छ। तर कृषि उत्पादन स्थिति कमजोर भएर खाद्यान्न आयात गर्नु पर्ने भयो भने स्थिति ठीक उल्टो हुन्छ। नेपालको कृषि उत्पादनको वर्तमान अवस्था र जनसंख्या वृद्धिको पृष्ठभूमिमा नेपाल खाद्यान्नको निर्यातकर्ता मुलुकबाट आयातकर्ता मुलुकमा परिवर्तन भएको स्थितिमा तत्काल कायापलट हुने कल्पना गर्न सकिदैन। यदि निर्यातयोग्य बचत सृजना गर्ने स्थिति रहेन भने उच्च खाद्यान्न मूल्यको कारणले नेपाललाई कुनै फाइदा नहुने देखिन्छ। तर कृषिमा रहेको अनुदान पूर्णरुपमा हटाउँदा कृषि उत्पादनको मूल्य बढ्न गै आन्तरिक बजारमा समेत मूल्य वृद्धि हुने कुरालाई पनि नकार्न सकिदैन। यद्यपि हाल नेपालमा कृषि क्षेत्रमा रहेको अनुदान सीमित परिमाणमा छ र GATT मा प्रवेश गरे पनि वा नगरेपनि यस्तो अनुदान क्रमिक रुपमा हटाउँदै लैजाने वर्तमान सरकारी नीतिलाई ध्यानमा राख्दा कुनै पनि अवस्थामा कृषि क्षेत्रले सरकारबाट संरक्षण पाउन नसक्ने देखिन्छ। समष्टिमा GATT को कार्यान्वयनबाट नेपालको कृषिक्षेत्रमा पर्न सक्ने प्रभावलाई बढी नकारात्मक वा बढी सकारात्मक दुवै रुपमा आँक्नु नहुने देखिन्छ।

५. जहाँसम्म वित्तीय र सेवा क्षेत्रमा पर्ने प्रभावको प्रश्न छ, GATT को नेपाल जस्तो प्रतिस्पर्धात्मक क्षमता कम भएको मुलुकमा पर्न सक्ने नकारात्मक प्रभाव यसै क्षेत्रमा पर्न सक्दछ। यसै क्षेत्रमा पर्न सक्ने प्रभावलाई भारतमा समेत निकै संवेदनशीलताका साथ हेरिएबाट यसको पुष्टि हुन्छ। GATT को कार्यान्वयन र नेपालको त्यसमा प्रवेश भएपछि बैंकिङ्ग, बीमा, यातायात सेवा आदि क्षेत्रमा स्वदेशी कम्पनीहरुले विदेशी संस्थाहरुसंग प्रतिस्पर्धा गर्नु पर्ने हुन्छ, जसबाट स्वदेशी कम्पनीहरु प्रत्यक्ष रुपमा प्रभावित हुनेछन्। अर्को तर्फ देशले निर्यातका संदर्भमा बैंकिङ्ग सेवा, बीमा शुल्क वा यातायात खर्च जस्ता शीर्षकहरुमा लागत घटाउन सकेन भने पनि आफ्नो निर्यातको प्रतिस्पर्धात्मक क्षमता क्षीण हुने छ। नेपालको विद्यमान वित्तीय संरचनामा यस तर्फ ठूलो आशा गरि हाल्न मिल्दैन भने भूपरिवेष्ठित मुलुक भएको नाताले यातायात खर्चमा कमी गर्न सकिने संभावनाहरु पनि सीमित नै छन्। यो स्थितिमा अन्तर्राष्ट्रिय बजारमा नेपालको प्रतिस्पर्धात्मक क्षमता बढाउने कार्य त्यति सजिलो छैन।

> खुला व्यापारको फाइदा विकासोन्मुख भन्दा विकसित मुलुकहरूलाई नै बढी हुने तथ्यको पुष्टि भएको छ।

६. GATT मा प्रवेश गरेपछि नेपाललाई हुने फाइदाको निर्धारण प्रतिस्पर्धात्मक क्षमतामा हुने सुधारले नै गर्ने हुनाले नेपालको अर्थतन्त्रलाई पूर्ण उदारिकरण तर्फ उन्मुख गराउनु पर्ने बाध्यता हुनेछ। यस संदर्भमा निजीकरण, वित्तीय प्रणालीमा नयाँ संस्थाहरुको निर्वाध प्रवेश, पूँजी खातामा पूर्ण परिवर्त्यता, भारतीय मुद्रासंगको विनिमय दरमा स्वतन्त्रता, विद्यमान अनुदानहरुको पूर्ण कटौती, विदेशी लगानीलाई पूर्ण स्वतन्त्रता जस्ता कदमहरु देशले चाल्दै जानु पर्नेछ। तर यस्ता कतिपय कदमहरुबाट अर्थतन्त्रमा अहिले नै विकृति आएको, उत्पादन बढ्न नसकेको, आयको वितरण असमान हुँदै गएको, विकासमा क्षेत्रीय संतुलन कायम हुन नसक्ने भएको तथा मानवीय विकासमा समेत अनुकूल प्रभाव नपरेको अनुभव गरिदैछ। यस पृष्ठभूमिका GATT को कार्यान्वयनले विद्यमान प्रवृत्तिलाई नै अधि बढाउने हुँदा सामाजिक-आर्थिक परिसुचकहरु बढी सकारात्मक देखिने कुरामा एकमत हुन सकिदैन। समष्टिमा खुला अर्थतन्त्रबाट प्रतिस्पर्धात्मक क्षतामा सुधार गर्न सक्ने मुलुकको हित हुने र सो गर्न नसक्नेको स्थिति बिग्रेर जाने कुरा स्वीकार्नै पर्छ।

७. अन्त्यमा, GATT मा विना शर्त प्रवेश गर्ने, सशर्त प्रवेश गर्ने वा नगर्ने बारे विकाशोन्मुख मुलुकहरुमा अध्ययन, छलफल र गृहकार्यहरु भै राखेका छन्। चीनले GATT मा प्रवेश गर्दा आफ्ना केही स्वार्थहरुको शर्त अधि बढाउने संभावना देखिदैछ भने भारतमा पनि यसबारे गंभीर छलफल चलि राखेको छ। विरोधको स्थिति पनि यति चरम स्थितिमा पुग्न लागेको छ कि भारतले यो महासन्धिमा प्रवेश गर्न ठूलै दवाव सहनु पर्ने भएको छ। तर नेपालमा भने यो मुद्दामा धेरै छलफल, अध्ययन भएको छैन भने सरकारी नीतिको स्वरुप पनि स्पष्ट छैन। तसर्थ मूल्यांकनले यस तर्फ देखाएको जाँगर र प्रस्तुत लेखका लेखक सीताराम तामाङ्गले गर्नु भएको प्रयास अन्तर्राष्ट्रिय व्यापार र राष्ट्रिय अर्थतन्त्रमा चाख राख्ने सबैको लागि महत्वपूर्ण खुराकी हुने कुरामा विश्वस्त हुन सकिन्छ। यस संदर्भमा अझ विस्तृत छलफल र अध्ययन जरुरी छ, जसमा सरकारी तथा गैह्र सरकारी दुवै क्षेत्रको जागरुकता आवश्यक छ।

❑ ❑

# पाठकको प्रश्न नेताको जवाफ

तपाईहरू नेकपा मसाल र नेकपा एकता केन्द्र (भिन्नमत समूह) बीच नयाँ जनवादी क्रान्तिलाई रणनीतिक लक्ष मान्ने, सशस्त्र क्रान्तिलाई स्वीकार गर्ने, माओ विचारधारा मान्ने, तत्कालीक जनसंघर्षलाई प्रधान मान्ने, संसदीय चुनावलाई कार्यनीतिक मान्ने आदि सवालमा दुवै पार्टीमा एकरूपता हुँदा हुँदै पनि किन पार्टी एकता हुन सकिरहेको छैन ? अथवा रणनैतिक संयुक्त-मोर्चा किन हुन सकिरहेको छैन ? रणनैतिक संयुक्त-मोर्चा बन्नका लागि के कस्ता बाध्यात्मक समस्याहरू छन् ? स्पष्ट पारिदिनु हुन हामी हार्दिक अनुरोध गर्दछौं ।

– मूल्यांकनका नियमित पाठकहरू

तेजबहादुर खत्री, प्रकाश ढकाल, इन्द्र श्रेष्ठ, विराटनगर

## क. दीनानाथ शर्मा, प्रवक्ता नेकपा (मसाल) को जवाफ

रणनैतिक उद्देश्यमा हाम्रो कतिपय समानता भएको सत्य हो । तर ती उद्देश्य प्राप्तिबारे हाम्रा बीच आ-आफ्ना सांच र मान्यताहरू विद्यमान छन् । प्रधान अन्तर-विरोध, शहरिया जनसंघर्ष वा ग्रामीण वर्ग संघर्ष, चुनावको निरपेक्ष उपयोगमा जोड आदि कतिपय विषयमा हाम्रा सोचहरू फरक छन् । सैद्धान्तिक, राजनैतिक, बैचारिक र संगठनात्मक पक्षमा भएका अन्तरहरूले नै हामीलाई अलग गरेको छ ।

तर पनि हाम्रो बीच न्यूनतम सहमतिका आधारमा कार्यगत एकता वा संयुक्त मोर्चाको निर्माण गर्नुपर्छ भन्ने कुरामा हाम्रो जोड रहँदै आएको छ र अहिले पनि हामी त्यसका लागि प्रयत्नशील छौं । एकता- संघर्ष-एकताको सैद्धान्तिक आधारमा हुने संयुक्त मोर्चा वा कार्यगत एकतालाई मजबूत, परिपक्व बनाउन र इमान्दारीपूर्वक अगाडि बढाउन सबै पक्षबाट समान प्रयत्न भयो भने पार्टी एकताको आधार तयार हुन सक्छ । हामी निरपेक्ष पार्टी एकताको पक्षमा छैनौं । यान्त्रिक, औपचारिक र कागजी पार्टी-एकता टिकाउ हुन सक्दैन भन्ने कुरा प्रष्ट भएको छ । कार्यक्षेत्रमा- सिद्धान्त, राजनीति, विचार, व्यवहार र कार्यशैलीमा हुने एक रूपताका आधारमा गरिने एकता नै परिपक्व र टिकाउ हुन्छ भन्ने हामीलाई लाग्दछ ।

□ □

# ग्याटको बाँकी अंश

*यस खुलापन, उदारता ,भन्सार दरहरुको कटौती आदि व्यहोर्न सक्दछ ।*

*भारत र नेपाल दुवैले कृषि क्षेत्रमा दिएका मल, वीउ आदि सम्वन्धी अनुदानका दरहरु EEC, जापान र अमेरिका आदिले आफ्ना देशका किसानहरुलाई दिएको अनुदान भन्दा कता हो कता कम छ । अतः उनीहरुले आपसमा अनुदान घटाउने जति प्रतिशतमा मन्जुरी गरेका छन्, त्यतिमा भारत र नेपाल अहिले गर्न छैन । त्यसैले किसानहरुलाई मर्का पर्छ भन्ने कुरा निराधार छ ।*

*४. Patent को Royalty कुनै देशले त्यस्तो Patent भएको वस्तुको १० वर्ष पुगिसकेको रहेछ भने तिर्नु पर्दैन । नेपालमा आउने बस्तुहरु मध्ये ११०० किसिमका औषधिमा दुईटा औषधीको दश वर्ष पुगेको छैन (Ranitidine लगायत) त्यसकारण सबै औषधिको दाम बढ्छ भन्ने कुरा फजूल हो । नेपालमा ९९% औषधि भारतबाट आउँछ वा नेपालमा बन्छ । ओखतीको मोल भारतमा बढ्दैन, त्यसैले नेपालमा पनि बढ्दैन ।*

*५. कृषि उपजको लागि घरेलु वजार विदेशलाई खुला गर्नु पर्छ भन्ने Provision नेपाल जस्ता मुलुकमा लागु हुँदैन ।*

*GATT को सदस्यता लिएपछि नेपाललाई अर्थतन्त्रको कुन कुन क्षेत्रमा के कति अनुकूल वा प्रतिकूल असरहरु पर्छ भन्ने कुरा ज्यादै सूक्ष्म र गहीरो रुपमा अध्ययन गरिनु पर्ने विषय हो ।*

*विरोध गर्नै पर्छ भनी पूर्वधारणा लिई छानी छानी विदेशबाट प्रकाशित विरोध गरिएका किताब र लेख मात्र हेरेर ठोकुवा गर्नु बुद्धिमानी हुदैन र यो आफ्नो पाण्डित्य प्रदर्शन र आफ्नो कम्युनिष्ट पवित्रतामा आँच आउन नदिएको मात्र हुन्छ ।*

*अतः श्री तामाङज्यूको लेखमा नेपाललाई प्रतिकुलता हुने देखाइएका प्रत्येक कुराको प्रमाण सहित व्याख्या गर्नु भएमा चित्त बुझ्थ्यो । जहाँसम्म GATT बाट नेपाललाई निकट भविष्यमा पर्ने भयावह स्थितिको चित्रण गरिएको छ, त्यो हामीले देखेरै मूल्यांकन गर्न पाइहाल्छौं ।*

□ □


श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको ५० औं शुभ-जन्मोत्सवको पुनीत उपलक्ष्यमा मौसूफको सुस्वास्थ्य तथा दीर्घायुको निम्ति

**हार्दिक शुभ कामना**

व्यक्त गर्दछौं ।

नेपाल इण्डोस्वेज बैंक लि.
NEPAL INDOSUEZ BANK LTD.

Durbar Marg, P.O. Box 3412, Kathmandu, Nepal, Tel : 228229, Tlx : 2435, 2328 INDOSU NP, Fax : : 226349, 228927

MEMBER OF THE BANQUE INDOSUEZ GROUP INCORPORATED IN NEPAL WITH LIMITED LIABILITY



**श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको ५० औं शुभ-जन्मोत्सवको पुनीत उपलक्ष्यमा मौसूफको सुस्वास्थ्य तथा दीर्घायुको निम्ति**

**हार्दिक शुभ कामना व्यक्त गर्दछौं ।**

**जनकपुर चुरोट कारखाना लि.**


**इन्डोनशियाबारेको सामाग्रीबारे**

"इन्डोनेशिया : जहाँ मानवाधिकार-को नाममा पनि मान्छे मारिन्छ"- यस शीर्षकमा हामीले प्रकाशित गर्ने घोषणा गरेको सामाग्री प्राविधिक कारणले यस अंकमा समावेश गर्न सकेनौं । सो समाग्री आगामी अंकमा प्रकाशित गरिने छ ।

**– मूल्यांकन**

विज्ञान/प्रविधि

# बियाँरहित सुन्तलाको विकास गरिने

भारतको महाराष्ट्र प्रान्त अन्तर्गत विदरभा क्षेत्रमा पर्ने नागपुर सुन्तला उत्पादनको लागि निकै प्रख्यात मानिन्छ । यहाँ वर्षको दुई पटक सुन्तलाको उत्पादन हुने गर्दछ । यी दुई समयमध्ये नोभेम्बरदेखि डिसेम्बरमा पाइने सुन्तलामा सरदर एउटा दानामा चार पाँच वटा बियाँ र जनवरीदेखि फेब्रुअरीमा फल्ने सुन्तलाको एउटा दानामा दशदेखि पन्ध्र वटा बियाँ पाइन्छ । यसरी सुन्तलाभित्र हुने गरेको बियाँले सुन्तलाका विरुवाहरू उत्पादन गर्न त निश्चिय नै मद्दत पुऱ्याइरहेको छ । तर सुन्तलाबाट जुश तथा खानाका लागि पनि र सुन्तलाको अन्य पदार्थ बनाउने क्रममा सुन्तलाका फलभित्र हुने गरेको बियाँले झन्झट र अप्ठ्यारो स्थिति ल्याइरहेका अनुभव हुन्छ ।

यस समस्याको निराकरणका लागि वैज्ञानिकहरू अनुसन्धानमा तल्लीन छन् । यसै क्रममा भारतका प्राध्यापक वाइ.एन. कुन्टे र सी.एन. कटहले हालै केही सुन्तलाका बगैंचामा भ्रमण गर्दा केही बियाँविनाका सुन्तला प्राप्त गर्न सफल हुनुभएको छ । त्यसको केही अध्ययन पश्चात् बियाँविनाको सुन्तलाको फल पनि उत्पादन गर्न सकिने कुरामा वहाँहरू विश्वस्त हुनुहुन्छ ।

त्यस्तै, बियाँविनाका सुन्तलाका रुखको अध्ययन गरिरहेको नागपुर विश्वविद्यालयले पनि निकै कम बियाँ भएको सुन्तलाको फल उत्पादन गरेर यस सफलतालाई छुने प्रयास गरेका छ । १९५ वटा सुन्तलाको रुखमा गरिएको अध्ययनमा एउटा फलमा सरदार १.६७ बियाँ पाइयो । जब कि अन्य साधारण सुन्तलाको बोटमा सरदर १० देखि १५ वटा बियाँ हुने गर्दछ ।

यसरी बियाँरहित सुन्तलाका दाना उत्पादन गर्न बियाँरहित रुखबाट अर्को रुखमा जीन संप्रेषण गर्नुपर्ने भएकोले प्राध्यापक कुन्टे हाल यस कार्यमा तल्लीन हुनुहुन्छ । यसबाट नयाँ विरुवा तथा बियाँरहित विरुवा उत्पादन गर्ने कुरामा आश्वस्त हुनसक्ने थुपै संम्भावना भेटिएका छन् ।

प्रस्तुति : **संजय घिमिरे**

संभार : विज्ञान लेखमाला, पूर्णांक १४०




## सुझाव र कामना

टुक्रिएर छिन्नभिन्न अवस्थामा रहका कम्युनिष्ट पार्टीहरूलाई एउटै थलोमा ल्याएर विभिन्न साझा सवालहरूमा विचार-अन्तर्क्रिया गरेर मूल्यांकनले साँच्चै नै अनुकरणीय काम गरेको छ। विश्व कम्युनिष्ट आन्दोलनका उतार चढावलाई सांगोपांगो रुपमा प्रस्तुत गरेर हामी जस्ता अति दुर्गम क्षेत्र, जहाँ सञ्चारको कुनै साधन छैन, यस्ता ठाउँका पाठकहरूलाई देश र दुनियाँ बुझ्न अति उपयोगी सामग्री यसले दिएको छ। एउटै उद्देश्य, एउटै लक्ष्य भएर पनि टुक्रिएर सशक्त बन्न नसकेको वाम आन्दोलनलाई व्यवस्थित गर्न र एकै थलोमा ल्याउने कार्य गर्न मूल्यांकनले अवश्य नै सक्रियता अपनाउनला। कम्युनिष्टहरू एक भएर आएको हेर्न हामी चाहन्छौं। हाम्रो चाहनामाथि तुषारापात भैरहेको यो घडीमा कम्युनिष्टका कुन चिराबाट गल्ती भएको छ, त्यो पनि मूल्यांकनले औंल्याइदिनु पर्छ। अन्त्यमा, मुन्यांकनले उत्तरोत्तर प्रगति गरोस्! हरेक नेपाली ढुकढुकीको प्रिय पत्रिका बन्न यो सकोस्- यही शुभकामना!

*- रण्य कार्की, ताम्लिछा-२, उदयपुर*

## "एकादेशमा .... रे"

नेपाली पत्रकारिताको क्षेत्रमा देशभित्र र वाहिर "मूल्यांकन" ले प्राप्त गरेको स्तरीयता र लोकप्रियताको वास्तविकता सबैलाई विदितै छ। छरिएर रहेको वाम आन्दोलन र आफ्नो बाहेक अन्य सबै वाम पार्टीहरू "संशोधनवादी" वा "प्रतिक्रान्तिकारी" देख्ने संस्कारले ग्रसित वर्तमान वाम राजनीतिको विश्लेपणात्मक ढंगले विवेचना गर्न सफल भएकोमा "मूल्यांकन" प्रति नियमित पाठकको हैसियतले मेरो आभार!

यति हुँदा हुँदै पनि नेपाली वाम आन्दोलनलाई आजको स्थितिमा ल्याई पुर्‍याउनमा यसका नेता वा कार्यकर्ताहरूले गरेका त्याग, पाएका यातना र ताडना आदिजस्ता कुराहरूको बारेमा "मूल्यांकन" ले स्थान नदिएको पाउँदा कता कता कमी भएको महशूस हुन्छ।

अतः आउँदा अंकहरूमा विभिन्न वाम पार्टीका कार्यकर्ताहरूसँग सम्वन्धित माथिका कुराहरूलाई पनि समावेश गर्नु भएमा नयाँ पिंढीको निम्ति "एकादेशमा ... रे" भन्ने मात्र नभई तथ्यपूर्ण, भावनात्मक रुपमा उर्जा प्राप्त हुने स्मरण गराउन चाहन्छु! यसले पत्रिकाको स्तर बृद्धि पनि गर्ने छ भन्ने लागेको छ!

*- विष्णु पोखेल, कोहलपुर-४, बाँके*

## मूल्यांकन किन मौन छ ?

अंक बीस पनि अरु अंक झैं ज्ञानवर्द्धक महशूस भएको छ। चिलीको कम्युनिष्ट आन्दोलनबाट संसदको उपयोग गरेर सत्तासीन हुन पुगेका वामपन्थीहरूको अनुभवलाई नियाल्दा निश्चय नै संसदीय व्यवस्थाप्रतिको मोह भंग भएको छ। राजेन्द्र महर्जनज्यूको "चिली कम्युनिष्ट आन्दोलन" लेख अन्तर्गतको "जबसम्म पूँजीवाद हतियारले लैश हुन्छ, तबसम्म क्रान्ति पनि सशस्त्र हुनु अनिवार्य हुन्छ" भन्ने क. लेनिनका भनाइ व्यवहारतः ज्यादै मार्मिक लाग्यो। विगतमा झैं चन्द्रदेव नेपाली र प्रज्ञानरत्नका लेखहरू पनि रोचक बन्न पुगेका छन्।

आज हाम्रो कम्युनिष्ट आन्दोलनमा सर्वहारा आचरण वा अनुशासनविहीन कार्यकर्ताहरूको बृद्धिको समस्यालाई एकातिर पन्छाउँदै सोलाई नै सिद्धान्ततः सही भएको र जनप्रिय पार्टीको रुपमा चिन्ने र चिनाउने प्रयत्न थालिएको छ। अचम्मको कुरा त, किन मार्क्सवादी संगठनभित्र सर्वहारा आचरण वा अनुशासनको प्रश्न गंभीर रुपमा उठिरहेको पाइदैन ? सर्वहारा अनुशासन त परै जाओस्, कम्युनिष्ट भन्नेहरूले संसदीय व्यवस्थाको मोहमा फसी ठूला पूँजीपतिहरूसँग सम्झौता गरिरहेको देख्दादेख्दै मूल्यांकन किन मौन छ। यस पत्रिकामार्फत सर्वहारा आचरण सम्बन्धी लेखहरू पढ्न पाउने आशा गर्दछु। क. माओको "जनयुद्ध" को सिद्धान्त र ने.क.पा (एमाले) को वहुदलीय जनवादको बारेमा छोटा मसिना कुराहरूलाई स्थान दिइयोस्।

अन्तमा, "मूल्यांकन" पक्षपातरहित बनेर शोषित पीडित जनताको भावनाको प्रतिनिधि बनोस्।

*- के.आर. खनाल "संक्रान्ति", कौवापुर, कैलाली*

## आश्विन अंकबारे

आश्विन अंक पढ्ने मौका मिल्यो। रोल्पामा प्र.जि.अ. ले गैह्र-प्रजातान्त्रिक र गैह्र-संवैधानिक प्रवृत्ति देखाई "मूल्यांकन" प्रत्रिका पढ्नबाट कर्मचारीलाई प्रतिवन्ध लगाएको खवर पढ्दा हामी क्षुब्ध भयौं। निज प्र.जि.अ. को यो प्रवृत्तिप्रति हामी जस्ता देशभरका सबै सचेत जनताहरू क्षुब्ध छन्।

स्वीडेनमा पनि वामपन्थीहरू विजयी भएको पढ्न पाउँदा खुशी लाग्यो। विश्वमा वामपन्थीहरूको महत्व र भूमिका बढेको कुराको संकेत हो यो।

गणेशमानको कांग्रेसप्रतिको मोह-भंगलाई अत्यन्त सतर्कतापूर्वक हेरिनु पर्दछ भन्ने हामीलाई लाग्छ। क. मोहनचन्द्र अधिकारीको एमाले परित्यागका बारेमा यथार्थ के हो- बुझ्न जरुरी छ।

क्यूवाले थोरै भए पनि अमेरिकी साम्राज्यवादलाई घुँडा टेकाएको कुरा थाहा भयो। यसबारे र पेरुको जनक्रान्तिबारे पनि थप कुरा मूल्याकनले ल्याओस्। रुवाण्डा र "ग्याट" बारे विवरणहरू दिएकोमा मूल्यांकनलाई धन्यवाद!

*- दुर्गा पी. र पूर्णबहादुर रावत, वीरेन्द्रनगर-११, सुर्खेत*

## विश्व कम्युनिष्ट गतिविधि

"मूल्यांकन" को पूर्णांक २१ हेर्ने सुअवसर पाएँ। महान जुछे क्रान्तिकारी क. किम इल सुंगका बारेमा किञ्चित ज्ञान हासिल गर्न पाएकोमा खुशी लाग्यो। विश्व कम्युनिष्ट आन्दोलन स्तम्भ मार्फत संसारका कम्युनिष्टहरूको गतिविधि बुझ्ने मौका पाएँ। गतांकहरुको चिली, निकारागुवा झैं अन्यान्य राष्ट्रहरूका बारेमा समेत लेखहरूको अपेक्षा गरेको छु। कोरियाली जनताहरूको सुख-सुविधा, स्वास्थ्य एवं शिक्षाको बारेमा ज्ञान लिन पाएँ। कोरियाली जनताको अहोभाग्यको लागि दिवंगत नेता क. किम इल सुङप्रति हार्दिक श्रद्धाञ्जलि अपर्ण गर्दछु।

*- होवी गुरुङ, भिजुरे डाँडा- २, कास्की*

## भाद्र अंकबारे

भाद्र अंकका सम्पूर्ण लेखहरू आफ्नै-आफ्नै स्थानमा महत्वपूर्ण छन्। झनै अवरण पृष्ठको फोटोले मूल्यांकनको आकर्षण बढाएको छ भने यसले कमरेड नेताहरुको फोटोको समेत चाहना पूरा गर्न खोजेको छ। आवरण फोटो र आवरण कथा सर्वान्धित र रोचक एवं ज्ञानवर्द्धक छन्। आँखिझ्याल, दृष्टिकोण, तुलना आदि स्तम्भ औधि मन पर्‍यो। निरव शेरचनज्यूको अन्तर्क्रिया पढ्दा झनै खुसी लाग्यो। "खुसी" को मतलव मूल्यांकनको गल्तिप्रति होइन, गल्ति औंल्याइएको प्रति चाहिं, जसको फलस्वरुप, मूल्यांकनले सुधिने मौका पाउँने छ भनेर। नेपाल-भारत खुला सीमाना र नेपालभित्र भएको हस्तक्षेप, अशान्ति, असुरक्षा, हत्या तथा याकूव मेमनको पक्राउ, "फ्री -तिब्वत"को गतिविधि आदि बारेका सामग्रीहरू उपयोगी लागे।

आशा छ, मूल्यांकनले कम्युनिष्ट एकताको प्रयास गर्ने छ र हामी जस्ता निस्क्रिय र निराश वाम विचार समर्थकहरूलाई हौसला प्रदान गर्ने छ। खगेन्द्र संग्रौलाको कथा "इन्साफ" अपूर्ण र अस्पष्ट लाग्यो "अध्यात्मवाद र भौतिकवाद" बारे गहिराइमा चर्चा हुन जरुरी छ।

*- "योद्धा" राम, दिनेश न्यूज सेन्टर, बेलबारी-३ मोरंग*

## तसलीमाको जीवनी दिइयोस्

विश्व कम्युनिष्ट आन्दोलनको बारेमा चासो एवं जिज्ञासा राख्ने पार्टी-कार्यकर्ता तथा शुभचिन्तकहरूलाई राजनीतिक खुराक 'मूल्यांकन मासिक' ले प्रदान गर्दै आएकोमा खुशी लागेको छ र आगामी अंकहरूमा क्रमशः विश्वका कम्युनिष्ट गतिविधिबारे यसले सत्य तथ्य रूपमा सामग्री प्रकाशन गर्ने छ भन्नेमा आशावादी रहेको छु।

पूर्णाक २१ भाद्र अंक समयमै हेर्ने मौका पाइयो। यस अंकमा प्रकाशित सामग्रीहरू सबै ज्ञानवर्द्धक र रोचक छन्। उत्तर कोरियाका साम्यवादीहरूले प्राप्त गरेका सामाजिक, आर्थिक प्रगति र क. किम इल सुङ्गका योगदान सम्बन्धी आवारण लेखले यस अंकको वजनलाई बढाएको छ। "पुच्छरवादको विकल्प ढोका बन्दवाद हुन सक्तैन।" "नेपालको साम्यवादी आन्दोलनका समस्या" लेखहरू मननयोग्य छन्।

विज्ञान प्रविधि स्तम्भमा दिइएका लेख सामग्री र "१९९१ को रूसी सैनिक विद्रोह वैध सावित" सामग्री अत्यन्तै छोटो लाग्यो।

आगामी अंकहरूमा तसलीमा नसरीनको जीवनी दिइयोस्। साथै, साइनिङ्ग पाथका नेता क. गोञ्जालोको बारेमा र उक्त साईनिङ्ग पाथका क्रान्तिबारे तथ्यगत जानकारी दिइयोस्।

*- राजकुमार राई, ठूलोदुम्मा- ९ भामल, भोजपुर*

## क मोहनचन्द्र ! एमालेमा फर्किनु होस् ।

एमालेका वरिष्ठ श्रद्धेय नेता कमरेड मोहनचन्द्र अधिकारीको पार्टी- त्यागले हामी जस्ता कार्यकर्ताहरूलाई अति दुःख लागेको छ। कसैले पनि सोचेका थिएन, उहाँ जस्तो नेपाली कम्युनिष्ट आन्दोलनका शीर्षस्थ व्यक्तित्व एवं वामपन्थी अभियानका धरोहरले आफैंले बनाएको पार्टी परित्याग गर्नु हुन्छ भनेर। प्रखर क्रान्तिकारी छवि उहाँमा विद्यमान छन्। यति ठूलो पार्टीभित्र मतमतान्तर अवश्य हुन्छन् तर त्यसलाई आपसी छलफल बहसबाट पार्टीभित्रै समाधान गरिनु पर्छ, तर उहाँले त्यसो नगरी चुनावको मुखमा आएर प्रत्यक्ष रूपमा राष्ट्रघाती गिरिजालाई फाइदा हुने गरी एमालेको साधारण सदस्यबाट समेत राजीनामा दिनुभयो, जुन कार्य गलत थियो।

स-सानो मतभेद हुने वित्तिकै पार्टी छोड्ने वा अर्को पार्टी खोल्ने कार्य फेशन जस्तै भइसकेको छ। अहंकार र घमण्डले गर्दा आज कम्युनिष्ट पार्टीले ठूलो घाटा सहनु परेको छ। मोहनचन्द्र कमरेडले एमाले परित्याग गरेको खबर रेडियोबाट सुन्दा म त वेहास् भएको थिएँ, हस्पिटलसमेत लगेछन् मलाई। म मात्र होइन, हजारौं लाखौं कार्यकर्ताहरू, शुभचिन्तक, प्रसंसक, समर्थकलाई उहाँले दल त्यागेकोमा अति नै दुःख लागेको छ। हिजोसम्म हामी विरोधीहरूलाई १७ वर्ष जेल बस्ने नेता हाम्रो पार्टीमा छन्, झापामा सामन्तीहरूको पत्ता साफ गर्ने नेता अझै छन्- भनेर गर्वले हामीले विरोधीहरूसँग औंला नाकमा ठड्याएर च्यालेञ्ज गर्ने गरेका थियौं, तर आज .....।

मोहनचन्द्रले दिनुभएको राजीनामा हाईकमानले तुरून्तै स्वीकार गर्नु हुँदैनथ्यो। कमसे कम कार्यकर्ताको भावना त बुझ्नु पर्दथ्यो। तर यसो गरिएन। खबरदार क्रान्तिकारी नेतालाई पाखा लगाउन पाइदैन! क. अधिकारीलाई स-सम्मान फिर्ता ल्याउने प्रयत्न हाम्रो पार्टीले गरोस्! मोहनचन्द्र क.! तपाई एमालेमा फर्किनु होस्!

*- युवराज भण्डारी 'विद्रोही शंकर भण्डारी, रामु भण्डारी र शमसेर भण्डारी, (एमाले कार्यकर्ताहरू) पिङखुरी- १, रामेछाप*

# वाइ वाइ

## तैयारी चाउचाउ

श्री ५ महाराजाधिराज
वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको
५० औं शुभ-जन्मोत्सवको पुनीत उपलक्ष्यमा
मौसूफको
सुस्वास्थ्य तथा दीर्घायुको निम्ति

***हार्दिक शुभ कामना***

व्यक्त गर्दछौं ।

---

**श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको**
**५० औं शुभ-जन्मोत्सवको**
**पुनीत उपलक्ष्यमा मौसूफको**
**सुस्वास्थ्य तथा दीर्घायुको निम्ति**

## हार्दिक शुभ कामना


**व्यक्त गर्दछौं ।**

## म्यूचुअल ट्रेडिङ्ग कम्पनी (प्रा.) लि.

**५३९- मखन गल्ली, काठमाडौं- ८**

---

Mark of Quality
Leather Wings
for real walking pleasure



## ब्रोग डर्वी

(खुद्रा मूल्य रू. ७५०।-

**विदेशमा तालिम प्राप्त**
**प्राविधिकद्वारा सृजना**
**गरिएको आकर्षक वाना**
**(Attractive Design)**
**अन्तर्राष्ट्रिय स्तरको छालाको**
**जुत्ता क्वालिटी ग्यारेण्टीका**
**साथ सर्वत्र उपलब्ध छ ।**

## लेदर विङ्गस प्रा.लि.

बाँसबारी, काठमाडौं-३
पो.ब.नं. ७२४०, फोन नं. ४११-७२०

**कृपया लोगो हेरी खरिद गर्नुहोस्**

**WINTER SCHEDULE 1ST OCTOBER TO 14TH MARCH 1995**

# The Best of Nepal. The Complete Domestic Airlines.

## Nepal Airways

| FROM/TO | FLT. DAYS | FLT. NO. | DEP | ARR | AIRCRAFT TYPE |
|---|---|---|---|---|---|
| KTM/BHR | DAILY | 7E637 | 1145 | 1210 | Y - 12 |
| /BIR | DAILY | 7E605 | 1145 | 1240 | AVRO |
| /BWA | 7,3,5 | 7E623 | 1130 | 1220 | AVRO |
| /KEP | 7,3,5, | 7E623 | 1130 | 1330 | AVRO |
| /LUA | DAILY | 7E609 | 0810 | 0845 | Y - 12 |
| /LUA | DAILY | 7E611 | 0950 | 1025 | Y - 12 |
| /LUA | DAILY | 7E601 | 1130 | 1205 | Y - 12 |
| /MTN | DAILY | 7E633 | 0815 | 0915 | AVRO |
| /MTN | DAILY | 7E634 | 0845 | 0945 | AVRO |
| /PKR | DAILY | 7E603 | 0945 | 1015 | AVRO |
| //PKR | 7,1,2,3,4,6 | 7E645 | 1510 | 1540 | AVRO |
| PKR | DAILY | 7E637 | 1144 | 1255 | Y - 12 |
| PKR/BHR | DAILY | 7E640 | 1000 | 1020 | Y - 12 |
| /JOM | DAILY | 7E661 | 0715 | 0740 | Y- 12 |
| /JOM | DAILY | 7E663 | 0835 | 0900 | Y - 12 |
| /KTM | DAILY | 7E640 | 1000 | 1110 | Y - 12 |
| /KTM | 7,1,2,3,4.,6 | 7E646 | 1610 | 1640 | AVRO |
| /KTM | DAILY | 7E604 | 1045 | 1115 | AVRO |
| BIR/KTM | 7,1,3,4, | 7E606 | 1305 | 1355 | AVRO |
| | 2,5,6 | 7E606 | 1455 | 1545 | AVRO |
| /TMY | 2,5,6 | 7E621 | 1305 | 1330 | AVRO |
| BWA/KEP | 7,3,5 | 7E623 | 1250 | 1330 | AVRO |
| /KTM | 7,3,5 | 7E624 | 1510 | 1600 | AVRO |
| KEP/BWA | 7,3,5 | 7E624 | 1400 | 1440 | AVRO |
| /KTI | 7,3,5 | 7E624 | 1400 | 1600 | AVRO |
| TMI/BIR | 2,5,6 | 7E622 | 1400 | 1425 | AVRO |
| LUA/KTM | DAILY | 7E610 | 0900 | 0935 | Y - 12 |
| /KTM | DAILY | 7E612 | 1040 | 1115 | Y - 12 |
| /KTM | DAILY | 7E602 | 0715 | 0750 | Y - 12 |
| KEP/BJR | 1 | 7E683 | 0900 | 0940 | Y - 12 |
| /FEB | 5,6 | 7E681 | 1200 | 1235 | Y - 12 |
| | 3 | 7E681 | 1100 | 1135 | Y - 12 |
| /JUM | 7 | 7E671 | 1200 | 1245 | Y - 12 |
| /JUM | 1,2,4 | 7E675 | 1050 | 1135 | Y - 12 |
| /JUM | 2,5,6 | 7E669 | 0900 | 0945 | Y - 12 |
| /JUM | 3,4 | 7E671 | 1300 | 1345 | Y - 12 |
| /JUM | 3 | 7E673 | 1500 | 1545 | Y - 12 |
| /JUM | 7,3,5,6 | 7E667 | 0700 | 0745 | Y - 12 |
| BHR/KTM | DAILY | 7E638 | 1045 | 1110 | Y - 12 |
| /PKR | DAILY | 7E639 | 1235 | 1255 | Y - 12 |
| BJR/KEP | 1 | 7E684 | 0955 | 1035 | Y - 12 |
| FEB/KEP | 5,6 | 7E682 | 1250 | 1325 | Y - 12 |
| | 3 | 7E682 | 1150 | 1225 | Y - 12 |
| JUM/KEP | 7,3,5,6 | 7E668 | 0800 | 0845 | Y - 12 |
| /KEP | 7 | 7E672 | 1300 | 1345 | Y - 12 |
| /KEP | 1,2,4 | 7E676 | 1150 | 1235 | Y - 12 |
| /KEP | 2,5,6 | 7E670 | 1000 | 1045 | Y - 12 |
| /KEP | 3,4 | 7E672 | 1400 | 1445 | Y - 12 |
| /KEP | 3 | 7E674 | 1600 | 1645 | Y -12 |
| JOM/PKR | DAILY | 7E662 | 0755 | 0820 | Y - 12 |
| /PKR | DAILY | 7E664 | 9015 | 0940 | Y - 12 |

NOTE : 1 = Monday, 2 = Tuesday, 3 = Wednesday, 4 = Thrusday
5 = Friday 6 = Saturday, 7 = Sunday

*(Subject to Government approval)*